परमप्रभुले	परमप्रभुले-भन्नुभयो	जसरी	सूपतिर	लाल-समुद्रको	बाटो-भएर	उजाड-भूमितिर	र-यात्रा-गर्यौं	र-हामी-फर्क्यौं	
H3068	H1696		H5488	H3220	H1870		H5265	H6437	

אֵלָי	וַנָּסָב	אֶת־	הַר־	שֵׂעִיר	יָמִים	רַבִּים׃	ס	
मलाई	र-हामीले-घेरा-हाल्यौं	त्यो	सेईर-पहाड	सेईर	धेरै-दिन	धेरै	—	
H0413	H5437	H0853	H2022		H3117			

“तब परमप्रभुले मलाई भन्नुभयो जस्तो हामीले गर्यौं। हामी लाल समुद्र जाने बाटो भएर मरूभूमिमा गयौं। सेईर पर्वत छेऊसम्म जानका लागि हामीले धेरै दिनसम्म यात्रा गर्यौं।

וַיֹּאמֶר	יְהוָה	אֵלַי	לֵאמֹר׃	2
र-परमप्रभुले-भन्नुभयो	परमप्रभुले	मलाई	भन्नुभयो	
H0559	H3068	H0413	H0559	

तब परमप्रभुले मलाई भन्नुभयो,

צָפֹנָה׃	לָכֶם	פְּנוּ	הַזֶּה	הָהָר	אֶת־	סֹב	לָכֶם	רַב־	3
उत्तरतिर	तिमीहरू	फर्क	यो	यो-पहाडलाई	त्यो	घुम्नु	तिमीहरूलाई	पर्याप्त-भयो	
H6828		H6437	H2088	H2022	H0853	H5437			

‘यी पहाडहरू भएर तिमीहरूले धेरै समय यात्रा गर्यौं।

בְּנֵי־	אַחֵיכֶם	בִּגְבוּל	עֹבְרִים	אַתֶּם	לֵאמֹר	צַו	הָעָם	וְאֶת־	4
एसावका-सन्तानहरू	तिमीहरूका-भाइहरू	सीमानाबाट	पार-गर्दैछौ	तिमीहरू	भन्नू	आज्ञा-दिनू	जनतालाई	र-त्यो	
	H0251	H1366			H0559	H6680		H0853	

מְאֹד׃	וְנִשְׁמַרְתֶּם	מִכֶּם	וְיִירְאוּ	בְּשֵׂעִיר	הַיֹּשְׁבִים	עֵשָׂו
अत्यन्त	र-सावधान-हुनू	तिमीहरूसँग	र-तिनीहरू-डराउनेछन्	सेईरमा	जो-बस्छन्	एसावका
H3966	H8104		H3372		H3427	H6215

मानिसहरूलाई यी कुराहरू भन, तिमीहरू सेइरको भूमिबाट जानेछौ। यो भूमि तिनीहरूका आफन्त, एसावका सन्तानहरूको हो। तिनीहरू तिमीहरूसित डराउनेछन्, यसकारण, होशियार बस।

מִדְרַךְ	עַד	מֵאַרְצָם	לָכֶם	אֶתֵּן	לֹא־	כִּי	בָם	תִתְגָרוּ	אַל־	5
पाइतालो-टेक्ने	सम्म	तिनीहरूको-देशबाट	तिमीहरूलाई	दिन्नँ	म	किनभने	तिनीहरूसँग	झगडा	नगर	
H4096	H5704	H0776		H5414	H3808			H1624	H0408	

שֵׂעִיר׃	הַר	אֶת־	נָתַתִי	לְעֵשָׂו	יְרֻשָּׁה	כִּי־	רֶגֶל	כַּף־
सेईर	सेईर-पहाड	त्यो	मैले-दिएको-छु	एसावलाई	अधिकार	किनभने	ठाउँ	खुट्टाको
	H2022	H0853	H5414	H6215	H3425		H7272	H3709

तिनीहरूसित लडाइँ नगर। यो भूमिबाट तिमीहरूलाई एक फुट पनि दिइने छैन कारण यो पहाडी भूमि मैले एसावका मानिसहरूलाई आफ्नो भूमि बनाउनु भनी दिएको छु।

מֵאִתָּם	תִכְרוּ	מַיִם	וְגַם־	וַאֲכַלְתֶּם	בַּכֶּסֶף	מֵאִתָּם	תִשְׁבְּרוּ	אֹכֶל		6
तिनीहरूबाट	तिमीहरूले-किन	पानी	र-पानी-पनि	र-खाऊ	चाँदीले	तिनीहरूबाट	तिमीहरूले-किन	खानेकुरा		
H0854		H4325	H1571	H0398	H3701	H0854	H7666	H0400		

וּשְׁתִיתֶם׃	בַּכֶּסֶף
र-पिऊ	चाँदीले
H8354	H3701

तिमीहरूले एसावका मानिसहरूबाट लिएको खाद्य र पानीको दाम तिर्नु पर्छ।

יָדַע	יָדְךָ	מַעֲשֵׂה	בְּכֹל	בֵּרַכְךָ	אֱלֹהֶיךָ	יְהוָה	כִּי			7
उहाँले-जान्नुहुन्छ	तिम्रो-हातका	कामहरूमा	सबै	तिमीलाई-आशिष्-दिनुभएको-छ	तिम्रा-परमेश्वरले	परमप्रभु	किनभने			
H3045	H3027	H4639	H3605	H1288	H0430	H3068				

לֹא	עִמָּךְ	אֱלֹהֶיךָ	יְהוָה	שָׁנָה	אַרְבָּעִים	זֶה	הַזֶּה	הַגָּדֹל	הַמִּדְבָּר	אֶת־	לֶכְתְּךָ
तिमीमा	तिमीसँग	तिम्रा-परमेश्वर	परमप्रभु	वर्ष	चालीस	यो	यो	ठूलो	उजाड-भूमि	त्यो	तिम्रो-यात्रा
H3808		H0430	H3068	H8141	H0705	H2088	H2088			H0853	H3212

דָּבָר׃	חָסַרְתָּ
केही-पनि	कमी-भएन
H1697	H2637

यो विशाल मरूभूमिमा तिमीहरू हिंडेको कुरो उहाँलाई थाहा छ। परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूसित चालीस वर्षसम्म हुनुहुन्छ। तिमीहरूलाई आवश्यक परेको प्रत्येक कुराहरू उहाँले दिनुभयो, यसकारण उहाँको स्मरण गर कारण तिमीहरूले गरेको प्रत्येक कुरोमा उहाँको आशीर्वाद छ।'

הָעֲרָבָה	מֵאֵילַת	וּמֵעֶצְיֹן	גָּבֶר	וַנַּעֲבֹר	וַנִּפֶן	דֶּרֶךְ	וַנַּעֲבֹר	מִדְבַּר	מוֹאָב׃	8
अराबाको	बाटोबाट	सेईरमा	जो-बस्थे	एसावका	एसावका-सन्तानहरू	हाम्रा-भाइहरू	बाट	र-हामी-पार-गर्यौं		
H6160	H1870	H3427	H6215			H0251	H0854			

מֵאֵילַת	גָּבֶר	מִמְעֲצְיֹן	ס	וַנַּפֶן	דֶּרֶךְ	וַנַּעֲבֹר	מִדְבָּר	מוֹאָב׃
एलातबाट	र-एस्योन-गेबेरबाट		—	र-हामी-फर्क्यौं	बाटो	र-पार-गर्यौं	मोआबको-उजाड-भूमि	मोआबको
	H6100			H6437	H1870			H4124

"यसकारण सेईरमा बसोबास गर्ने हाम्रा आफन्तहरू, एसावका मानिसहरूलाई छाडेर हामी गयौं। हामीले यर्दन बेंसीबाट एलत शहर र एस्योन गेबेर जाने बाटो छाडेर माआबको मरूभूमितिर जाने बाटो लाग्यौं।

בָם	תִתְגָּר	וְאַל־	מוֹאָב	אֶת־	תָּצַר	אֶל־	אֵלַי	יְהוָה	וַיֹּאמֶר	9
तिनीहरूसँग	झगडा	र-नगर	मोआबसँग	त्यो	शत्रुता	नगर	मलाई	परमप्रभुले	र-परमप्रभुले-भन्नुभयो	
	H1624	H0408	H4124	H0853		H0408	H0413	H3068	H0559	

לוֹט	לִבְנֵי־	כִּי	יְרֻשָּׁה	מֵאַרְצוֹ	לְךָ	אֶתֵּן	לֹא־	כִּי	מִלְחָמָה
लोतका	लोतका-सन्तानहरूलाई	किनभने	अधिकार	उसको-देशबाट	तिमीलाई	दिन्नँ	म	किनभने	युद्ध
H3876			H3425	H0776		H5414	H3808		H4421

יְרֻשָּׁה׃	עָר	אֶת־	נָתַתִי
अधिकारको-रूपमा	आर	त्यो	मैले-दिएको-छु
H3425	H6144	H0853	H5414

“परमप्रभुले मलाई भन्नु भयो, ‘मोआबका मानिसहरूलाई कष्ट नदेऊ तिनीहरूसित लडाइँ नगर, म तिमीहरूलाई तिनीहरूको एक टुक्रा भूमि पनि दिनेछैन मैले आर शहर लूतका सन्तानहरूलाई दिइसकेको छु।’”

10	הָאֵמִים	לְפָנִים	יָשְׁבוּ	בָּהּ	עַם	גָּדוֹל	וְרַב	וְרָם	כָּעֲנָקִים׃
	एमीमहरू	पहिले	बस्थे	त्यहाँ	मानिसहरू	ठूला	र-धेरै	र-अग्ला	अनाकहरू-जस्तै
	H0368	H6440	H3427						H6062

(विगतमा त्यहाँ एमीहरू बस्थे, तिनीहरूको संख्या धेरै थियो अनि तिनीहरू अनाकीहरू झैं अग्ला अनि बलिया मानिसहरू थिए।

11	רְפָאִים	יֵחָשְׁבוּ	אַף־	הֵם	כָּעֲנָקִים	וְהַמֹּאָבִים	יִקְרְאוּ	לָהֶם	אֵמִים׃
	रपाईमहरू	मानिन्थे	तिनीहरू-पनि	तिनीहरू	अनाकहरू-जस्तै	र-मोआबीहरूले	भन्थे	तिनीहरूलाई	एमीम
		H2803	H0637	H1992	H6062	H4125	H7121		H0368

अनाकीहरू पनि रपाई मानिसहरू कै अंश थिए तर मोआबका मानिसहरूले तिनीहरूलाई एमीहरू भन्दथे।

12	וּבְשֵׂעִיר	יָשְׁבוּ	לְפָנִים	הַחֹרִים	וּבְנֵי	עֵשָׂו	יֹרְשׁוּם	וַיַּשְׁמִידוּם	
	र-सेईरमा	बस्थे	पहिले	होरीहरू	तर-एसावका-सन्तानहरूले	एसावका	तिनीहरूलाई-निकालेर	र-नष्ट-गरे	
		H3427	H6440	H2752		H6215	H3423	H8045	

יִשְׂרָאֵל	כַּאֲשֶׁר	עָשָׂה	יִשְׂרָאֵל	לְאֶרֶץ	יְרֻשָּׁתוֹ	וַיֵּשְׁבוּ	מִפְּנֵיהֶם
इस्राएलले	जसरी	इस्राएलले-गर्यो	इस्राएलले	अधिकारको-देशमा	अधिकारको	र-बसे	तिनीहरूको-सामुबाट
H3478			H3478	H0776	H3425	H3427	H6440

לָהֶם׃	יְהוָה	נָתַן	אֲשֶׁר־
तिनीहरूलाई	परमप्रभुले	परमप्रभुले-दिनुभयो	जुन
	H3068	H5414	

पहिले होरीहरू पनि सेइरमा बस्थे तर एसावका मानिसहरूले तिनीहरूको भूमि लिए। एसावका मानिसहरूले होरीहरूलाई नष्ट पारेर तिनीहरूको भूमिमा बसे। परमप्रभुले दिएको भूमिमा पनि इस्राएलीहरूले त्यहाँका मानिसहरूलाई त्यही गरे।)

13	עַתָּה	קֻמוּ	וְעִבְרוּ	לָכֶם	אֶת־	נַחַל	זָרֶד	וַנַּעֲבֹר	אֶת־	נַחַל	זָרֶד׃
	अब	उठ	र-पार-गर	तिमीहरू	त्यो	जेरेद-खोला	जेरेद	र-हामी-पार-गर्यौं	त्यो	जेरेद-खोला	जेरेद
	H6258				H0853		H2218		H0853		H2218

“परमप्रभुले मलाई भन्नुभयो, ‘तिमीहरू जेरेद खोला पारी जाऊ।’ यसकारण हामी जेरेद खोला पारी गर्यौं।

14	וְהַיָּמִים	אֲשֶׁר־	וְהָלַכְנוּ	בַּרְנֵעַמְקָדֵשׁ	עַד	אֲשֶׁר־	עָבַרְנוּ	אֶת־	נַחַל	זָרֶד
	र-दिनहरू	जुन	हामीले-हिँड्यौं	कादेश-बर्नेयाबाट	सम्म	जुन	हामीले-पार-गर्यौं	त्यो	जेरेद-खोला	जेरेद
	H3117		H1980	H6947	H5704			H0853		H2218

הַמַּחֲנֶה	מִקֶּרֶב	הַמִּלְחָמָה	אַנְשֵׁי	הַדּוֹר	כָּל־	תֹּם	עַד־	שָׁנָה	וּשְׁמֹנֶה	שְׁלֹשִׁים
छाउनीको	बीचबाट	युद्धका	योद्धाहरू	त्यो-पुस्ता	सबै	समाप्त-हुनु	सम्म	वर्ष	र-अठ्तीस	अठ्तीस
H4264	H7130	H4421	H0376	H1755	H3605	H8552	H5704	H8141	H8083	H7970

לָהֶם׃	יְהוָה	נִשְׁבַּע	כַּאֲשֶׁר
तिनीहरूलाई	परमप्रभुले	परमप्रभुले-शपथ-खानुभयो	जसरी
	H3068	H7650	

जरेद बेंसीबाट कादेश बर्नेसम्म पुग्न हामीलाई 38 वर्ष लाग्यो तब त्यस वंशका सबै युद्धका मानिसहरू छाउनीभित्र मरे। परमप्रभुले तिनीहरूलाई शपथ गर्नु भए झैं गरे।

15	וְגַם	יַד־	יְהוָה	הָיְתָה	בָּם	לְהֻמָּם	מִקֶּרֶב	הַמַּחֲנֶה	עַד	
	र-साँच्चै	हात	परमप्रभुको	थियो	तिनीहरूमाथि	तिनीहरूलाई-नष्ट-गर्न	बीचबाट	छाउनीको	सम्म	
	H1571	H3027	H3068	H1961		H2000	H7130	H4264	H5704	

תֻּמָּם׃	
तिनीहरू-सबै-नभएसम्म	
H8552	

परमप्रभु तिनीहरूको विरूद्ध तबसम्म हुनुहुन्थो जबसम्म तिनीहरू छाउनीबाट सम्पूर्ण रूपले नष्ट भएनन्।

16 וַיְהִי כַּאֲשֶׁר־ תַּמּוּ אַנְשֵׁי הַמִּלְחָמָה לָמוּת מִקֶּרֶב הָעָם׃ ס
र–भयो जब सबै योद्धाहरू मर्न बीचबाट जनताको —
H1961 H8552 H3605 H0376 H4191 H7130

“योद्धाहरू मरेपछि,

17 וַיְדַבֵּר יְהוָה אֵלַי לֵאמֹר׃
र–परमप्रभुले–बोल्नुभयो परमप्रभु मलाई भन्नुभयो
H1696 H3068 H0413 H0559

परमप्रभुले मलाई भन्नुभयो,

18 אַתָּה עֹבֵר הַיּוֹם אֶת־ גְּבוּל מוֹאָב אֶת־ עָר׃
तिमी पार–गर्दैछौ आज त्यो मोआबको–सीमाना मोआबको त्यो आर
H1366 H3117 H0853 H4124 H0853 H6144

‘आज तिमीले आरको सीमाना पार गरेर मोआब जानैपर्छ।

19 וְקָרַבְתָּ מוּל בְּנֵי עַמּוֹן אַל־ תְּצֻרֵם וְאַל־ תִּתְגַּר בָּם כִּי לֹא־ אֶתֵּן מֵאֶרֶץ בְּנֵי־ עַמּוֹן לְךָ יְרֻשָּׁה כִּי לִבְנֵי־ לוֹט נְתַתִּיהָ יְרֻשָּׁה׃
र–नजिक–आउँदा सामुन्ने अम्मोनका–सन्तानहरूको अम्मोनको नगर र–नगर झगडा किनभने तिनीहरूसँग किनभने
H7126 H4136 H5983 H0408 H0408 H1624 H3808 H5414 H0776 H5983 H3425 H3425 H3876 H5414 H3425

तिमीहरू अम्मोनी मानिसहरूको नजिकै जानेछौ। तर तिनीहरूलाई कष्ट नदेऊ तिनीहरूसँग युद्ध नगर किनभने म तिनीहरूको भूमिबाट तिमीहरूलाई केही पनि दिने छैन, किनभने, तिनीहरू लूतका सन्तानहरू हुन् अनि मैले तिनीहरूलाई त्यो भूमि दिएको छु।’”

20 רְפָאִים יֵחָשֵׁב אַף־ הוּא רְפָאִים תֵּחָשֶׁב וְהָעַמֹּנִים יִקְרְאוּ לָהֶם זַמְזֻמִּים׃
रपाईमहरूको–देश रपाईमहरू त्यो–पनि मानिन्थ्यो रपाईमहरू र–अम्मोनीहरूले भन्थे जम्जुम्मीम तिनीहरूलाई
H0776 H2803 H0637 H1931 H7121 H2157

(त्यो भूमि पनि रपाईहरू कै भूमि भनेर जानिन्थ्यो। त्यहाँ उहिले रपाई मानिसहरू बस्थे। अम्मोनीहरूले तिनीहरूलाई जमजुम्मीहरू भन्थे।

21 עַם גָּדוֹל וְרַב וְרָם כָּעֲנָקִים וַיַּשְׁמִידֵם יְהוָה מִפְּנֵיהֶם וַיִּירָשֵׁם וַיֵּשְׁבוּ תַּחְתָּם׃
ठूला र–धेरै र–अग्ला अनाकहरू–जस्तै र–परमप्रभुले–नष्ट–गर्नुभयो परमप्रभु तिनीहरूको–सामुबाट र–तिनीहरूले–अधिकार–गरे र–बसे तिनीहरूको–ठाउँमा
H1696 H3427 H8478 H3068 H8045 H6062 H7121 H6440

तिनीहरू पनि अनाकीहरू जस्तै अग्ला अनि बलिया थिए। तर परमप्रभुले जमजुम्मीहरूलाई नष्ट पार्न अम्मोनीहरूलाई सहायता गर्नु भयो। अम्मोनीहरूले त्यो भूमि लिए अनि तिनीहरू अहिले त्यहाँ छन्।

22 כַּאֲשֶׁר עָשָׂה לִבְנֵי עֵשָׂו הַיֹּשְׁבִים בְּשֵׂעִיר אֲשֶׁר הִשְׁמִיד
जसरी उहाँले–गर्नुभयो एसावका सन्तानहरूको–लागि उहाँले–गर्नुभयो जब सेईरमा जो–बस्छन् एसावका
H6215 H3427 H8045

וַיִּירָשֵׁם וַיֵּשְׁבוּ תַּחְתָּם עַד הַיּוֹם
र–तिनीहरूले–अधिकार–गरे र–बसे तिनीहरूको–ठाउँमा आज
H3423 H3427 H8478 H5704 H3117

אֵת־ הַחֹרִי מִפְּנֵיהֶם וַיֵּשְׁבוּ תַּחְתָּם עַד הַיּוֹם׃ הַזֶּה
त्यो होरीहरूलाई तिनीहरूको–सामुबाट र–बसे तिनीहरूको–ठाउँमा आज यो
H0853 H2752 H6440 H3427 H8478 H5704 H3117 H2088

परमेश्वरले तिनीहरूलाई एसावका मानिसहरूलाई जस्तै गर्नुभयो। विगत समयमा, सेईरमा होरी मानिसहरू बस्थे। तर एसावका मानिसहरूले होरीहरूलाई नष्ट गरेर अझ पनि एसावका सन्तानहरू त्यहाँ बसेका छन्।

23 וְהָעַוִּים הַיֹּשְׁבִים בַּחֲצֵרִים עַד־ עַזָּה כַּפְתֹּרִים הַיֹּצְאִים מִכַּפְתּוֹר הִשְׁמִידֵם
र–अव्वीहरू जो–बस्थे गाउँहरूमा गाजा सम्म कप्तोरीहरूले जो–आए कप्तोरबाट तिनीहरूलाई–नष्ट–गरे
H5761 H3427 H2699 H5804 H5704 H3732 H3318 H3731 H8045

וַיֵּשְׁבוּ תַּחְתָּם׃
र–बसे तिनीहरूको–ठाउँमा
H3427 H8478

कप्तोरबाट आएका केही मानिसहरूसित पनि परमेश्वरले त्यस्तै व्यवहार गर्नुभयो। अब्बी मानिसहरू गाजाको वरिपरिको शहरहरूमा बस्थे। तर कप्तोरबाट केही मानिसहरू आए अनि अव्वीहरूलाई नष्ट पारेर कप्तोरबाट आएका ती मानिसहरूले त्यो भूमि दखल गरे अनि अहिलेसम्म तिनीहरू त्यहीं छन्।)

24 קוּמוּ סְעוּ וְעִבְרוּ אֶת־ נַחַל אַרְנֹן רְאֵה נָתַתִּי בְיָדְךָ אֶת־ סִיחֹן
उठ यात्रा–गर र–पार–गर त्यो अर्नोन अर्नोन–खोला हेर मैले–दिएको–छु तिम्रो–हातमा त्यो सीहोनलाई
H5265 H5674 H0853 H0769 H7200 H5414 H3027 H0853 H5511

הָחֶל רֵשׁ בּוֹ וְהִתְגָּר מִלְחָמָה׃
शुरु–गर अधिकार–गर्न उसँग र–युद्ध–गर युद्ध
H2490 H3423 H1624 H4421

הָאֱמֹרִי אַרְצוֹ וְאֶת־ חֶשְׁבּוֹן מֶלֶךְ
एमोरीहरूको उसको–देश र–त्यो हेश्बोनको राजा
H0567 H0776 H0853 H2809 H4428

“परमप्रभुले मलाई भन्नुभयो, ‘अर्नोन खोला पारी तर्न तयारी बस। हेर, म हेशबोनका राजा अम्मोरी सीहोन अनि उसको देश तिमीहरूको हातमा दिँदैछु। तिमीहरू त्यसलाई अधिकारमा ल्याउने चेष्टा शुरू गर र तिनीहरूको विरूद्ध लडाइँ गरेर त्यो भूमि अधिनमा पार।

25 הַיּוֹם אָחֵל תֵּת פַּחְדְּךָ וְיִרְאָתְךָ עַל־ פְּנֵי כָּל־ הָעַמִּים תַּחַת
आज म–शुरु–गर्छु राख्न तिम्रो–डर र–तिम्रो–भय माथि सामु सबै मुनि
H3117 H2490 H5414 H6343 H3374 H6440 H5971 H8478

הַשָּׁמַיִם אֲשֶׁר יִשְׁמְעוּן שִׁמְעֲךָ וְרָגְזוּ וְחָלוּ מִפָּנֶיךָ׃
आकाशको जसले सुन्नेछन् तिम्रो–बारेमा र–काम्नेछन् र–थर्किनेछन् तिम्रो–सामुबाट
H8064 H8085 H7264 H2342 H6440

आज म प्रत्येक ठाउँको मानिसहरूलाई तिमीहरूसित भयभीत हुने बनाउँछु, तिनीहरूले तिमीहरूको विषयमा सुन्नेछन् अनि डरले काम्नेछन्।’

26 וָאֶשְׁלַח מַלְאָכִים מִמִּדְבָּר קְדֵמוֹת אֶל־ סִיחֹן מֶלֶךְ חֶשְׁבּוֹן דִּבְרֵי
र–मैले–पठाएँ दूतहरू केदेमोतको–उजाड–भूमिबाट केदेमोतको सीहोनकहाँ राजा हेश्बोनको शान्तिको–वचन
H7971 H4397 H4057 H6932 H0413 H4428 H2809 H1697

שָׁלוֹם לֵאמֹר׃
शान्तिको भनेर
H7965 H0559

“जब हामी कदेमोत बाँझो भूमिमा थियौं, मैले हेशबोनका राजा सीहोनलाई शान्तिको संदेश दूत मार्फतू पठाएँ। तिनीहरूले भने,

27 אֶעְבְּרָה בְאַרְצֶךָ בַּדֶּרֶךְ בַּדֶּרֶךְ לֹא אָסוּר יָמִין וּשְׂמֹאול׃
मलाई–पार–गर्न–दिनोस् तिम्रो–देशबाट बाटोमा बाटोमा म मोड्नेछैनँ दायाँ र–बायाँ
H5674 H0776 H1870 H1870 H3808 H5493 H3225 H8040

‘हामीहरूलाई तिम्रो देश भएर जाने अनुमति देऊ, हामीहरू सीधा अघि जाने छौ हामीहरू बाटोमा दाहिने अथवा देब्रे फर्कने छैनौं। हामी बाटोमा मात्र रोकिने छौं।

28

רַק	וְשָׁתֵיתִי	לִי	תִּתֵּן־	בַּכֶּסֶף	וּמַיִם	וְאָכַלְתִּי	תַּשְׁבִּרֵנִי	בַּכֶּסֶף	אֹכֶל
केवल	र-म-पिउँछु	मलाई	दिनोस्	चाँदीले	र-पानी	र-म-खान्छु	बेच्नोस्-मलाई	चाँदीले	खाना
H7535	H8354		H5414	H3701	H4325	H0398	H7666	H3701	H0400

אֶעְבְּרָה	בְרַגְלָי׃
मलाई-पार-गर्न-दिनोस्	पैदल
	H7272

हामीलाई खानु पिउनु देऊ त्यसको दाम हामी चुकाउनेछौ। हामी तिम्रो देशको बाटो भएर मात्र जान चाहन्छौं।

29

בְּעָר	הַיֹּשְׁבִים	וְהַמּוֹאָבִים	בְּשֵׂעִיר	הַיֹּשְׁבִים	עֵשָׂו	בְּנֵי	לִי	עָשׂוּ־	כַּאֲשֶׁר
आरमा	जो-बस्छन्	र-मोआबीहरूले	सेईरमा	जो-बस्छन्	एसावका	एसावका-सन्तानहरूले	मलाई	गरे	जसरी
H6144	H3427	H4125		H3427	H6215				

לָנוּ׃	נֹתֵן	אֱלֹהֵינוּ	יְהוָה	אֲשֶׁר־	הָאָרֶץ	אֶל־	הַיַּרְדֵּן	אֶת־	אֶעֱבֹר	אֲשֶׁר־	עַד
हामीलाई	दिनुहुन्छ	हाम्रा-परमेश्वरले	परमप्रभु	जुन	देश	त्यो	यर्दन	त्यो	म-पार-गर्छु	जबसम्म	सम्म
	H5414	H0430	H3068		H0776	H0413	H3383	H0853			H5704

यर्दन नदी पारिको जुन देश परमप्रभु हाम्रा परमेश्वरले हामीलाई दिनु भएको छ, त्यहाँ पुग्न तिम्रो देशको बाटो भएर जान देऊ। अरू मानिसहरू सेईरमा बस्ने एसाव मानिसहरू र आरमा बस्ने मोआबीहरूले हामीलाई तिनीहरूको देशको बाटो भएर हिडनु देऊ।’

30

הַקְשָׁה	כִּי־	בּוֹ	הַעֲבְרֵנוּ	חֶשְׁבּוֹן	מֶלֶךְ	סִיחֹן	אָבָה	וְלֹא
कठोर-बनाउनुभयो	किनभने	उसको-भूमिबाट	हामीलाई-पार-गर्न-दिन	हेश्बोनको	राजा	सीहोन	मान्नचाहेन	तर
H7185				H2809	H4428	H5511	H0014	H3808

תִּתּוֹ	לְמַעַן	לְבָבוֹ	אֶת־	וְאַמֵּץ	רוּחוֹ	אֶת־	אֱלֹהֶיךָ	יְהוָה
उसलाई-सुम्पिन	ताकि	उसको-हृदयलाई	त्यो	र-कडा-बनाउनुभयो	उसको-आत्मालाई	त्यो	तिम्रा-परमेश्वरले	परमप्रभु
H5414	H4616	H3824	H0853	H0553	H7307	H0853	H0430	H3068

ס	הַזֶּה׃	כַּיּוֹם	בְּיָדֶךָ
—	यो	आज-जस्तै	तिम्रो-हातमा
	H2088	H3117	H3027

“तर हेशबोनका राजा सीहोनले हामीलाई उसको देशबाट जानु दिएनन्। तिमीहरूका परमप्रभु परमेश्वरले तिनलाई कठोर बनाउनुभयो अनि आज हामीलाई थाहा छ साँच्चै त्यस्तै भयो।

31

סִיחֹן	אֶת־	לְפָנֶיךָ	תָּת	הַחִלֹּתִי	רְאֵה	אֲלֵי	יְהוָה	וַיֹּאמֶר
सीहोनलाई	त्यो	तिम्रो-सामु	तिमीलाई-दिन	मैले-शुरु-गरेको-छु	हेर	मलाई	परमप्रभुले	र-परमप्रभुले-भन्नुभयो
H5511	H0853	H6440	H5414		H7200	H0413	H3068	H0559

אַרְצוֹ׃	אֶת־	לָרֶשֶׁת	רֵשׁ	הָחֵל	אַרְצוֹ	וְאֶת־
उसको-देश	त्यो	अधिकार-गर्न	अधिकार-गर्न	शुरु-गर	उसको-देश	र-त्यो
H0776	H0853	H3423	H3423		H0776	H0853

“परमप्रभुले मलाई भन्नुभयो, ‘म तिमीहरूलाई सीहोनका राजा र उसको देश दिंदैछु, जाऊ अनि उसको देश लेऊ।’

32

יָהְצָה׃	לַמִּלְחָמָה	עַמּוֹ	כָּל־	הוּא	לְקָרָאתֵנוּ	סִיחֹן	וַיֵּצֵא	
याहसमा	युद्धको-लागि	उसको-जनता	र-सबै	ऊ	हामीसँग-भेट्न	सीहोन	र-सीहोन-निस्क्यो	
H3096	H4421		H3605	H1931	H7125	H5511	H3318	

“जाहज भन्ने ठाउँमा सीहोन राजा र तिनका समस्त मानिसहरू हामीसित युद्ध गर्न आए।

33

]בנו[	וְאֶת־	אֹתָו	נָגַף	לְפָנֵינוּ	אֱלֹהֵינוּ	יְהוָה	וַיִּתְּנֵהוּ
—	र-त्यो	उसलाई	र-हामीले-मार्यौं	हाम्रो-सामु	हाम्रा-परमेश्वरले	परमप्रभु	र-परमप्रभुले-सुम्पिदिनुभयो
	H0853	H0853	H5221	H6440	H0430	H3068	H5414

עַמּוֹ׃	כָּל־	וְאֶת־	)בָּנָיו(
उसका-जनता	सबै	र-त्यो	उसका-छोराहरू
	H3605	H0853	

तर परमप्रभु हाम्रा परमेश्वरले तिनीहरूलाई हाम्रो हातमा सुम्पि दिनुभयो अनि राजा सीहोन, तिनका छोराहरू र सबै मानिसहरू पराजित भए।

34 וַנַּחֲרֵם֙ אֹתָ֔ם כָּל־עִ֖יר וְהַנָּשִׁ֣ים וְהַטָּ֑ף לֹא־הִשְׁאַ֥רְנוּ שָׂרִֽיד׃

כָּל־	אֶת־	וַנַּחֲרֵם֙	הַהִ֔וא	בָּעֵ֖ת	עָרָ֑יו	כָּל־	אֶת־	וַנְּגַ֣לְכֹּ֔ד	
सबै	त्यो	र-हामीले-सर्वनाश-गर्यौं	त्यसबेला	त्यस-समयमा	उसका-शहरहरू	सबै	त्यो	र-हामीले-कब्जा-गर्यौं	
H3605	H0853		H1931	H6256		H3605	H0853	H3920	

שָׂרִֽיד׃	הִשְׁאַ֥רְנוּ	לֹא	וְהַטָּ֑ף	וְהַנָּשִׁ֣ים	מְתִ֖ם	עִֽיר
बाँकी	हामीले-बाँचाएनौं	केही-पनि	र-बालबालिकाहरू	र-स्त्रीहरू	पुरुषहरू	शहरहरू
H8300	H7604	H3808	H2945	H0802	H4962	

त्यस समयमा सीहोन राजाको सबै शहरहरू हामीले कब्जा गर्यौं। हामीले त्यहाँ कुनै पुरूष, स्त्री तथा नानीहरूको जीवन छोडेनौं।

35 רַ֚ק הַבְּהֵמָ֣ה בָּזַ֔זְנוּ לָ֖נוּ וּשְׁלַ֣ל הֶעָרִ֑ים אֲשֶׁ֥ר לָקָֽחְנוּ׃

רַ֚ק	הַבְּהֵמָ֣ה	בָּזַ֔זְנוּ	לָ֖נוּ	וּשְׁלַ֣ל	הֶעָרִ֑ים	אֲשֶׁ֥ר	לָקָֽחְנוּ׃
केवल	पशुहरू	हामीले-लुट्यौं	हाम्रो-लागि	र-लूट	शहरहरूको	जुन	हामीले-कब्जा-गर्यौं
H7535	H0929	H0962		H7998			H3920

हामीले खाली गाई-वस्तु र राम्रा-राम्रा चीजहरू मात्र ती शहरहरूबाट लियौं।

36 מֵעֲרֹעֵ֗ר אֲשֶׁ֤ר עַל־שְׂפַת־נַ֙חַל֙ אַרְנֹ֔ן וְהָעִ֙יר֙ אֲשֶׁ֣ר בַּנַּ֔חַל וְעַד־גִּלְעָ֖ד לֹא־הָיְתָ֣ה קִרְיָ֑ה שָׂגְבָ֥ה מִמֶּ֖נּוּ אֶת־הַכֹּ֥ל נָתַ֛ן יְהוָ֥ה אֱלֹהֵ֖ינוּ לְפָנֵֽינוּ׃

מֵעֲרֹעֵ֗ר	אֲשֶׁ֤ר	עַל־	שְׂפַת־	נַ֙חַל֙	אַרְנֹ֔ן	וְהָעִ֙יר֙	אֲשֶׁ֣ר	בַּנַּ֔חַל	וְעַד־	גִּלְעָ֖ד	לֹא־	הָיְתָ֣ה	קִרְיָ֑ה	שָׂגְבָ֥ה	מִמֶּ֖נּוּ
अरोएरदेखि	जुन	माथि	किनारमा	अर्नोनको	अर्नोन-खोलाको	र-त्यो-शहर	जुन	खोलामा	र-गिलादसम्म		कुनै-पनि	थिएन	शहर	अति-बलियो-थियो	हामीभन्दा
H6177			H8193	H0769					H5704						

אֶת־	הַכֹּ֥ל	נָתַ֛ן	יְהוָ֥ה	אֱלֹהֵ֖ינוּ	לְפָנֵֽינוּ׃				
त्यो	सबै	परमप्रभुले-दिनुभयो	परमप्रभु	हाम्रा-परमेश्वरले	हाम्रो-सामु				
H0853	H3605	H5414	H3068	H0430	H6440				

त्यहाँको कुनै शहर पनि हाम्रो सामुन्ने टिएन सकेन, हामीले अर्नोन बेंसीको किनारको अरोर शहर अनि बेंसीबीचको अरू शहर जित्यौं। परमप्रभुले हामीलाई अर्नोन बेंसी र गिलाद बीचका सबै शहरहरू जिताउनु भयो।

37 רַ֚ק אֶל־אֶ֣רֶץ בְּנֵי־עַמּ֔וֹן לֹ֥א קָרַ֖בְתָּ כָּל־יַ֣ד נַ֑חַל וְעָרֵ֣י הָהָ֔ר וְכֹ֖ל אֲשֶׁ֥ר צִוָּ֛ה יְהוָ֥ה אֱלֹהֵֽינוּ׃

רַ֚ק	אֶל־	אֶ֣רֶץ	בְּנֵי־	עַמּ֔וֹן	לֹ֥א	קָרַ֖בְתָּ	כָּל־	יַ֣ד	נַ֑חַל	וְעָרֵ֣י	הָהָ֔ר	וְכֹ֖ל	אֲשֶׁ֥ר	צִוָּ֛ה	יְהוָ֥ה
केवल	त्यो	अम्मोनका-सन्तानहरूको-देश	अम्मोनका-सन्तानहरूको	अम्मोनको	नजिक	गएनौं	सबै	किनारा		र-पहाडका-शहरहरूमा	पहाडका	र-सबै	जुन	परमप्रभुले-आज्ञा-दिनुभयो	परमप्रभु
H7535	H0413	H0776		H5983	H3808	H7126	H3605	H3027			H2022	H3605		H6680	H3068

יַבֹּ֔ק	נַ֖חַל	אֱלֹהֵֽינוּ׃			
याब्बोकको	याब्बोक-खोलाको	हाम्रा-परमेश्वरले			
H2999		H0430			

तर तिमीहरू अम्मोनी मानिसहरूको भूमि समीप पनि गएनौ, यब्बोक नदीको किनार र पहाडी देशका शहरहरू पनि गएनौ र परमप्रभु हाम्रा परमेश्वरले मनाही गर्नुभएको कुनै ठाउँसम्म पनि गएनौ।

Chapter 3

1 וַנֵּ֣פֶן וַנַּ֔עַל דֶּ֖רֶךְ הַבָּשָׁ֑ן וַיֵּצֵ֨א עוֹג֙ מֶֽלֶךְ־הַבָּשָׁ֔ן לִקְרָאתֵ֖נוּ הוּא֙ וְכָל־עַמּ֣וֹ לַמִּלְחָמָ֖ה אֶדְרֶֽעִי׃

וַנֵּ֣פֶן	וַנַּ֔עַל	דֶּ֖רֶךְ	הַבָּשָׁ֑ן	וַיֵּצֵ֨א	עוֹג֙	מֶֽלֶךְ־	הַבָּשָׁ֔ן	לִקְרָאתֵ֖נוּ	
र-हामी-फर्क्यौं	र-माथि-चढ्यौं	बाटो-भएर	बाशानतिर	र-ओग-निस्क्यो	ओग	राजा	बाशानको	हामीसँग-भेट्न	
H6437	H5927	H1870	H1316	H3318	H5747	H4428	H1316	H7125	

הוּא֙	וְכָל־	עַמּ֣וֹ	לַמִּלְחָמָ֖ה	אֶדְרֶֽעִי׃		
ऊ	र-सबै	उसको-जनता	युद्धको-लागि	एद्रेईमा		
H1931	H3605		H4421	H0154		

“त्यसपछि हामी बाशानपट्टि गयौं। एदरेईमा बाशानका राजा ओग र तिनका मानिसहरू हामीहरूसित लडाइँ गर्न आए।

2 וַיֹּאמֶר יְהוָה אֵלַי אַל־תִּירָא אֹתוֹ כִּי בְיָדְךָ֗ נָתַתִּי אֹתוֹ וְאֶת־כָּל־עַמּוֹ וְאֶת־אַרְצוֹ וְעָשִׂיתָ לְּוֹ כַּאֲשֶׁר עָשִׂיתָ לְסִיחֹן מֶלֶךְ הָאֱמֹרִי אֲשֶׁר יוֹשֵׁב בְּחֶשְׁבּֽוֹן׃

उसलाई मैले-दिएको-छु तिम्रो-हातमा किनभने उससँग नडराऊ नडराऊ मलाई परमप्रभुले र-परमप्रभुले-भन्नुभयो
H0853 H5414 H3027 H0853 H3372 H0408 H0413 H3068 H0559

राजा सीहोनलाई तिमीले-गर्यौं जसरी उसलाई र-गर उसको-देश र-त्यो उसको-जनता सबै र-त्यो
H4428 H5511 H3605 H0853

हेश्बोनमा बस्थ्यो जो एमोरीहरूको
H2809 H3427 H0567

परमप्रभुले मलाई भन्नुभयो, ‘ओगसित नडराऊ। मैले उसलाई तिनीहरूको अघि समर्पित गराउन निश्चय गरेको छु। हशबोनमाथि शासन गर्ने अम्मोरीका राजा सीहोनलाई झैं तिमीले उसलाई पराजित गर्नेछौ अनि उसका मानिसहरू र सबै भूमि तिमीले पाउनेछौ।’

3 וַיִּתֵּן יְהוָה אֱלֹהֵינוּ בְּיָדֵנוּ גַּם אֶת־עוֹג מֶלֶךְ הַבָּשָׁן וְאֶת־כָּל־עַמּוֹ וַנַּכֵּהוּ עַד־בִּלְתִּי הִשְׁאִיר־לוֹ שָׂרִיד׃

र-त्यो बाशानको राजा ओगलाई त्यो पनि हाम्रो-हातमा हाम्रा-परमेश्वरले परमप्रभु र-परमप्रभुले-दिनुभयो
H0853 H1316 H4428 H5747 H0853 H1571 H3027 H0430 H3068 H5414

बाँकी उसलाई बाँचाएनौं नभएसम्म कोही-पनि-सम्म र-हामीले-मार्यौं-उसलाई उसको-जनतालाई सबै
H8300 H7604 H1115 H5704 H5221 H3605

“यसकारण परमप्रभु हाम्रा परमेश्वरले बाशानका राजा ओगलाई पराजित गराउनु भयो। हामीले उसको कसैलाई पनि बाँकी नराख्ने गरी परास्त पार्यौं।

4 וַנִּלְכֹּד אֶת־כָּל־עָרָיו בָּעֵת הַהִוא לֹא הָיְתָה קִרְיָה אֲשֶׁר לֹא לָקַחְנוּ מֵאִתָּם שִׁשִּׁים עִיר כָּל־חֶבֶל אַרְגֹּב מַמְלֶכֶת עוֹג בַּבָּשָׁן׃

त्यो सबै शहरहरू जुन
H0853 H3605 H5892 H7151

र-हामीले-कब्जा-गर्यौं त्यस-समयमा उसका-शहरहरू थिएन कुनै-पनि त्यसबेला त्यस-समयमा
H3920 H6256 H5892 H1961 H3808 H1931 H6256

तिनीहरूबाट लिएनौं हामीले साठी शहर उसका-शहरहरू सबै शहर अर्गोबको-छेत्र अर्गोबको राज्य ओगको बाशानमा
H0854 H3947 H3808 H8346 H5892 H3605 H5892 H2349 H0709 H4467 H5747 H1316

त्यस समयमा ओगको अधीनका सबै शहरहरू लियौं। हामीले ओगका 60 शहरहरू बाशान राज्यभित्रका अर्गेवका इलाकाहरू कब्जा गर्यौं।

5 כָּל־אֵלֶּה עָרִים בְּצֻרוֹת חוֹמָה גְּבֹהָה דְּלָתַיִם וּבְרִיחַ לְבַד מִן־עָרֵי הַפְּרָזִי הַרְבֵּה מְאֹד׃

सबै यी शहरहरू पर्खाल गढिएका शहरहरू अग्ला ढोकाहरू र-रोकाहरू-भएका बाहेक खुल्ला-शहरहरूबाट
H3605 H0428 H5892 H6776 H2346 H1219 H5892 H1364 H1817 H1280 H0905 H5892

गाउँहरूको धेरै-धेरै हाम्रो-लागि
H6521 H7235 H3966

यी सबै शहरहरूका अग्ला-अग्ला फाटक, पर्खाल र फाटकमा पकका ढोकाहरू थिए। त्यहाँ पर्खाल नभएका शहरहरू पनि थिए।

6 וַנַּחֲרֵם אוֹתָם כַּאֲשֶׁר עָשִׂינוּ לְסִיחֹן מֶלֶךְ חֶשְׁבּוֹן הַחֲרֵם כָּל־הָעִיר הַנָּשִׁים וְהַטָּף׃

र-हामीले-सर्वनाश-गर्यौं जसरी तिनीहरूलाई
H2763 H3588 H0853

सबै सर्वनाश-गरेर हेश्बोनको राजा सीहोनलाई हामीले-गर्यौं जसरी तिनीहरूलाई र-हामीले-सर्वनाश-गर्यौं
H3605 H2763 H2809 H4428 H5511 H6213 H3588 H0853 H2763

र-बालबालिकाहरू स्त्रीहरू पुरुषहरू शहरहरूका
H2945 H0802 H4962 H5892

हामीले ती सब सीहोन राजाका शहरहरू झैं ध्वंश पार्यौं। त्यहाँका प्रत्येक शहर अनि त्यस शहरका स्त्री-पुरूष अनि बाल-बच्चाहरू सबै ध्वंश पार्यौं।

7 וְכָל־הַבְּהֵמָה וּשְׁלַל הֶעָרִים בַּזּוֹנוּ לָנוּ׃

र-सबै पशुहरू र-लूट शहरहरूको हामीले-लुट्यौं हाम्रो-लागि
H3605 H0929 H7998 H5892 H0962

तर हामीले आफ्नो लागि त्यहाँ भएका बहुमूल्य वस्तुहरू र गाई-गोरूहरू भने सुरक्षित राख्यौं।

8 וְנִקַּח֙ בָּעֵ֣ת הַהִ֔וא אֶת־הָאָ֖רֶץ מִיַּ֣ד שְׁנֵ֑י מַלְכֵ֣י הָאֱמֹרִ֔י

र-हामीले-लियौं त्यसबेला त्यस-समयमा देश त्यो दुईजना हातबाट एमोरीहरूका-राजाहरूको एमोरीहरूको

H3947 H6256 H1931 H0853 H0776 H3027 H8147 H4428 H0567

אֲשֶׁ֥ר בְּעֵבֶ֖ר הַיַּרְדֵּ֑ן מִנַּ֣חַל אַרְנֹ֔ן עַד־הַ֥ר חֶרְמֹ֖ן׃

जो यर्दनको-पारि यर्दनमा अर्नोन-खोलाबाट अर्नोनको हेर्मोन-पहाडसम्म हेर्मोन-पहाड हेर्मोन

H0834 H5676 H3383 H4185 H0769 H5704 H2022 H2768

“यस प्रकार हामीले अर्नोन घाटीबाट यर्दन नदीको पूवपट्टिको भूमि अनि अमोरी राजाहरूबाट हार्मोन पर्वतलाई लियौं।

9 צִידֹנִ֖ים יִקְרְא֣וּ לְחֶרְמ֑וֹן וְהָאֱמֹרִ֖י יִקְרְא֥וּ לוֹ֙ שְׂרִיֹ֔ן

सीदोनीहरूले भन्थे हेर्मोनलाई र-एमोरीहरूले भन्थे उसलाई सिर्योन

H6722 H7121 H0567 H7121 H8303 H2768

שְׂנִֽיר׃

सेनीर

H8149

(हर्मोनलाई सीदोनीहरूले सिर्योन र एमोरीहरूले सनीर भन्छन्।)

10 כָּל־עָרֵ֣י הַמִּישֹׁר֮ וְכָל־הַגִּלְעָד֒ וְכָל־הַבָּשָׁן֙ עַד־סַלְכָ֣ה וְאֶדְרֶעִ֔י עָרֵ֖י

सबै शहरहरू समतलको गिलादको सबै बाशानको साल्काको साल्कासम्म र-एद्रेई शहरहरू

H3605 H4334 H1568 H3605 H1316 H5548 H5704 H0154

מַמְלֶכֶ֥ת עוֹג֖ בַּבָּשָֽׁן׃

राज्य ओगको बाशानमा

H4467 H5747 H1316

यसरी हामीले समतलको सबै भूमिको र गिलादका शहरहरू सल्कादेखि एद्रेईसम्म बसानको समस्त आफ्नो पार्यौं। सल्का र एद्रेईहरू ओगको बाशानका राजा, ओगका शहरहरू थिए।”

11 כִּ֣י רַק־עוֹג֩ מֶ֨לֶךְ הַבָּשָׁ֜ן נִשְׁאַ֗ר מִיֶּ֙תֶר֙ הָרְפָאִ֔ים הִנֵּ֥ה עַרְשׂ֖וֹ עֶ֣רֶשׂ

किनभने केवल ओग राजा बाशानको बाँच्यो रपाईमहरूबाट-बाँकी रपाईमहरूको हेर्नूहोस् उसको-खाट खाट

H3588 H7535 H5747 H4428 H1316 H7604 H3499 H7495 H2009 H6210 H6210

הֲל֣וֹא הִ֔וא בְּרַבַּ֖ת בְּנֵ֣י עַמּ֑וֹן תֵּ֣שַׁע אַמּ֤וֹת אָרְכָּהּ֙ וְאַרְבַּ֣ע

त्यो के फलामको अम्मोनी हरूको-रब्बामा अम्मोनका-सन्तानहरूको अम्मोनको नौ हातको लम्बाइमा र-चार

H1931 H3808 H1270 H7237 H1121 H5983 H8672 H0520 H0753 H0702

אַמּ֥וֹת רָחְבָּ֖הּ בְּאַמַּ֥ת אִֽישׁ׃

हातको चौडाइमा मानिसको-हातको नापले

H0520 H7341 H0582 H0376

(बाशानका राजा ओग रपाई मानिसहरूमा बाँचेकाहरूमध्ये एक जना थिए। ओगको पलङ्ग फलामको थियो यो तेह्र फीट लामो अनि छ फीट चौंडाको थियो। अम्मोनीहरू बसोबास गर्ने शहर रब्बामा त्यो पलङ्ग अझसम्म छ।)

12 וְאֶת־הָאָ֣רֶץ הַזֹּ֗את יָרַ֙שְׁנוּ֙ בָּעֵ֣ת הַהִ֔וא מֵעֲרֹעֵ֕ר אֲשֶׁ֖ר

र-त्यो देश यो हामीले-अधिकार-गर्यौं त्यसबेला त्यस-समयमा अरोएरदेखि जुन

H3423 H2063 H0776 H0853 H1931 H6256 H6177 H0834

עַל־נַ֣חַל אַרְנֹ֑ן וַחֲצִ֤י הַר־הַגִּלְעָד֙ וְעָרָ֔יו נָתַ֖תִּי לָרֽאוּבֵנִ֥י וְלַגָּדִֽי׃

अर्नोन-खोलाको माथि र-आधा गिलाद-पहाड र-त्यसका-शहरहरू मैले-दिएं रूबेनीहरूलाई र-गादीहरूलाई

H5158 H6677 H1568 H2022 H5892 H5414 H7206 H1425

“यसकारण हामीले भूमि आफ्नो बनायौ अनि मैले रूबेनी र गादी कुल समूहलाई यसको भाग दिएँ। मैले तिनीहरूलाई अर्नोनको भूमिदेखि (जो अर्नोनको बेंसी हो) गीलादको पहाडी देशसितै यसका शहरहरू तिनीहरूलाई दिएको छु। तिनीहरूले गीलादको आधा भूमि पाएको छन्।

13 וְיֶתֶר֙ הַגִּלְעָ֔ד וְכָל־הַבָּשָׁ֖ן מַמְלֶכֶ֣ת עוֹג֑ נָתַ֙תִּי֙ לַחֲצִ֣י שֵׁ֔בֶט כָּל־

र-बाँकी गिलादको सबै बाशानको राज्य ओगको मैले-दिएं कुल आधा मनश्शेको सबै

H3605 H4519 H7626 H2677 H5414 H5747 H4467 H1316 H3605 H1568

חֶ֥בֶל הָאַרְגֹּ֖ב לְכָל־הַבָּשָׁ֥ן הַהִ֛וא יִקָּרֵ֥א אֶ֖רֶץ רְפָאִֽים׃

अर्गोबको छेत्र अर्गोबको सबै बाशानको त्यो भनिन्थ्यो रपाईमहरूको-देश रपाईमहरूको

H2256 H0709 H3605 H1316 H1931 H7121 H0776 H7497

गिलादको अर्को आधा भाग र बाशानको सबै क्षेत्र मैले मनश्शेको आधा कुल समूहलाई दिएँ।" (बाशान ओगको राज्य थियो। यसलाई रपाईहरूको देश पनि भनिन्थ्यो। ओगको भूमिको एउटा भागलाई अर्गोव भनिन्थ्यो

14

גְּבוּל	עַד־	אַרְגֹּב	חֶבֶל	כָּל־	אֶת־	לָקַח	מְנַשֶּׁה	בֶּן־	יָאִיר
सीमाना	गेशूरीहरूको-सीमानासम्म	अर्गोबको	अर्गोबको-छेत्र	सबै	त्यो	लियो	मनश्शेको	छोरा	याईर
H1366	H5704	H0709		H3605	H0853	H3947	H4519		H2971

יָאִירַת	הַבָּשָׁן	אֶת־	שְׁמוֹ	עַל־	אֹתָם	וַיִּקְרָא	וְהַמַּעֲכָתִי	הַגְּשׁוּרִי
हव्वोत-याईर	बाशानलाई	त्यो	नामले	आफ्नै	तिनीहरूलाई	र-उसले-नाम-गर्यो	र-माकातीहरूको	गेशूरीहरूको
H2334	H1316	H0853	H8034		H0853	H7121	H4602	H1651

הַזֶּה׃	הַיּוֹם	עַד
यो	आज	आज-सम्म
H2088	H3117	H5704

मनश्शे परिवार समूह याईरले बाशानमा रहेको अर्गोबको सम्पूर्ण क्षेत्र गशूरी र मकाती मानिसहरूको सीमानासम्म लियो। यसलाई याईरले उसको नाउँ दिएका थिए आजको दिनसम्म बाशानका क्षेत्रलाई हब्बात याईर भनेर जान्न सकिन्छ।)

15

הַגִּלְעָד׃	אֶת־	נָתַתִּי	וְלַמָּכִיר
गिलाद	त्यो	मैले-दिएं	र-माकीरलाई
H1568	H0853	H5414	H4353

"मैले गिलाद माकीरलाई दिएँ।

16

תּוֹךְ	אַרְנֹן	נַחַל	וְעַד־	הַגִּלְעָד	מִן־	נָתַתִּי	וְלַגָּדִי	וְלָרְאוּבֵנִי
खोलाको-बीचमा	अर्नोनको	अर्नोन-खोला	र-अर्नोनसम्म	गिलादको	गिलादबाट	मैले-दिएं	र-गादीहरूलाई	र-रूबेनीहरूलाई
H8432	H0769		H5704	H1568		H5414	H1425	H7206

עַמּוֹן׃	בְּנֵי	גְּבוּל	הַנַּחַל	יַבֹּק	וְעַד	וּגְבֶל	הַנָּחַל
अम्मोनको	अम्मोनका-सन्तानहरूको	सीमाना	खोला	याब्बोक	र-याब्बोकसम्म	र-सीमाना	खोलाको
H5983		H1366		H2999	H5704	H1366	

रूबेनी र गादका कुल समूहहरूलाई मैले गिलाद सीमानाबाट शुरू भएको भूमि दिएँ। यो भूमि अर्नोन बेंसीबाट यब्बोक नदीसम्म फिंजिएको छ। यब्बोक नदी अम्मोनी मानिसहरूको सिमाना पर्छ र बेंसीको मध्यभाग एकापट्टिको सिमाना हो।

17

תָּחַת	הַמֶּלַח	יָם	הָעֲרָבָה	יָם	וְעַד	מִכִּנֶּרֶת	וּגְבֶל	וְהַיַּרְדֵּן	וְהָעֲרָבָה
मुनि	नुनको	नुन-समुद्र	अराबाको	अराबाको-समुद्र	र-सम्म	किन्नेरेतदेखि	र-सीमाना	र-यर्दन	र-अराबा
H8478	H4417	H3220	H6160	H3220	H5704	H3672	H1366	H3383	H6160

מִזְרָחָה׃	הַפִּסְגָּה	אַשְׁדֹּת	
पूर्वतिर	पिस्गाको	पिस्गाको-ढल्का	
H4217	H6449	H0794	

यर्दन नदी छेउको मरूभूमि तिनीहरूको पश्चिमी सिमाना हो। गालिल झील यस क्षेत्रको उत्तरमा र मृत समुद्र (खारा समुद्र) यसको दक्षिणमा पर्छ। यो पिस्गा भीरको सतह हो। तिनीहरू पूर्वमा पर्छन्।

18

נָתַן	אֱלֹהֵיכֶם	יְהוָה	לֵאמֹר	הַהוּא	בָּעֵת	אֶתְכֶם	וָאֲצַו	
दिनुभएको-छ	तिमीहरूका-परमेश्वरले	परमप्रभु	भनेर	त्यसबेला	त्यस-समयमा	तिमीहरूलाई	र-मैले-आज्ञा-दिएं	
H5414	H0430	H3068	H0559	H1931	H6256	H0853	H6680	

לִפְנֵי	תַּעַבְרוּ	חֲלוּצִים	לִרְשָׁתָהּ	הַזֹּאת	הָאָרֶץ	אֶת־	לָכֶם	
तिमीहरूका-भाइहरूको-अगाडि	पार-गर्नुपर्छ	हतियार-बाँधेर	अधिकार-गर्न	यो	देश	यो	तिमीहरूलाई	
H6440			H3423	H2063	H0776	H0853		

חָיִל׃	בְּנֵי־	כָּל־	יִשְׂרָאֵל	בְּנֵי־	אֲחֵיכֶם	
शक्तिशाली	शक्तिशाली-योद्धा	सबै	इस्राएलको	इस्राएलका-सन्तानहरू	दाजुभाइहरू	
H2428		H3605	H3478		H0251	

“त्यस समयमा मैले ती परिवार समूहलाई यो आज्ञा दिएँ, ‘परमप्रभु तिमीहरूका परमेश्वरले यर्दन नदीको यतापट्टि बस्नलाई भूमि दिनु भएको छ। तर अहिले तिमीहरूका सेनाहरूले हतियार लिनुपर्छ र अरू इस्राएलीहरूलाई नदीको अर्कोपटिसम्म लिएर जाँदै गर्नु पर्छ।

19 רַק כְּבֵדֵי נְשֵׁיכֶם וְטַפְּכֶם וּמִקְנֵכֶם יָדַעְתִּי כִּי־מִקְנֶה
केवल धेरै तिमीहरूका-पत्नीहरू र-तिमीहरूका-बालबालिका र-तिमीहरूका-गाईवस्तुहरू किनभने गाईवस्तु
H7535 H0802 H2945 H4735 H3045 H4735

אֲשֶׁר נָתַתִּי לָכֶם׃ בְּעָרֵיכֶם אֲשֶׁר יֹשְׁבוּ לָכֶם
जुन मैले-दिएको-छु तिमीहरूलाई तिमीहरूका-शहरहरूमा तिनीहरू-बसून् तिमीहरूलाई
H5414 H3427

मैले दिएको भूमिमा तिमीहरूकी पत्नीहरू, स-साना नानीहरू अनि तिमीहरूका गाई बस्तुहरू (म जान्दछु तिमीहरूको गाई-वस्तुहरू धेरै छन्) बस्ने छन्।

20 עַד אֲשֶׁר־יָנִיחַ יְהוָה לַאֲחֵיכֶם כָּכֶם
सम्म जबसम्म परमप्रभुले परमप्रभुले-विश्राम-दिनुहुन्छ तिमीहरूका-भाइहरूलाई तिमीहरू-जस्तै
H5704 H3068 H5117 H0251

וְיָרְשׁוּ גַם־הֵם אֶת־הָאָרֶץ אֲשֶׁר יְהוָה אֱלֹהֵיכֶם נֹתֵן
र-तिनीहरूले-पनि-अधिकार-गर्छन् त्यो-पनि तिनीहरू त्यो देश जुन परमप्रभु तिमीहरूका-परमेश्वरले दिनुहुन्छ
H3423 H1571 H1992 H0853 H0776 H3068 H0430 H5414

אֲשֶׁר נָתַתִּי לָהֶם בְּעֵבֶר הַיַּרְדֵּן וְשַׁבְתֶּם אִישׁ לִירֻשָּׁתוֹ אֲשֶׁר
जुन मैले-दिएको-छु तिनीहरूलाई यर्दनको-पारि यर्दनमा तब-तिमीहरू-फर्कनेछौ प्रत्येक-मानिस आफ्नो-अधिकारमा जुन
H5414 H1992 H5676 H3383 H7725 H0376 H3425

לָכֶם׃
तिमीहरूलाई

तर परमप्रभुले यर्दन नदीको अर्कोपट्टि दिनु भएको भूमि इस्राएलीहरूका आफन्तहरूले नपाएसम्म तिमीहरूलाई सहायता गर्नु पर्छ। तिमीहरूलाई परमप्रभुले शान्ति दिए झैं तिनीहरूले शान्ति नपाउञ्जेल तिनीहरूलाई सहायता गर, तब मैले दिएको भूमिमा तिमीहरू फर्केर आउन सक्छौ।’

21 וְאֶת־יְהוֹשֻׁעַ צִוִּיתִי בָּעֵת הַהִוא לֵאמֹר עֵינֶיךָ הָרֹאֹת
र-त्यो यहोशूलाई मैले-आज्ञा-दिएं त्यसबेला त्यस-समयमा भनेर तिम्रा-आँखाहरूले देख्यौ
H0853 H3091 H6680 H6256 H1931 H0559 H7200

אֵת כָּל־אֲשֶׁר עָשָׂה יְהוָה אֱלֹהֵיכֶם לִשְׁנֵי הַמְּלָכִים הָאֵלֶּה כֵּן־
सबै त्यो जुन परमप्रभु तिमीहरूका-परमेश्वरले यी-दुईजना राजाहरूलाई यी त्यसरी-नै
H3605 H0853 H3068 H0430 H8147 H4428 H0428

יַעֲשֶׂה יְהוָה לְכָל־הַמַּמְלָכוֹת אֲשֶׁר אַתָּה עֹבֵר שָׁמָּה׃
परमप्रभुले-गर्नुहुनेछ परमप्रभु सबै राज्यहरूलाई जहाँ तिमी पार-गर्दैछौ त्यहाँ
H8033 H5674 H4467 H3605 H3068

“तब मैले यहोशूलाई भने, ‘तिमीले यी दुई राजाहरूलाई परमप्रभु तिमीहरूका परमेश्वरले गर्नु भएको सबै थोक देखेका छौ। तिमीहरू पसेका सबै राज्यहरूमा परमप्रभुले त्यस्तै गर्नु हुनेछ।

22 לֹא תִירָאוּם כִּי יְהוָה אֱלֹהֵיכֶם הוּא יִלָּחֶם לָכֶם׃ ס
नडराऊ तिनीहरूसँग परमप्रभु किनभने परमप्रभु तिमीहरूका-परमेश्वर उहाँ-नै तिमीहरूको-लागि तिमीहरूको-लागि-लड्ने —
H3808 H3372 H3068 H0430 H1931

ती देशहरूका राजाहरूसित तिमीहरू डराउनु पर्दैन कारण परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको पक्षमा युद्ध गर्नुहुनेछ।’

23 וָאֶתְחַנַּן אֶל־יְהוָה בָּעֵת הַהִוא לֵאמֹר׃
र-मैले-बिन्ती-गरें परमप्रभुसँग त्यस-समयमा त्यसबेला भनेर
H0413 H6256 H1931 H0559

“त्यसपछि मैले मेरो निम्ति विशेष केही कुरा गरीदिनुहोस् भनी परमप्रभुलाई बिन्ती गरें। मैले भनें,

24 אֲדֹנָי יְהוִה אַתָּה הַחִלּוֹתָ לְהַרְאוֹת אֶת־עַבְדְּךָ אֶת־גָּדְלְךָ
hे-परमप्रभु परमप्रभु तपाईले शुरु-गर्नुभएको-छ देखाउन त्यो तपाईको-दासलाई त्यो तपाईको-महानता
H0136 H3069 H0853 H7200 H5650 H0853 H1433

וְאֶת־יָדְךָ הַחֲזָקָה אֲשֶׁר מִי־אֵל בַּשָּׁמַיִם וּבָאָרֶץ אֲשֶׁר יַעֲשֶׂה
र-त्यो तपाईको-शक्तिशाली-हात शक्तिशाली जुन को-परमेश्वर आकाशमा र-पृथ्वीमा जसले गर्नुहुन्छ
H0853 H3027 H2389 H4310 H0410 H8064 H0776

כְּמַעֲשֶׂיךָ וְכִגְבוּרֹתֶךָ׃
तपाईका-कामहरू-जस्तै र-तपाईका-शक्ति-जस्तै
H4639 H1369

‘हे परमप्रभु मेरो मालिक! म हजुरको दास हुँ। म जान्दछु तपाईले गर्न सक्ने लौकिक तथा अलौलिक चीजहरूको केही भाग मात्र (अलिकति) मलाई देखाउनु भएको छ। तपाईले जुन महान् अनि शक्तिशाली कर्महरू गर्नु भएको छ त्यस्तो गर्न न त पृथ्वीमा न स्वर्गमा कुनै ईश्वरले गर्न सक्छन्।

25 אֶעְבְּרָה־נָּא וְאֶרְאֶה אֶת־הָאָרֶץ הַטּוֹבָה אֲשֶׁר בְּעֵבֶר הַיַּרְדֵּן
मलाई-पार-गर्न-दिनोस् कृपाया त्यो-देख्न-दिनोस् असल-देश असल जुन यर्दनको-पारि यर्दनको
H5676 H3383

הָהָר הַטּוֹב וְהַלְּבָנוֹן׃ הַזֶּה
त्यो-असल-पहाड असल यो र-लेबानोन
H2022 H2088 H3844

मलाई यर्दन नदीपारि जान दिनुहोस् अनि अर्को पट्टिको असल भूमि हेर्न दिनुहोस्। मलाई लबानोन र सुन्दर पहाडी देश हेर्न दिनुहोस्।’

26 וַיִּתְעַבֵּר יְהוָה בִּי לְמַעַנְכֶם וְלֹא שָׁמַע אֵלָי וַיֹּאמֶר
तर-परमप्रभु-रिसाउनुभयो परमप्रभु मसँग तिमीहरूको-कारणले र मलाई सुन्नुभएन र-परमप्रभुले-भन्नुभयो
H3068 H4616 H3808 H8085 H0413 H0559

יְהוָה אֵלַי רַב־לָךְ אַל־תּוֹסֶף דַּבֵּר אֵלַי עוֹד בַּדָּבָר הַזֶּה׃
परमप्रभुले मलाई पर्याप्त-भयो तिमीलाई नगर थप बोल्न मलाई फेरि यो-कुरा-बारेमा यो
H3068 H0413 H7227 H0408 H3254 H1696 H0413 H5750 H1697 H2088

“तर तिमीहरूले गर्दा परमप्रभु मसित रिसाउनु भयो। उहाँले मेरो कुरा सुन्नु अस्वीकार गर्नु भयो। परमप्रभुले मलाई भन्नु भयो, ‘यति नै प्रयाप्त छ, यस विषयमा अरू कुरा नगर।

27 עֲלֵה רֹאשׁ הַפִּסְגָּה וְשָׂא עֵינֶיךָ יָמָּה וְצָפֹנָה וְתֵימָנָה וּמִזְרָחָה וּרְאֵה
माथि-चढ टुप्पो पिस्गाको उठाऊ-र-आँखा तिम्रा-आँखा पश्चिमतिर र-उत्तरतिर र-दक्षिणतिर र-पूर्वतिर र-हेर
H5927 H7218 H6449 H5375 H5869 H3220 H6828 H8486 H4217 H7200

בְּעֵינֶיךָ כִּי לֹא תַעֲבֹר אֶת־הַיַּרְדֵּן הַזֶּה׃
तिम्रै-आँखाले किनभने तिमी पार-गर्नेछैनौ त्यो यो-यर्दन यो
H5869 H3588 H3808 H5674 H853 H3383 H2088

पिस्गा पर्वतको टाकुरामा जाऊ अनि पश्चिम, उत्तर, दक्षिण तथा पूर्वपट्टि हेर। तिमीले त्यहाँ आफ्नै आँखाले यी सब चीजहरू हेर्न सक्छौ तर तिमी यर्दन नदीपारि चाहिं जान सक्दैनौ।

28 וְצַו אֶת־יְהוֹשֻׁעַ וְחַזְּקֵהוּ וְאַמְּצֵהוּ כִּי־הוּא יַעֲבֹר לִפְנֵי הָעָם הַזֶּה וְהוּא יַנְחִיל אוֹתָם אֶת־הָאָרֶץ אֲשֶׁר
र-आज्ञा-दिनू त्यो यहोशूलाई र-उसलाई-हौसला-दिनू र-उसलाई-बलियो-बनाउनू किनभने ऊ पार-गर्नेछ
H6680 H853 H3091 H2388 H0553 H3588 H1931 H5674

תִּרְאֶה׃
तिमीले-देख्नेछौ
H7200

तिमीले यहोशूलाई उपदेश अवश्य देऊ। तिनलाई तिमीले उत्साह देऊ। तिनलाई बलियो बनाऊ। भूमि तिमीले देख्न सक्छौ तर यहोशूले मानिसहरूलाई त्यहाँ लैजाने छन् अनि तिनीहरूलाई त्यहाँ बस्न सहायता गर्नेछन्।'

וַיַּשְׁכֵּ֖ב	בַּגְּיָ֑א	מ֣וּל	פְּעֹ֔ור׃	בֵּ֥ית	פ
र–हामी–बस्यौं	बेसीमा	सामुन्ने	बेत–पेओरमा		—
H3427	H1516	H4136	H1047		

29

“यसकारण हामी बेत-पोर वारि नै बेंसीमा बस्यौं।”

Chapter 4

וְעַתָּ֗ה	יִשְׂרָאֵ֛ל	שְׁמַ֥ע	אֶל־	וְאֶל־	הַחֻקִּ֖ים	וְאֶל־	הַמִּשְׁפָּטִ֑ים	אֲשֶׁ֨ר	אָנֹכִ֜י	מְלַמֵּ֣ד
र–अब	इस्राएल	सुन	ती–	र–ती–	विधिहरू	र–ती–	न्यायहरू	जुन	म	सिकाउँदैछु
H6258	H3478	H8085	H0413	H0413	H2706	H0413	H4941		H0595	H3925

1

אֹתְכֶ֔ם	לַעֲשֹׂ֑ות	לְמַ֣עַן	תִּחְיֹ֗ו	וּבָאתֶם֙	וִירִשְׁתֶּ֣ם	אֶת־	הָאָ֔רֶץ	אֲשֶׁ֨ר	יְהוָ֧ה	אֱלֹהֵ֛י
तिमीहरूलाई	पालन–गर्न	ताकि	तिमीहरू–बाँच	र–प्रवेश–गर	र–अधिकार–गर	त्यो–	देश	जुन	परमप्रभुले	परमेश्वरले–
H0853	H4616		H2421	H0935	H3423	H0853	H0776		H3068	H0430

לָכֶֽם׃	נֹתֵ֖ן	אֲבֹתֵיכֶ֥ם
तिमीहरूलाई	दिँदै–हुनुहुन्छ	तिम्रा–पिताहरूको
	H5414	H0001

“अब, हे इस्राएलका हो! मैले सिकाएको विधिहरू तथा आदेशहरू सुन। तब तिनीहरू बाँच्नेछौ। तब तिमीहरू जान सक्छौ तिमीहरूका पिता-पुर्खाहरूका परमेश्वर परमप्रभुले दिनु भएको भूमि अधिकारमा लिन सक्छौ।

מִמֶּנּ֣וּ	תִגְרְעוּ֮	וְלֹא֒	אֶתְכֶם֙	מְצַוֶּ֔ה	אָנֹכִ֖י	אֲשֶׁ֣ר	הַדָּבָ֑ר	עַל־	תֹּסִפ֣וּ	לֹ֣א
यसबाट	घटाउ	र–नगर	तिमीहरूलाई	आज्ञा–दिएको–छु	मैले	जुन	वचनमा	यस–	थप	नगर
H1639	H3808		H0853	H6680	H0595		H1697		H3254	H3808

אֶתְכֶֽם׃	מְצַוֶּ֔ה	אָנֹכִ֖י	אֲשֶׁ֣ר	אֱלֹהֵיכֶ֥ם	יְהוָ֛ה	מִצְוֹת֙	אֶת־	לִשְׁמֹ֔ר
तिमीहरूलाई	आज्ञा–दिएको–छु	मैले	जुन	तिम्रा–परमेश्वरका	परमप्रभु	आज्ञाहरू	ती–	पालन–गर्न
H0853	H6680	H0595		H0430	H3068	H4687	H0853	H8104

2

मैले दिएको आज्ञामा तिमीहरूले थप्न सक्दैनौ। अनि तिमीहरूले केही पनि लिन हुँदैन। मैले तिमीहरूलाई दिएको परमप्रभु तिमीहरूको परमेश्वरको आज्ञा पालन गर्नुपर्छ।

אֲשֶׁ֣ר	הָאִ֔ישׁ	כָּל־	כִּ֤י	פְּעֹור֙בְּבַ֣עַל	יְהוָ֔ה	עָשָׂ֖ה	אֲשֶׁר־	אֶת֙	הָרֹאֹ֔ת	עֵינֵיכֶ֑ם
जसले–	मानिस	हरेक–	किनभने	बाल–पोरमा	परमप्रभुले	गर्नुभयो	जुन–	त्यो–	देखे	तिम्रा–आँखाहरूले
	H0376	H3605		H1187	H3068			H0853	H7200	

מִקִּרְבֶּֽךָ׃	אֱלֹהֶ֖יךָ	יְהוָ֥ה	הִשְׁמִידֹ֛ו	פְּעֹ֥ור בַּ֖עַל־	אַחֲרֵ֣י	הָלַ֔ךְ
तिम्रो–बीचबाट	तिम्रा–परमेश्वरले	परमप्रभु	नष्ट–गर्नुभयो	बाल–पोर	पछि–	पछ्याए
H7130	H0430	H3068	H8045	H1187		H1980

3

“बाल पोरमा तिमीहरूले आफ्नो आँखाले तिनीलाई परमप्रभु तिमीहरूको परमेश्वरद्वारा नष्ट गरेको देख्यौ जसले झूटा परमेश्वर बाललाई अनुसरण गरेका थिए।

הַיֹּֽום׃	כֻּלְּכֶ֖ם	חַיִּ֑ים	אֱלֹהֵיכֶ֥ם	בַּיהוָ֛ה	הַדְּבֵקִ֥ים	וְאַתֶּ֖ם
आज	तिमीहरू–सबै	जीवित–छौ	तिम्रा–परमेश्वर	परमप्रभुमा	टाँसिरहेका	तर–तिमीहरू
H3117	H3605		H0430	H3068	H1695	

4

तर जो परमप्रभु तिमीहरूका परमेश्वरसित थिए, तिनीहरू सबै आज पनि जीवित छन्।

אֱלֹהָ֑י	יְהוָה֙	צִוָּ֣נִי	כַּאֲשֶׁ֔ר	וּמִשְׁפָּטִ֖ים	חֻקִּ֣ים	אֶתְכֶ֗ם	לִמַּ֤דְתִּי	רְאֵה֙
मेरा–परमेश्वरले	परमप्रभुले	आज्ञा–दिनुभयो–मलाई	जसरी	र–न्यायहरू	विधिहरू	तिमीहरूलाई	मैले–सिकाएँ	हेर
H0430	H3068	H6680		H4941	H2706	H0853	H3925	H7200

לְרִשְׁתָּהּ׃	שָׁמָּה	בָּאִים	אַתָּם	אֲשֶׁר	הָאָ֣רֶץ	בְּקֶ֣רֶב	כֵּן	לַעֲשֹׂ֔ות
अधिकार–गर्न	त्यहाँ	प्रवेश–गर्दैछौ	तिमीहरू	जहाँ	देशको	भित्र–	यसरी	पालन–गर्न
H3423	H8033	H0935			H0776	H7130		

5

“परमप्रभु मेरो परमेश्वरले मलाई जे जति आज्ञा गर्नु भएको थियो, त्यो मैले तिमीहरूलाई सिकाएँ। मैले तिमीहरूलाई यी विधि-विधानहरू यसकारण सिकाएँ तिमीहरू जुन भूमि आफ्नो बनाई बस्न जाँदैछौ त्यहाँ यी विधि-विधानहरू पालन गर्नेछौ।

6

וְשָׁמַרְתֶּם וַעֲשִׂיתֶם כִּי הִוא חָכְמַתְכֶם וּבִינַתְכֶם לְעֵינֵי הָעַמִּים אֲשֶׁר יִשְׁמְעוּן
सुन्नेछन् जसले जातिहरूको दृष्टिमा- र-तिम्रो-समझ तिम्रो-बुद्धि यो किनभने र-आचरण-गर र-पालन-गर
H8085 H0998 H2451 H1931 H8104

אֵת כָּל־ הַחֻקִּים הָאֵלֶּה וְאָמְרוּ רַק עַם־ חָכָם וְנָבוֹן הַגּוֹי הַגָּדוֹל הַזֶּה׃
यी- सबै- विधिहरू यी र-भन्नेछन् निश्चय-नै जाति- बुद्धिमान र-समझदार राष्ट्र ठूलो यो
H0853 H3605 H2706 H0428 H0559 H7535 H2450 H0995 H2088

यी विधि-विधानहरू सावधानीपूर्वक पालन गर, यसो गर्नाले अन्य राष्ट्रहरूका मानिसहरूले तिमीहरूलाई ज्ञानी तथा बुज्जकी सम्झनेछन्। ती राष्ट्रहरूका मानिसहरूले यी विधि-विधानहरूको विषयमा सुन्नेछन्। ‘तब तिनीहरूले भन्नेछन्। साँच्चैनै यस राज्यका मानिसहरू ज्ञानी अनि बुज्जकी छन्।’

7

כִּי מִי־ גּוֹי גָּדוֹל אֲשֶׁר־ לוֹ אֱלֹהִים קְרֹבִים אֵלָיו כַּיהוָה אֱלֹהֵינוּ
किनभने कुन- राष्ट्र ठूलो जसको- नजिक परमेश्वर हुनुहुन्छ उसलाई परमप्रभु-जस्तै हाम्रा-परमेश्वर
H4310 H1471 H0834 H7138 H0413 H3068 H0430

בְּכָל־ קָרְאֵנוּ אֵלָיו׃
सबै- पुकार्दा-हामी उहाँलाई
H3605 H7121 H0413

“जब हामी सहायता माग्छौ परमप्रभु हाम्रा परमेश्वर हाम्रै नजिकमा हुनुहुन्छ र यस्ता ईश्वर अन्य कुनै राष्ट्रमा छैनन्।

8

וּמִי גּוֹי גָּדוֹל אֲשֶׁר־ לוֹ חֻקִּים וּמִשְׁפָּטִים צַדִּיקִם כְּכֹל הַתּוֹרָה הַזֹּאת
र-कुन राष्ट्र ठूलो जसको- नजिक विधिहरू र-न्यायहरू धार्मिक यस-सबै-जस्तो व्यवस्था यो
H4310 H1471 H0834 H6662 H4941 H2706 H3605 H8451 H2063

אָנֹכִי נֹתֵן לִפְנֵיכֶם הַיּוֹם׃
म राख्दैछु तिमीहरू-अघि आज
H0595 H5414 H6440 H3117

आज मैले सिकाएको विधि-विधानहरू र व्यवस्थाहरू भएको हाम्रो देश जस्तो अरू कुनै देश पनि छैन।

9

רַק הִשָּׁמֶר לְךָ וּשְׁמֹר נַפְשְׁךָ מְאֹד פֶּן־ תִּשְׁכַּח אֶת־ אֲשֶׁר־
मात्र होशियार-हो आफ्नो-लागि र-राख तिम्रो-प्राण अत्यन्त नहोस्-कि- बिर्सिदेऊ ती- जुन-
H7535 H8104 H8104 H5315 H3966 H6435 H7911 H0853 H1697

רָאוּ עֵינֶיךָ וּפֶן־ יָסוּרוּ מִלְּבָבְךָ כֹּל יְמֵי חַיֶּיךָ וְהוֹדַעְתָּם לְבָנֶיךָ׃
देखे तिम्रा-आँखाहरूले र-नहोस्-कि- हट्छन् तिम्रो-हृदयबाट सबै दिनहरू- तिम्रो-जीवनको र-सिकाइदेऊ
H7200 H6435 H5493 H3824 H3605 H3117 H2416 H3045

तर तिमीहरू होशियारीसँग बस्नुपर्छ, जबसम्म तिमीहरू जीवित हुन्छौ तबसम्म तिमीहरूले देखेको कुरो बिर्सनु हुँदैन। तिमीहरूले यी चीजहरू तिमीहरूका छोरा-छोरी तथा नाता-नातिनाहरूलाई सिकाउनु पर्छ।

יוֹם אֲשֶׁר עָמַדְתָּ לִפְנֵי יְהוָה אֱלֹהֶיךָ בְּחֹרֵב בְּאָמֶר יְהוָה אֵלַי הַקְהֵל־לִי אֶת־הָעָם וְאַשְׁמִעֵם אֶת־דְּבָרַי אֲשֶׁר יִלְמְדוּן לְיִרְאָה אֹתִי כָּל־הַיָּמִים אֲשֶׁר הֵם חַיִּים עַל־הָאֲדָמָה וְאֶת־בְּנֵיהֶם יְלַמֵּדוּן׃ 10

त्यो-दिन जब मलाई परमप्रभुले होरेबमा तिम्रा-परमेश्वर परमप्रभुको अघि- तिमी-उभिएका-थियौ जब मेरा- वचनहरू ताकि तिनीहरूले-सिकून् भेला-गर- यी- मकहाँ तिनीहरू सबै- दिनहरू दराउन मलाई छोराहरूलाई र-तिनीहरूका- भूमिमा यस- बाँचिरहन्छन् जब- तिनीहरू र-सुनाइदेऊ-तिनीहरूलाई र-लेख्नुभयो-तिनलाई र-तिनीहरूलाई सिकाऊन्

H3117 H3068 H0559 H2722 H0430 H3068 H6440 H5975 H0834 H3117 H3925 H0834 H1697 H0853 H8085 H0834 H3605 H0853 H3372 H1992 H0853 H0127 H5921 H2416 H1992 H3117 H3925 H0853 H3789 H1697 H3925

होरेब पर्वतमाथि परमप्रभु तिमीहरूका परमेश्वरको अघि उभिएको दिन सम्झना गर। त्यस समय परमप्रभुले मलाई भन्नुभयो, ‘मेरो कुरा सुन्न मानिसहरू भेला गर, तब तिनीहरूले मलाई सम्मान गर्न सिक्ने छन् जबसम्म तिनीहरू पृथ्वीमा बाँच्छन्। अनि तिनीहरूले आफ्ना छोरा-छोरीहरूलाई मेरो इज्जत गर्न सिकाउने छन्।’

וַתִּקְרְבוּן וַתַּעַמְדוּן תַּחַת הָהָר וְהָהָר בֹּעֵר בָּאֵשׁ עַד־לֵב שְׁמֵי הַשָּׁמָיִם עָנָן וַעֲרָפֶל׃ 11

र-तिमीहरू-नजिक-आयौ र-उभिएका-थियौ मुनि- पहाडको र-पहाड बलिरहेको-थियो आगोमा सम्म- बीच- आकाशको बादल अँध्यारो

H7126 H5975 H8478 H2022 H2022 H1197 H0784 H5704 H0776 H8064 H6051 H2822

तिमी नजिकै आयौ अनि पहाक्को फेदमा उभियौ। त्यो पहाक् जलेर आकाशसम्म पुग्यो र त्यहाँ कालो, बाक्लो अँध्यारो बादल थियो।

וַיְדַבֵּר יְהוָה אֲלֵיכֶם מִתּוֹךְ הָאֵשׁ קוֹל דְּבָרִים אַתֶּם שֹׁמְעִים וּתְמוּנָה אֵינְכֶם רֹאִים זוּלָתִי קוֹל׃ 12

र-बोल्नुभयो परमप्रभुले तिमीहरूसँग बीचबाट- आगोको आवाज- वचनहरूको तिमीहरूले सुन्यौ तर-रूप देखेनौ बाहेक- आवाज

H1696 H3068 H0413 H8432 H0784 H6963 H1697 H0859 H8085 H8544 H7200 H2108 H6963

परमप्रभुले आगोबाट तिमीहरूलाई भन्नुभयो तर तिमीहरूले कसैलाई बोल्दै गरेको आवाज मात्र सुन्यौ, तर तिमीहरूले आकृति देखेनौ। त्यहाँ आवाज मात्र थियो।

וַיַּגֶּד לָכֶם אֲשֶׁר בְּרִיתוֹ אֶת־אֲשֶׁר צִוָּה אֶתְכֶם לַעֲשׂוֹת עֲשֶׂרֶת הַדְּבָרִים וַיִּכְתְּבֵם עַל־שְׁנֵי לֻחוֹת אֲבָנִים׃ 13

र-घोषणा-गर्नुभयो तिमीहरूलाई करार आफ्नो- तिमीहरूलाई जुन आज्ञा-दिनुभयो पालन-गर्न दश ढुङ्गाका पाटीहरू दुई माथि- र-लेख्नुभयो-तिनलाई वचनहरू

H5046 H0853 H1285 H0853 H6680 H0834 H6213 H0853 H3789 H8147 H5921 H3871 H0068

परमप्रभुले तिमीहरूलाई दश आज्ञा, आफ्नो करार र ती पालन गर्नु भनी आज्ञा दिनु भयो, अनि परमप्रभुले करारका विधि-विधानहरू दुइवटा शिलापाटीमा लेखिदिनु भयो।

וְאֹתִי צִוָּה יְהוָה בָּעֵת הַהִוא לְלַמֵּד אֶתְכֶם חֻקִּים וּמִשְׁפָּטִים לַעֲשֹׂתְכֶם אֹתָם בָּאָרֶץ אֲשֶׁר אַתֶּם עֹבְרִים שָׁמָּה לְרִשְׁתָּהּ׃ 14

र-मलाई आज्ञा-दिनुभयो परमप्रभुले त्यस- समयमा सिकाउन विधिहरू र-न्यायहरू तिनलाई देशमा जहाँ तिमीहरू पार-गर्दैछौ त्यहाँ अधिकार-गर्न

H0853 H6680 H3068 H6256 H1931 H3925 H2706 H0853 H4941 H0853 H0776 H0834 H5674 H8033 H3423

त्यही समयमा परमप्रभुले यी नियमहरू तिमीहरूलाई सिकाउने आदेश दिनु भयो जुन यर्दन नदीको वरिपरिको भूमिमा तिमीहरूले अनुसरण गर्नुपर्छ जसलाई तिमीहरू आफ्नो बनाएर बाँच्न जाँदैछौ।

15 וְנִשְׁמַרְתֶּם מְאֹד לְנַפְשֹׁתֵיכֶם כִּי לֹא רְאִיתֶם כָּל־תְּמוּנָה בְּיוֹם
र-होशियार-हो अत्यन्त तिम्रा-प्राणहरूका-लागि किनभने तिमीहरूले-देखेनौ कुनै-देखेनौ कुनै- रूप त्यस-दिन
H8104 H3966 H5315 H3808 H7200 H3605 H8544 H3117

דִּבֶּר יְהוָה אֲלֵיכֶם בְּחֹרֵב מִתּוֹךְ הָאֵשׁ׃
बोल्नुभयो परमप्रभुले तिमीहरूसँग होरेबमा बीचबाट- आगोको
H1696 H3068 H0413 H2722 H8432 H0784

“त्यस दिन जतिबेला होरेब पहाडमा आगोबाट परमप्रभु तिमीहरूसित बोल्नु भयो, तिमीहरूले उहाँलाई देखेनौ कारण उहाँ निराकार हुनुहुन्थ्यो।

16 פֶּן־תַּשְׁחִתוּן וַעֲשִׂיתֶם לָכֶם פֶּסֶל תְּמוּנַת כָּל־סָמֶל תַּבְנִית זָכָר אוֹ
र-बनाउ आफ्ना-लागि मूर्ति रूपको- कुनै- छवि आकारको- पुरुष वा
H6459 H8544 H3605 H5566 H8403 H2145

נְקֵבָה׃
स्त्री
H5347

यसकारण होशियार बस, जीवित प्राणीहरूको आकारमा मिथ्या देवताहरूको मूर्तिहरू बनाउने पाप गरी आफैं ध्वंश नबन। पुरूष तथा स्त्रीको आकारमा मूर्ति नबनाऊ।

17 תַּבְנִית כָּל־בְּהֵמָה אֲשֶׁר בָּאָרֶץ תַּבְנִית כָּל־צִפּוֹר כָּנָף אֲשֶׁר תָּעוּף
आकारको- कुनै- पशु जुन पृथ्वीमा आकारको- कुनै- चरा पखेटावाला जुन उड्ने
H8403 H3605 H0929 H0776 H8403 H3605 H6833 H3671

בַּשָּׁמָיִם׃
आकाशमा
H8064

पृथ्वीमा हिंडने पशुहरू तथा आकाशमा उडने चराहरूको मूर्तिहरू नबनाऊ।

18 תַּבְנִית כָּל־רֶמֶשׂ בָּאֲדָמָה תַּבְנִית כָּל־דָּגָה אֲשֶׁר־בַּמָּיִם מִתָּחַת לָאָרֶץ׃
आकारको- कुनै- घस्ने-प्राणी भूमिमा आकारको- कुनै- माछा जुन- पानीमा मुनि- पृथ्वीको
H8403 H3605 H7430 H0127 H8403 H3605 H1710 H4325 H8478 H0776

भूइँमा घस्रिने जन्तु अथवा पानीमा पौरडने प्राणीहरूको मूर्तिहरू पनि नबनाऊ।

19 וּפֶן־תִּשָּׂא עֵינֶיךָ הַשָּׁמַיְמָה וְרָאִיתָ֙ אֶת־הַשֶּׁמֶשׁ וְאֶת־הַיָּרֵחַ וְאֶת־הַכּוֹכָבִים
र-नहोस्-कि- उठाउ आकाशतिर तिम्रा-आँखा र-देख ती- सूर्य र-ती- चन्द्रमा र-ती- तारारहरू
H6435 H5375 H8064 H5869 H7200 H0853 H8121 H0853 H3394 H0853 H3556

כָּל־צְבָא הַשָּׁמַיִם וְנִדַּחְתָּ וְהִשְׁתַּחֲוִיתָ לָהֶם וַעֲבַדְתָּם אֲשֶׁר חָלַק יְהוָה
सबै सेना- आकाशको तिनीहरूलाई र-भरमाइएर र-पूजा-गर तिनीहरूलाई र-सेवा-गर जुन बाँड्नुभयो परमप्रभुले
H3605 H8064 H5080 H7812 H5647 H2506 H3068

אֱלֹהֶיךָ אֹתָם לְכֹל הָעַמִּים תַּחַת כָּל־הַשָּׁמָיִם׃
तिम्रा-परमेश्वरले तिनीहरूलाई सबै-लागि जातिहरूलाई मुनि- सकल- आकाशको
H0430 H0853 H3605 H3605 H8478 H8064

अनि सावधान होऊ कारण आकाशमा सूर्य, जून, ताराहरूलाई पूजा गर्न आकृष्ट नहोऊ। ती वस्तुहरूलाई पूजा नगर। परमप्रभु तिमीहरूका परमेश्वरले संसारमा त्यसो गर्ने अरू सबै जातिहरूलाई छोडदिनु भएको छ।

20 וְאֶתְכֶם לָקַח יְהוָה וַיּוֹצֵא אֶתְכֶם מִכּוּר הַבַּרְזֶל מִמִּצְרָיִם לִהְיוֹת
तर-तिमीहरूलाई लिनुभयो परमप्रभुले र-निकाल्नुभयो तिमीहरूलाई फलामको-भट्टीबाट लोहाको मिस्रबाट हुन-ताकि
H0853 H3947 H3068 H3318 H0853 H3564 H1270 H4714 H1961

לוֹ לְעַם נַחֲלָה כַּיּוֹם הַזֶּה׃
उहाँको-लागि जाति- उत्तराधिकारी आजको-जस्तै यो
H0853 H5159 H3117 H2088

तर परमप्रभुले तिमीहरूलाई मिश्रबाट ल्याई आफ्नो विशेष मानिसहरू बनाउनु भएको छ। मानौं परमप्रभुले फलाम पगाल्नु जल्दै गरेको आगोको आरानबाट तिमीहरूलाई बाहिर निकाल्नु भयो अनि अहिले तिमीहरू उहाँका मानिसहरू बनिएका छौ।

21

וַיהוָה	הִתְאַנַּף־	בִּי	עַל־	דִּבְרֵיכֶם	וַיִּשָּׁבַע	לְבִלְתִּי	עָבְרִי	אֶת־	הַיַּרְדֵּן
र-परमप्रभुले	रिसाए-	मसँग	कारणले-	तिम्रा-कुराहरूले	र-शपथ-खानुभयो	नही-	पार-हुने-म	ती-	यर्दन
H3068	H0599			H1697	H7650	H1115		H0853	H3383

וּלְבִלְתִּי־	בֹא	אֶל־	הָאָרֶץ	הַטּוֹבָה	אֲשֶׁר	יְהוָה	אֱלֹהֶיךָ	נֹתֵן	לְךָ
र-नही-	प्रवेश-गर्ने-म	त्यस-	देश	राम्रो	जुन	परमप्रभु	तिम्रा-परमेश्वरले	दिँदै-हुनुहुन्छ	तिमीलाई
H1115	H0935	H0413	H0776			H3068	H0430	H5414	

נַחֲלָה׃
उत्तराधिकारको-रूपमा
H5159

"तिमीहरूको निम्ति परमप्रभु मसित रिसाउनु भयो। त्यो असल भूमि जहाँ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई राख्नु हुँदैछ त्यहाँ मलाई यर्दन नदीपारि जान नदिने कठोर प्रतिज्ञा गर्नु भयो।

22

עֹבְרִים	וְאַתֶּם	הַיַּרְדֵּן	אֶת־	עֹבֵר	אֵינֶנִּי	הַזֹּאת	בָּאָרֶץ	מֵת	אָנֹכִי	כִּי
पार-गर्दैछौ	तर-तिमीहरू	यर्दन	ती-	पार-गर्ने-छैन	मैले-पार-हुन्न	यो	देशमा	मर्नेछु	म	किनभने
		H3383	H0853		H0369	H2063	H0776	H4191	H0595	

הַזֹּאת׃	הַטּוֹבָה	הָאָרֶץ	אֶת־	וִירִשְׁתֶּם
यो	राम्रो	देश	ती-	र-अधिकार-गर्नेछौ
H2063		H0776	H0853	H3423

तिमीहरू यर्दन नदी पारिको असल भूमिमा गएर बस्न सक्छौ तर म त्यहाँ पस्न सक्तिनँ, मैले यहीं मर्नुपर्छ।

23

כְּרַת	אֲשֶׁר	אֱלֹהֵיכֶם	יְהוָה	בְּרִית	אֶת־	תִּשְׁכְּחוּ	פֶּן־	לָכֶם	הִשָּׁמְרוּ
बाँध्नुभयो	जुन	तिम्रा-परमेश्वरको	परमप्रभुको	करार	ती-	बिर्सिदेऊ	नहोस्-कि-	आफ्नो-लागि	होशियार-हो
H3772		H0430	H3068	H1285	H0853	H7911	H6435		H8104

יְהוָה	צִוְּךָ	אֲשֶׁר	כֹּל	תְּמוּנַת	פֶּסֶל	לָכֶם	וַעֲשִׂיתֶם	עִמָּכֶם
परमप्रभुले	आज्ञा-दिनुभयो-तिमीलाई	जुन	कुनै-	रूपको-	मूर्ति	आफ्ना-लागि	र-बनाउ	तिमीहरूसँग
H3068	H6680		H3605	H8544	H6459			

אֱלֹהֶיךָ׃
तिम्रा-परमेश्वरले
H0430

तिमीहरू त्यस नयाँ भूमिमा सावधानी पूर्वक बस्नुपर्छ र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसित गरेको करार बिर्सनु हुदैन। परमप्रभुको आदेश पालन गर र कुनै पनि आकारमा मूर्ति नबनाऊ।

24

פ	קַנָּא׃	אֵל	הוּא	אֹכְלָה	אֵשׁ	אֱלֹהֶיךָ	יְהוָה	כִּי
।	डाहालु	ईश्वर-	हुनुहुन्छ	भस्म-गर्ने	आगो-	तिम्रा-परमेश्वर	परमप्रभु	किनभने
	H7067	H0410	H1931	H0398	H0784	H0430	H3068	

किन? किनभने, अरू देवता मान्ने मानिसहरूसित परमप्रभु तिमीहरूका परमेश्वर रिसाएर आगो भई जलाएर नष्ट पार्नु हुनेछ।

25

פֶּסֶל	וַעֲשִׂיתֶם	וְהִשְׁחַתֶּם	בָּאָרֶץ	וְנוֹשַׁנְתֶּם	בָּנִים	וּבְנֵי	בָּנִים	תּוֹלִיד	כִּי־
मूर्ति	र-बनाउँछौ	र-भ्रष्ट-हुन्छौ	देशमा	र-पुरानो-हुनेछौ	छोराहरू	र-छोराहरूका-	छोराहरू	जन्माउनेछौ	जब-
H6459		H7843	H0776	H3462				H3205	

לְהַכְעִיסוֹ׃	אֱלֹהֶיךָ	יְהוָה־	בְּעֵינֵי	הָרַע	וַעֲשִׂיתֶם	כֹּל	תְּמוּנַת
रिसाउन	तिम्रा-परमेश्वरको	परमप्रभु-	दृष्टिमा-	खराब	र-गर्छौ	कुनै-	रूपको-
H3707	H0430	H3068				H3605	H8544

"तिमीहरू त्यहाँ धेरै समयसम्म रहनेछौ र त्यहाँ तिमीहरूको नानीहरू अनि नाता-नातिनहरू हुनेछन्। तिमीहरू नराम्रो काम गर्नु थाल्छौ। त्यहाँ तिमीहरूले नाना प्रकारको मूर्तिहरू बनाउनेछौ जसले परमप्रभुलाई रीस उठाउनेछ।

26 הַעִידֹתִי֩ בָכֶ֨ם הַיּ֜וֹם אֶת־הַשָּׁמַ֣יִם וְאֶת־הָאָ֗רֶץ כִּי־אָבֹ֤ד תֹּֽאבְדוּן֙
मैले-साक्षी-राख्दछु तिमीहरू-विरुद्ध आज ती- आकाश र-ती- पृथ्वीलाई कि-निश्चय-नै नाश- हुनेछौ
H0006 H0006 H0776 H0853 H8064 H0853 H3117

מַהֵר֙ מֵעַ֔ל הָאָ֕רֶץ אֲשֶׁ֥ר אַתֶּ֛ם עֹבְרִ֥ים אֶת־הַיַּרְדֵּ֖ן שָׁ֑מָּה לְרִשְׁתָּ֣הּ לֹא־
छिट्टै माथिबाट- देशबाट जहाँ तिमीहरू पार-गर्दैछौ ती- यर्दन त्यहाँ अधिकार-गर्न तिमीहरू-नही-
H0776 H8064 H0853 H3383 H8033 H3423 H3808

תַּאֲרִיכֻ֣ן יָמִ֔ים עָלֶ֖יהָ כִּ֣י הִשָּׁמֵ֑ד תִּשָּׁמְדֽוּן׃
लामो-हुनेछ दिनहरू त्यसमाथि किनभने नाश- हुनेछौ
H0748 H3117 H8045 H8045

यसकारण, म तिमीहरूलाई चेताउनी दिंदैछु स्वर्ग र पृथ्वी मेरा साक्षीहरू हुनेछन् र यदि तिमीहरूले त्यस्तो कुकर्म गरेको खण्डमा पुग्नलाई अहिले तिमीहरू यर्दन नदी पार गर्दैछौ तर यदि तिमीहरूले मूर्तिहरू निर्माण गर्यौं भने त्यहाँ धेरै समय बस्न सक्ने छैनौ। यति मात्र कहाँ? तिमीहरू सम्पूर्ण प्रकारले ध्वंश हुनेछौ।

27 וְהֵפִ֤יץ יְהוָה֙ אֶתְכֶ֔ם בָּעַמִּ֑ים וְנִשְׁאַרְתֶּ֣ם מְתֵ֔י מִסְפָּ֖ר בַּגּוֹיִ֕ם אֲשֶׁ֨ר
र-छर्नेछ परमप्रभुले तिमीहरूलाई जातिहरूमाझ र-बाँकी-रहनेछौ थोरै- सङ्ख्यामा जातिहरूमा जहाँ
H6327 H3068 H0853 H5971 H4962 H7604 H4557 H1471

יְנַהֵ֥ג יְהוָ֛ה אֶתְכֶ֖ם שָֽׁמָּה׃
डोर्याउनेछ परमप्रभुले तिमीहरूलाई त्यहाँ
H5090 H3068 H0853 H8033

परमप्रभुले तिमीहरूलाई राष्ट्रहरूमा छरपष्ट पार्नु हुनेछ र तिमीहरू मध्ये केही मात्र जीवित रहेर परमप्रभुले पठाएको भूमिमा जानेछौ।

28 וַעֲבַדְתֶּ֣ם שָׁ֔ם אֱלֹהִ֖ים מַעֲשֵׂ֣ה יְדֵ֣י אָדָ֑ם עֵ֚ץ וָאֶ֔בֶן אֲשֶׁ֥ר לֹא־
र-सेवा-गर्नेछौ- त्यहाँ देवताहरूलाई काम- हातहरूको- मानिसको काठ- र-ढुङ्गा जुन
H5647 H8033 H0430 H4639 H3027 H0120 H6086 H0068 H0834 H3808

יִרְא֣וּן וְלֹ֣א יִשְׁמְע֗וּן וְלֹ֤א יֹֽאכְלוּן֙ וְלֹ֣א יְרִיחֻ֔ן׃
देख्ने न-हेर्ने सुङ्घ्ने न-नही खाने न-नही सुन्ने न-नही
H7200 H3808 H7306 H3808 H0398 H3808 H8085 H3808

त्यहाँ तिमीहरूले मानिसले बनाएको यस्तो देवता मूर्तिको सेवा गर्नेछौ, जसले न सुन्छ, न खान्छ न त गन्ध नै थाह पाउँछ कारण तिनीहरू केवल काठ अथवा ढुङ्गाका मूर्तिहरू हुनेछन्।

29 וּבִקַּשְׁתֶּ֣ם מִשָּׁ֔ם אֶת־יְהוָ֖ה אֱלֹהֶ֑יךָ וּמָצָ֕אתָ כִּ֣י תִדְרְשֶׁ֔נּוּ בְּכָל־
तर-खोज्नेछौ त्यहाँबाट ती- परमप्रभु तिम्रा-परमेश्वरलाई र-भेट्टाउनेछौ किनभने खोज्नेछौ सबै- हृदयले
H1245 H8033 H0853 H3068 H0430 H4672 H1875 H3605 H3824

וּבְכָל־נַפְשֶׁ֖ךָ׃
र-सबै- प्राणले
H3605 H5315

तर अरू भूमिहरू तिर यदि तिमीहरूले आफ्नो सम्पूर्ण हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेशवरलाई खोज्छौ भने तिमीहरूले उहाँलाई पाउनेछौ।

30 בַּצַּ֣ר לְךָ֗ וּמְצָא֤וּךָ כֹּל֙ הַדְּבָרִ֣ים הָאֵ֔לֶּה בְּאַחֲרִ֖ית הַיָּמִ֑ים וְשַׁבְתָּ֣ עַד־
सङ्कटमा तिमीलाई र-भेट्टाउनेछ सबै कुराहरू यी अन्त्यका- दिनहरूमा र-फर्कनेछौ परमप्रभु-तिर
H6862 H0834 H4672 H3605 H1697 H0428 H0319 H3117 H7725 H5704

יְהוָ֥ה אֱלֹהֶ֖יךָ וְשָׁמַעְתָּ֥ בְקֹלֽוֹ׃
परमप्रभु तिम्रा-परमेश्वर र-सुन्नेछौ उहाँको-आवाज
H3068 H0430 H8085 H6963

जब तिमीहरूमाथि मैले भनेको कुराहरू आइपर्नेछन्, संकष्टमा पर्नेछौ, तब तिमीहरू परमप्रभु आफ्नो परमेशवरको शरणमा पर्नेछौ अनि उहाँको आज्ञा पालन गर्नेछौ।

31 כִּי יְהוָה אֱלֹהֶיךָ אֵל רַחוּם לֹא יַרְפְּךָ וְלֹא יַשְׁחִיתֶךָ וְלֹא יִשְׁכַּח אֶת־
किनभने परमप्रभु तिम्रा-परमेश्वर दयालु ईश्वर- छोड्नेछ र-नही नाश-गर्नेछ र-नही बिर्सनेछ ती-
H3068 H430 H7349 H410 H3808 H7843 H3808 H7503 H3808 H7911 H0853

בְּרִית אֲבֹתֶיךָ אֲשֶׁר נִשְׁבַּע לָהֶם׃
करार तिम्रा-पिताहरूको जुन शपथ-खानुभयो तिनीहरूलाई
H1285 H0001 H7650

परमप्रभु तिमीहरूका परमेश्वर कृपालु हुनुहुन्छ, यसकारण उहाँले तिमीहरूलाई त्याग्नुहुन्न, तिमीहरूलाई नष्ट पार्नुहुन्न। उहाँले तिमीहरूका पिता-पुर्खाहरूसित गर्नु भएको करार कहिल्यै विर्सनु हुँदैन।

32 כִּי שְׁאַל־נָא לְיָמִים רִאשֹׁנִים אֲשֶׁר־הָיוּ לְפָנֶיךָ לְמִן־הַיּוֹם אֲשֶׁר
किनभने सोध- गर पूर्वका- दिनहरूमा जुन- भएको-थियो तिमी-अघि त्यस-दिनदेखि- जब
H7592 H4994 H3117 H7223 H1961 H6440 H3117 H3117

בָּרָא אֱלֹהִים אָדָם עַל־הָאָרֶץ וּלְמִקְצֵה הַשָּׁמַיִם וְעַד־קְצֵה
सृजना-गर्नुभयो परमेश्वरले मानिसलाई माथि- पृथ्वीमा र-एक-छेउबाट- आकाशको र-अर्को-छेउसम्म- छेउ
H0430 H0120 H0776 H8064 H5704

הֲנִהְיָתָה כַּדָּבָר הַגָּדוֹל הַזֶּה אוֹ הֲנִשְׁמַע כָּמֹהוּ׃
के-कहिल्यै-भएको-छ यस्तो-कुरा-जस्तो ठूलो यो वा के-सुनिएको-छ यस्तो
H1961 H1697 H1419 H2088 H0176 H8085 H3644

הַכָּב֣וֹד׃	מֶ֭לֶךְ	וְיָבֹ֣א	עוֹלָ֑ם	פִּתְחֵ֥י	וְשָׂא֗וּ	רָאשֵׁיכֶ֥ם	וְשִׂ֥אוּ	שְׁעָרִ֑ים	שְׂא֣וּ	9
राजा	महिमाको	र-भित्र-आउन्	ढोकाहरू	सनातनका	र-उठाओ	तिम्रीहरूका-शिरहरू	हे-ढोकाहरू	उठाओ	
H3519	H4428	H0935	H5769	H6607	H5375		H8179	H5375	

हे मूल प्रवेश-द्वारहरू, आफ्ना टाउकाहरू उठाऊ। सनातनका द्वारहरू खुल्ला होऊ, र महिमापूर्ण महाराजा भित्र आउनु हुनेछ।

סֶּלָֽה׃	הַכָּב֣וֹד	מֶ֭לֶךְ	הֽוּא	צְבָאוֹת֮	יְהוָ֪ה	הַכָּב֫וֹד	מֶ֥לֶךְ	זֶ֑ה	הֽוּא	מִי	10
सेला	राजा	महिमाको	उहाँ-नै	सेनाहरूका	सेनाहरूका-परमप्रभु	राजा	महिमाको	यो	उहाँ	को	
H5542	H3519	H4428	H1931		H3068	H3519	H4428	H2088	H1931	H4310	

यो महिमाका महाराजा को हुनुहुन्छ? सर्वशक्तिमान् परमप्रभु नै महाराजा हुनुहुन्छ, उहाँ नै महिमाका राजा हुनुहुन्छ।

Chapter 25

אֶשָּֽׂא׃	נַפְשִׁ֥י	יְהוָ֑ה	אֵלֶ֖יךָ	לְדָוִֽד	1
म-उठाउँछु	मेरो-प्राणलाई	हे-परमप्रभु	तपाईंतिर	दाऊदको	
H5375	H5315	H3068	H0413	H1732	

हे परमप्रभु, म स्वयंलाई नै तपाईंकहाँ अर्पण गर्दछु।

יַעַלְצ֣וּ	אַל־	אֵבֹ֣שָׁה	אַל־	בָּטַ֥חְתִּי	בְךָ֮	אֱלֹהַ֪י	2
उल्लास-नमान्न-नदेओस्	मलाई	लज्जित-हुन-नदेओस्	मलाई	मैले-भरोसा-राखेको-छु	तपाईंमा	हे-मेरा-परमेश्वर	
H5970	H0408	H0954	H0408	H0982		H0430	

אֹיְבַ֥י׃	לִֽי׃
मेरा-शत्रुहरूले	ममाथि
H0341	

हे मेरो परमेश्वर, म तपाईंमाथि भरोसा गर्छु र म कहिले निराशा हुने छैन। मेरा शत्रुहरू ममाथि हाँस्ने छैनन्।

הַבּוֹגְדִ֥ים	יֵבֹ֑שׁוּ	יֵבֹ֥שׁוּ	לֹ֣א	קֹוֶ֗יךָ	כָּל־	גַּם	3
विश्वासघाती-गर्नेहरू	लज्जित-हुनेछन्	लज्जित-हुनेछन्	लज्जित-हुनेछैनन्	तपाईंको-प्रतीक्षा-गर्नेहरू	सबै	वास्तवमा	
H0898	H0954	H0954	H3808		H3605	H1571	

רֵיקָֽם׃
व्यर्थमा
H7387

यदि कुनै मानिसले तपाईंमाथि भरोसा गर्छ भने त्यो कहिल्यै निराश हुने छैन। तर विश्वासघातीहरू निराशा हुनेछन्। तिनीहरूले केही पनि पाउने छैनन्।

לַמְּדֵ֥נִי׃	אָ֝רְחוֹתֶ֗יךָ	הוֹדִיעֵ֥נִי	יְ֭הוָה	דְּרָכֶ֣יךָ	4
मलाई-सिकाओस्	तपाईंका-बाटोहरू	मलाई-जनाओस्	हे-परमप्रभु	तपाईंका-मार्गहरू	
H3925	H0734	H3045	H3068	H1870	

हे परमप्रभु, मलाई तपाईंको पथ निर्देशन गर्नुहोस्। मलाई तपाईंको शिक्षा सिकाउनुहोस्।

אוֹתָ֑ךְ	יִשְׁעִ֥י	אֱלֹהֵ֥י	אַתָּ֗ה	כִּי־	וְלַמְּדֵ֥נִי	וֶ֝אֱמֶתֶ֗ךָ	הַדְרִיכֵ֥נִי	5
तपाईंको	परमेश्वर-हुनुहुन्छ	मेरो-उद्धारको	तपाईं	किनभने	र-मलाई-सिकाओस्	तपाईंको-सत्यमा	मलाई-हिँडाओस्	
H0853	H3468	H0430			H3925	H0571	H1869	

הַיּֽוֹם׃	כָּל־	קִוִּ֥יתִי
दिनभरि	सबै	मैले-प्रतीक्षा-गरेको-छु
H3117	H3605	

बाटो देखाउनु होस् र मलाई तपाईंको सत्यताहरू सिकाउनुहोस्। तपाईं मेरो परमेश्वर हुनुहुन्छ, मुक्तिदाता हुनुहुन्छ। म दिनहुँ तपाईंमा भरोसा गर्दछु।

הַיּֽוֹם׃	מֵעוֹלָֽם	כִּי	וַחֲסָדֶ֗יךָ	יְהוָה֮	רַחֲמֶ֪יךָ	זְכֹר־	6
ती-छन्	अनादिदेखि	किनभने	र-तपाईंको-कृपाहरू	हे-परमप्रभु	तपाईंको-करुणाहरू	सम्झनुहोस्	
H1992	H5769			H3068		H2142	

हे परमप्रभु, तपाईंको कृपाको सम्झना ममाथि सधैं रहोस्, मलाई प्रेम देखाउनु होस् जो तपाईंसँग सधैं छ।

זְכָר־	כְּחַסְדֶּ֣ךָ	תִּזְכֹּ֣ר	אַל־	וּפְשָׁעַ֣י	וְעִוְרָ֣י	חַטָּאוֹת	7
सम्झनुहोस्	तपाईंको-कृपाअनुसार	नसम्झनुहोस्	नसम्झनुहोस्	र-मेरा-अपराधहरू	मेरो-जवानीका	मेरो-जवानीका-पापहरू	
H2142		H2142	H0408	H6588			

יְהוָֽה׃	טוּבְךָ֥	לְמַ֗עַן	אַתָּ֣ה	לִי־	
हे-परमप्रभु	तपाईंको-असलपण	तपाईंको-भलाइको-खातिर	तपाईं	मलाई	
H3068	H2898	H4616			

ती मेरा पापहरू र दुष्टतापूर्ण कामहरू नसम्झनु होस् म जुन जवानी हुँदा गरेको थिएँ। हे परमप्रभु, तपाईंको शुभनाउँको लागि, मलाई प्रेममा सम्झना गर्नुहोस्।

בַּדָּֽרֶךְ׃	חַטָּאִ֥ים	יוֹרֶ֗ה	כֵּ֤ן	עַל־	יְהוָ֣ה	וְיָשָׁ֥ר	טוֹב־	8
बाटोमा	पापीहरूलाई	उहाँले-सिकाउनुहुन्छ	त्यसकारण	त्यसैले	परमप्रभु-हुनुहुन्छ	र-सिधा	असल	
H1870	H2400				H3068	H3477		

परमप्रभु साँच्चै असल अनि इमान्दार हुनुहुन्छ। उहाँले पापीहरूलाई ठीक मार्गमा बाँच्ने तरिका सिकाउनु हुन्छ।

דַּרְכּֽוֹ׃	עֲנָוִ֑ים	וְיַלֵּ֖מֶד	בַּמִּשְׁפָּ֣ט	עֲנָוִ֗ים	יַדְרֵ֣ךְ		9
आफ्नो-बाटो	नम्रहरूलाई	र-उहाँले-सिकाउनुहुन्छ	न्यायमा	नम्रहरूलाई	उहाँले-हिँडाउनुहुन्छ		
H1870	H6035	H3925	H4941	H6035	H1869		

जब उहाँ विनम्र मानिसहरूको निम्ति न्याय संगत हुनुहुन्छ। यसरी उहाँले तिनीहरूलाई जिउन सही मार्ग देखाउनु हुन्छ।

וְעֵדֹתָֽיו׃	לְנֹצְרֵ֥י	וֶאֱמֶ֗ת	חֶ֤סֶד	יְהוָ֣ה	אָרְחוֹת֮	כָּל־	10
र-उहाँका-साक्षीहरू	उहाँको-वाचा-पालन-गर्नेहरूका-निम्ति	र-सत्य-हुन्	कृपा	परमप्रभुका	परमप्रभुका-बाटोहरू	सबै	
	H5341	H0571		H3068	H0734	H3605	

בְּרִיתֹ֣ו							
उहाँको-वाचा							
H1285							

परमप्रभु सधैं ती मानिसहरू तर्फ दयालु र सत्य हुनुहुन्छ जसले उहाँको प्रतिज्ञा र करारहरू मान्दछ।

הֽוּא׃	רַב־	כִּ֭י	לַעֲוֹנִ֑י	וְיִסְלַ֖חְתָּ	יְהוָ֣ה	שִׁמְךָ֮	לְמַ֪עַן־	11
यो-छ	ठूलो	किनभने	मेरो-अपराधलाई	र-क्षमा-गर्नुहोस्	हे-परमप्रभु	तपाईंको-नाउँ	तपाईंको-नाउँको-खातिर	
H1931			H5771	H5545	H3068	H8034	H4616	

हे परमप्रभु, मैले धेरै गल्तीहरू गरेको छु। तर, तपाईंको अनुग्रह देखाउनु होस्, मैले जे जति अधर्म कामहरू गरें त्यासलाई क्षमा गरिदिनु होस्।

יִבְחָֽר׃	בְּדֶ֥רֶךְ	יוֹרֶ֑נּוּ	יְהוָ֣ה	יְרֵ֣א	הָאִ֭ישׁ	זֶ֣ה	מִי־	12
उसले-छान्छ	जुन-बाटोमा	उहाँले-सिकाउनुहुन्छ	परमप्रभुको	परमप्रभुसँग-डराउने	मानिस	त्यो	को	
H0977	H1870		H3068	H3373	H0376	H2088	H4310	

यदि कुनै मानिसले परमप्रभुको भक्त हुन खोज्दछ, तब उहाँले त्यस मानिसलाई बाँच्ने उत्तम बाटो देखाउनु हुनेछ।

אָ֥רֶץ׃	יִירַ֑שׁ	וְזַרְעֹ֖ו	תָּלִ֣ין	בְּטֽוֹב	נַפְשֹׁ֗ו		13
पृथ्वी	अधिकारमा-पाउनेछ	र-उसको-सन्तानले	बस्नेछ	भलाइमा	उसको-प्राण		
H0776	H3423	H2233			H5315		

त्यस मानिसले असल चीजहरूमा तृप्ति पाउनेछ, अनि परमेश्वरले प्रतिज्ञा गर्नु भएको जमीन उसका छोरा-छोरीहरूले पाउनेछन्।

לְהוֹדִיעָֽם׃	וּבְרִיתֹ֥ו	לִירֵאָ֑יו	יְהוָ֣ה	סֽוֹד	14
तिनीहरूलाई-जनाउनुहुन्छ	र-उहाँको-वाचा	उहाँसँग-डराउनेहरूको-निम्ति	परमप्रभुको	गोप्य	
H3045	H1285	H3373	H3068	H5475	

परमप्रभुले आफ्ना गुप्त कुराहरू आफ्ना भक्तजनहरूलाई भन्नुहुन्छ। उहाँले आफ्नो करारहरू तिनीहरूलाई सिकाउनु हुन्छ।

15 עֵינַי תָּמִיד אֶל־יְהוָה כִּי הוּא־יוֹצִיא מֵרֶשֶׁת רַגְלָי׃
मेरा-आँखाहरू सधैं परमप्रभुतिर परमप्रभुमा किनभने उहाँले निकाल्नुहुन्छ जालबाट मेरा-खुट्टाहरू
H5869 H8548 H0413 H3068 H3318 H1931 H3588 H7568 H7272

म सधैं परमप्रभुको सहयोग पाउन उहाँलाई पर्खिरहेको छु। उहाँ सधैं मेरो संकटहरूबाट मलाई मुक्ति गर्नुहुन्छ।

16 פְּנֵה־אֵלַי וְחָנֵּנִי כִּי־יָחִיד וְעָנִי אָנִי׃
फर्कनुहोस् मतिर र-ममाथि-कृपा-गर्नुहोस् किनभने एक्लो र-दुःखी म-छु
H6437 H0413 H2603 H3588 H3173 H6041 H0589

हे परमप्रभु, म पीडित र एक्लो छु, मपट्टि फर्केर ममाथि कृपा दर्शाउनु होस्।

17 צָרוֹת לְבָבִי הִרְחִיבוּ מִמְצוּקוֹתַי הוֹצִיאֵנִי׃
मेरो-हृदयका मेरो-हृदयका-कष्टहरू बढेका-छन् मेरा-संकटहरूबाट मलाई-निकाल्नुहोस्
H6862 H3824 H7337 H4691 H3318

मेरा संकटहरूबाट मलाई मुक्ति दिनुहोस्। मेरो समस्याहरू समाधान गर्न साथ दिनुहोस्।

18 רְאֵה עָנְיִי וַעֲמָלִי וְשָׂא לְכָל־חַטֹּאותָי׃
हेर्नुहोस् मेरो-दुःख र-मेरो-कष्ट र-क्षमा-गर्नुहोस् मेरा-सबै पापहरू
H7200 H6040 H5999 H5375 H3605 H2403

हे परमप्रभु, मेरा परीक्षाहरू र संकटहरूमा दृष्टि राख्नुहोस् र मैले गरेका सबै पापहरू क्षमा गर्नुहोस्।

19 רְאֵה־אוֹיְבַי כִּי־רַבּוּ וְשִׂנְאַת חָמָס שָׂנְאוּנִי׃
हेर्नुहोस् मेरा-शत्रुहरू किनभने धेरै-छन् र-हिंस्रक क्रूरताले मलाई-घृणा-गर्छन्
H7200 H0341 H3588 H7231 H8135 H2555 H8130

मसँग भएका मेरा शत्रुहरूमा नजर परोस्। तिनीहरूले मलाई हेला गर्छन् र कष्ट दिन्छन्।

20 שָׁמְרָה נַפְשִׁי וְהַצִּילֵנִי אַל־אֵבוֹשׁ כִּי־חָסִיתִי בָּךְ׃
जोगाओस् मेरो-प्राणलाई र-मलाई-छुटाओस् मलाई लज्जित-हुन-नदेओस् किनभने तपाईंमा तपाईंमा-मैले-शरण-लिएको-छु
H8104 H5315 H5337 H0408 H0954 H3588 H2620

हे परमप्रभु मेरो सुरक्षा गर्नुहोस् अनि बचाउनुहोस्। म तपाईंमाथि भरोसा गर्छु यसर्थ मलाई निराश नपार्नुहोस्।

21 תֹּם־וְיֹשֶׁר יִצְּרוּנִי כִּי קִוִּיתִיךָ׃
सच्चाइ र-ईमानदारीले मलाई-जोगाउन् किनभने मैले-तपाईंको-प्रतीक्षा-गरेको-छु
H8537 H3476 H5341 H3588

हे परमेश्वर, तपाईं साँच्चै नै इमान्दारी र धार्मिक हुनुहुन्छ म तपाईंमा भरोसा राख्छु यसैले मेरो रक्षा गर्नुहोस्।

22 פְּדֵה אֱלֹהִים אֶת־יִשְׂרָאֵל מִכֹּל צָרוֹתָיו׃
छुटाओस् हे-परमेश्वर इस्राएललाई सबै संकटहरूबाट
H6299 H0430 H0853 H3478 H3605 H6862

हे परमेश्वर! इस्राएल का सम्पूर्ण मानिसहरूलाई उनीहरूका शत्रुहरूदेखि बचाउनुहोस्।

Chapter 26

1 שָׁפְטֵנִי יְהוָה כִּי־אֲנִי בְתֻמִּי הָלָכְתִּי וּבַיהוָה בָּטַחְתִּי לֹא אֶמְעָד׃
न्याय-गर्नुहोस् हे-परमप्रभु किनभने म सच्चाइमा हिँडेको-छु र-परमप्रभुमा भरोसा-राखेको-छु डग्मगाउनेछैनन्
H8199 H3068 H3588 H0589 H8537 H1980 H3068 H0982 H4571 H3808

דָּוִד׃
दाऊदको
H1732

हे परमप्रभु मेरो न्याय गर्नुहोस्। म चोखो भएर बाँचेको छु भनेर प्रमाणित गर्नुहोस्। म परमप्रभुमा भरोसा गर्न कहिल्यै चुकेको छैन।

וְלִבִּי׃	כִלְיוֹתַי׃)	צְרָפֵֽנִי׀	צרופה	וְנַסֵּנִי	יְהוָה	בְּחָנֵנִי	2
र-मेरो-हृदय	मेरा-मिर्गौला	शुद्ध-पार्नुहोस्	शुद्ध-पार्नुहोस्	र-परीक्षा-गर्नुहोस्	हे-परमप्रभु	जाँच्नुहोस्	
	H3629	H6884	H6884	H5254	H3068	H0974	

हे परमप्रभु प्रयास गरेर मलाई जाँच गर्नुहोस्। मेरो मन र हृदय जाँच्न नियालेर हेर्नुहोस्।

בַּאֲמִתֶּֽךָ׃	וְהִתְהַלַּכְתִּי	עֵינָי	לְנֶגֶד	חַסְדְּךָ	כִּי־	3
तपाईंको-सत्यमा	र-म-हिँडेको-छु	आँखा-छ	मेरा-आँखा-अगाडि	तपाईंको-कृपा	किनभने	
H0571	H1980		H5048			

मैले तपाईंको साँचो प्रेम कहिल्यै बिर्सिएको छुइनँ अनि तपाईंको विश्वासले मेरो सारा जीवनलाई डोर्याइरहेको छ।

אָבֽוֹא׃	לֹא	נַעֲלָמִים	וְעִם	שָׁוְא	מְתֵי־	עִם־	יָשַׁבְתִּי	לֹא־	4
जान्न	म	मानिसहरूसँग	र-कपटी	व्यर्थका	मानिसहरूसँग	झूटा	म-बसेको-छु	म-बसेको-छैन	
H0935	H3808	H5956		H7723	H4962		H3427	H3808	

म ती व्यर्थका मानिसहरू मध्येको होइन। म दुष्टका संगतहरूलाई घृणा गर्छु।

אֵשֵֽׁב׃	לֹא	רְשָׁעִים	וְעִם־	מְרֵעִים	קָהָל	שָׂנֵאתִי	5
बस्नेछैनन्	म	दुष्टहरूसँग	र-दुष्टहरूसँग	सभालाई	दुष्टहरूको	मैले-घृणा-गरेको-छु	
H3427	H3808	H7563			H6951	H8130	

म ती कुकर्मीहरूको समुदायलाई घृणा गर्छु। म ती ठग धूर्तहरूको समुदायहरूमा सामेल छैन।

יְהוָֽה׃	מִזְבַּחֲךָ	אֶת־	וַאֲסֹבְבָה	כַּפָּי	בְּנִקָּיוֹן	אֶרְחַץ	6
हे-परमप्रभु	वेदीलाई	तपाईंको	र-म-परिक्रमा-गर्छु	मेरा-हातहरू	निर्दोषतामा	म-धुन्छु	
H3068	H4196	H0853	H5437	H3709		H7364	

हे परमप्रभु, म चोखो छु भनेर देखाउनलाई मेरो हातहरू धोई दिनुहोस् म तपाईंको वेदीको वरिपरि हिंड्न सकूँ।

נִפְלְאוֹתֶֽיךָ׃	כָּל־	וְלִסַּפֵּר	תּוֹדָה	בְּקוֹל	לַשְׁמֵעַ	7
आश्चर्यहरू	तपाईंका-सबै	र-वर्णन-गर्नको-निम्ति	स्वरले	धन्यवादको	सुनाउनको-निम्ति	
H6381	H3605		H8426		H8085	

हे परमप्रभु, म तपाईंको महिमाको गीत गाउँछु। म ती अद्भूत सृजनाहरूका गीत गाउँछु जुन सबै तपाईंले सृष्टि गर्नुभयो।

כְּבוֹדֶֽךָ׃	מִשְׁכַּן	וּמְקוֹם	בֵּיתֶךָ	מְעוֹן	אָהַבְתִּי	יְהוָה	8
स्थानलाई	वासस्थान	र-तपाईंको-महिमाको	वासस्थानलाई	तपाईंको-घरको	मैले-प्रेम-गरेको-छु	हे-परमप्रभु	
H3519	H4908	H4725		H4583	H0157	H3068	

हे परमप्रभु म तपाईंको मन्दिरलाई प्रेम गर्दछु। म तपाईंको महिमापूर्ण पाललाई प्रेम गर्दछु।

חַיָּי׃	דָּמִים	אַנְשֵׁי	וְעִם־	נַפְשִׁי	חַטָּאִים	עִם־	תֹּאסֵף	אַל־	9
मेरो-जीवन	रक्तका	मानिसहरूसँग	र-रक्तपाती	मेरो-प्राण	पापीहरूसँग	पापीहरूसँग	नलग्नुहोस्	नलग्नुहोस्	
	H1818	H0376		H5315	H2400		H0622	H0408	

हे परमप्रभु, मलाई पापीहरूसित सजाय नदिनुहोस्। ती हत्याराहरू सँगै मलाई नमार्नुहोस्।

שֹׁחַד׃	מָלְאָה	יְמִינָם׀	זִמָּה	בִּידֵיהֶם	אֲשֶׁר־	10
घूसले	भरिएको-छ	र-तिनीहरूको-दाहिने-हात	दुष्ट-योजना-छ	हातहरूमा	जसका	
H7810	H4390	H3225	H2154	H3027		

ती पापीहरूले अन्य मानिसहरूलाई ठग्न सक्छन। तिनीहरूले नीच काम गर्न पैसाहरू लिनसक्छन्।

וְחָנֵּנִי׃	פְּדֵנִי	אֶלֶךְ	בְּתֻמִּי	וַאֲנִי	11
र-ममाथि-कृपा-गर्नुहोस्	मलाई-छुटाओस्	हिँड्नेछु	सच्चाइमा	तर-म	
	H6299	H3212	H8537	H0589	

तर म निर्दोष छु। यसैले परमेश्वरको म प्रति कृपा रहोस् र रक्षा गर्नुहोस्।

יְהוָֽה׃	אֱבָרֵךְ	בְּמַקְהֵלִים	בְּמִישׁוֹר	עֶמְדָּה	רַגְלִי	12
परमप्रभुलाई	म-धन्य-मान्नेछु	सभाहरूमा	खडा-छ	समतल-भूमिमा	मेरो-खुट्टा	
H3068	H1288	H4721	H4334	H5975	H7272	

म सबै विपदहरूबाट सुरक्षित छु। हे परमप्रभु, म तपाईंका मानिसहरूको महासभामा, बोलाइएकाहरूको माझमा जब उभिन्छु त्यहाँ तपाईंको प्रशंसा गर्नेछु।

Chapter 27

מִמִּי	חַיַּי	מָעוֹז־	יְהוָה	אִירָא	מִמִּי	וְיִשְׁעִי	אוֹרִי	וְיהוָה	וְלְדָוִד	1
कससँग	दुर्ग-हुनुहुन्छ	मेरो-जीवनको	परमप्रभु	म-डराउनु	कससँग	र-मेरो-उद्धार-हुनुहुन्छ	मेरो-ज्योति	परमप्रभु	दाऊदको	
H4310		H4581	H3068	H3372	H4310	H3468	H0216	H3068	H1732	

אֶפְחָד׃	
म-त्रस्नु	
H6342	

हे परमप्रभु, तपाईं मेरो ज्योति र उद्धारकर्त्ता हुनुहुन्छ, मैले कोहीसँग पनि डराउनु पर्दैन! मेरो जीवनको लागि परमप्रभु नै सुरक्षित ठाउँ हुनुहुन्छ! यसैले म कोहीसँग डराउने छैन।

הֵמָּה	לִי	וְאֹיְבַי	צָרַי	בְּשָׂרִי	אֶת־	לֶאֱכֹל	מְרֵעִים׀	וְעָלַי	בְקָרֹב	2
तिनीहरू	ममाथि	र-मेरा-वैरीहरू	मेरा-शत्रुहरू	मासु	मेरो	खानको-निम्ति	दुष्टहरू	ममाथि	नजिक-आउँदा	
H1992		H0341		H1320	H0853	H0398			H7126	

כָּשְׁלוּ	וְנָפָֽלוּ׃
ठोक्किए	र-लडे
H3782	H5307

दुष्ट मानिसहरूले मलाई आक्रमण गर्न सक्छन्। तिनीहरूले मलाई तरवारले काट्न सक्छन्। मेरा शत्रुहरूले आक्रमण गर्न सक्छन् अनि मलाई ध्वंश पार्ने प्रयास गर्न सक्छन्।

מִלְחָמָה	עָלַי	תָּקוּם	אִם־	לִבִּי	יִירָא	לֹא־	תַּחֲנָה׀	וְעָלַי	תַּחֲנֶה	אִם־	3
युद्ध	ममाथि	उठ्छ	यदि	मेरो-हृदय	डराउनेछैन	मेरो-हृदयले	सेनाले	ममाथि	घेरा-हाल्छ	यदि	
H4421					H3372	H3808	H4264		H2583		

בּוֹטֵֽחַ׃	אֲנִי	בְּזֹאת
भरोसा-राख्छु	म	यसमा-पनि
H0982	H0589	H2063

तर मेरा शत्रुहरू ठक्कर खानेछन् अनि पतित हुनेछन्। तथापि सिपाहीहरू मेरो वरिपरि छन्, म डराउने छैन। यदि मानिसहरूले युद्धमा आक्रमण गरे तापनि म डराउने छैन। किनभने म परमप्रभुमाथि भरोसा गर्दछु।

כָּל־	יְהוָה	בְּבֵית־	שִׁבְתִּי	אֲבַקֵּשׁ	אוֹתָהּ	יְהוָה׀	מֵאֵת־	שְׁאַלְתִּי	וְאֹתָהּ	4
सबै	परमप्रभुको	परमप्रभुको-घरमा	बस्नु	म-खोज्छु	यही	परमप्रभुको	परमप्रभुबाट	मैले-मागेको-छु	एउटा-कुरा	
H3605	H3068		H3427	H1245	H0853	H3068	H0854	H7592	H0259	

בְּהֵיכָלֽוֹ׃	וּלְבַקֵּר	יְהוָה	בְּנֹעַם־	לַחֲזוֹת	חַיַּי	יְמֵי
उहाँको-मन्दिरमा	र-खोज्न	परमप्रभुको	परमप्रभुको-सुन्दरता	दर्शन-गर्न	मेरो-जीवनका	दिनहरू
H1964	H1239	H3068	H5278	H2372		H3117

परमप्रभुबाट म एउटै मात्र कुरा जान्न चाहन्छुः “जीवनभर म उहाँको मन्दिरमा बस्न सकूँ, परमपरभुले दिने खुशी अनुभव गर्नुसकूँ अनि मन्दिरमा परिदर्शन गर्नु सकूँ।”

יַסְתִּרֵנִי	רָעָה	בְּיוֹם	בְּסֻכֹּה׀	וְיִצְפְּנֵנִי	כִּי	5
उहाँले-मलाई-लुकाउनुहुन्छ	विपत्तिको	विपत्तिको-दिनमा	आफ्नो-छाप्रोमा	उहाँले-मलाई-लुकाउनुहुन्छ	किनभने	
H5641		H3117	H5520	H6845		

יְרוֹמְמֵנִי׃	בְּצוּר	אָהֳלוֹ	בְּסֵתֶר
उहाँले-मलाई-उच्च-पार्नुहुन्छ	चट्टानमा	पालमा	आफ्नो-पालको-गोप्यमा
	H6697	H0168	

परमप्रभुले मलाई बचाउनु हुन्छ। जब म संकटमा पर्छु उहाँले मलाई आफ्नो वासस्थानमा लुकाउनुहुन्छ। उहाँले मलाई आफ्नो सुरक्षाको ठाउँमा लानुहुन्छ।

זִבְחֵי	בְאָהֳלוֹ	וְאֶזְבְּחָה	סְבִיבוֹתַי	אֹיְבַי	עַל	רֹאשִׁי	רוּם	וְעַתָּה	6
आनन्दका	उहाँको-पालमा	र-म-चढाउनेछु	चारैतिरका	मेरा-शत्रुहरू	मेरा-शत्रुहरूमाथि	मेरो-शिर	उच्च-हुनेछ	र-अब	
H2077	H0168	H2076	H5439	H0341				H6258	

לַיהוָה׃	וַאֲזַמְּרָה	אָשִׁירָה	תְרוּעָה
परमप्रभुलाई	र-म-स्तुति-गाउनेछु	म-गाउनेछु	बलिदानहरू
H3068	H2167	H7891	H8643

मेरा शत्रुहरूले मलाई घेरेका छन्। तर तिनीहरूलाई परास्त गर्न मलाई परमप्रभुले सहयोग गर्नु हुनेछ। त्यसपछि म उहाँको पालमा बलि चढाउने छु। म आनन्दको जयकार सहित बलिदान गर्नेछु, म परमप्रभुको सम्मानमा भजन गाउनेछु।

וַעֲנֵנִי׃	וְחָנֵּנִי	אֶקְרָא	קוֹלִי	יְהוָה	שְׁמַע־	7
र-मलाई-उत्तर-दिनुहोस्	र-ममाथि-कृपा-गर्नुहोस्	म-पुकार्छु	मेरो-स्वर	हे-परमप्रभु	सुन्नुहोस्	
		H7121		H3068	H8085	

हे परमप्रभु, मेरो बिन्ती सुन्नुहोस्। मलाई जवाफ दिनुहोस्। मलाई कृपादान गर्नुहोस्।

אֲבַקֵּשׁ׃	יְהוָה	פָּנֶיךָ	אֶת־	פָּנַי	בַּקְּשׁוּ	לִבִּי	אָמַר	וְלָךְ	8
म-खोज्छु	हे-परमप्रभु	मुहार	तपाईंको	मेरो-मुहार	खोज	मेरो-हृदयले	भन्छ	तपाईंको-निम्ति	
H1245	H3068	H6440	H0853	H6440	H1245		H0559		

हे परमप्रभु, म तपाईसँग बोल्न चाहन्छु। म हृदयबाटै तपाईसँग कुरा गर्न चाहन्छ। म तपाईं समक्ष बोल्न आएँ।

עַבְדֶּךָ	בְאַף	תַּט־	אַל־	מִמֶּנִּי	וּפָנֶיךָ	תַסְתֵּר	אַל־		9
तपाईंको-दासलाई	क्रोधमा	रिसमा-नफर्काउनुहोस्	नफर्काउनुहोस्	मबाट	तपाईंको-अनुहार	तपाईंको-मुहार	नलुकाउनुहोस्		
H5650	H0639	H5186	H0408		H6440	H5641	H0408		

יִשְׁעִי׃	אֱלֹהֵי	תָּעַזְבֵנִי	וְאַל־	תִטְּשֵׁנִי	אַל־	הָיִיתָ	עֶזְרָתִי	
परमेश्वर	मेरो-उद्धारको	मलाई	र-नछोड्नुहोस्	मलाई	नत्याग्नुहोस्	हुनुभएको-छ	तपाईं-मेरो-सहायक	
H3468	H0430		H0408	H5203	H0408	H1961	H5833	

हे परमप्रभु, तपाईंको दासबाट अनुहार नफर्काउनु होस्, मलाई साथ दिनुहोस्। मलाई टाढा नधकेल्नुहोस्, मलाई नत्याग्नु होस्, मेरो परमेश्वर, तपाईं मेरो रक्षक हुनुहुन्छ।

יַאַסְפֻנִי׃	וַיהוָה	עֲזָבוּנִי	וְאִמִּי	אָבִי	כִּי־	10
मलाई-अपनाउनुहुन्छ	तर-परमप्रभुले	मलाई-छोडेका-छन्	र-मेरी-आमाले	मेरो-बुबा	यद्यपि	
H0622	H3068		H0517	H0001		

मेरो माता-पिताले मलाई छोडी गए। तर परमप्रभुले मलाई लानु भयो र बनाउनु भयो।

לְמַעַן	מִישׁוֹר	בְּאֹרַח	וּנְחֵנִי	דַּרְכֶּךָ	יְהוָה	הֹורֵנִי	11
मेरा-शत्रुहरूको-कारणले	समतल	समतल-बाटोमा	र-मलाई-हिँडाउनुहोस्	तपाईंको-बाटो	हे-परमप्रभु	सिकाउनुहोस्	
H4616	H4334	H0734	H5148	H1870	H3068		

שׁוֹרְרָי׃
शत्रुहरू
H8324

हे परमप्रभु, मेरा शत्रुहरू छन्। यसैले मलाई पथ प्रदर्शन गर्नुहोस् र तपाईंको उपायहरू बताउनु होस्। मलाई ठीक कुराहरू मात्र गर्न सिकाउनु होस्।

שֶׁקֶר	עֵדֵי־	בִּי	קָמוּ־	כִּי	צָרָי	בְּנֶפֶשׁ	תְּתְּנֵנִי	אַל־	12
साक्षीहरू	झूटा	ममाथि	उठेका-छन्	किनभने	मेरा-शत्रुहरू	मेरा-शत्रुहरूको-इच्छामा	मलाई-सुम्पुहोस्	नसुम्पुहोस्	
H8267	H5707					H5315	H5414	H0408	

חָמָס׃	וְיִפְּחַ
हिंसा	र-हिंसा-फुछनेहरू
H2555	H3307

मेरा शत्रुहरूले ममाथि आक्रमण गरे। मलाई अरूले चोट पुर्‍यायोस भनी तिनीहरूले मेरो विषयमा झूटो बोलेका छन्। परमप्रभु, मेरा शत्रुहरूले मलाई पराजित नगरून्।

לוּלֵא	הֶאֱמַנְתִּי	לִרְאוֹת	בְּטוּב־	יְהוָה	בְּאֶרֶץ	חַיִּים׃	13
यदि-मैले	विश्वास-नगरेको-भए	देख्न	परमप्रभुको-भलाइ	परमप्रभुको	जीवितहरूको-भूमिमा	जीवितहरूको	
H3884	H0539	H7200	H2898	H3068	H0776		

मलाई पूरा विश्वास छ म मर्नु भन्दाअघि परमप्रभुको सतगुण हेर्न पाउनेछु।

קַוֵּה	אֶל־	יְהוָה	חֲזַק	וְיַאֲמֵץ	לִבֶּךָ	קַוֵּה	14
प्रतीक्षा-गर	परमप्रभुमा	परमप्रभुको	दृढ-होउ	र-साहसी-होस्	तिम्रो-हृदय	र-प्रतीक्षा-गर	
	H0413	H3068	H2388	H0553			
						יְהוָה׃	
						परमप्रभुको	
						H3068	

परमप्रभुको सहयोगलाई पर्ख, बलियो र साहसी होऊ, अनि परमप्रभुको सहयोग पर्ख।

Chapter 28

מִמֶּנִּי	תָּחֱשָׁה	פֶּן־	מִמֶּנִּי	תֶּחֱרַשׁ	אֵל־	צוּרִי׃	אֶקְרָא	וְיהוָה	אֵלֶיךָ	לְדָוִד	1
मबाट	चुप-हुनुभयो	नत्र	मबाट	मौन-हुनुहोस्	नहुनुहोस्	मेरो-चट्टान	म-पुकार्छु	हे-परमप्रभु	तपाईंतिर	दाऊदको	
	H2814	H6435			H0408	H6697	H7121	H3068	H0413	H1732	
						בּוֹר׃	יוֹרְדֵי	עִם־	וְנִמְשַׁלְתִּי		
						खाडलमा	झर्नेहरूसँग	खाडलमा-झर्नेहरूजस्तै	र-म-हुनेछु		
							H3381				

हे परमप्रभु, तपाईं मेरो निम्ति चट्टान हुनुहुन्छ। म तपाईंलाई सहायताको निम्ति गुहारी रहेछु। मेरो प्रार्थनाहरूलागि कान नथुन्नुहोस्! यदि तपाईंले सहायताको निम्ति मेरो बिन्ती सुन्नु भएन भने, मानिसहरूले सोच्नेछन् म चिहानमा भएका मुर्दाहरूभन्दा हीन छु।

דְּבִיר	אֶל־	יָדַי	בְּנָשְׂאִי	אֵלֶיךָ	בְּשַׁוְּעִי	תַּחֲנוּנָי	קוֹל	שְׁמַע	2
महापवित्र-स्थानको	तपाईंको-पवित्र	मेरा-हातहरू	म-उठाउँदा	तपाईंतिर	म-पुकार्दा	स्वर	मेरो-बिन्तीको	सुन्नुहोस्	
H1687	H0413	H3027	H5375	H0413	H7768	H8469		H8085	
							קָדְשֶׁךָ׃		
							पवित्र-स्थानतिर		
							H6944		

हे परमप्रभु, म आफ्ना पाखुराहरू उचाल्दै तपाईंको खास पवित्र स्थानतर्फ प्रार्थना गर्छु। जब म बोलाउँछु मलाई सुनि दिनुहोस्। मप्रति दया दर्शाउनु होस्।

שָׁלוֹם	דַּבְּרֵי	אָוֶן	פֹּעֲלֵי	וְעִם־	רְשָׁעִים	עִם־	תְּמָשְׁכֵנִי	אֵל־			3
शान्ति	शान्ति-बोल्नेहरू	अनिष्टका	अधर्म-गर्नेहरू	र-अधर्म-गर्नेहरूसँग	दुष्टहरूसँग	दुष्टहरूसँग	मलाई-तान्नुहोस्	नतान्नुहोस्			
H7965	H1696	H0205	H6466		H7563		H4900	H0408			
						רֵעֵיהֶם	וְרָעָה	בִּלְבָבָם׃	עִם־		
						छिमेकीहरूसँग	तर-दुष्टता	तिनीहरूको-हृदयमा	आफ्ना-छिमेकीहरूसँग		
						H7453		H3824			

हे परमप्रभु, मलाई ती दुष्ट मानिसहरू मध्येको नठान्नुहोस्। तिनीहरूले आफ्ना छिमेकीहरूलाई “शालोम” + 28:3 शालोम अर्थ हो “शान्ति” तर अभिवादन गर्दा “नमस्ते” मा पनि प्रयोग हुन्छ। शब्दसँग स्वागत गर्दछन, तर तिनीहरूको मनभित्र आफ्ना छिमेकीहरूको विरूद्ध अधर्म कामहरू गर्दछन्।

יְדֵיהֶם	כְּמַעֲשֵׂה	מַעַלְלֵיהֶם	וּכְרֹעַ	כְּפָעֳלָם	לָהֶם	תֵּן־					4
कामअनुसार	तिनीहरूका-हातहरूको	कामहरूअनुसार	र-तिनीहरूका-दुष्ट	तिनीहरूको-कामअनुसार	तिनीहरूलाई	दिनुहोस्					
H3027	H4639	H4611	H7455	H6467	H1992	H5414					
							לָהֶם׃	גְּמוּלָם	הָשֵׁב	לָהֶם	תֵּן
							तिनीहरूलाई	तिनीहरूको-फल	फिर्ता-दिनुहोस्	तिनीहरूलाई	दिनुहोस्
							H1992	H1576	H7725	H1992	H5414

हे परमप्रभु, ती मानिसहरूले अरूको निम्ति अहितकारी कामहरू गर्दछन्। यसैले अधर्म कुराहरू नै तिनीहरू तर्फ फर्काई दिनुहोस्। तिनीहरूका कुकार्यहरू अनुसार दण्ड दिनुहोस्।

יָדָיו	מַעֲשֵׂה	וְאֶל־	יְהוָה	פְּעֻלֹּתֹ	אֶל־	יָבִינוּ	לֹא	כִּי	5
हातहरूको	हातहरूको-काम	र-उहाँका	परमप्रभुको	कामहरू	परमप्रभुका	बुझ्दैनन्	तिनीहरूले	किनभने	
H3027	H4639	H0413	H3068	H6468	H0413	H0995	H3808		

יִבְנֵם׃	וְלֹא	יֶהֶרְסֵם
बनाउनुहुन्न	र-तिनीहरूलाई	उहाँले-तिनीहरूलाई-ढाल्नुहुन्छ
H1129	H3808	H2040

दुष्ट मानिसहरूले परमप्रभुको धार्मिक कार्यहरू बुझ्दैनन्। उहाँले के बनाउनु भएकोछ भनी तिनीहरू बुझ्दैनन्। परमप्रभुले तिनीहरूलाई दण्ड दिऊन् अनि सम्वृद्धिपूर्ण नबनाऊन्।

תַּחֲנוּנָי׃	קוֹל	שָׁמַע	כִּי־	יְהוָה	בָּרוּךְ	6
स्वर	मेरो-बिन्तीको	उहाँले-सुन्नुभयो	किनभने	परमप्रभु	धन्य	
H8469		H8085		H3068	H1288	

परमप्रभुको प्रशंसा गर। उहाँले मेरो करूणाको प्रार्थना सुन्नुभयो।

וַיַּעֲלֹז	וְנֶעֱזַרְתִּי	לִבִּי	בָטַח	בּוֹ	וּמָגִנִּי	עֻזִּי	וַיהוָה	7
र-उल्लासित-हुन्छ	र-मलाई-सहायता-मिल्यो	मेरो-हृदयले	भरोसा-राख्छ	उहाँमा	र-मेरो-ढाल-हुनुहुन्छ	मेरो-बल	परमप्रभु	
H5937	H5826		H0982		H4043	H5797	H3068	

אֲהוֹדֶנּוּ׃	וּמִשִּׁירִי	לִבִּי
म-उहाँको-स्तुति-गर्नेछु	र-मेरो-गीतले	मेरो-हृदय
H3034		

परमप्रभु मेरो शक्ति हुनुहुन्छ, उहाँ मेरो ढाल हुनुहुन्छ, म उहाँमाथि भरोसा गर्छु, म खुशी छु र उहाँको प्रशंसाको गीत गाउँछु।

הוּא׃	מְשִׁיחוֹ	יְשׁוּעוֹת	וּמָעוֹז	לָמוֹ	עֹז־	יְהוָה	8
उहाँ	आफ्नो-अभिषिक्तको	उद्धारको	र-दुर्ग-हुनुहुन्छ	हुनुहुन्छ	तिनीहरूको-बल	परमप्रभु	
H1931	H4899	H3444	H4581		H5797	H3068	

परमप्रभुले आफूले रोज्नु भएका प्रियजनलाई रक्षा गर्नुहुन्छ। परमप्रभुले उहाँलाई बचाउनु हुन्छ। परमप्रभु उसको शक्ति हुनुहुन्छ।

וְרֵעֵם	נַחֲלָתֶךָ	אֶת־	וּבָרֵךְ	עַמֶּךָ	אֶת־	וְהוֹשִׁיעָה	9
र-तिनीहरूको-गोठालो-बन्नुहोस्	उत्तराधिकारलाई	तपाईंको	र-आशीर्वाद-दिनुहोस्	जनतालाई	तपाईंको	बचाउनुहोस्	
	H5159	H0853	H1288		H0853	H3467	

הָעוֹלָם׃	עַד־	וְנַשְּׂאֵם
अनन्तसम्म	सदासर्वदाको-निम्ति	र-तिनीहरूलाई-बोक्नुहोस्
H5769	H5704	H5375

हे परमेश्वर, आफ्ना मानिसहरूलाई रक्षा गर्नुहोस्। जो तपाईंका हुन, तिनीहरूलाई आशीर्वाद दिनु होस्। तिनीहरूको अनन्त अगुवाइ र सम्मान गर्नुहोस्।

Chapter 29

וָעֹז׃	כְּבוֹד	לַיהוָה	הָבוּ	אֵלִים	בְּנֵי	לַיהוָה	הָבוּ	לְדָוִד	מִזְמוֹר	1
र-शक्ति	महिमा	परमप्रभुलाई	चढाओ	प्राणीहरू	हे-स्वर्गीय	परमप्रभुलाई	चढाओ	दाऊदको	भजन	
H5797	H3519	H3068	H3051	H0410		H3068	H3051	H1732	H4210	

परमेश्वरका सन्तान हो, परमप्रभुको प्रशंसा गर। उहाँको महिमा र शक्तिको प्रशंसा गर।

								2
קָדֶשׁ׃	בְּהַדְרַת־	לַיהוָה	הִשְׁתַּחֲוּוּ	שְׁמוֹ	כְּבוֹד	לַיהוָה	הָבוּ	
शोभामा	पवित्रताको	परमप्रभुलाई	दण्डवत्-प्रणाम-गर	उहाँको-नाउँको	महिमा	परमप्रभुलाई	चढाओ	
H6944	H1927	H3068	H7812	H8034	H3519	H3068	H3051	

परमप्रभुको स्तुति गरौं र उहाँको नाउँको सम्मान गरौं। आफ्ना खास पोशाक + 29:2 खास पोशाक जुन पोशाक मन्दिरमा परमेश्वरको पूजा-पाठ गर्दा लगाइन्छ। लगाएर उहाँको उपासना गरौं।

3

יְהוָה	הִרְעִים	הַכָּבוֹד	אֵל־	הַמָּיִם	עַל־	יְהוָה	קוֹל
परमप्रभु	परमेश्वरले-गर्जन-गराउनुहुन्छ	महिमाको	महिमाको	पानीहरूमा	पानीहरूमाथि	परमप्रभुको	परमप्रभुको-स्वर
H3068	H7481	H3519	H0410	H4325		H3068	

רַבִּים׃	מַיִם	עַל־
ठूला	पानीहरूमाथि	ठूला
	H4325	

परमप्रभुले आफ्ना आवाज समुद्रमाथि उठाउनु हुन्छ। मेघको गर्जन समुद्रमाथि प्रतिध्वनि हुन्छ, यही नै महिमापूर्ण परमप्रभुको आवाज हो।

4

בֶּהָדָר׃	יְהוָה	קוֹל	בַּכֹּחַ	יְהוָה	קוֹל־
प्रतापमा-छ	परमप्रभुको	परमप्रभुको-स्वर	शक्तिमा-छ	परमप्रभुको	परमप्रभुको-स्वर
H1926	H3068			H3068	

परमप्रभुको आवाजले उहाँको शक्ति बुझाउँछ। उहाँको आवाजले आफ्नो महिमा दर्शाउँछ।

5

הַלְּבָנוֹן׃	אַרְזֵי	אֶת־	יְהוָה	וַיְשַׁבֵּר	אַרְזִים	שֹׁבֵר	יְהוָה	קוֹל
लेबानोन	देवदारहरू	लेबानोनका	परमप्रभुले	र-भाँच्छ	देवदारहरू	भाँच्छ	परमप्रभुको	परमप्रभुको-स्वरले
H3844	H0730	H0853	H3068	H7665	H0730	H7665	H3068	

परमप्रभुको आवाजले देवदारका रूखहरू पनि टुक्रा-टुक्रा पारेर भाँच्छ। परमप्रभुले लबनोनका ठूला-ठूला देवदारूको रूखहरू भाँच्नु हुन्छ।

6

רְאֵמִים׃	בֶּן־	כְּמוֹ	וְשִׂרְיֹן	לְבָנוֹן	עֵגֶל	כְּמוֹ־	וַיַּרְקִידֵם
बाछो	जंगली-साँढेको	जस्तै	र-शिर्योनलाई	लेबानोन	बाछो	बाछो-जस्तै	र-उहाँले-नचाउनुहुन्छ
H7214		H3644	H8303	H3844	H5695	H3644	H7540

परमप्रभु लबनोनलाई हल्लाउनु हुन्छ। यो सानो साँढे उफ्रिरहेको झैं देखिन्छ। सिरिओन हल्लिन्छ। त्यो सानो बाख्रा नाच्दै गरे झैं देखिन्छ।

7

אֵשׁ׃	לַהֲבוֹת	חֹצֵב	יְהוָה	קוֹל־
ज्वालाहरू	आगोका	चिर्छ	परमप्रभुको	परमप्रभुको-स्वरले
H0784	H3852	H2672	H3068	

परमप्रभुको आवाज बिजुलीको चमकसित हावाबाट बाहिरिन्छ।

8

קָדֵשׁ׃	מִדְבָּר	יְהוָה	יָחִיל	מִדְבָּר	יָחִיל	יְהוָה	קוֹל
उजाड-भूमिलाई	कादेशको	परमप्रभुले	कम्पाउँछ	उजाड-भूमिलाई	कम्पाउँछ	परमप्रभुको	परमप्रभुको-स्वरले
H6946		H3068				H3068	

परमप्रभुको आवाजले मरूभूमि पनि चम्काई दिन्छ। कादेशको मरूभूमिलाई परमप्रभुको आवाजले थर्काई दिन्छ।

9

אֹמֵר	כֻּלּוֹ	וּבְהֵיכָלוֹ	יְעָרוֹת	וַיֶּחֱשֹׂף	אַיָּלוֹת	יְחוֹלֵל	וְיהוָה	קוֹל
भन्छ	सबैले	र-उहाँको-मन्दिरमा	वनहरूलाई	र-झार्छ	हरिणीहरूलाई	ब्याउने-गराउँछ	परमप्रभुको	परमप्रभुको-स्वरले
H0559	H3605	H1964		H2834	H0355		H3068	

כָּבוֹד׃
महिमा
H3519

परमप्रभुको आवाजले मृगलाई भयभीत पारिदिछ। परमप्रभुले जङ्गलहरू ध्वंश पारिदिनु हुन्छ; तर उहाँको दरबारमा, मानिसहरू “महिमा” गाउँछन्।

10

לְעוֹלָם׃	מֶלֶךְ	יְהוָה	וַיֵּשֶׁב	יָשָׁב	לַמַּבּוּל	יְהוָה
सदासर्वदा	राजाको-रूपमा	परमप्रभु	र-राज्य-गर्नुहुन्छ	राज्य-गर्नुभयो	जलप्रलयमाथि	परमप्रभु
H5769	H4428	H3068	H3427	H3427	H3999	H3068

जम्मै बाढी आएको बेलामा परमप्रभु राजा हुनुहुन्थ्यो अनि सदा सर्वदको लागि राजा नै हुनुहुनेछ।

11

בַשָּׁלוֹם׃	עַמּוֹ	אֶת־	יְבָרֵךְ	וְיהוָה	יִתֵּן	לְעַמּוֹ	עֹז	יְהוָה
शान्तिले	जनतालाई	आफ्नो	आशीर्वाद-दिनुहुन्छ	परमप्रभुले	दिनुहुन्छ	आफ्नो-जनतालाई	बल	परमप्रभुले
H7965		H0853	H1288	H3068	H5414		H5797	H3068

परमप्रभुले उहाँका मानिसहरूलाई सुरक्षा गरून्। परमप्रभुले आफ्ना मानिसहरूलाई शान्तिले आशीर्वाद दिऊन्।

Chapter 30

מִזְמ֗וֹר	שִׁיר־	חֲנֻכַּ֥ת	הַבָּ֑יִת	לְדָוִֽד׃	אֲרוֹמִמְךָ֥	יְהוָ֗ה	כִּ֤י	1
भजन	गीत	घरको-समर्पणको	घरको	दाऊदको	म-तपाईंलाई-उच्च-पार्नेछु	हे-परमप्रभु	किनभने	
H4210		H2598		H1732		H3068		

דִּלִּיתָ֥נִי	וְלֹא־	שִׂמַּ֖חְתָּ	אֹיְבַ֣י	לִ֑י׃	
तपाईंले-मलाई-उठाउनुभयो	र-मेरा-शत्रुहरूलाई	खुशी-मनाउनुभएन	मेरा-शत्रुहरू	ममाथि	
H1802	H3808	H8055	H0341		

हे परमप्रभु, तपाईंले मलाई मेरो संकटहरूबाट माथि उठाउनु भयो। तपाईंले मेरो शत्रुहरूलाई जित्न दिनु भएन र मप्रति हाँसो उडाउन दिनु भएन। यसैले तपाईं प्रति म सम्मान जनाउँदछु।

וַתִּרְפָּאֵֽנִי׃	שִׁוַּ֥עְתִּי	אֵלֶ֗יךָ	אֱלֹהָ֑י	יְהוָ֗ה	2
र-तपाईंले-मलाई-निको-पार्नुभयो	मैले-पुकारेको-छु	तपाईंतिर	मेरा-परमेश्वर	हे-परमप्रभु	
H7495	H7768	H0413	H0430	H3068	

हे परमप्रभु, मेरो परमेश्वर, मैले तपाईंलाई प्रार्थना गरें र मलाई निको पार्नु भयो।

מִיּוֹרְדִ֣י־	חִיִּיתָ֥נִי	נַפְשִׁ֑י	שְׁא֗וֹל	מִן־	הֶעֱלִ֥יתָ	יְהוָ֗ה	3
खाडलमा	तपाईंले-मलाई-बँचाउनुभयो	मेरो-प्राणलाई	पातालबाट	पातालबाट	तपाईंले-उठाउनुभयो	हे-परमप्रभु	
H3381	H2421	H5315	H7585		H5927	H3068	

בּוֹר׃	)מִיָּרְדִי־(
खाडलमा	खाडलमा-झर्नेहरूबाट
	H3381

तपाईंले मलाई चिहानबाट निकाल्नु भयो र बाँच्न दिनुभयो। मैले खाडलमा लडिरहेका मृतकहरूसित मिल्नु परेन।

קָדְשׁ֑וֹ׃	לְזֵ֥כֶר	וְהוֹד֗וּ	חֲסִידָ֑יו	לַיהוָ֗ה	זַמְּר֣וּ	4
नाउँको-सम्झनामा	उहाँको-पवित्र	र-धन्यवाद-देओ	उहाँका-भक्तहरू	परमप्रभुलाई	गाओ	
H6944	H2143	H3034	H2623	H3068	H2167	

हे परमेश्वरका भक्तजनहरू, परमप्रभु प्रति भजन गाओ! उहाँको पवित्र नाउँको प्रशंसा गर!

רִנָּ֥ה׃	וְלַבֹּ֗קֶר	בֶּ֭כִי	יָלִ֣ין	בָּעֶ֑רֶב	בִּרְצ֖וֹנוֹ	חַיִּ֣ים	בְּאַפּ֗וֹ	וְרֶ֣גַע	כִּ֤י	5
आनन्द	तर-बिहानमा	रोदन	बिताउँछ	साँझमा	उहाँको-कृपामा	जीवन	उहाँको-क्रोधमा	छिनभरमा-मात्र	किनभने	
H7440	H1242	H1065		H6153	H7522		H0639	H7281		

परमेश्वर क्रोधित हुनुहुन्थ्यो यसर्थ निर्णय “मृत्यु” हुन गयो। तर उहाँले आफ्नो प्रेम दर्शाउनु भयो र मलाई “जीवनदान” दिनुभयो। म राती रोइरहें, अर्को बिहान म खुशी थिएँ र गाइरहेथें!

לְעוֹלָֽם׃	אֶמּ֑וֹט	בַּל־	בְּשַׁלְוִ֗י	אָ֭מַרְתִּי	וַאֲנִ֣י	6
सदासर्वदा	म-डग्मगाउनेछैन	कदापि	मेरो-शान्तिमा	भनेको-थिएँ	र-मैले	
H5769	H4131	H1077	H7959	H0559	H0589	

जब म जोगिएँ र सुरक्षित भएँ, सोचें केही कुरोले पनि मलाई कष्ट पुर्याउन सक्ने छैन!

הָיִ֥יתִי	פָנֶ֗יךָ	הִסְתַּ֣רְתָּ	עֹ֑ז	לְהָרְרִ֗י	הֶעֱמַ֥דְתָּה	בִּרְצוֹנְךָ֥	יְהוָ֗ה	7
म-हुनेथिएँ	तपाईंको-मुहार	तपाईंले-लुकाउनुभयो	दृढतामा	मेरो-पर्वतलाई	स्थापित-गर्नुभयो	तपाईंको-कृपाले	हे-परमप्रभु	
H1961	H6440	H5641	H5797	H2042	H5975	H7522	H3068	

נִבְהָֽלְתִּי׃
व्याकुल
H0926

हे, परमप्रभु जब तपाईं मप्रति कृपालु हुनुहुन्थ्यो मैले अनुभव गरें कसैले पनि मलाई पराजित गर्न सक्ने छैन! जब तपाईंले मबाट मुख फर्काएर जानुभयो, म डराएँ र कामे।

אֶתְחַנָּן׃	אֲדֹנָי	וְאֶל־	אֶקְרָא	יְהוָה	אֵלֶיךָ	8
मैले-बिन्ती-गरेको-छु	प्रभु	र-प्रभुतिर	मैले-पुकारेको-छु	हे-परमप्रभु	तपाईंतिर	
	H0136	H0413	H7121	H3068	H0413	

यसर्थ परमेश्वर, म फर्कें अनि तपाईं प्रति प्रार्थना गरें। मैले तपाईंलाई दयाको बिन्ती गरें।

עָפָר	הַיוֹדְךָ	שָׁחַת	אֶל־	בְּרִדְתִּי	בִּדָמִי	בְּצַע	מַה־	9
धूलोले	के-धूलोले-तपाईंको-स्तुति-गर्छ	खाडलमा	खाडलमा	म-झर्दा	मेरो-रगतमा	लाभ	के	
H6083	H3034	H7845	H0413	H3381	H1818	H1215	H4100	

אֲמִתֶּךָ׃	הֲיַגִּיד
तपाईंको-विश्वासता	तपाईंको-सत्य-घोषणा-गर्छ
H0571	H5046

मैले भने, “परमेश्वर, के राम्रै हुन्छ! यदि म मरे अनि चिहानभित्र गए भने? मरेका मानिसहरू खाली धूलोभित्र पल्टिएर बस्छन्! तिनीहरूले तपाईंको प्रशंसाहरू गाउँदैनन्। कतिसम्म हामी तपाईंमाथि निर्भर हुनसक्छौ। तिनीहरूले मानिसहरूलाई भन्दैनन्।

לִי׃	עֹזֵר	הֱיֵה־	יְהוָה	וְחָנֵּנִי	יְהוָה	שְׁמַע־		10
मेरो-निम्ति	सहायक	हुनुहोस्	हे-परमप्रभु	र-ममाथि-कृपा-गर्नुहोस्	हे-परमप्रभु	सुन्नुहोस्		
	H5826	H1961	H3068		H3068	H8085		

हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस् र मप्रति कृपादृष्टि राख्नुहोस्! हे परमप्रभु, मलाई साथ दिनुहोस्!”

שִׂמְחָה׃	וַתְאַזְּרֵנִי	שַׂקִּי	פִּתָּחְתָּ	לִי	לְמָחוֹל	מִסְפְּדִי	הָפַכְתָּ	11
आनन्द	र-मलाई-आनन्दले-वेर्नुभयो	मेरो-टाट	तपाईंले-खोल्नुभयो	मेरो-निम्ति	नाचमा	मेरो-विलापलाई	तपाईंले-फेर्नुभयो	
H8057	H0247	H8242			H4234	H4553	H2015	

मैले प्रार्थना गरें र तपाईंले साथ दिनुभयो! तपाईंले मेरो रूवाइलाई नाचमा बद्ली दिनुभयो। तपाईंले मेरो उदासीनताका पोशाकहरू फुकालेर लैजानु भयो र खुशीयालीले मलाई ढाकिदिनु भयो।

לְעוֹלָם	אֱלֹהַי	יְהוָה	יֵדֶם	וְלֹא	כָבוֹד	יְזַמֶּרְךָ	וְלֹמַעַן		12
सदासर्वदा	मेरा-परमेश्वर	हे-परमप्रभु	नरहोस्	र-चुप	महिमाले	महिमाले-तपाईंको-स्तुति-गाउँछ	यसकारणले		
H5769	H0430	H3068		H3808	H3519	H2167	H4616		

אוֹדֶךָּ׃
म-तपाईंलाई-धन्यवाद-चढाउनेछु
H3034

हे परमप्रभु, मेरो परमेश्वर, म सदासर्वदा तपाईंको स्तुति गाउनेछु यसकारण त्यहाँ कहिल्यै निस्तब्ध हुनेछैन, अनि म सधैं तपाईंको प्रशंसा गर्छु।

Chapter 31

אַל־	חָסִיתִי	יְהוָה	בְּךָ	לְדָוִד׃	מִזְמוֹר	לַמְנַצֵּחַ		1
कदापि	मैले-शरण-लिएको-छु	हे-परमप्रभु	तपाईंमा	दाऊदको	भजन	संगीत-निर्देशकको-निम्ति		
H0408	H2620	H3068		H1732	H4210	H5329		

פַּלְּטֵנִי׃	בְּצִדְקָתְךָ	לְעוֹלָם	אֵבוֹשָׁה
मलाई-छुटाओस्	तपाईंको-धार्मिकतामा	सदासर्वदा	मलाई-लज्जित-हुन-नदेओस्
H6403	H6666	H5769	H0954

हे परमप्रभु, म तपाईंमाथि आश्रित हुन्छु मलाई निराश नपार्नुहोस्। मप्रति कृपालु हुनुहोस् र मेरो रक्षा गर्नुहोस्।

לְבֵ֥ית	מָעוֹז	לָ֝צ֗וּר־	וּלְי	הֱיֵה	הַצִּילֵ֥נִי	מְהֵרָ֑ה	אָזְנְךָ֤	אֵלַ֖י	הַטֵּ֣ה	2
घरको	दुर्ग	चट्टानको	मेरो-निम्ति	हुनुहोस्	मलाई-छुटाओस्	छिटो-गरी	तपाईंको-कान	मतिर	झुकाओस्	
	H4581	H6697		H1961	H5337	H4120	H0241	H0413	H5186	

לְהוֹשִׁיעֵ֥נִי׃	מְצוּדּֽוֹת
मलाई-बचाउनको-निम्ति	किल्ला
H3467	

हे परमेश्वर, मप्रति ध्यान दिनुहोस्। चाँडै आउनु होस् अनि मलाई बचाउनु होस्। मेरो चट्टान हुनुहोस्। मेरो सुरक्षाको ठाउँ भइदिनु होस्। मेरो किल्ला बनिनुहोस् मेरो रक्षा गर्नुहोस्।

תַּנְחֵ֑נִי	שִׁמְךָ֥	וּלְמַ֝עַן	אָ֗תָּה	וּמְצוּדָתִ֥י	סַלְעִ֥י	כִּֽי־	3
मलाई-हिँडाउनुहोस्	तपाईंको-नाउँ	र-तपाईंको-नाउँको-खातिर	तपाईं-हुनुहुन्छ	र-मेरो-किल्ला	मेरो-चट्टान	किनभने	
H5148	H8034	H4616			H5553		

וְתַנְהֲלֵֽנִי׃
र-मलाई-डोऱ्याउनुहोस्
H5095

हे परमेश्वर, तपाईं मेरो रक्षक हुनुहुन्छ अनि तपाईं मेरो किल्ला हुनुहुन्छ। यसर्थ, तपाईंको सुरक्षाको निम्ति मेरो अगुवाइ गर्नुहोस् र मलाई निर्देश गर्नुहोस्।

מָעוּזִֽי׃	אַתָּ֣ה	כִּֽי־	לִ֭י	טָמְנ֣וּ	זֶ֑ה	מִרֶ֥שֶׁת	תּוֹצִיאֵ֥נִי	4
मेरो-दुर्ग-हुनुहुन्छ	तपाईं	किनभने	मेरो-निम्ति	तिनीहरूले-लुकाएका-छन्	यो	जालबाट	मलाई-निकाल्नुहोस्	
H4581				H2934	H2098	H7568	H3318	

मेरा शत्रुहरूले मेरै समक्ष पासो थापे। मलाई तिनीहरूको पासोबाट बचाउँनु होस्। तपाईं मेरो सुरक्षाको स्थान हुनुहुन्छ।

אֱמֶֽת׃	אֵ֥ל	יְהוָ֗ה	אוֹתִ֥י	פָּ֝דִ֗יתָה	רוּחִ֑י	אַפְקִ֥יד	בְּיָדְךָ֥	5
परमेश्वर	सत्यको	हे-परमप्रभु	मलाई	तपाईंले-मलाई-छुटाउनुभयो	मेरो-आत्मा	म-सुम्पछु	तपाईंको-हातमा	
H0571	H0410	H3068	H0853	H6299	H7307		H3027	

हे परमप्रभु, तपाईं परमेश्वर हुनुहुन्छ, जसमाथि हामी भरोसा गर्न सक्छौं। मैले आफ्नो जीवन तपाईंको हातमा राखिदिएँ, मलाई बचाउनु होस्!

בָּטַחְתִּי׃	יְהוָ֑ה	אֵ֥ל־	וַאֲנִ֥י	שֹׁ֝וְא	הַבְלֵ֗י־	הַשֹּׁמְרִ֥ים	שָׂ֭נֵאתִי	6
भरोसा-राखेको-छु	परमप्रभुमा	परमप्रभुमा	तर-म	रखवालाहरूलाई	व्यर्थताका	झूटा-मूर्तिहरूका	मैले-घृणा-गरेको-छु	
H0982	H3068	H0413	H0589	H7723	H1892	H8104	H8130	

म ती झूटा देवताहरू मान्नेहरूलाई घृणा गर्छु। म परमप्रभुमा मात्र भरोसा गर्छु।

יָדַ֥עְתָּ	עָנְיִ֑י	אֶת־	רָ֝אִ֗יתָ	אֲשֶׁר	בְּחַסְדֶּ֥ךָ	וְאִשְׂמְחָ֥ה	אָגִ֗ילָה	7
तपाईंले-जान्नुभयो	दुःख	मेरो	तपाईंले-देख्नुभयो	जसले	तपाईंको-कृपामा	र-आनन्दित-हुनेछु	म-उल्लसित-हुनेछु	
H3045	H6040	H0853	H7200			H8055	H1523	

נַפְשִֽׁי׃	בְּצָרֽוֹת
मेरो-प्राण	मेरो-प्राणका-संकटहरूमा
H5315	

हे परमेश्वर, तपाईंको विश्वासपूर्ण प्रेमको आनन्दमा म खुशी हुनेछु अनि नाच्नेछु। तपाईंले मेरो पीरहरू देख्नु भएको छ। मलाई भएका दुःख कष्टहरू तपाईं जान्नुहुन्छ।

רַגְלָֽי׃	בַּמֻּרְחָ֑ב	הֱ֝עֲמַדְתָּ	אוֹיֵ֥ב	בְּיַד־	הִסְגַּרְתָּ֥נִי	וְלֹ֣א	8
मेरा-खुट्टाहरू	खुल्ला-ठाउँमा	तपाईंले-खडा-गर्नुभयो	शत्रुको	शत्रुको-हातमा	मलाई-सुम्पनुभएन	र-तपाईंले	
H7272	H4800	H5975	H0341	H3027	H5462	H3808	

तपाईंले मेरा शत्रुहरूलाई मलाई लिएर जानु दिनु भएन। तपाईंले तिनीहरूको पासोबाट मलाई बचाउनु भयो।

וּבִטְנִֽי׃	נַפְשִׁ֑י	עֵינִ֥י	בְכַ֝עַס	עָשְׁשָׁ֗ה	לִ֣י	צַ֭ר־	כִּֽי	יְהוָ֗ה	חָנֵּ֥נִי	9
र-मेरो-शरीर	मेरो-प्राण	मेरो-आँखा	दुःखले	क्षीण-भएको-छ	म-छु	संकटमा	किनभने	हे-परमप्रभु	कृपा-गर्नुहोस्	
H0990	H5315			H6244				H3068		

हे परमप्रभु, मसँग कैयौं दुःख-कष्टहरू छन् यसैले मप्रति कृपा-दृष्टि राख्नुहोस्। यसैले म यति साह्रो उदास छु मेरा आँखाहरू बिझाउँदैछन्। मेरो घोक्रो र भूँडीहरू दुखिरहेछन्।

כֹּחִ֣י	בַעֲוֹנִ֑י	כָּשַׁ֥ל	בַּֽאֲנָחָ֗ה	וּשְׁנוֹתַ֥י	חַ֝יָּ֗י	בְּיָג֥וֹן	כָּלְי֥וּ	כִּי	10
मेरो-शक्ति	मेरो-अपराधले	कमजोर-भएको-छ	सासमा	र-मेरा-वर्षहरू	मेरो-जीवन	शोकमा	टुक्रिएको-छ	किनभने	
H5771		H3782	H0585	H8141		H3015	H3615		
						עָשְׁשׁ֥וּ	בְעַצְמִֽי׃		
						क्षीण-भएका-छन्	र-मेरा-हाडहरू		
						H6244	H6106		

मेरो जीवन उदासीनतामा समाप्त भइरहेछ। मेरो उमेर नैराश्यमा बितिरहेछ। मेरा संकटहरूले मेरो शक्ति नाश गर्दै लाँदैछ। मेरो शक्तिले मलाई छोड्दै गइरहेछ।

וּפַחַ֣ד	מְאֹ֣ד	וְלִשְׁכֵנָ֑י	חֶרְפָּ֥ה	הָ֝יִ֗יתִי	צֹרְרָ֥י	מִכֹּ֣ל־			11
र-त्रासको-पात्र	अत्यन्तै	र-मेरा-छिमेकीहरूको-निम्ति	अपमानको-पात्र	म-भएको-छु	शत्रुहरूका-कारणले	मेरा-सबै			
H6343	H3966	H7934	H2781	H1961		H3605			
מְמָּנִֽי׃	נָ֭דְדוּ	בַּח֣וּץ	רֹ֑אַי	לְ֝מְיָדְעָ֗י					
मबाट	भागे	बाहिर	मलाई-देख्नेहरू	मेरा-चिनजानहरूको-निम्ति					
	H5074	H2351	H7200	H3045					

मेरा शत्रुहरूले मलाई हेला गर्छन्, अनि मेरा सम्पूर्ण छिमेकीहरूले पनि हेला गर्छन्। सबै मेरा आफन्तहरूले मलाई गल्लीमा देखेका छन्। तिनीहरू मसँग डराउँछन् जब गल्लीमा मलाई तिनीहरूले देख्छन्, तिनीहरू मलाई नदेखे झैं भान गर्छन्।

אָבֵֽד׃	כִּכְלִ֑י	הָ֝יִ֗יתִי	מִלֵּ֥ב	כְּמֵ֥ת	נִשְׁכַּ֗חְתִּי	12
टुटेको	टुटेको-भाँडोजस्तै	म-भएको-छु	हृदयबाट	मरेजस्तै	म-बिर्सिएको-छु	
H0006	H3627	H1961		H4191	H7911	

मानिसहरूले आफ्नो हराएको औजार जस्तै पूर्ण प्रकारले मलाई बिर्सिकाछन्।

עָלַ֥י	יַ֗חַד	בְּהִוָּסְדָ֥ם	מְסָ֫בִ֥יב	מָג֥וֹר	רַבִּ֑ים	דִּבָּ֥ת	וְשָׁמְעָ֥תִי	כִּי	13
ममाथि	सँगै	तिनीहरूले-सल्लाह-गर्दा	चारैतिरबाट	त्रास	धेरैको	धेरैको-निन्दा	मैले-सुनेको-छु	किनभने	
	H3245		H5439	H4032		H1681	H8085		
					זָמְמ֥וּ׃	נַפְשִׁ֑י	לָ֝קַ֗חַת		
					तिनीहरूले-षड्यन्त्र-रचे	मेरो-प्राण	लिनको-निम्ति		
					H2161	H5315	H3947		

मेरो विषयमा मानिसहरूले भनेका डरलाग्दा कुराहरू म सुन्छु। तिनीहरू मेरा विरोधीहरू भए, तिनीहरूले मलाई मार्ने योजना गरे।

אָתָּ֥ה׃	אֱלֹהָ֑י	אָ֝מַ֗רְתִּי	יְהוָ֥ה	בָּטַ֥חְתִּי	עָלֶ֥יךָ	וַאֲנִ֥י	14
तपाईं-हुनुहुन्छ	मेरा-परमेश्वर	मैले-भनेको-छु	हे-परमप्रभु	भरोसा-राखेको-छु	तपाईंमा	तर-म	
	H0430	H0559	H3068	H0982		H0589	

तर हे परमप्रभु, म तपाईंमाथि भरोसा गर्छु। तपाईं नै मेरो परमेश्वर हुनुहुन्छ।

וּמֵרֹדְפָֽי׃	אוֹיְבָ֑י	מִיַּד־	הַצִּ֥ילֵנִי	עִתֹּתַ֥י	בְּיָדֶ֗ךָ	15
र-मलाई-सताउनेहरूबाट	मेरा-शत्रुहरू	मेरा-शत्रुहरूको-हातबाट	मलाई-छुटाओस्	मेरो-समयहरू-छन्	तपाईंको-हातमा	
H7291	H0341	H3027	H5337	H6256	H3027	

मेरो जीवन तपाईंको हातमा छ, मलाई मेरो शत्रुहरूदेखि बचाउनुहोस्। कतिपय मानिसहरूले मलाई खेदिरहेका छन्। मलाई तिनीहरूबाट बचाउनुहोस्।

בְּחַסְדֶּֽךָ׃	הוֹשִׁיעֵ֑נִי	עַבְדֶּ֗ךָ	עַל־	פָּנֶ֥יךָ	הָאִ֥ירָה	16
तपाईंको-कृपाले	मलाई-बचाओस्	दासमा	तपाईंको-दासमाथि	तपाईंको-मुहार	चम्काओस्	
	H3467	H5650		H6440	H0215	

कृपया स्वागत जनाएर तपाईंको दासलाई ग्रहण गर्नुहोस्। ममाथि कृपादृष्टि परोस् र मलाई बचाउनु होस्!

17 יְהוָה֮ אֵ֤לֹ֨ה אֲבוֹשָׁ֗ה כִּ֤י קְרָאתִ֨יךָ֘ יֵ֤בֹשׁוּ רְשָׁעִ֨ים֘ יִדְמ֥וּ לִשְׁאֽוֹל׃

हे-परमप्रभु मलाई लज्जित-हुन-नदेओस् किनभने मैले-तपाईंलाई-पुकारेको-छु लज्जित-होउन् दुष्टहरू चुप-होउन् पातालमा

H3068 H0408 H0954 H7121 H0954 H7563 H7585

हे परमप्रभु, मैले तपाईंलाई प्रार्थना गरें। यसर्थ म असन्तुष्ट हुँदिन। दुष्ट मानिसहरू असन्तुष्ट हुनेछन्। तिनीहरू निस्तब्ध चिहानभित्र जानेछन्।

18 תְּאַלַּמְנָה֮ שִׂפְתֵ֪י שָׁ֫קֶר֥ הַדֹּבְרוֹת֮ עַל־צַ֪דִּ֫יק עָ֭תָק בְּגַאֲוָ֣ה וָבֽוּז׃

मौन-होउन् झूटा-ओठहरू झूटका बोल्नेहरू धार्मिकको-विरुद्धमा अहंकारको घमण्डमा र-अपमानमा

H0481 H8193 H8267 H1696 H6662 H6277 H1346 H0937

ती दुष्टहरू अंहकार गर्छन् अनि राम्रा मानिसहरूको विषयमा झूटा कुरा गर्छन्। ती दुष्टहरू घमण्डी छन्, तिनीहरूको झूटो बोल्ने ओंठहरू मौन हुनेछन्।

19 מָ֤ה רַב־טוּבְךָ֨ אֲשֶׁר־צָפַ֪נְתָּ לִ֫ירֵאֶ֥יךָ פָּעַ֥לְתָּ לַחוֹסִ֑ים נֶ֝֗גֶד בְּנֵי־אָדָֽם׃

कति ठूलो जुन तपाईंको-भलाइ तपाईंसँग-डराउनेहरूको-निम्ति तपाईंले-सञ्चित-गर्नुभयो तपाईंले-गर्नुभयो सामुन्ने सन्तानहरूको

H4100 H7227 H2898 H3373 H6845 H6466 H5048 H0120

हे परमेश्वर! तपाईंले धेरै आश्चर्य-जनक कुराहरू आफ्ना भक्तजनहरूको निम्ति लुकाउनु भएको छ। तपाईंले असल कुराहरू प्रत्येक मानिसहरूलाई गर्नु हुन्छ जसले तपाईंलाई विश्वास गर्छन्।

20 תַּסְתִּירֵ֤ם בְּסֵ֣תֶר פָּ֭נֶיךָ מֵרֶכְסֵ֣י אִ֑ישׁ תָּצְפְּנֵ֖ם בְּסֻכָּ֣ה מֵרִ֣יב לְשֽׁוֹנוֹת׃

जिब्राहरू छाप्रोमा तिनीहरूलाई-सुरक्षित-राख्नुहुन्छ जिब्राहरूको-विवादबाट मानिसहरूको-षड्यन्त्रबाट तपाईंको-मुहारबाट आफ्नो-उपस्थितिको-गोप्यमा तपाईंले-तिनीहरूलाई-लुकाउनुहुन्छ

H3956 H7379 H5521 H6845 H0376 H7407 H6440 H5641

धर्मी मानिसहरूलाई कष्ट दिनलाई दुष्टहरू एक जुट हुन्छन्। ती दुष्टहरू लडाइँ गर्न तैयार हुन्छन्। तर तपाईंले ती मानिसहरूलाई लुकाउनु हुन्छ र तिनीहरूको रक्षा गर्नु हुन्छ। तपाईंले तिनीहरूलाई आफ्नो छत्रछाँयामा जोगाउनु हुन्छ।

21 בָּר֣וּךְ יְ֭הוָה כִּ֣י הִפְלְ֣יא חַסְדּ֑וֹ לִ֝֗י בְּעִ֥יר מָצֽוֹר׃

धन्य परमप्रभु किनभने उहाँले-अद्भुत-देखाउनुभयो आफ्नो-कृपा ममाथि घेरा-परेको शहरमा

H1288 H3068 H6381 H2617 H3807 H5892 H4692

परमप्रभुको जय होस्! जब सम्पूर्ण शहरलाई शत्रुहरूले घेरेका थिए, आफ्नो स्नेहपूर्ण करूणा अद्भूत प्रकारले मलाई देखाउनु भयो।

22 וַאֲנִ֗י אָ֭מַרְתִּי בְּחָפְזִ֑י נִגְרַזְתִּ֥י מִנֶּ֝֗גֶד עֵינֶ֥יךָ שָׁמַ֥עְתָּ קוֹל֘ תַּחֲנוּנַ֪י בְּשַׁוְּעִ֫י אֵלֶֽיךָ׃

र-मैले भनेको-थिएँ मेरो-आतङ्कमा म-टाढा-भएको-छु आँखा तपाईंको-आँखाबाट तपाईंले-सुन्नुभयो स्वर मेरो-बिन्तीको तपाईंतिर

H0589 H0559 H2648 H1629 H5048 H5869 H8085 H8469 H7768 H0413

म भयभीत थिएँ अनि मैले भने, “म यस्तो ठाउँमा छु जहाँ परमेश्वरले मलाई देख्न सक्नु हुन्न। तर मैले तपाईंलाई प्रार्थना गरें, परमेश्वर अनि तपाईंले मेरो प्रार्थना सहायताका लागि सुन्नु भयो।”

23 אֶהֱבוּ֤ אֶת־יְהוָ֨ה כָּל־חֲסִידָ֗יו אֱ֭מוּנִים נֹצֵ֣ר יְהוָ֑ה וּמְשַׁלֵּ֥ם עַל־יֶ֝֗תֶר עֹשֵׂ֥ה גַאֲוָֽה׃

घमण्ड घमण्ड-गर्नेहरूलाई अत्यधिक पूरा-रूपमा र-फिर्ता-दिनुहुन्छ

H1346 H6213 H3499 H3068 H5341 H0539 H2623 H3605 H3068 H0853 H0157

हे परमेश्वरका भक्तजनहरू, तिमीहरूले परमप्रभुलाई प्रेम गर्नु पर्छ! परमप्रभुले तिनीहरूलाई रक्षा गर्नुहुन्छ जो उहाँप्रति विश्वासी छन्। तर परमप्रभुले तिनीहरूलाई दण्ड दिनुहुन्छ जसले आफ्नो बलको अहंकार गर्छन्। उहाँले तिनीहरूलाई दण्ड दिनुहुन्छ जो त्यसको लायक छन्।

חִזְקוּ	וְיַאֲמֵץ	לְבַבְכֶם	כָּל־	הַמְיַחֲלִים	לַיהוָה׃	24
दृढ–होओ	र–साहसी–होस्	तिम्रो–हृदयहरू	सबै	परमप्रभुमा–आशा–राख्नेहरू	परमप्रभुमा	
H2388	H0553	H3824	H3605	H3176	H3068	

बलियो र वीर होऊ, तिमीहरू सबै जो परमप्रभुको सहयोग पर्खिरहेका छौ।

Chapter 32

לְדָוִד	מַשְׂכִּיל	אַשְׁרֵי	נְשׂוּי־	פֶּשַׁע	כְּסוּי	חַטָּאָה׃	1
दाऊदको	शिक्षामूलक–भजन	धन्य	जसको–अपराध	अपराध	क्षमा–भएको–छ	पाप	
H1732	H4905	H0835	H5375	H6588	H3680	H2401	

त्यो मानिस खुशी हुन्छ, जसका पापहरू क्षमा गरिएका छन्। त्यो मानिस एकदमै भाग्यमानी हो जसका पापहरू मेटिएका छन्।

אַשְׁרֵי	אָדָם	לֹא	יַחְשֹׁב	יְהוָה	לוֹ	עָוֹן	וְאֵין	בְּרוּחוֹ	רְמִיָּה׃	2
धन्य	त्यो–मानिस	जसलाई	गण्नुहुन्न	परमप्रभुले	उसलाई	अपराध	र–छैन	उसको–आत्मामा	छलकपट	
H0835	H0120	H3808	H2803	H3068		H5771	H0369	H7307		

त्यो मानिस खुशी हुन्छ, जब परमप्रभुले त्यो दोषी होइन भनिदिनु हुन्छ। त्यो मानिस एकदमै भाग्यमानी हुन्छ जब उसले आफ्ना निजी पापहरू लुकाउँदैन।

כִּי־	הֶחֱרַשְׁתִּי	בָלוּ	עֲצָמַי	בְּשַׁאֲגָתִי	כָּל־	הַיּוֹם׃	3
जब	मैले–चुप–लागेको–थिएँ	क्षीण–भए	मेरा–हाडहरू	मेरो–कराहटले	सबै	दिनभरि	
		H1086	H6106	H7581	H3605	H3117	

परमेश्वर मैले तपाईंलाई घरि-घरि प्रार्थना गरें। तर मैले आफ्नो गुप्त पापहरूको विषयमा कुरा गरिनँ। जतिपल्ट प्रार्थना गरें, उतिपल्ट म कमजोर हुँदै गएँ।

כִּי	יוֹמָם	וָלָיְלָה	תִּכְבַּד	עָלַי	יָדֶךָ	נֶהְפַּךְ	לְשַׁדִּי	בְּחַרְבֹנֵי	קַיִץ	4
किनभने	दिन	र–रात	गह्रो–थियो	ममाथि	तपाईंको–हात	परिवर्तन–भयो	मेरो–शक्ति	ग्रीष्मको–सुक्खापनको	ग्रीष्म	
	H3119	H3915	H3513		H3027	H2015	H3955	H2725	H7019	

סֶלָה׃
सेला
H5542

परमेश्वर, तपाईंले मेरो जीवन रात-दिन कठिन भन्दा कठिन बोझ बनाउनु भयो। म ग्रीष्म ऋतुमा सुक्खा जमीन जस्तो भएँ।

חַטָּאתִי	אוֹדִיעֲךָ	חֲטָאַי	לֹא־	כִסִּיתִי	אָמַרְתִּי	אוֹדֶה	עָלַי	פְּשָׁעַי		5
मेरो–पाप	मैले–तपाईंलाई–जनाएँ	मैले	र–मेरो–अपराध	लुकाइनँ	मैले–भनें	म–स्वीकार–गर्नेछु	मेरो	अपराधहरू		
	H3045	H3808	H5771	H3680	H0559	H3034		H6588		

לַיהוָה	וְאַתָּה	נָשָׂאתָ	עֲוֹן	חַטָּאתִי	סֶלָה׃	
परमप्रभुलाई	र–तपाईंले	क्षमा–गर्नुभयो	अपराध	मेरो–पापको	सेला	
H3068		H5375	H5771		H5542	

तर त्यसपछि मैले आफ्ना सारा पापहरू परमप्रभु समक्ष स्वीकार गर्ने निर्णय लिएँ। परमप्रभु, मैले आफ्ना पापहरू तपाईंलाई भनें। मेरा दोषहरू तपाईं देखि कुनै पनि लुकाइँन। अनि तपाईंले मेरो सारा पापहरू क्षमा गरिदिनु भयो!

עַל־	זֹאת	יִתְפַּלֵּל	כָּל־	חָסִיד	אֵלֶיךָ	לְעֵת	מְצֹא	רַק	לֶשֶׁטֶף	6
यसकारणले	यसको–निम्ति	प्रार्थना–गरोस्	सबै	भक्तहरूले	तपाईंतिर	पाइने–समयमा	पाइने	निश्चय–नै	ठूला–बाढीले	
	H2063	H6419	H3605	H2623	H0413	H6256	H4672	H7535	H7858	

מַיִם	רַבִּים	אֵלָיו	לֹא	יַגִּיעוּ׃	
पानीहरूको	ठूला	तिनीहरूसम्म	पुग्नेछैनन्	पुग्नेछन्	
H4325		H0413	H3808	H5060	

यही कारणले गर्दा, परमेश्वर, तपाईंका सम्पूर्ण भक्तजनहरूले तपाईंलाई प्रार्थना गर्नु पर्छ। तपाईंका भक्तजनहरूले ठूलो बाढी जस्ता संकटहरू आईपरे तापनि तपाईंलाई प्रार्थना गर्नुपर्छ।

תְּסֹובְבֵנִי	פַּלֵּט	רָנַּי	תְּצִּרֵנִי	מִצָּר	לִי	סֵתֶר	וְאַתָּה	7
गीतहरूले-मलाई-घेर्नुहुन्छ	उद्धारको	छुटकाराको	तपाईले-मलाई-जोगाउनुहुन्छ	संकटबाट	मेरो-निम्ति	शरण-स्थान	तपाईं	
H5437	H6405	H7438	H5341					

סֶּלָה׃
सेला
H5542

हे परमेश्वर, तपाईं मेरो लुक्ने ठाउँ हुनुहुन्छ, तपाईं मलाई संकटहरूबाट रक्षा गर्नुहुन्छ। तपाईं मलाई चारैतिरबाट घेरेर रक्षा गर्नुहुन्छ। यसैले जुन तरिकाले मलाई बचाउनु भयो त्यसको गीत गाउँदछु।

עָלֶיךָ	אִיעֲצָה	תַּלֶּךְ	זּוּ	בְּדֶרֶךְ־	וְאוֹרְךָ	וְאַשְׂכִּילְךָ	8
तिमीमाथि	म-सल्लाह-दिनेछु	तिमीले-हिँड्नुपर्छ	यो	बाटोमा	र-तिमीलाई-बाटो-देखाउनेछु	म-तिमीलाई-शिक्षा-दिनेछु	
	H3289	H3212	H2098	H1870			

עֵינִי׃
मेरो-आँखा

परमप्रभु भन्नुहुन्छ, “म तँलाई शिक्षा दिनेछु र कुन तरिकाले बाँच्नु पर्ने हो सो म सिकाउनेछु। म तिम्रो रक्षा गर्नेछु र पथ-प्रदर्शक हुनेछु।

עָדְיֹו	וָרֶסֶן	בְּמֶתֶג־	הָבֵין	אֵין	כְּפֶרֶד	כְּסוּס	וְתִהְיוּ	אַל־	9
तिनीहरूको-सजावट	रस्सीले	लगाम-र	बुझ्ने-शक्ति-छैन	जसलाई	खच्चरजस्तै	घोडाजस्तै	तिमीहरू	नहोओ	
H5716	H7448	H4964	H0995	H0369	H6505		H1961	H0408	

אֵלֶיךָ׃	קָרַב	בַּל	לִבְלֹום
तिमीतिर	नजिक-आउनेछन्	नत्र	नियन्त्रण-गर्नुपर्छ
H0413	H7126	H1077	H1102

यसैले घोडा अथवा गधा जस्तो मूर्ख नहोऊ। ती पशुहरूलाई वशमा पार्नलाई लगाम र अंकुश लगाउनु पर्छ। ती चीजहरू नलगाए, ती पशुहरू काबुमा आउने छैनन्।”

יְסֹובְבֵנוּ׃	חֶסֶד	בַּיהוָה	וְהַבֹּטֵחַ	לָרָשָׁע	מַכְאֹובִים	רַבִּים	10
घेर्नेछ	कृपाले	परमप्रभुमा	तर-परमप्रभुमा-भरोसा-राख्नेलाई	दुष्टहरूको-निम्ति	दुःखहरू-छन्	धेरै	
H5437		H3068	H0982	H7563	H4341		

दुष्ट मानिसहरूकहाँ कैयौं पीरहरू आउने छन्। तर परमेश्वरको स्नेहपूर्ण करूणाले ती मानिसहलाई घेर्ने छ जसले परमप्रभुमाथि भरोसा गर्छन्।

לֵב׃	יִשְׁרֵי־	כָּל־	וְהַרְנִינוּ	צַדִּיקִים	וְגִילוּ	בַּיהוָה	שִׂמְחוּ	11
भएकाहरू	सिधा-हृदय	सबै	र-जय-गाओ	हे-धार्मिकहरू	र-उल्लसित-होओ	परमप्रभुमा	आनन्दित-होओ	
	H3477	H3605		H6662	H1523	H3068	H8055	

हे धार्मिक मानिसहरू हो, परमप्रभुमा प्रफुल्लित र अत्यन्त खुशी होऊ। हे शुद्ध हृदय भएका मानिसहरू प्रफुल्लित होऊ।

Chapter 33

תְּהִלָּה׃	נָאוָה	לַיְשָׁרִים	בַּיהוָה	צַדִּיקִים	רַנְּנוּ	1
स्तुति	उचित-छ	सोझाहरूका-लागि	परमप्रभुमा	धर्मीहरू	गाओ-आनन्दले	
H8416	H5000	H3477	H3068	H6662		

हे असल धार्मिक मानिसहरू परमप्रभुमा आनन्दित होऊ! उहाँको गुण गाउनु मानिसहरूका लागि राम्रो हुन्छ।

לוֹ׃	זַמְּרוּ־	עָשֹׂור	בְּנֵבֶל	בְּכִנֹּור	לַיהוָה	הֹודוּ	2
उहाँलाई	भजन-गाओ	सारङ्गीले	दश-तारे	वीणाले	परमप्रभुलाई	धन्यवाद-देओ	
	H2167	H6218		H3658	H3068	H3034	

वीणा बजाएर परमप्रभुको स्तुति गर! दश तारे साराङ्गी बजाएर परमप्रभुको भजन गाओ।

שִׁירוּ־	לוֹ	שִׁיר	חָדָשׁ	הֵיטִיבוּ	נַגֵּן	בִּתְרוּעָה׃	3
गाओ	उहाँलाई	गीत	नयाँ	राम्ररी	बजाओ	जयकारसँग	
H7891			H2319	H3190	H5059	H8643	

उहाँको निम्ति एउटा नयाँ गीत गाऊ। सुखमय सुन्दर वाद्यहरू बजाऊ!

כִּי־	יָשָׁר	דְּבַר־	יְהוָה	וְכָל־	מַעֲשֵׂהוּ	בֶּאֱמוּנָה׃	4
किनभने	सत्य-छ	वचन	परमप्रभुको	र-सबै	उहाँका-कामहरू	विश्वासयोग्य-छन्	
	H3477	H1697	H3068	H3605	H4639	H0530	

परमेश्वरको वचन सत्य छ। उहाँले गर्नुभएको प्रत्येक कुरामा तिमीहरू भर पर्न सक्छौ।

אֹהֵב	צְדָקָה	וּמִשְׁפָּט	חֶסֶד	יְהוָה	מָלְאָה	הָאָרֶץ׃	5
प्रेम-गर्नुहुन्छ	धार्मिकता	र-न्याय	कृपाले	परमप्रभुको	भरिएको-छ	पृथ्वी	
H0157	H6666	H4941		H3068	H4390	H0776	

परमेश्वर स्वच्छ हुनु मन पराउनु हुन्छ अनि राम्रो काम गर्नु हुन्छ। परमेश्वरको साँचो प्रेमले पृथ्वी भरिन्छ।

צְבָאָם׃	כָּל־	פִּיו	וּבְרוּחַ	נַעֲשׂוּ	שָׁמַיִם	יְהוָה	בִּדְבַר	6
तिनका-सेनाहरू	सबै	उहाँको-मुखको	र-श्वासद्वारा	बनाइए	आकाशहरू	परमप्रभुको	वचनद्वारा	
	H3605	H6310	H7307		H8064	H3068	H1697	

परमप्रभुले आदेश गर्नुभयो र यो संसार बनियो। परमेश्वरको मुखबाट निस्केको सासबाट पृथ्वीमा प्रत्येक कुराको सृजना भयो।

תְּהוֹמוֹת׃	בְּאֹצָרוֹת	נֹתֵן	הַיָּם	מֵי	כַּנֵּד	כֹּנֵס	7
गहिराइहरू	भण्डारहरूमा	राख्नुहुन्छ	समुद्रका	पानीहरू	थुप्रोमा-जस्तै	जम्मा-गर्नुहुन्छ	
H8415	H0214	H5414	H3220	H4325	H5067	H3664	

परमप्रभुले समुद्रबाट पानी एक ठाउँमा थुपार्नु भयो। उहाँले सागरलाई आफ्नो ठाउँमा राख्नुभयो।

תֵּבֵל׃	יֹשְׁבֵי	כָּל־	יָגוּרוּ	מִמֶּנּוּ	הָאָרֶץ	כָּל־	מֵיְהוָה	יִירְאוּ	8
संसारका	बासिन्दाहरू	सबै	थरथर-काम्नून्	उहाँदेखि	पृथ्वी	सारा	परमप्रभुसँग	डराऊन्	
H8398	H3427	H3605			H0776	H3605	H3068	H3372	

यस पृथ्वीमा प्रत्येक मानिसले डराउनु पर्छ र परमप्रभुको सम्मान गर्नु पर्छ। संसारमा भएका सबै मानिसहरू उहाँदेखि डराउनु पर्नेछ।

וַיֵּעָמֵד׃	צִוָּה	הוּא־	וַיְהִי	אָמַר	הוּא	כִּי	9
र-खडा-भयो	आज्ञा-दिनुभयो	उहाँले	र-भयो	भन्नुभयो	उहाँले	किनभने	
H5975	H6680	H1931	H1961	H0559	H1931		

किनभने परमेश्वरले आदेश गर्दा मात्र ती कुराहरू प्रकट हुन्छन। अनि यदि उहँले भन्नुहुन्छ, “रोक!” तब ती सबै रोकिने छन्।

עַמִּים׃	מַחְשְׁבוֹת	הֵנִיא	גּוֹיִם	עֲצַת־	הֵפִיר	יְהוָה	10
मानिसहरूका	विचारहरू	व्यर्थ-बनाउनुहुन्छ	जातिहरूको	योजना	निष्फल-पार्नुहुन्छ	परमप्रभुले	
	H4284	H5106		H6098	H6331	H3068	

यदि परमप्रभुले चाहनु भयो भने, प्रत्येकका योजनाहरू व्यार्थ पार्न सक्नुहुन्छ। उहाँले तिनीहरूका योजनाहरू ध्वंश पार्न सक्नु हुन्छ।

וָדֹר׃	לְדֹר	לִבּוֹ	מַחְשְׁבוֹת	תַּעֲמֹד	לְעוֹלָם	יְהוָה	עֲצַת	11
रहन्छन्	पुस्तौँ-पुस्तौँसम्म	उहाँको-हृदयका	विचारहरू	टिक्छ	सदासर्वदा	परमप्रभुको	योजना	
H1755	H1755		H4284	H5975	H5769	H3068	H6098	

तर परमप्रभुको सल्लाह सदा-सर्वदा असल हुन्छ। उहाँका योजनाहरू पुस्तौं-पुस्तासम्म असल हुन्छन्।

לוֹ׃	לְנַחֲלָה	בָּחַר	וְהָעָם	אֱלֹהָיו	יְהוָה	אֲשֶׁר־	הַגּוֹי	אַשְׁרֵי	12
उहाँको	उत्तराधिकारका-लागि	छानिएका	ती-मानिसहरू	परमेश्वर-हुनुहुन्छ	परमप्रभु	जसको	त्यो-जाति	धन्य-छ	
	H5159	H0977		H0430	H3068			H0835	

परमप्रभु जुन मानिसहरूको परमेश्वर स्वरूप हुनुहुन्छ, तिनीहरू सौभाग्यशाली हुन्छन्। किनभने परमेश्वरले तिनीहरूलाई उहाँको आफ्नै खास मानिसहरू सरह रोज्नु भएकोछ।

13	מִשָּׁמַיִם	הִבִּיט	יְהוָה	רָאָה	אֶת־	כָּל־	בְּנֵי	הָאָדָם׃
	स्वर्गबाट	हेर्नुहुन्छ	परमप्रभु	देख्नुहुन्छ	सबै	सम्पूर्ण	सन्तानहरू	मानिसका
	H8064	H5027	H3068	H7200	H0853	H3605		H0120

परमप्रभुले स्वर्गबाट तल हेर्नु भयो अनि उहाँले सारा मानिसहरूलाई देख्नु भयो।

14	מִמְּכוֹן־	שִׁבְתּוֹ	הִשְׁגִּיחַ	אֶל	כָּל־	יֹשְׁבֵי	הָאָרֶץ׃	
	बासस्थानबाट	आफ्नो-सिंहासनको	हेर्नुहुन्छ	तर्फ	सबै	बासिन्दाहरू	पृथ्वीका	
	H4349	H3427	H7688	H0413	H3605	H3427	H0776	

उहाँले उच्च-आसनबाट तल पृथ्वीमा बाँचिरहेका सारा मानिसहरूलाई हेर्नु भयो।

15	הַיֹּצֵר	יַחַד	לִבָּם	הַמֵּבִין	אֶל־	כָּל־	מַעֲשֵׂיהֶם׃
	बनाउनुहुन्छ	एकसाथ	तिनीहरूका-हृदयहरू	बुझ्नुहुन्छ	सबै	समस्त	तिनीहरूका-कामहरू
	H3335			H0995	H0413	H3605	H4639

परमेश्वरले प्रत्येक मानिसको रचना गर्नुभयो। परमेश्वर तिनीहरूले के सोच्दछन् जान्नुहुन्छ।

16	אֵין־	הַמֶּלֶךְ	נוֹשָׁע	בְּרָב־	חָיִל	גִּבּוֹר	לֹא־	יִנָּצֵל	בְּרָב־	כֹּחַ׃
	छैन	राजा	बचाइने	ठूलो	सेनाद्वारा	योद्धा	छुटकारा-पाउँदैन	उद्धार-हुँदैन	ठूलो	बलद्वारा
	H0369	H4428	H3467	H7230	H2428	H1368	H3808	H5337	H7230	

कुनै पनि राजा आफ्नो महान् शक्तिद्वारा बाँच्दैन। कुनै पनि बलियो सिपाही उसको महान् बलबाट बाँच्दैन।

17	שֶׁקֶר	הַסּוּס	לִתְשׁוּעָה	וּבְרֹב	חֵילוֹ	לֹא	יְמַלֵּט׃
	झूटो-छ	घोडा	उद्धारका-लागि	र-ठूलो	यसको-शक्तिले	छुटाउँदैन	बचाउँदैन
	H8267		H8668	H7230	H2428	H3808	H4422

घोडाहरूले साँच्चै लडाइँमा विजय ल्याउँदैनन्। तिनीहरूका बलले तिनीहरूलाई वास्तवमा भाग्न सहायता गर्न सक्दैन।

18	הִנֵּה	עֵין	יְהוָה	אֶל־	יְרֵאָיו	לַמְיַחֲלִים	לְחַסְדּוֹ׃
	हेर	आँखा	परमप्रभुको	माथि	उहाँदेखि-डराउनेहरूमाथि	आशा-गर्नेहरूमाथि	उहाँको-कृपामा
	H2009		H3068	H0413	H3373	H3176	

परमप्रभुले हेर्नुहुन्छ साथै हेरचाह गर्नुहुन्छ तिमीहरूमध्ये जसले उहाँलाई मान्दछन्। जसले उहाँलाई सम्मान् गर्छ उहाँ महान् प्रेमले, मानिसहरूको रक्षा गर्नुहुन्छ।

19	לְהַצִּיל	מִמָּוֶת	נַפְשָׁם	וּלְחַיּוֹתָם	בָּרָעָב׃
	बचाउनलाई	मृत्युबाट	तिनीहरूको-प्राण	र-जिउँदो-राख्नलाई	अनिकालमा
	H5337	H4194	H5315	H2421	H7458

परमेश्वरले ती मानिसहरूलाई मृत्युबाट बचाउनु हुन्छ। जब तिनीहरू भोका हुन्छन् उहाँले तिनीहरूलाई बल दिनुहुन्छ।

20	נַפְשֵׁנוּ	חִכְּתָה	לַיהוָה	עֶזְרֵנוּ	וּמָגִנֵּנוּ	הוּא׃
	हाम्रो-प्राण	पर्खिरहेछ	परमप्रभुलाई	हाम्रो-सहायता	र-हाम्रो-ढाल	उहाँ-हुनुहुन्छ
	H5315	H2442	H3068	H5828	H4043	H1931

यसैले हामी आशा लिएर परमप्रभुलाई पर्खनेछौं। उहाँले हामीलाई साथ दिनुहुन्छ र रक्षा गर्नुहुन्छ।

21	כִּי־	בּוֹ	יִשְׂמַח	לִבֵּנוּ	כִּי	בְשֵׁם	קָדְשׁוֹ	בָּטָחְנוּ׃
	किनभने	उहाँमा	आनन्दित-हुन्छ	हाम्रो-हृदय	किनभने	पवित्र-नाममा	उहाँको	भरोसा-गरेका-छौं
			H8055			H8034	H6944	H0982

परमेश्वरले हामीलाई खुशी पार्नु हुन्छ, हामी साँच्चै उहाँको पवित्र नाउँमा भरोसा गर्छौं।

22	יְהִי־	חַסְדְּךָ	יְהוָה	עָלֵינוּ	כַּאֲשֶׁר	יִחַלְנוּ	לָךְ׃
	होस्	तपाईको-कृपा	परमप्रभु	हामीमाथि	जस्तो	आशा-गरेका-छौं	तपाईमा
	H1961		H3068			H3176	

हे परमप्रभु, हामी साँचो मनले तपाईलाई पूज्दछौं। यसर्थ हामीलाई तपाईको महान् प्रेम दर्शाउनुहोस्।

Chapter 34

אֲבָרְכָה	וַיֵּלֶךְ׃	וַיְנַעֲרֻשֵׁהוּ	אֲבִימֶלֶךְ	לִפְנֵי	טַעְמוֹ	אֶת־	בְּשַׁנּוֹתָו	לְדָוִד		1
धन्यवाद-दिन्छु	र-गए	र-निकालिदिए-उनलाई	अबीमेलेकको	सामुन्ने	आफ्नो-व्यवहार	उहाँले	जब-बदल्नुभयो	दाऊदको		
H1288	H1980	H1644	H0040	H6440	H2940	H0853		H1732		
בְּפִי׃	תְּהִלָּתוֹ	תָּמִיד	עֵת	בְּכָל־	יְהוָה	אֶת־				
मेरो-मुखमा	उहाँको-स्तुति	निरन्तर	समयमा	सबै	परमप्रभुलाई	म				
H6310	H8416	H8548	H6256	H3605	H3068	H0853				

हर समय म परमप्रभुलाई धन्यको भन्छु। उहाँको स्तुति निरन्तर मेरो ओंठमा हुनेछ।

וְיִשְׂמָחוּ׃	עֲנָוִים	יִשְׁמְעוּ	נַפְשִׁי	תִּתְהַלֵּל	בַּיהוָה	2
र-आनन्दित-होऊन्	नम्रहरूले	सुनून्	मेरो-प्राण	गर्व-गर्छ	परमप्रभुमा	
H8055	H6035	H8085	H5315		H3068	

नम्र मानिसहरू! सुन र खुशी बन। मेरो प्राणले परमप्रभुको विषयमा घमण्ड गर्दछ।

יַחְדָּו׃	שְׁמוֹ	וּנְרוֹמְמָה	אִתִּי	לַיהוָה	גַּדְּלוּ	3
सँगसँगै	उहाँको-नाम	र-उचाल्दौं	मसँग	परमप्रभुलाई	महान-बनाओ	
	H8034		H0854	H3068	H1431	

परमप्रभुको स्तुति मसँग गर! र हामी मिलेर उहाँको नाउँको सम्मान गरौं।

הִצִּילָנִי׃	מְגוּרוֹתָי	וּמִכָּל־	וְעָנָנִי	יְהוָה	אֶת־	דָּרַשְׁתִּי	4
छुटकारा-दिनुभयो	मेरा-भयहरूबाट	र-सबै	र-जवाफ-दिनुभयो	परमप्रभुलाई	मैले	खोजें	
H5337	H4034	H3605		H3068	H0853	H1875	

म परमेश्वरको संगत पाउनलाई उहाँकहाँ गएँ। अनि उहाँले मलाई उत्तर दिनुभयो। मेरा सब डरहरूबाट उहाँले मलाई बचाउनु भयो।

יֶחְפָּרוּ׃	אַל־	פְּנֵיהֶם	וְנָהֲרוּ	אֵלָיו	הִבִּיטוּ	5
लाजमा-परेनन्	कहिल्यै	र-तिनीहरूका-अनुहारहरू	र-चम्किए	उहाँतर्फ	हेरे	
H2659	H0408	H6440		H0413	H5027	

उहाँको पाउन परमप्रभुलाई हेर, लज्जित नहोऊ, उहाँले तिमीलाई स्वीकार गर्नुहुने छ।

הוֹשִׁיעוֹ׃	צָרוֹתָיו	וּמִכָּל־	שָׁמֵעַ	וַיהוָה	קָרָא	עָנִי	זֶה	6
बचाउनुभयो	उसका-कष्टहरूबाट	र-सबै	सुन्नुभयो	र-परमप्रभुले	पुकारे	गरिब-मानिसले	यो	
H3467		H3605	H8085	H3068	H7121	H6041	H2088	

यस दुःखी मानिसहले उहाँको पाउनलाई परमप्रभुलाई बोलायो। अनि परमप्रभुले मेरो कुरा सुन्नुभयो। उहाँले मलाई सबै संकटहरूबाट बचाउनुभयो।

וַיְחַלְּצֵם׃	לִירֵאָיו	סָבִיב	יְהוָה	מַלְאַךְ־	חֹנֶה	7
र-छुटकारा-दिन्छन्	उहाँदेखि-डराउनेहरूको	वरिपरि	परमप्रभुका	दूत	छाउनी-हाल्छन्	
	H3373	H5439	H3068	H4397	H2583	

परमप्रभुको स्वर्गदूतले जुन मानिसहरूले परमप्रभुको अनुशरण गरे, उनीहरूको चारैतिर छाउनी बनाउँछ अनि तिनीहरूलाई बचाउँछन्। स्वर्गदूतहरूले तिनीहरूको रक्षा गरे।

בּוֹ׃	יֶחֱסֶה־	הַגֶּבֶר	אַשְׁרֵי	יְהוָה	טוֹב	כִּי־	וּרְאוּ	טַעֲמוּ	8
उहाँमा	जसले-शरण-लिन्छ	त्यो-मानिस	धन्य-छ	परमप्रभु	असल-हुनुहुन्छ	कि	र-देख्नुहोस्	चाख्नुहोस्	
H8441	H7896		H3045	H7368	

אֵצֵא׃	וְלֹא	כָּלֹא	לָמוֹ
—	—	—	र-बाहिर-जान-सक्दिन
H3318	H3808	H3607	

मेरो साथीहरूले मलाई छाडी गए। सबैले मलाई अछुत व्यक्ति जस्तो छि-छि, दूर-दूर ब्यहावार गरे। म त्यस घरमा बन्द थिएँ अनि बाहिर जान सक्तिनथिएँ।

בְּכָל־	יְהוָה	קְרָאתִיךָ	עֲנִי	מִנִּי	דָאֲבָה	עֵינִי	9
—	तपाईंतिर-पसार्छु	मेरो-हातहरू	हे-परमप्रभु	म-तपाईंलाई-दिनभरि-पुकार्छु	दुःखले-क्षीण-भएको-छ	मेरो-आँखा	
H3605	H3068	H7121	H6040		H1669		

כַּפָּי׃	אֵלֶיךָ	שִׁטַּחְתִּי	יוֹם	
—	—	—	—	
H3709	H0413	H7849	H3117	

मेरा आँखाहरू मेरो सम्पूर्ण दुःखहरूमा रूदाँ-रूदाँ पोल्न थालिसक्यो। हे परमप्रभु, म तपाईंलाई अटूट प्रार्थना गर्छु, मेरो पाखुराहरू तपाईं प्रति प्रार्थनामा उठ्छन्।

יוֹדוּךָ	וְקָמוּ	רְפָאִים	אִם־	פֶּלֶא	תַּעֲשֶׂה־	הֲלַמֵּתִים	10
—	—	सेलाह	उठेर-तपाईंको-प्रशंसा-गर्नेछन्	के-आत्माहरूले	आश्चर्य-गर्नुहुन्छ	के-तपाईंले-मरेकाहरूको-निम्ति	
H3034		H7496		H6382		H4191	

סֶלָה׃	
—	
H5542	

हे परमप्रभु, के मृत मानिसहरूका लागि तपाईं आश्चय काम रच्नुहुन्छ? के भूतहरूमाथि उठ्छन् र तपाईंको प्रशंसा गर्छन्? अँहँ गर्दैनन्।

בְּאֲבַדּוֹן׃	אֱמוּנָתְךָ	חַסְדֶּךָ	בַּקֶּבֶר	הַיְסֻפַּר	11
—	—	विनाशमा-भनिनेछ	र-तपाईंको-विश्वसनीयता	के-चिहानमा-तपाईंको-करुणा	
H0011	H0530		H6913		

चिहानभित्र भएका मृत मानिसहरूले तपाईंको प्रेम बारे कुरा गर्न सक्ने छैनन्। मृत मानिसहरूले मृतकहरूको संसारमा तपाईंको विश्वासको विषयमा भन्न सक्ने छैनन्।

נְשִׁיָּה׃	בְּאֶרֶץ	וְצִדְקָתְךָ	פִּלְאֶךָ	בַּחֲשֶׁךְ	הֱיִוָּדַע	12
—	—	चिनिन्छ	बिर्सनेको-देशमा	र-तपाईंको-धर्म	के-अन्धकारमा-तपाईंका-आश्चर्यहरू	
H5388	H0776	H6666	H6382	H2822	H3045	

मृत मानिसहरू अंन्धकारमा लडिरहेका हुन्छन्, तपाईंले गर्नु भएका अचम्मका कुराहरू देख्न सक्तैनन्। मृत मानिसहरूले बिर्सिएको संसारमा तपाईंको धार्मिकताको कुरा गर्न सक्तैनन्।

תְּקַדְּמֶךָּ׃	תְּפִלָּתִי	וּבַבֹּקֶר	שַׁוְּעָתִי	יְהוָה	אֵלֶיךָ	וַאֲנִי	13
—	—	तपाईंको-सामु-पुग्छ	र-बिहानै-मेरो-प्रार्थना	तपाईंको-सामु-पुकार्छु	हे-परमप्रभु	तर-म	
H6923	H8605	H1242	H7768	H3068	H0413	H0589	

हे परमप्रभु, म तपाईंको सहायताको निम्ति प्रार्थना गरिरहेको छु। प्रत्येक प्रातःकालमा म तपाईंमा प्रार्थना गर्दछु।

מְמֻנִי׃	פָּנֶיךָ	תַּסְתִּיר	נַפְשִׁי	תִּזְנַח	יְהוָה	לָמָּה	14
—	—	—	मबाट-लुकाउनुहुन्छ	र-तपाईंको-अनुहार	तपाईंले-मेरो-प्राणलाई-त्याग्नुहुन्छ	किन-हे-परमप्रभु	
H6440	H5641	H5315		H3068		H4100	

हे परमप्रभु, किन तपाईंले मलाई त्यागनु भयो? किन मेरो कुरा सुन्न अस्वीकार गर्नुहुन्छ?

15

עָנִי	אֲנִי	וְגֹוֵעַ	מִנֹּעַר	נָשָׂאתִי	אֵמֶיךָ	אָפּוּנָה׃
म-दुःखी-छु	र-जवानीदेखि-मर्न-लागेको	मैले-तपाईंको-भयहरू	सहेको-छु-र-असहाय-छु	—	—	—
H6041	H0589	H1478	H5290	H5375	H0367	H6323

युवा अवस्थादेखि नै म कमजोर र रोगी थिएँ। मैले तपाईंको क्रोध सहें, म असहाय छु।

16

עָלַי	עָבְרוּ	חֲרוֹנֶיךָ	בִּעוּתֶיךָ	צִמְּתוּתְנִי׃
ममाथि-तपाईंको-रिसको-ज्वालाहरू	बित्एका-छन्	तपाईंको-आतंकहरूले	मलाई-नाश-गरेको-छ	—
		H2740	H1161	H6789

हे परप्रभु, तपाईं मसँग रिसाउनु भएको छ, अनि सजायले मलाई मार्दै छ।

17

יָחַד׃	עָלַי	הִקִּיפוּ	הַיּוֹם	כָּל־	כַּמַּיִם	סַבּוּנִי
—	—	—	मलाई-घेरेका-छन्	र-सबैतिरबाट	दिनभरि-घेरेका-छन्	तिनीहरूले-मलाई-पानीझैं
			H3117	H3605	H4325	H5437

दुःखाई र पीडाहरू सधैं मसँग छन्, म ती दुःखाई र पीडाहरूमा डुलीरहेको अनुभव गर्दछु।

18

מַחְשָׁךְ׃	מְיֻדָּעַי	וְרֵעַ	אֹהֵב	מְמָנִי	הִרְחַקְתָּ
—	—	अन्धकारमा-छन्	मेरा-चिनजानहरू	टाढा-पार्नुभयो	तपाईंले-मबाट-प्रेमी-र-साथीलाई
H4285	H3045	H7453	H0157		H7368

हे परमप्रभु, मेरा सारा मित्रहरू र प्रेमीहरू त्याग्नु मलाई वाध्य गराउनु भयो। खाली अन्धकार मात्र मसँग रहेको छ।

Chapter 89

1

אָשִׁירָה	עוֹלָם	יְהוָה	חַסְדֵי	הָאֲזָרְחִי׃	לְאֵיתָן	מַשְׂכִּיל
मेरो-मुखले-जनाउनेछ	तपाईंको-विश्वसनीयता	पुस्तौं-पुस्तौं	सदासर्वदा-गाउनेछु	परमप्रभुको-करुणा	मस्कील	एज्राही-एतानको
H7891	H5769	H3068		H0250	H0387	H4905

לְדֹר	וָדֹר	אוֹדִיעַ	אֱמוּנָתְךָ	בְּפִי׃
—	—	—	—	—
H1755	H1755	H3045	H0530	H6310

म सदा परमप्रभुको निम्ति प्रेमको गीत गाउनेछु र उहाँको विश्वासको प्रशंसा सदा-सर्वदा गर्नेछु।

2

תִּכֶן	וּשְׁמַיִם	יִבָּנֶה	חֶסֶד	עוֹלָם	אָמַרְתִּי	כִּי־
—	—	स्वर्गमा-दृढ-गर्नुभयो	र-तपाईंको-विश्वसनीयता	स्थापित-हुनेछ	करुणा-सदासर्वदा	किनभने-मैले-भनें
	H8064	H1129		H5769	H0559	

בָּהֶם׃	אֱמוּנָתְךָ
—	—
	H0530

हे परमप्रभु, म तपाईंमा साँचो रूपमा विश्वास गर्दछु कि तपाईंको प्रेम अनवरत छ। तपाईंको विश्वास आकाश झैं व्यापक छ।

3

עַבְדִּי׃	לְדָוִד	נִשְׁבַּעְתִּי	לִבְחִירִי	בָּרִית	כָּרַתִּי
—	—	शपथ-खाएको-छु	र-दाउद-मेरो-दाससँग	वाचा-बाँधेको-छु	मैले-आफ्नो-छानिएकोसँग
H5650	H1732	H7650	H0972	H1285	H3772

परमेश्वर भन्नुहुन्छ, “मैले चुनेका राजासँग करार गरेको छु, मैले मेरो दास दाऊदसँग कसम खाएँ।

4

כִּסְאֶךָ	וְדוֹר	לְדֹר־	וּבָנִיתִי	זַרְעֶךָ	אָכִין	עוֹלָם	עַד־
—	—	—	सेलाह	पुस्तौं-पुस्तौंको-निम्ति-बनाउनेछु	र-तिम्रो-सिंहासन	स्थापित-गर्नेछु	सदासर्वदा-तिम्रो-वंश
H3678	H1755	H1755	H1129	H2233		H5769	H5704

סֶלָה׃
—
H5542

‘दाऊद, म तिम्रो वंशलाई सदा सर्वदाको निम्ति स्थिर बनाउनेछु। म तिम्रो राज्य सदा सर्वदाको निम्ति कायम गराउने छु।’”

וְיוֹדוּ	שָׁמַיִם	פִּלְאֲךָ	יְהוָה	אַף־	אֱמוּנָתְךָ	5
र–स्वर्गले–तपाईंको	आश्चर्यकार्यहरूको	प्रशंसा–गर्छन्	हे–परमप्रभु	र–तपाईंको–विश्वसनीयता	पवित्रहरूको–सभामा–घोषित–हुन्छ	
H3034	H8064	H6382	H3068	H0637	H0530	

בִּקְהַל	קְדֹשִׁים׃
—	—
H6951	H6918

हे परमप्रभु, तपाईंले आश्चर्यपूर्वक कुराहरू सृजना गर्नु हुन्छ। जसको निम्ति तपाईंलाई आकाशहरूले पनि प्रशंसा गर्छन्। मानिसहरू तपाईंमाथि आश्रित हुन सक्छन्। पवित्र स्वर्गदूतहरूको सभाले तपाईंको बारेमा गाउँदछ।

כִּי	מִי	בַּשַּׁחַק	יַעֲרֹךְ	לַיהוָה	יִדְמֶה	לַיהוָה	בִּבְנֵי	6
किनभने–आकाशमा–को	परमप्रभुसँग–तुलना–हुन्छ	स्वर्गीय–प्राणीहरूमा	—	—	—	—	—	
	H4310	H7834	—	—	H1819	H3068	—	

אֵלִים׃
—
H0410

स्वर्गमा तपाईंको बराबरी हुने कोही पनि छैन। कुनै पनि “देवता” परमप्रभुको तुलनामा आउन सक्तैन।

אֵל	קְדוֹשִׁים	בְּסוֹד־	נַעֲרָץ	רַבָּה	וְנוֹרָא	עַל־	כָּל־	7
परमेश्वर	र–भयानक–हुनुहुन्छ	अत्यन्त–आदरणीय	पवित्रहरूको–सभामा	आफ्नो–वरिपरिका–सबैमाथि	—	—	—	
H0410	H6918	H5475	H6206		H3372	—	H3605	

סְבִיבָיו׃
—
H5439

परमेश्वर पवित्र स्वर्गदूतहरूसित सदा सर्वदा मिल्नु हुन्छ। ती सबै स्वर्गदूतहरू उहाँका हुन। तिनीहरू डराएर उहाँको श्रद्धा गर्दछन्, तिनीहरू उहाँको सम्मानमा बस्दछन्।

וְחֹסֶן	כָּמוֹךָ	מִי־	צְבָאוֹת	אֵלֹהֵי	וְיהוָה	8
—	तपाईंलाई–घेरेको–छ	र–तपाईंको–विश्वसनीयता	शक्तिशाली–हे–परमप्रभु	तपाईंजस्तो–को–छ	हे–सर्वशक्तिमान्–परमप्रभु	
H2626	H3644	H4310		H0430	H3068	

יָהּ	וֶאֱמוּנָתְךָ	סְבִיבוֹתֶיךָ׃
—	—	—
H3050	H0530	H5439

हे सेनाहरूका परमप्रभु, परमेश्वर तपाईं जस्तो यहाँ अरू कोही छैन। हामी पूर्णरूपले तपाईंमाथि भरोसा राख्छौं।

אַתָּה	מוֹשֵׁל	גְּאוּת	הַיָּם	בְּשׁוֹא	גַּלָּיו	9
तपाईंले–समुद्रको–उग्रतामाथि	राज्य–गर्नुहुन्छ	त्यसका–छालहरू–उठ्दा	तपाईंले–तिनीहरूलाई–शान्त–पार्नुहुन्छ	—	—	
	H4910	H1348	H3220	H7721	H1530	

אַתָּה	תְּשַׁבְּחֵם׃
—	—

तपाईंले विशाल समुद्रको शक्तिशाली ज्वारभाटमाथि शाश्वत गर्नुहुन्छ। तपाईं त्यसको छालहरूलाई शान्त पार्न सक्नु हुन्छ।

אַתָּה	דִּכְּאתָ	כְּחָלָל	רָהַב	בִּזְרוֹעַ	10
तपाईंले–राहबलाई–चूर्ण–पार्नुभयो	तपाईंको–शक्तिशाली–भुजाले	तपाईंका–शत्रुहरूलाई–तितर–भितर–पार्नुभयो	—	—	
	H1792		H7294	H2220	

עֻזֶּךָ	פִּזַּרְתָּ	אוֹיְבֶיךָ׃
—	—	—
H5797	H6340	H0341

परमेश्वर तपाईले राहबलाई डर देखाउनु भयो, तपाईको आफ्नै शक्तिशाली पाखुराहरूले तपाईका शत्रुहरूलाई यत्रतत्र पारिदिनु भयो।

אַתָּה	וּמְלֹאָהּ	תֵּבֵל	אֶרֶץ	לְךָ	אַף־	שָׁמַיִם	לְךָ	11
—	—	—	—	तपाईले-स्थापना-गर्नुभयो	संसार-र-त्यसमा-भएको-सबै	र-पृथ्वी-पनि	स्वर्ग-तपाईको-हो	
	H4393	H8398	H0776		H0637	H8064		

יְסַדְתָּם׃
—
H3245

स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू तपाईकै हुन्, परमेश्वर तपाईले संसार र यसका सबै थोकहरू सृजना गर्नुभयो।

צָפוֹן	וְיָמִין	אַתָּה	בָּרָאתָם	תָּבוֹר	וְחֶרְמוֹן	12
उत्तर-र-दक्षिण	तपाईले-सृजना-गर्नुभयो	ताबोर-र-हेर्मोनले-तपाईको-नाममा	आनन्दको-गीत-गाउँछन्	—	—	
H6828	H3225			H8396	H2768	

בְּשִׁמְךָ יְרַנֵּנוּ׃
— —
H8034

उत्तर र दक्षिण दिशामा तपाईले सारा थोकहरू सृजना गर्नुभयो। ताबोर पर्वत र हर्मोन पर्वतले तपाईकै नाउँको गुण-गान गर्दछन्।

זְרוֹעַ	לְךָ	עִם־	גְּבוּרָה	תָּעֹז	יָדְךָ	13
तपाईको-दाहिने-हात	तपाईको-भुजा-शक्तिशाली-छ	बलियो-छ-र-तपाईको-दाहिने-हात	उच्च-पारिएको-छ	—	—	
H2220			H1369	H5810	H3027	

תָּרוּם יְמִינֶךָ׃
— —
H3225

हे परमेश्वर तपाईसँग शक्ति छ। तपाईको शक्ति महान् छ, विजय तपाईकै हो।

צֶדֶק	וּמִשְׁפָּט	מְכוֹן	כִּסְאֶךָ	חֶסֶד	וֶאֱמֶת	יְקַדְּמוּ	14
धर्म-र-न्याय	तपाईको-सिंहासनको-जग	हो	करुणा-र-सत्यताले	तपाईको-अनुहारको-अगाडि-हिँड्छन्	—	—	
H6664	H4941	H4349	H3678		H0571	H6923	

פָּנֶיךָ׃
—
H6440

तपाईको साम्राज्य सत्य र न्यायमाथि बनिएको छ। प्रेम र विश्वास तपाईको सिंहासनका दासहरू हुन्।

אַשְׁרֵי	הָעָם	יוֹדְעֵי	תְרוּעָה	יְהוָה	בָּאוֹר־	15
धन्य-छन्-ती-मानिसहरू	जसले-आनन्दको-जयध्वनि	जान्छन्	हे-परमप्रभु-तपाईको	अनुहारको-ज्योतिमा	तिनीहरू-हिँड्छन्	
H0835		H3045	H8643	H3068	H0216	

יְהַלֵּכוּן׃ פָּנֶיךָ
— —
H1980 H6440

हे परमेश्वर, तपाईका ईमान्दार भक्तजनहरू साँच्चि नै खुशी छन्। तिनीहरू तपाईको कृपाको प्रकाशमा बाँच्दछन्।

יָרוּמוּ׃	וּבְצִדְקָתְךָ	הַיּוֹם	כָּל־	יְגִילוּן	בְּשִׁמְךָ	16
—	—	उच्च-पारिन्छन्	र-तपाईको-धर्ममा	तिनीहरू-दिनभरि-आनन्दित-हुन्छन्	तपाईको-नाममा	
	H6666	H3117	H3605	H1523	H8034	

तपाईको नाउँले तिनीहरूलाई सधैं खुशी पार्छ। तिनीहरूले तपाईको सदगुणको प्रशंसा गर्दछन्।

17 כִּי־ תִפְאֶרֶת עֻזָּמוֹ וּבִרְצֹנְךָ֥ אַתָּה ׀]תרים[ )תָּרִֽום(
किनभने-तपाईंको-कृपाद्वारा महिमा-हुनुहुन्छ र-तपाईंको-कृपाद्वारा हाम्रो-सिंग उच्च-पारिन्छ — —
H8597 H5797 H7522

קַרְנֵֽנוּ׃
—

तपाईं तिनीहरूका आश्चर्यमय बल हुनुहुन्छ। तपाईंबाटै उनीहरूको शक्ति आउँदछन्।

18 כִּי לַיהוָה֥ מָגִנֵּ֑נוּ וְלִקְדוֹשׁ֖ יִשְׂרָאֵ֣ל מַלְכֵּֽנוּ׃
किनभने-परमप्रभु-हाम्रो-ढाल र-इस्राएलका-पवित्र हाम्रो-राजा-हुनुहुन्छ — — —
H3068 H4043 H6918 H3478 H4428

परमप्रभु, तपाईं हाम्रो रक्षक हुनुहुन्छ। इस्राएल को एकमात्र पवित्र आत्मा हाम्रा राजा हुनुहुन्छ।

19 אָ֤ז דִּבַּ֣רְתָּ בְחָזוֹן֮ לַחֲסִידֶ֪יךָ֫
तब-तपाईंले-दर्शनमा भक्तहरूलाई-भन्नुभयो मैले-शक्तिशालीमाथि सहायता-राखेको-छु
H1696 H2377 H2623

וַתֹּ֘אמֶר֮ שִׁוִּ֪יתִי עֵ֫זֶר עַל־ גִּבּ֥וֹר הֲרִימ֥וֹתִי בָח֑וּר מֵֽעָֽם׃
मानिसहरूबाट-छानिएको-एउटालाई-उचालेको-छु — — — — — — —
H0559 H5828 H1368 H0970

तपाईं आफ्ना भक्तजनहरूसँग दर्शनमा बोल्नु भयो अनि भन्नुभयो, “मैले भीडबाट एकजना जवान केटोलाई छानें अनि मैले त्यस जवानलाई मुख्य मानिस बनाएँ, मैले त्यस जवान सिपाहीलाई बलियो, बनाएँ।

20 מָצָ֥אתִי דָ֝וִ֗ד עַבְדִּ֑י בְּשֶׁ֥מֶן קָדְשִׁ֖י מְשַׁחְתִּֽיו׃
मैले-दाउद-मेरो-दासलाई-भेट्टाएं मेरो-पवित्र-तेलले-अभिषेक-गरें — — — —
H4672 H1732 H5650 H8081 H6944 H4886

मैले मेरो दास दाऊदलाई पाएँ अनि मेरो विशिष्ट तेलले उसलाई अभिषेक गरें।

21 אֲשֶׁ֤ר יָדִ֨י תִּכּ֪וֹן עִמּ֡וֹ אַף־ זְרוֹעִ֬י תְּאַמְּצֶֽנּוּ׃
मेरो-हातले-उसलाई-समर्थन-गर्नेछ र-मेरो-भुजाले उसलाई-बलियो-बनाउनेछ — — —
H3027 H0553 H2220 H0637

मैले दाऊदलाई आफ्नो दाहिने पाखुराले सहयोग गरें। अनि मेरो शक्तिले, उसलाई बलियो बनाएँ।

22 לֹֽא־ יְשֹׁ֣א בּ֣וֹ אוֹיֵ֑ב וּבֶן־ עַוְלָ֥ה לֹ֝א יְעַנֶּֽנּוּ׃
शत्रुले-उसलाई ठग्ने-छैन र-दुष्टताको-छोराले उसलाई-थिच्ने-छैन — —
H3808 H5378 H0341 H3808

शत्रुले, ‘चुनेका राजालाई’ पराजित गर्न सकेनन्। दुष्ट मानिसहरूले उनलाई परास्त गर्न सकेनन्।

23 וְכַתּוֹתָ֖י מִפָּנָ֣יו צָרָ֑יו וּמְשַׂנְאָ֥יו אֶגּֽוֹף׃
मैले-उसका-शत्रुहरूलाई उसको-सामुबाट-चूर्ण-पार्नेछु र-उसलाई-घृणा-गर्नेहरूलाई-प्रहार-गर्नेछु — —
H3807 H6440 H8130 H5062

म तिनीहरुको शत्रुहरूलाई शेष पार्नेछु र तिनीहरुको सल्लाहकारलाई तल फ्याँकनेछु।

24 וְאֶמּוּנָתִ֖י וְחַסְדִּ֣י עִמּ֑וֹ וּבְשִׁמִ֥י תָ֝רִ֗ום קַרְנֽוֹ׃
मैले-उसका-विश्वसनीयता-र-करुणा उससँग-हुनेछ र-मेरो-नाममा उसको-सिंग-उच्च-पारिनेछ — —
H0530 H2617 H6035 H8034

म सधैं आफूले छानेका राजालाई प्रेम र सहयोग गर्नेछु। म उनलाई सधैं बलियो बनाउने छु।

25 וְשַׂמְתִּ֖י בַּיָּ֣ם יָד֑וֹ וּבַנְּהָר֥וֹת יְמִינֽוֹ׃
मैले-उसको-हात-समुद्रमाथि र-उसको-दाहिने-हात नदीहरूमाथि-राख्नेछु — —
H3220 H3027 H5104 H3225

मैले छानेका राजालाई समुद्रको अध्यक्ष नियुक्त गर्छु। उसले नदीहरूमाथि नियन्त्रण गर्नेछ।

יְשׁוּעָתִֽי׃	וְצוּר	אֵלִ֥י	אָ֝תָּה	אָבִ֗י	יְקָרְאֵ֑נִי	הֽוּא	26
—	—	—	—	मेरो-परमेश्वर-र-मेरो-उद्धारको-चट्टान	तपाईं-मेरा-बुबा	उसले-मलाई-पुकार्नेछ	
H3444	H6697	H0410		H0001	H7121	H1931	

उसले मलाई भन्नेछ, तपाईं मेरो पिता हुनुहुन्छ। तपाईं मेरो परमेश्वर, मेरो चट्टान, मेरो रक्षक हुनुहुन्छ।

אָֽרֶץ׃	לְמַלְכֵי־	עֶלְיֽוֹן	אֶתְּנֵהוּ	בְּכֹ֥ור	אֲנִ֗י	אַף־	27
—	—	—	—	—	पृथ्वीका-राजाहरूमाथि-सर्वोच्च	मैले-उसलाई-जेठो-बनाउनेछु	
H0776	H4428		H5414	H1060	H0589	H0637	

अनि उसलाई म मेरो प्रथम जन्मने छोरो बनाउने छु। ऊ नै पृथ्वीमा सबै भन्दा महान् राजा हुनेछ।

נֶאֱמָנָ֥ת	וּבְרִיתִ֗י	חַסְדִּ֑י	לֹ֝ו	)אֶשְׁמָר־	]אשמור־	לְעֹולָ֥ם	28
—	—	—	विश्वसनीय-छ	र-मेरो-वाचा-उसको-निम्ति	मेरो-करुणा-राख्नेछु	सदासर्वदा-मैले-उसको-निम्ति	
H0539	H1285			H8104	H8104	H5769	

לֹֽו׃
—

मेरो प्रेमले चुनिएका राजालाई सदा-सर्वदा रक्षा गर्नेछु। तिनको र मेरो यो करार कहिल्यै समाप्त हुनेछैन।

שָׁמָֽיִם׃	כִּימֵי	וְכִסְאֹ֑ו	זַרְעֹ֖ו	לָעַ֥ד	וְשַׂמְתִּי	29
—	—	स्वर्गझैं-चिरस्थायी-हुनेछ	र-उसको-सिंहासन	सदासर्वदा-स्थापित-गर्नेछु	र-मैले-उसको-वंशलाई	
H8064	H3117	H3678	H2233	H5703		

उनका परिवारहरू अनवरत रहने छन् जबसम्म स्वर्ग रहन्छ तबसम्म उनको राज्य रहनेछ।

יֵלֵכֽוּן׃	לֹא	וּבְמִשְׁפָּטַ֥י	תּוֹרָתִ֗י	בָּנָ֑יו	יַעֲזֹ֖בוּ	אִם־	30
—	—	—	—	न-हिँडे	र-मेरा-नियमहरूमा	यदि-उसका-सन्तानहरूले-मेरो-शिक्षा-त्यागे	
H3212	H3808	H4941	H8451				

यदि उनका सन्तानहरूले मेरो व्यवस्था मान्न छाडे यदि तिनीहरूले मेरो आज्ञा अमान्य गरे, म तिनीहरूलाई दण्ड दिनेछु।

יִשְׁמֹֽרוּ׃	לֹא	וּמִצְוֹתַ֥י	יְחַלֵּ֑לוּ	חֻקֹּתַ֖י	אִם־	31
—	—	न-पालन-गरे	र-मेरा-आज्ञाहरू	अपवित्र-पारे	यदि-मेरा-विधिहरू	
H8104	H3808	H4687		H2708		

यदि छानिएका राजाका भावी सन्तानहरूले मेरो नियमहरू भत्काउँदै मेरो आज्ञाहरू उल्ङ्घन गर्छन् भने,

עֲוֹנָֽם׃	וּבִנְגָעִ֥ים	פִּשְׁעָ֑ם	בְּשֵׁ֥בֶט	וּפָקַדְתִּ֖י	32
—	—	तिनीहरूको-अधर्मको-दण्ड-दिनेछु	र-प्रहारहरूले	तब-मैले-छडीले-तिनीहरूको-अपराधको-दण्ड	
H5771	H5061	H6588	H7626		

तब म उनीहरूलाई कडा दण्ड दिनेछु। म तिनीहरूका दुष्टकर्मको सजाय कोर्रोले दिनेछु।

בֶּאֱמוּנָתִֽי׃	אֲשַׁקֵּ֑ר	וְלֹא־	מֵעִמֹּ֖ו	אָפִ֥יר	לֹא־	וְחַסְדִּ֗י	33
—	—	—	—	झूटो-बोल्ने-छैन	र-मेरो-विश्वसनीयतामा	तर-मेरो-करुणा-उसबाट-हटाउने-छैन	
H0530	H8266	H3808		H6331	H3808		

तर म ती मानिसहरूबाट माया मारेर टाढा जाने छैन। म तिनीहरू प्रति सधैं विश्वासी रहने छु।

אֲשַׁנֶּֽה׃	לֹא	שְׁפָתַ֥י	וּמוֹצָ֑א	בְּרִיתִ֗י	אֲחַלֵּ֥ל	לֹא־	34
—	—	—	परिवर्तन-गर्ने-छैन	निस्कने-शब्दलाई	र-मेरो-ओठबाट	मैले-मेरो-वाचा-अपवित्र-पार्ने-छैन	
	H3808	H8193	H4161	H1285		H3808	

म दाऊदसँग भएको करार तोड्ने छैन। म मेरो करार-वचन परिणत गर्नेछैन।

אֲכַזֵּֽב׃	לְדָוִ֑ד	אִם־	בְּקָדְשִׁ֗י	נִשְׁבַּ֥עְתִּי	אַחַ֥ת	35
—	—	झूटो-बोल्ने-छैन	दाउदसँग	मैले-आफ्नो-पवित्रतामा-शपथ-खाएको-छु	एक-पटक	
H3576	H1732		H6944	H7650	H0259	

मेरो पवित्रतामा, उनीप्रति एक प्रतिज्ञा गरेको छु अनि म दाऊद प्रति झूटो हुने छैन।

36	זַרְעוֹ	לְעוֹלָם	יִהְיֶה	וְכִסְאוֹ	כַּשֶּׁמֶשׁ	נֶגְדִּי׃
	उसको–वंश–सदासर्वदा	रहनेछ	र–उसको–सिंहासन	सूर्यझैं–मेरो–सामु–रहनेछ	—	—
	H2233	H5769	H1961	H3678	H8121	H5048

दाऊदका सन्तानहरू अनवरत रहनेछन्। रहुञ्जेल उनको राज्य रहने छ।

37	כְּיָרֵחַ	יִכּוֹן	עוֹלָם	וְעֵד	בַּשַּׁחַק	נֶאֱמָן	סֶלָה׃
	चन्द्रमाझैं–स्थापित–रहनेछ	आकाशमा–विश्वसनीय–साक्षी	सेलाह	—	—	—	—
	H3394		H5769	H5707	H7834	H0539	H5542

जुन सरह, यो अनवरत चल्नेछ, त्यस करारको साक्षी आकाशहरू छन्, त्यो करारमा भरोसा गर्न सकिन्छ।”

38	וְאַתָּה	זָנַחְתָּ	תִּתְעַבַּרְתָּ	וַתִּמְאָס	עִם־	מְשִׁיחֶךָ׃
	तर–तपाईंले–त्याग्नुभयो–र–अस्वीकार–गर्नुभयो	तपाईंको–अभिषिक्तसँग–रिसाउनुभयो	—	—	—	—
						H4899

तर परमेश्वर तपाईं आफूले रोजेका राजाप्रति रिसाउनु भयो। अनि उनलाई एक्लै छाडी दिनु भयो।

39	עַבְדֶּךָ	בְּרִית	נֵאַרְתָּה	חִלַּלְתָּ	לָאָרֶץ	נִזְרוֹ׃
	उसको–मुकुटलाई	अपवित्र–पार्नुभयो	तपाईंले–आफ्नो–दाससँगको–वाचा	भूइंमा–फ्याक्नुभयो	—	—
	H5650	H1285	H5010		H0776	H5145

तपाईंले आफ्नो करार अस्वीकार गर्नु भएकोछ। तपाईंले राजाको मुकुट मैलामा फ्याँकिदिनु भयो।

40	פָּרַצְתָּ	כָּל־	גָּדַרְתָּיו	שָׂמְתָּ	מִבְצָרָיו	מְחִתָּה׃
	तपाईंले–उसका–सबै–पर्खालहरू–भत्काउनुभयो	उसका–किल्लाहरूलाई	भग्नावशेष–बनाउनुभयो	—	—	—
	H6555	H3605	H1448		H4013	H4288

तपाईंले राजाको शहरका भित्ताहरू भत्काई झार्नु भयो। उनका सबै किल्लाहरू ध्वंश पार्नुभयो।

41	שַׁסֻּהוּ	כָּל־	עֹבְרֵי	דָּרֶךְ	הָיָה	חֶרְפָּה	לִשְׁכֵנָיו׃
	बाटोमा–हिँड्ने–सबैले	उसलाई–लुटे	उ–आफ्ना–छिमेकीहरूको–निम्ति	अपमान–भयो	—	—	—
	H8155	H3605		H1870	H1961	H2781	H7934

त्यताबाट भएर जाने मानिसहरूले उनका चीजहरू चोरे। उनका छिमेकीहरूले उसलाई खिसी गरेर हाँसे।

42	הֲרִימוֹתָ	יְמִין	צָרָיו	הִשְׂמַחְתָּ	כָּל־	אוֹיְבָיו׃
	तपाईंले–उसका–शत्रुहरूको–दाहिने–हात–उच्च–पार्नुभयो	र–उसका–सबै–शत्रुहरूलाई–आनन्दित–पार्नुभयो	—	—	—	—
		H3225		H8055	H3605	H0341

तपाईंले त्यस्तो गरेर राजाका शत्रुहरूलाई खुशी बनाउनु भयो। तपाईंले उनका शत्रुहरूलाई युद्ध जित्न दिनुभयो।

43	אַף־	תָּשִׁיב	צוּר	חַרְבּוֹ	וְלֹא	הֲקִימוֹתוֹ	בַּמִּלְחָמָה׃
	तपाईंले–उसको–तरवारको–धार–फिर्ता–पार्नुभयो	र–युद्धमा	उसलाई–खडा–गर्न–दिनुभएन	—	—	—	—
	H0637	H7725	H6697	H2719	H3808		H4421

परमेश्वर, तपाईंले उनीहरूको रक्षा गर्दै सघाउनु भयो। तपाईंले आफ्ना राजालाई युद्धमा सघाउनु भएन।

44	הִשְׁבַּתָּ	מִטְהָרוֹ	וְכִסְאוֹ	לָאָרֶץ	מִגָּרָתָה׃
	तपाईंले–उसको–चमक–हटाउनुभयो	र–उसको–सिंहासनलाई	भूइंमा–खसाल्नुभयो	—	—
			H3678	H0776	H4048

तपाईंले उनलाई जित्न दिनु भएन। तपाईंले उनको राजगद्दी भूइँमा फ्याँकिदिनु भयो।

בּוּשָׁה	עָלָיו	הֶעֱטִית	עֲלוּמָיו	יְמֵי	הִקְצַרְתָּ		45
—	—	—	סेलाह	छोटो-पार्नुभयो-र-उसलाई-लज्जाले-ढाक्नुभयो	तपाईंले-उसको-यौवनका-दिनहरू		
H0955			H5934	H3117			

סֶּלָה׃
—
H5542

तपाईंले उनको जीवन घटाई दिनु भयो तपाईंले उनलाई लज्जित पार्नुभयो।

חֲמָתֶךָ׃	אֵשׁ	כְּמוֹ־	תִבְעַר	לָנֶצַח	תִסָּתֵר	יְהוָה	מָה	עַד־	46
—	—	—	—	आगोझैं-बल्छ	तपाईंको-रिस	तपाईं-सदासर्वदा-लुक्नुहुन्छ	हे-परमप्रभु	कहिलेसम्म	
H2534	H0784	H3644		H5331	H5641	H3068	H4100	H5704	

हे परमप्रभु, यस्तो कहिले सम्म चल्ने हो? के तपाईंले हामीलाई सधैं उपेक्षा गर्नुहुन्छ? के तपाईंको क्रोध आगो जस्तो सधैं बल्ने हो?

כָּל־	בָּרָאתָ	שָׁוְא	מַה־	עַל־	חָלֶד	מֶה־	אֲנִי	זְכָר־	47
—	—	—	सृजना-गर्नुभयो	तपाईंले-सबै-मानवजातिलाई	के-व्यर्थमा	कति-छोटो-छ	मेरो-जीवन	सम्झनुहोस्	
H3605		H7723	H4100		H2465	H4100	H0589	H2142	

בְּנֵי־ אָדָם׃
—
H0120

याद गर्नुहोस् मेरो जीवन कति छोटो छः तपाईंले हामीलाई छोटो जीवन बाँच्नलाई रच्नुभयो।

יִמַּלֵּט	מָוֶת	יִרְאֶה־	וְלֹא	יִחְיֶה	גֶּבֶר	מִי			48
—	—	सेलाह	अधोलोकको-शक्तिबाट-छुटाउन-सक्छ	आफ्नो-प्राणलाई	र-मृत्यु-देख्ने-छैन	को-मानिसले-बाँच्छ			
H4422	H4194	H7200	H3808	H2421	H1397	H4310			

נַפְשׁוֹ מִיַּד־ שְׁאוֹל סֶּלָה׃
— — — — —
H5315 H3027 H7585 H5542

कोही पनि बाँच्ने छैन र कहिल्यै मर्दैन कोही पनि चिहानबाट भाग्न पाउने छैन।

לְדָוִד	נִשְׁבַּעְתָּ	אֲדֹנָי	וְהָרִאשֹׁנִים	חֲסָדֶיךָ	אַיֵּה		49
—	—	विश्वसनीयतामा-शपथ-खानुभयो	जो-तपाईंले-दाउदसँग	तपाईंका-पहिलेका-करुणाहरू	कहाँ-छन्-हे-प्रभु		
H1732	H7650	H0136	H7223		H0346		

בֶּאֱמוּנָתֶךָ׃
—
H0530

हे परमेश्वर, तपाईंले विगतमा देखाउनु भएको प्रेम खै, कहाँ छ? तपाईंले दाऊदको परिवार प्रति विश्वासी हुनेछु भनेर प्रतिज्ञा दिनु भयो। 50-51 हे स्वामी, कृपया याद गर्नुहोस्, मानिसहरूले कसरी तपाईंको दासलाई अपमान गरे। हे परमप्रभु, मैले तपाईंका शत्रुहरूबाट ती सारा अपमानहरू सहनु पर्यो। ती मानिसहरूले तपाईंले रोजेको राजाको अपमान गरे।

בְּחֵיקִי	שְׂאֵתִי	עַבְדֶּיךָ	חֶרְפַּת	אֲדֹנָי	זְכֹר		50
—	—	अपमान-बोकेको-छु	मैले-मेरो-हृदयमा-धेरै-जातिहरूको	तपाईंका-दासहरूको-अपमान	सम्झनुहोस्-हे-प्रभु		
H2436	H5375	H5650	H2781	H0136	H2142		

כָּל־ רַבִּים עַמִּים׃
— — —
H3605

51 אֲשֶׁר חֵרְפוּ יְהוָה אוֹיְבֶיךָ עִקְּבוֹת מְשִׁיחֶךָ׃
जसले-तपाईंका-शत्रुहरूले हे-परमप्रभु तपाईंको-अभिषिक्तका-पाइलाहरूलाई-अपमान-गरेका-छन्
H3068 H0341 H4899 H6119

52 בָּרוּךְ יְהוָה לְעוֹלָם אָמֵן וְאָמֵן׃
परमप्रभु-सदासर्वदा धन्य-हुनुहुन्छ आमेन-र-आमेन
H1288 H3068 H5769 H0543 H0543

परमप्रभुको सदा सर्वदा प्रशंसा गर। आमेन! आमेन!

Chapter 90

1 תְּפִלָּה לְמֹשֶׁה אִישׁ־הָאֱלֹהִים אֲדֹנָי מָעוֹן אַתָּה הָיִיתָ לָּנוּ
परमेश्वरका-मानिस-मोशाको प्रार्थना हे-प्रभु तपाईं-हाम्रो-आश्रय हुनुहुन्छ पुस्तौं-पुस्तौंदेखि
H8605 H4872 H0376 H0430 H0136 H4583 H1961

בְּדֹר וָדֹר׃
H1755 H1755

हे परमेश्वर, तपाईं पुस्तादेखि पुस्तासम्म हाम्रो वासस्थान हुनुभएको छ।

2 וּבְטֶרֶם הָרִים יֻלָּדוּ וַתְּחוֹלֵל אֶרֶץ וְתֵבֵל מֵעוֹלָם וְעַד־עוֹלָם אַתָּה אֵל׃
र-तपाईंले-पृथ्वी-र-संसार पहाडहरू-जन्मनुअघि रचना-गर्नुअघिदेखि अनन्तकालसम्म अनन्तकालदेखि तपाईं-परमेश्वर-हुनुहुन्छ
H2962 H2022 H3205 H0776 H8398 H5769 H5704 H0410

परमप्रभु, तपाईं परमेश्वर हुनुहुन्थ्यो पर्वतहरूको समक्ष जहाँ जन्मिएका थियौं अनि पृथ्वी र संसारको समक्ष जहाँ बनिएका थियौं। परमेश्वर, तपाईं सधैं परमेश्वर रहनु भयो र सधैं हुनुहुने नै छ।

3 תָּשֶׁב אֱנוֹשׁ וַתֹּאמֶר שׁוּבוּ בְנֵי־אָדָם׃
तपाईंले-मानवलाई-धूलोमा-फर्काउनुहुन्छ र-भन्नुहुन्छ फर्क-हे-मानवका-सन्तानहरू
H7725 H0582 H0559 H7725 H5704

तपाईंले यस संसारमा मानिसहरू ल्याउनु हुन्छ अनि पछि तिनीहरूलाई धुलोमा परिणत गर्नुहुन्छ।

4 כִּי אֶלֶף שָׁנִים בְּעֵינֶיךָ כְּיוֹם אֶתְמוֹל כִּי יַעֲבֹר וְאַשְׁמוּרָה בַלָּיְלָה׃
किनभने-तपाईंको-दृष्टिमा हजार-वर्ष हिजोको-बितेको एक-दिनजस्तो-हो र-रातिको एक-प्रहर-जस्तो
H0505 H8141 H3117 H0865

तपाईंको लागि हजारौं वर्षहरू पनि हिजो बितेको रात जस्तै लाग्दछ।

5 זְרַמְתָּם שֵׁנָה יִהְיוּ בַבֹּקֶר כֶּחָצִיר יַחֲלֹף׃
तपाईंले-तिनीहरूलाई-बगाई-दिनुहुन्छ तिनीहरू-निद्राझैं-हुन्छन् बिहानै-घाँसझैं बदलिन्छन्
H2229 H8142 H1961 H1242 H2498

हामीलाई कसिंगर जस्तै बढार्नुहुन्छ। हाम्रो जीवन बिहानै हराएर विलाई जाने सपना जस्तै छ। हामी घाँस जस्तै छौ।

6

בַּבֹּקֶר	יָצִיץ	וְחָלָף	לָעֶרֶב	יְמוֹלֵל	וְיָבֵשׁ׃
बिहान-त्यो-फुल्छ	र-बदलिन्छ	साँझतिर	सुक्छ-र-ओइलिन्छ	—	—
H1242	H6153	H2498	H6153	—	H3001

बिहान पख घाँस उम्रन्छ अनि बेलुकी यो ओइलाएर मर्छ।

7

כִּי־	כָלִינוּ	בְאַפֶּךָ	וּבַחֲמָתְךָ	נִבְהָלְנוּ׃
किनभने-हामी-तपाईंको-क्रोधले	नाश-हुन्छौं	र-तपाईंको-रिसले-हामी-त्रसिएका-छौं	—	—
H3615	H3615	H0639	H2534	H0926

हे परमेश्वर, तपाईंको रीसले हामीलाई ध्वंश गर्न सक्छ। तपाईंको क्रोधले हामीलाई भयभीत पार्दछ।

8

שַׁתָּ֣ה	עֲוֹנֹתֵ֑ינוּ	)שֵׁת(	לְנֶגְדֶּךָ	עַלְמֵנוּ
तपाईंले-हाम्रा-अधर्महरू	र-हाम्रा-लुकेका-पापहरू	आफ्नो-सामु-राख्नुभयो	तपाईंको-अनुहारको-ज्योतिमा-राख्नुभयो	—
H7896	H5771	H7896	H5048	H5956

פָּנֶיךָ׃	לִמְאוֹר
—	—
H6440	H3974

तपाईं हाम्रो सबै पापहरू जान्नु हुन्छ। हे परमेश्वर, तपाईंले हाम्रो गुप्त पापहरू सबै देख्नुहुन्छ।

9

כִּי	כָל־	יָמֵינוּ	פָּנֶיךָ	בְּעֶבְרָתֶךָ	כָלִינוּ	שָׁנֵינוּ
किनभने-हाम्रा-सबै-दिनहरू	तपाईंको-रिसमा-बिते	हाम्रा-वर्षहरू	सुस्कारझैं-बिताएका-छन्	—	—	—
H3117	H3605	H3117	H6437	H5678	H3615	H8141

כְּמוֹ־	הֶגֶה׃
—	—
H3644	H1899

तपाईंको क्रोधले हाम्रो जीवन समाप्त गर्न सक्छ। कानेखुसी जस्तै हाम्रो जीवन धमिलिदै जान्छ।

10

וְאִם	שָׁנָה	שִׁבְעִים	בָּהֵם	שְׁנוֹתֵינוּ	יְמֵי־	
कष्ट-र-दुःख-नै-हो	तर-तिनको-घमण्ड	असी-वर्ष	र-यदि-शक्तिशाली-भए	सत्तरी-वर्ष	हाम्रो-आयुका-दिनहरू	
	H8141	H7657		H8141	H3117	

וְרָהְבָם	שָׁנָה	שְׁמוֹנִים	וּבְגִבוּרֹת		עָמָל	וָאָוֶן	כִּי־	גָּז	חִישׁ	וַנָּעֻפָה׃
—	—	बित्छ-र-हामी-उड्छौं	किनभने-त्यो-छिट्टै		—	—	—	—	—	—
H7296	H8141	H8084	H1369		H5999	H0205	—	H1468	H2440	

हामी सत्तरी वर्षसम्म बाँच्न सक्छौं, यदि अझ बलियो भए असी वर्षसम्म बाँच्न सक्छौं। हाम्रो जीवन कठिन काम र पीडाले भरिएको छ। त्यसपछि अचानक हाम्रो जीनव सिद्धिएर जान्छ अनि हामी उडेर टाढा जान्छौं।

11

עֶבְרָתֶךָ׃	וְכִירְאָתְךָ֑	אַפֶּךָ	עֹז	יוֹדֵעַ	מִי־
—	—	—	जान्छ	र-तपाईंको-भयझैं-तपाईंको-रिस	कसले-तपाईंको-क्रोधको-शक्ति
H5678	H3374	H0639	H5797	H3045	H4310

हे परमेश्वर! वास्तवमा कसैले पनि तपाईंको क्रोधपूर्ण शक्तिलाई जान्दैन। तर हाम्रो डर र तपाईं प्रतिको आदर तपाईंको क्रोध जतिकै महान् छ।

12

חָכְמָה׃	לִבָּב	וְנָבִא	הוֹדַע	כֵּן	יְמֵינוּ	לִמְנוֹת
—	—	—	हृदय-प्राप्त-गरौं	ताकि-हामीले-बुद्धिमान्को	सिकाउनुहोस्	हाम्रो-दिनहरू-गन्न
H2451	H3824	H0935	H3045		H3117	H4487

हाम्रो जीवन कति छोटो छ भनेर हामीलाई सिकाउनु होस, ताकि हामी साँच्चि नै ज्ञानी हुन सकौं।

13

עַבְדֶּיךָ׃	עַל־	וְהִנָּחֵם	מָתַי	עַד־	יְהוָה	שׁוּבָה
—	—	—	दया-गर्नुहोस्	र-तपाईंका-दासहरूमाथि	हे-परमप्रभु-कहिलेसम्म	फर्कनुहोस्
H5650		H5162	H4970	H5704	H3068	H7725

हे परमप्रभु, सधैं हाम्रो पछाडि आउनुहोस्। आफ्ना दासहरू प्रति दयालु हुनुहोस्।

יָמֵינוּ׃	בְּכָל־	וְנִשְׂמְחָה	וְנִרַנְּנָה	חַסְדֶּךָ	בַבֹּקֶר	שַׂבְּעֵנוּ	14
—	—	—	आनन्दित-होउन्	र-हामी-हाम्रा-सबै-दिनहरूमा	बिहानै-हामीलाई-तृप्त-गर्नुहोस्	तपाईंको-करुणाले	
H3117	H3605	H8055			H1242	H7646	

प्रत्येक बिहान आफ्नो प्रेमले हामीलाई भरिदिनु होस्। हामी सुखी रहौं र रमाइलो जीनव बाँचौं।

רָעָה׃	רָאִינוּ	שְׁנוֹת	עִנִּיתָנוּ	כִּימוֹת	שַׂמְּחֵנוּ	15
—	—	—	र-हामीले-विपत्ति-देख्यौं	जति-दिन-तपाईंले-दुःख-दिनुभयो	हामीलाई-आनन्दित-गर्नुहोस्	
	H7200	H8141		H3117	H8055	

तपाईंले हामीलाई हाम्रो जीवनमा अति उदासीनता र संकटहरू दिनुभयो। अब हामीलाई खुशी वा सुखी पार्नुहोस्।

עַל־	וַהֲדָרְךָ	פָּעֳלֶךָ	עֲבָדֶיךָ	אֶל־	יֵרָאֶה	16
—	—	तिनीहरूका-सन्तानहरूमाथि-होस्	र-तपाईंको-महिमा	तपाईंका-दासहरूलाई-देखाओस्	तपाईंको-कामहरू	
	H1926	H6467	H5650	H0413	H7200	

בְּנֵיהֶם׃
—

तपाईंका दासहरूले आश्चर्यपूर्वक थोकहरू देखुन् जुन तपाईंले तिनीहरूका लागि गर्न सक्नु हुन्छ अनि उनीहरूका नानीहरूले तपाईंको महिमा देख्न सकुन्।

כּוֹנְנָה	יָדֵינוּ	וּמַעֲשֵׂה	עָלֵינוּ	אֱלֹהֵינוּ	אֲדֹנָי	נֹעַם	וִיהִי	17
—	—	—	—	स्थापित-गर्नुहोस्	र-हाम्रा-हातका-कामहरू	हाम्रो-माथि-होस्	र-हाम्रो-प्रभुको-कृपा	
	H3027	H4639		H0430	H0136	H5278	H1961	

כּוֹנְנֵהוּ׃	יָדֵינוּ	וּמַעֲשֵׂה	עָלֵינוּ
—	—	—	—
	H3027	H4639	

हाम्रो परमप्रभु परमेश्वर, हाम्रो निम्ति कृपालु बन्नु होस्। हामी जे काम गछौं त्यो फलदायक होस, हामी जे काम गर्छौं परमेश्वरले सफल पारी दिऊन्।

Chapter 91

יִתְלוֹנָן׃	שַׁדַּי	בְּצֵל	עֶלְיוֹן	בְּסֵתֶר	יֹשֵׁב	1
—	—	छायामा-विश्राम-पाउनेछ	सर्वशक्तिमान्को	लुकेको-ठाउँमा-बस्छ	जो-सर्वोच्चको	
	H7706	H6738			H3427	

तिमी सर्वोच्च परमेश्वरकहाँ लुक्न जान सक्छौ। तिमी सर्वशक्तिमान् परमेश्वरकहाँ सुरक्षाको लागि जान सक्छौ।

בּוֹ׃	אֶבְטַח־	אֱלֹהַי	וּמְצוּדָתִי	מַחְסִי	לַיהוָה	אֹמַר	2
—	—	—	म-तपाईंमा-भरोसा-राख्छु	मेरो-परमेश्वर	तपाईं-मेरो-शरण-र-किल्ला	मैले-परमप्रभुको-बारेमा-भन्छु	
	H0982	H0430		H4268	H3068	H0559	

म परमप्रभुलाई भन्दछु, “तपाईं मेरो सुरक्षा र मेरो किल्ला हुनुहुन्छ। मेरो परमेश्वर, म तपाईंमाथि भरोसा गर्दछु।”

הַוּוֹת׃	מִדֶּבֶר	יָקוּשׁ	מִפַּח	יַצִּילְךָ	הוּא	כִּי	3
—	—	—	—	छुटाउनुहुन्छ	शिकारीको-पासोबाट-र-विनाशकारी-महामारीबाट	किनभने-उहाँले-तिमीलाई	
H1942	H1698	H3353		H5337	H1931		

परमेश्वरले तिमीलाई लुप्त विपदहरू र डरलाग्दो बिमारीहरूबाट जोगाउनुहुन्छ।

תְּחִסֶּה	כְּנָפָיו	וְתַחַת־	לָךְ	יָסֵךְ	בְּאֶבְרָתוֹ		4
ढाल-र-कवच-हो	उहाँको-विश्वसनीयता	तिमी-शरण-पाउनेछौ	र-उहाँको-पखेटामुनि	तिमीलाई-ढाक्नुहुन्छ	उहाँले-आफ्नो-पखेटाले		
H2620	H3671	H8478			H0084		

אֲמִתּוֹ׃	וְסֹחֵרָה	צִנָּה	
—	—	—	
H0571	H5507		

तिमी सुरक्षाको लागि परमेश्वर कहाँ जान सक्छौ। उहाँले तिमीहरूलाई रक्षा गर्नुहुनेछ जसरी एउटा चराले आफ्ना पखेटाहरू फिंजाएर आफ्ना बच्चाहरूको सुरक्षा गर्दछ। परमेश्वर तिमीहरूका सुरक्षाका लागि ढाल र पर्खालहरू जस्ता हुनुहुन्छ।

5	לֹא־	תִירָא	מִפַּחַד	לָיְלָה	מֵחֵץ	יָעוּף	יוֹמָם׃
	तिमी-रातिको-आतंकसँग	न-डराउनु-पर्छ	दिनमा-उड्ने	तीरसँग-पनि	—	—	—
	H3808	H3372	H6343	H3915	H2671		H3119

तिमीहरू राती व्यर्थमा डराउने कामै छैन अनि दिनमा पनि तिमी आफ्ना शत्रुहरूको काँडहरूसित डराउने छैनौं।

6	מֵדֶבֶר	בָּאֹפֶל	יַהֲלֹךְ	מְקֻטָּב	יָשׁוּד	צָהֳרָיִם׃
	अन्धकारमा-हिँड्ने-महामारीसँग	र-मध्यान्हमा-विनाश-गर्ने	विपत्तिसँग-पनि	—	—	—
	H1698	H0652	H1980	H6986	H7736	

तिमी राती चल्ने रूढीदेखि र दिउँसो क्षय गर्ने नाशदेखि डराउने छैनौ।

7	לֹא	אֵלֶיךָ	מִימִינֶךָ	וּרְבָבָה	אֶלֶף	וּמְצָדְךָ	יִפָּל
	—	—	—	—	तिम्रो-नजिक-आउने-छैन	र-दाहिने-छेउमा-दश-हजार-लडे-पनि	तिम्रो-छेउमा-हजार
	H3808	H0413	H3225	H7233	H0505	H6654	H5307

יִגָּשׁ׃
—
H5066

तपाईंले एक हजार शत्रुहरूलाई परास्त गर्नु हुनेछ। तपाईंको आफ्नै दाहिने हातले दश हजार शत्रुका सेनाहरूलाई परास्त पार्नेछ। ती शत्रुहरूले तपाईंलाई छुँदैन पनि।

8	רַק	בְּעֵינֶיךָ	תַּבִּיט	וְשִׁלֻּמַת	רְשָׁעִים	תִּרְאֶה׃
	तिम्रो-आँखाले-मात्र	र-दुष्टहरूको-दण्ड	देख्नेछौ	—	—	—
	H7535		H5027	H8011	H7563	H7200

हेर मात्र, अनि तिमीले देख्ने छौ ती दुष्ट मानिसहरू दण्डित भएको।

9	כִּי־	אַתָּה	יְהוָה	מַחְסִי	עֶלְיוֹן	שַׂמְתָּ
	किनभने-तिमीले-परमप्रभुलाई	आफ्नो-शरण-बनाएका-छौ	सर्वोच्चलाई-आफ्नो-निवास-बनाएका-छौ	—	—	—
			H3068	H4268		

מְעוֹנֶךָ׃
—
H4583

किनभने तिमी परमप्रभुमा भरोसा गर्दछौ। तिमीले सर्वोच्च परमेश्वरलाई आफ्नो सुरक्षाको ठाउँ बनायौ।

10	לֹא־	תְאֻנֶּה	אֵלֶיךָ	רָעָה	וְנֶגַע	לֹא־	יִקְרַב
	तिम्रो-माथि-कुनै-विपत्ति-आउने-छैन	र-कुनै-प्रहार-तिम्रो-तम्बूको-नजिक-आउने-छैन	—	—	—	—	—
	H3808	H0579	H0413		H5061	H3808	H7126

בְּאָהֳלֶךָ׃
—
H0168

तिमीलाई केही नराम्रो हुनेछैन। त्यहाँ तिम्रो घरमा कुनै प्रकारको रोग हुने छैन।

11	כִּי	מַלְאָכָיו	יְצַוֶּה־	לָךְ	לִשְׁמָרְךָ	בְּכָל־
	किनभने-उहाँले-आफ्ना-दूतहरूलाई	तिम्रो-सबै-बाटोहरूमा	तिम्रो-रक्षा-गर्नको-निम्ति-आज्ञा-दिनुहुन्छ		—	—
		H4397	H6680		H8104	H3605

דְרָכֶיךָ׃
—
H1870

परमेश्वरले तिमीहरूको लागि स्वर्गदूतहरूलाई आज्ञा दिनु हुनेछ, अनि तिनीहरूले तिमीहरूलाई जहाँ जादा पनि रक्षा गर्नेछन्।

12	עַל־	כַּפַּיִם	יִשָּׂאוּנְךָ	פֶּן־	תִּגֹּף	בָּאֶבֶן	רַגְלֶךָ׃
	तिनीहरूले-तिमीलाई-हातमा-बोक्नेछन्	ताकि-तिम्रो-खुट्टामा-ढुंगाले	न-ठोक्कियोस्	—	—	—	—
		H3709	H5375	H6435	H5062	H0068	H7272

तिनीहरूका हातहरूले तिमीहरूलाई पक्रनेछन्, त्यसैकारण तिमीहरूले आफ्नो खुट्टा ढुङ्गामा बजार्नु पर्दैन।

13	עַל־	שַׁחַל	תִּדְרֹךְ	וָפֶתֶן	תִּרְמֹס	כְּפִיר	וְתַנִּין׃
	तिमी-सिंह-र-सर्पमाथि	हिँड्नेछौ	कुल्चनेछौ	र-जवान-सिंह-र-अजिंगरलाई	—	—	—
		H7826	H1869	H6620	H7429		

तिमीहरूले सिंहहरूमाथि र विषालु सर्पहरूमाथि हिंड्ने शक्ति पाउनेछौ।

14	כִּי־	אֲשַׂגְּבֵהוּ	וַאֲפַלְּטֵהוּ	חָשַׁק	בִּי	כִּי
	—	—	किनभने-उसले-मेरो-नाम-जान्छ	र-उच्च-पार्नेछु	मैले-उसलाई-छुटाउनेछु	किनभने-उसले-मलाई-प्रेम-गर्छ
		H7682	H6403			

יָדַע	שְׁמִי׃	
—	—	
H3045	H8034	

परमप्रभु भन्नुहुन्छ, “यदि कुनै मानिसले ममा भरोसा गर्दछ भने, म उसलाई बचाउने छु जसले मेरो नाउँलाई उपासना गर्दछ म मेरो भक्तजनहरूलाई रक्षा गर्नेछु।

15	יִקְרָאֵנִי	וְאֶעֱנֵהוּ	עִמּוֹ־	אָנֹכִי	בְצָרָה
	उसले-मलाई-पुकार्नेछ	र-मैले-उसलाई-जवाफ-दिनेछु	संकटमा-म-उससँग-छु	मैले-उसलाई-छुटाउनेछु	र-उसलाई-सम्मान-दिनेछु
	H7121			H0595	

וַאֲכַבְּדֵהוּ׃	אַחַלְּצֵהוּ
—	—
H3513	

मेरो भक्तजनहरूले सहयोगको निम्ति मलाई डाक्ने छन्। अनि म तिनीहरूलाई जवाफ दिने छु म तिनीहरूको दुःखको बेलामा साथ रहनेछु, म तिनीहरूलाई मुक्त गर्ने छु र सम्मान गर्ने छु।

16	אֹרֶךְ	יָמִים	אַשְׂבִּיעֵהוּ	וְאַרְאֵהוּ	בִּישׁוּעָתִי׃
	दीर्घ-आयुले	उसलाई-तृप्त-गर्नेछु	र-मेरो-उद्धार-देखाउनेछु	—	—
	H0753	H3117	H7646	H7200	H3444

अनि मेरा भक्तजनहरूलाई दीर्घायु दिनेछु अनि तिनीहरूलाई बचाउनेछु।”

Chapter 92

1	לְהֹדוֹת	טוֹב	לַיהוָה	לְיוֹם	שִׁיר	מִזְמוֹר
	—	हे-सर्वोच्च-प्रशंसा-गर्नु-असल	र-तपाईको-नामको	परमप्रभुको-धन्यवाद-चढाउनु	भजन-गीत	शब्बातको-दिनको-निम्ति
	H3034		H7676	H3117		H4210

עֶלְיוֹן׃	לְשִׁמְךָ	וּלְזַמֵּר	לַיהוָה	
—	—	—	—	
	H8034	H2167	H3068	

परमप्रभुको गुण-गान गर्नु असल कुरा हो। सर्वोच्च परमेश्वर, तपाईको गुण-गान गर्नु असल कुरा हो।

2	לְהַגִּיד	בַּבֹּקֶר	חַסְדֶּךָ	וֶאֱמוּנָתְךָ	בַּלֵּילוֹת׃
	बिहानै-तपाईको-करुणा	र-रातिमा-तपाईको-विश्वसनीयता	घोषणा-गर्नु-उत्तम-हो	—	—
	H5046	H1242		H0530	H3915

बिहानको बेलामा तपाईंको प्रेम बारे गाउनु असल हो, अनि रातमा तपाईंको विश्वास बारेमा गाउनु असल हो।

בְּכִנּוֹר׃	הִגָּיוֹן	עֲלֵי	נֵבֶל	וַעֲלֵי־	עָשׂוֹר	עֲלֵי־
—	—	—	—	वीणाको-ध्यानमा	र-मधुरो-वीणासहित	दश-तारे-वीणा
H3658	H1902				H6218	

3

परमेश्वर, दश तारे बाजाहरू, वीणा र सारङ्गीहरू तपाईंको लागि बजाउनु असल कुरा हो।

בְּפָעֳלֶךָ	יְהוָה	שִׂמַּחְתָּנִי	כִּי	4
आनन्दको-गीत-गाउनेछु	तपाईंको-हातका-कामहरूमा	मलाई-तपाईंको-कामहरूद्वारा-आनन्दित-पार्नुभयो	किनभने-हे-परमप्रभु-तपाईंले	
H6467	H3068	H8055		

בְּמַעֲשֵׂי	יָדֶיךָ	אֲרַנֵּן׃	
—	—	—	
H4639	H3027		

हे परमप्रभु, तपाईंले आफ्ना सृजनासित हामीलाई साँच्चि नै खुशी बनाउनु भयो। हामी खुशीसाथ तपाईंले गर्नु भएका कुराहरू बारे गाउँछौं।

מַחְשְׁבֹתֶיךָ׃	עָמְקוּ	מְאֹד	יְהוָה	מַעֲשֶׂיךָ	גִּדְלוּ	מַה־
—	—	—	अत्यन्तै-गहिरा-छन्	र-तपाईंका-विचारहरू	कति-महान्-छन्	हे-परमप्रभु-तपाईंका-कामहरू
H4284	H6009	H3966	H3068	H4639	H1431	H4100

5

हे परमप्रभु तपाईंले कति महान् कुराहरू गर्नुभयो। तपाईंका विचारहरू हामीलाई बुझ्न अति कठिन छ।

זֹאת׃	אֶת־	יָבִין	לֹא־	יִכְסִיל	יֵדָע	לָא	בַעַר	אִישׁ־
—	—	—	—	—	—	बुझ्दैन	र-निर्बुद्धिले-यो-कुरा	मूर्ख-मानिसले-जान्दैन
H2063	H0853	H0995	H3808	H3684	H3045	H3808	H1198	H0376

6

हामीसँग तपाईंको तुलना गर्दा मानिस जाति मूर्ख जनावरहरू जस्तै छन्। हामी मूर्खहरू हौं जसले केही पनि बुझ्न सक्दैन।

פֹּעֲלֵי	כָּל־	וַיָּצִיצוּ	עֵשֶׂב	כְּמוֹ	וְרִשְׁעִים	בְּפָרְחַ
—	—	—	नाश-हुन्छन्	तिनीहरू-सदासर्वदाको-निम्ति	र-सबै-दुष्कर्मीहरू-फले-पनि	दुष्टहरू-घाँसझैं-फुले-पनि
H6466	H3605		H6212	H3644	H7563	

7

עַד׃	עֲדֵי־	לְהִשָּׁמְדָם	אָוֶן	
—	—	—	—	
H5704	H5703	H8045	H0205	

दुष्ट मानिसहरू झारपातहरू जस्ता जहीं-तहीं उम्रन्छन्। तर तिनीहरू सधैंको निम्ति नष्ट हुनेछन्। तिनीहरू जे गर्छन् त्यो सदालाई विनिष्ट हुन्छ।

יְהוָה׃	לְעֹלָם	מָרוֹם	וְאַתָּה
—	उच्चमा-हुनुहुन्छ	हे-परमप्रभु-सदासर्वदा	तर-तपाईं
H3068	H5769	H4791	

8

तर हे परमप्रभु, तपाईंलाई सदा आदर गरिनेछ।

אֹיְבֶיךָ	הִנֵּה	כִּי־	יְהוָה	וְאֹיְבֶיךָ	הִנֵּה	כִּי
—	—	—	तितर-भितर-हुनेछन्	र-सबै-दुष्कर्मीहरू	हे-परमप्रभु-नाश-हुनेछन्	किनभने-हेर्नुहोस्-तपाईंका-शत्रुहरू
H0341	H2009		H3068	H0341	H2009	

9

אָוֶן׃	פֹּעֲלֵי	כָּל־	יִתְפָּרְדוּ	יֹאבֵדוּ	
—	—	—	—	—	
H0205	H6466	H3605	H6504	H0006	

हे परमप्रभु, तपाईंका सम्पूर्ण शत्रुहरू नाश हुनेछन्। सम्पूर्ण ती मानिसहरू जसले पाप कामहरू गरे तिनीहरू नष्ट हुनेछन्।

רַעֲנָן׃	בְּשֶׁמֶן	בַּלֹּתִי	קַרְנִי	כִּרְאֵים	וַתָּרֶם	10
—	—	—	म-ताजा-तेलले-अभिषिक्त-भएको-छु	जंगली-साँढझैं-उच्च-पार्नुभयो	तर-तपाईंले-मेरो-सिंग	
	H8081			H7214		

तर तपाईले मलाई बलियो बनाउनु भयो। म दरिलो सींङहरू भएको साँढे जस्तै हुनेछु। तपाईले खास कामको लागि मलाई रोज्नुभयो, तपाईले आफ्ना ताजा तेलहरू ममाथि खन्याउनु भयो।

אָזְנָי׃	תִּשְׁמַעְנָה	מְרֵעִים	עָלַי	בַּקָּמִים	בְּשׁוּרָי	עֵינִי	וַתַּבָּט	11
—	—	—	—	—	—	—	मेरो-आँखाले-मेरा-शत्रुहरूको-पतन-देखेको-छ	
H0241	H8085				H7790		H5027	

मैले मेरो शत्रुहरू वरिपरि भएको देखें। तिनीहरू मलाई आक्रमण गर्न तयार भएका विशाल साँढेहरू जस्ता छन्। मेरो बारेमा तिनीहरूले के कुरा गरिरहेका छन् सो मैले सुनें।

יִשְׂגֶּה׃	בַּלְּבָנוֹן	כְּאֶרֶז	יִפְרָח	כַּתָּמָר	צַדִּיק	12
—	—	बढ्छ	लेबनानको-देवदारझैं	फुल्छ	धर्मी-खजूरको-रूखझैं	
	H3844	H0730		H8558	H6662	

असल मानिसहरू लेबानेनमा परमप्रभुको मन्दिरमा रोपिएको देवदारू जस्ता छन्,

יַפְרִיחוּ׃	אֱלֹהֵינוּ	בְּחַצְרוֹת	יְהוָה	בְּבֵית	שְׁתוּלִים	13
—	—	—	फल्नेछन्	हाम्रो-परमेश्वरको-आँगनमा	परमप्रभुको-घरमा-रोपिएका	
	H0430		H3068		H8362	

परमप्रभुको मन्दिरमा रोप्न लगिएको धर्मी मानिसहरू हाम्रो परमेश्वरको मन्दिरको प्राङ्गणमा फुलिरहेकाछन्।

יִהְיוּ׃	וְרַעֲנַנִּים	דְּשֵׁנִים	בְּשֵׂיבָה	יְנוּבוּן	עוֹד	14
—	—	—	—	हरियो-र-ताजा-रहनेछन्	बुढेसकालमा-पनि-फल्नेछन्	
H1961		H1879	H7872	H5107	H5750	

तिनीहरू बृद्ध भए तापनि तिनीहरूले नयाँ र स्वस्थ रूखले जस्तै लगातार फल उत्पादन गरिरहने छन्।

]עַלְתָּהן[	וְלֹא־	צוּרִי	יְהוָה	יָשָׁר	כִּי־	לְהַגִּיד	15
—	—	—	अधर्म-छैन	मेरो-चट्टान-र-उहाँमा-कुनै	परमप्रभु-सिधा-हुनुहुन्छन्	यो-घोषणा-गर्नको-निम्ति-कि	
	H3808	H6697	H3068	H3477		H5046	

בּוֹ׃	)עַוְלָתָה(
—	—

तिनीहरू त्यहाँ हुनु नै परमप्रभु असल हुनुहुन्छ, भन्नलाई नै हो। उहाँ मेरो चट्टान हुनुहुन्छ, अनि उहाँले अनुचित काम गर्नुहुन्न।

Chapter 93

הִתְאַזָּר	עֹז	יְהוָה	לָבֵשׁ	לָבֵשׁ	גֵּאוּת	מָלָךְ	יְהוָה	1
कम्मर-कस्नुभएको-छ	शक्ति	परमप्रभुले	धारण-गर्नुभएको-छ	लगाउनुभएको-छ	महिमा	राज्य-गर्नुहुन्छ	परमप्रभुले	
H0247	H5797	H3068	H3847	H3847	H1348		H3068	

תְּמוֹט׃	בַּל־	תִּבֹּל	תִּכּוֹן	אַף־
डग्नेछैन	कहिल्यै	संसार	स्थिर-छ	निश्चय-नै
H4131	H1077	H8398		H0637

परमप्रभु राजा हुनुहुन्छ। उहाँले वैभवी अनि सामर्थ्यपूर्ण पोषाकहरू लगाउनु हुन्छ। उहाँ तयार हुनुहुन्छ यसैले सारा संसार सुरक्षित छ, यो नष्ट हुनेछैन।

אָתָּה׃	מֵעוֹלָם	מֵאָז	כִּסְאֲךָ	נָכוֹן	2
तपाई-हुनुहुन्छ	अनादिकालदेखि	प्राचीनकालदेखि	तपाईको-सिंहासन	स्थापित-छ	
	H5769		H3678		

परमेश्वर, तपाईको राज्य सर्वदा चल्ने छ। परमेश्वर, तपाईं अनन्त सम्म बाँच्नु भयो।

דָּכְיָם׃	נְהָרוֹת	יִשְׂאוּ	קוֹלָם	נְהָרוֹת	נָשְׂאוּ	יְהוָה	וְנְהָרוֹת	נָשְׂאוּ	3
आफ्ना-छालहरू	नदीहरूले	उठाउँछन्	आफ्नो-आवाज	नदीहरूले	उठाए	हे-परमप्रभु	नदीहरूले	उठाए	
H1796	H5104	H5375		H5104	H5375	H3068	H5104	H5375	

हे परमप्रभु नदिहरूको आवाज अति गर्जनपूर्ण छ। जोडसँग आउने छालहरू गर्जनपूर्ण छन्।

יְהוָה׃	בַּמָּרוֹם	אַדִּיר	יָם	מִשְׁבְּרֵי־	אַדִּירִים	רַבִּים	מַיִם	וּמִקֹלוֹת	4
परमप्रभु	उच्चमा	शक्तिशाली-हुनुहुन्छ	माथि	समुद्रका-छालहरूभन्दा	शक्तिशाली	ठूला	पानीहरूको	धेरै	
H3068	H4791	H0117	H3220	H4867	H0117		H4325		

जोडसँग आउने समुद्रका छालहरू गर्जनपूर्ण र शक्तिशली छन् तर परमप्रभु तिनीहरूमाथि अझ शक्तिशाली हुनुहुन्छ।

יָמִים׃	לְאֹרֶךְ	יְהוָה	קֹדֶשׁ	נַאֲוָה־	לְבֵיתְךָ	מְאֹד	נֶאֶמְנוּ	עֵדֹתֶיךָ	5
सधैँ	सदासर्वदा	हे-परमप्रभु	पवित्रताले	शोभा-दिन्छ	तपाईंको-भवनमा	छन्	अत्यन्त-विश्वासयोग्य	तपाईंका-गवाहीहरू	
H3117	H0753	H3068	H6944	H4998		H3966	H0539		

हे परमप्रभु, तपाईंको नियम सर्वदा चल्ने छ तपाईंको पवित्र मन्दिर धेरै कालसम्म रहनेछ।

Chapter 94

הוֹפִיעַ׃	נְקָמוֹת	אֵל	יְהוָה	נְקָמוֹת	אֵל־	1
प्रकट-हुनुहोस्	बदला-लिने-परमेश्वर	हे	परमप्रभु	बदला-लिने-परमेश्वर	हे	
H3313	H5360	H0410	H3068	H5360	H0410	

हे परमप्रभु, तपाईं परमेश्वर हुनहुन्छ, जसले मानिसहरूलाई दण्ड दिन्छ। तपाईं परमेश्वर हुनुहुन्छ जसले मानिसहरू प्रति दण्ड लिएर आउँछन्।

גֵּאִים׃	עַל־	גְּמוֹל	הָשֵׁב	הָאָרֶץ	שֹׁפֵט	הִנָּשֵׂא	2
अहङ्कारीहरूलाई	माथि	फल	फिर्ता-दिनुहोस्	पृथ्वीको	हे-पृथ्वीका-न्यायकर्ता	उठ्नुहोस्	
H1343		H1576	H7725	H0776	H8199	H5375	

तपाईं सारा पृथ्वीका न्याय पालक हुनुहुन्छ। अहंकारी मानिसहरूलाई दण्ड दिनुहोस् जो त्यसका लायक छन्।

יַעֲלֹזוּ׃	רְשָׁעִים	מָתַי	עַד־	יְהוָה	וּרְשָׁעִים	מָתַי	עַד־	3
उल्लास-मनाउनेछन्	दुष्टहरूले	कति-समयसम्म	कहिलेसम्म	हे-परमप्रभु	दुष्टहरू	कति-समयसम्म	कहिलेसम्म	
H5937	H7563	H4970	H5704	H3068	H7563	H4970	H5704	

हे परमप्रभु, कहिले सम्म दुष्ट मानिसहरूले खेलाँची गर्नेछन्? कहिले सम्म परमप्रभु?

אָוֶן׃	פֹּעֲלֵי	כָּל־	יְתַאַמְּרוּ	עָתָק	יְדַבְּרוּ	יַבִּיעוּ	4
अधर्मको	अन्याय-गर्नेहरू	सबै	घमण्ड-गर्छन्	अहङ्कारका-कुरा	बोल्छन्	खोल्छन्	
H0205	H6466	H3605	H0559	H6277	H1696	H5042	

कहिलेसम्म ती दुष्टकर्मीहरूले तिनीहरूको भयंकर कामहरू गर्नेछन्?

יְעַנּוּ׃	וְנַחֲלָתְךָ	יְדַכְּאוּ	יְהוָה	עַמְּךָ	5
दुःख-दिन्छन्	र-तपाईंको-उत्तराधिकारीहरूलाई	कुचल्छन्	हे-परमप्रभु	तपाईंका-जनतालाई	
	H5159	H1792	H3068		

हे परमप्रभु, तिनीहरूले तपाईंको मानिसहरूलाई कष्ट दिए। तिनीहरूले नै तपाईंका मानिसहरूलाई दुःखी, पीडित बनाए।

יְרַצָּחוּ׃	וְיָתוֹמִים	יַהַרֹגוּ	וְגֵר	אַלְמָנָה	6
घात-गर्छन्	र-टुहुराहरूलाई	मार्छन्	परदेशीलाई	विधवा-र	
H7523	H3490	H2026	H1616	H0490	

ती दुष्ट मानिसहरूले हाम्रा देशमा बसिरहेका विधुवाहरू र परदेशीहरूलाई मारे। तिनीहरूले माता-पिता नभएका नानीहरूलाई हत्या गरे।

יַעֲקֹב׃	אֱלֹהֵי	יָבִין	וְלֹא־	יָהּ	יִרְאֶה־	לֹא	וַיֹּאמְרוּ	7
परमेश्वरले	याकूबका	बुझ्नुहुन्न	न-बुझ्नुहुन्छ	परमप्रभुले	हेर्नुहुन्न	देख्नुहुन्न	र-भन्छन्	
H3290	H0430	H0995	H3808	H3050	H7200	H3808	H0559	

अनि तिनीहरूले भने परमप्रभुले तिनीहरूले गरिरहेका नीच कामहरू देख्दैनन्। तिनीहरूले भने कि इस्राएल का परमेश्वरले के भईरहेछ त्यो केही पनि जान्दैनन्।

תַּשְׂכִּילוּ׃	מָתַי	כְּסִילִים	בָּעָם	בַּעֲרִים	בִּינוּ	8
समझनेछौ	कहिले	र-मूर्खहरू	जनतामा	हे-निर्बुद्धिहरू	बुझ्नुहोस्	
	H4970	H3684			H0995	

तिमी अबुझ मानिसहरू तिमीहरूले ज्ञानी हुन्छौ? हे मूर्खहरू हो तिमीहरू कहिले चेतनशील हुन्छौ? तिमी पापी मानिसहरू अति हरिलट्ठक छौ। तिमीहरूले बुझ्नु नै पर्छ।

9	הַנֹּטַע	אֹזֶן	הֲלֹא	יִשְׁמָע	אִם־	יֹצֵר	עַיִן	הֲלֹא	יַבִּיט׃
	कान-रोप्नेले	कान	के-सुन्न	सुन्न	वा	आँखा-बनाउनेले	आँखा	के-देख्न	देख्न
	H5193	H0241	H3808	H8085		H3335		H3808	H5027

परमेश्वरले हाम्रो कानहरू बनाउनु भयो, निश्चय नै जसले कान बनायो उसले सुन्न सक्नुहुन्छ। परमेश्वरले आँखा बनाउनु भयो, निश्चय नै के भइरहेको छ त्यो देख्न पनि सक्नुहुन्छ।

10	הַיֹּסֵר	גּוֹיִם	הֲלֹא	יוֹכִיחַ	הַמְלַמֵּד	אָדָם	דָּעַת׃
	जातिहरूलाई-अनुशासन-गर्नेले	जातिहरूलाई	के-ताड्न	ताड्न	मानवजातिलाई-सिकाउनेले	मानवजातिलाई	ग्यान
	H3256		H3808	H3198	H3925	H0120	H1847

परमेश्वरले ती मानिसहरूलाई अनुशासनमा राख्नु हुनेछ। ती मानिसहरूले के गर्नु पर्ने परमेश्वरले सिकाउनु हुनेछ।

11	יְהוָה	יֹדֵעַ	מַחְשְׁבוֹת	אָדָם	כִּי־	הֶבֶל׃
	परमप्रभुले	जान्नुहुन्छ	मानवका-विचारहरू	मानवको	कि-तिनीहरू	छन्
	H3068	H3045	H4284	H0120		H1892

मानिसहरूले के सोचिरहेछन् परमेश्वर जान्नुहुन्छ। परमेश्वर जान्नुहुन्छ कि मानिसहरू हावाका झोंका मात्र हुन्।

12	וְאַשְׁרֵי	הַגֶּבֶר	אֲשֶׁר־	תְּיַסְּרֶנּוּ	יָהּ	וּמִתּוֹרָתְךָ	תְּלַמְּדֶנּוּ׃
	धन्य-छ	त्यो-मानिस	जसलाई	तपाईंले-अनुशासन-गर्नुहुन्छ	हे-परमप्रभु	र-तपाईंको-नियमबाट	सिकाउनुहुन्छ
	H0835	H1397		H3256	H3050	H8451	H3925

मानिस जसलाई परमप्रभुले अनुशासनमा राख्नु भएको छ त्यो सुखी हुनेछ। परमेश्वरले त्यस मानिसलाई ठीक तरिकाले बाँच्ने बाटो बताउनु हुनेछ।

13	לְהַשְׁקִיט	לוֹ	מִימֵי	רָע	עַד	יִכָּרֶה	לָרָשָׁע	שָׁחַת׃
	शान्ति-दिन	उसलाई	कष्टका-दिनहरूबाट	कष्टको	जबसम्म	खनिन्छ	दुष्टको-निम्ति	खाडल
	H8252		H3117		H5704		H7563	H7845

हे परमेश्वर, तपाईंले त्यस मानिसलाई सहयोग गर्नु हुनेछ जो संकट आईपर्दा बिछिन्न हुँदछ। जब सम्म ती दुष्ट मानिसहरूलाई चिहानमा पुरिदैन, त्यसलाई शान्ति बस्न तपाईंले सहायता गर्नु हुनेछ।

14	כִּי	לֹא־	יִטֹּשׁ	יְהוָה	עַמּוֹ	וְנַחֲלָתוֹ	לֹא	יַעֲזֹב׃
	किनकि	त्याग्नेछैनन्	परमप्रभुले	परमप्रभुले	आफ्ना-जनतालाई	र-उहाँको-उत्तराधिकारीहरूलाई	छोड्नेछैनन्	छोड्नेछैनन्
		H3808	H5203	H3068		H5159	H3808	

परमप्रभुले आफ्ना मानिसहरूलाई त्याग्नु हुन्न, उहाँले तिनीहरूलाई सहयोग दिन छोडनुहुन्न।

15	כִּי־	עַד־	צֶדֶק	יָשׁוּב	מִשְׁפָּט	וְאַחֲרָיו	כָּל־	יִשְׁרֵי־	לֵב׃
	किनकि	धर्मतिर	धार्मिकतामा	फर्कनेछ	न्याय	र-त्यसपछि	सबै	सिधा-हृदयका	मानिसहरू
		H5704	H6664	H7725	H4941		H3605	H3477	

न्याय फर्केर निर्मलतासित आउने छ। अनि त्यहाँ असल, ईमान्दारी मानिसहरू हुनेछन्।

16	מִי־	יָקוּם	לִי	עִם־	מְרֵעִים	מִי־	יִתְיַצַּב	לִי	עִם־
	कसले	उठ्नेछ	मेरो-निम्ति	दुष्टहरू-विरुद्ध	दुष्कर्मीहरू-विरुद्ध	कसले	खडा-हुनेछ	मेरो-निम्ति	दुष्टहरू-विरुद्ध
	H4310					H4310	H3320		

פֹּעֲלֵי	אָוֶן׃
अन्याय-गर्नेहरू	अधर्मको
H6466	H0205

कसैले पनि मलाई दुष्ट मानिसहरूको विरूद्ध लडन सघाएनन्। कोही पनि मसँग ती नीच कर्म गर्ने मानिसहरूको विरूद्ध लडाई गर्न उभिएनन्।

17	לוּלֵי	יְהוָה	עֶזְרָתָה	לִי	וּכְמְעַט	שָׁכְנָה	דוּמָה	נַפְשִׁי׃
	यदि	परमप्रभुले	सहायता	मलाई	झण्डैमा	बस्नेथियो	मौनतामा	मेरो-प्राण
	H3884	H3068	H5833		H4592	H7931	H1745	H5315

यदि परमप्रभुले मलाई सहायता नगर्नु भएको भए मृ त्युद्वारा म मौन भइसकेको हुन्थें।

18	אִם־	אָמַרְתִּי	מָטָה	רַגְלִי	חַסְדְּךָ	יְהוָה	יִסְעָדֵנִי׃
	यदि	मैले-भनें	डगमगायो	मेरो-खुट्टा	तपाईंको-करुणाले	हे-परमप्रभु	मलाई-सम्भार्यो
		H0559	H4131	H7272	H2617	H3068	H5582

म जान्दछु कि म पतन हुन लागेको थिंए, तर परमप्रभुले आफ्नो चेलालाई सहायता गर्नुभयो।

19	בְּרֹב	שַׂרְעַפַּי	בְּקִרְבִּי	תַּנְחוּמֶיךָ	יְשַׁעַשְׁעוּ	נַפְשִׁי׃	
	मेरा-धेरै	चिन्ताहरू	मेरो-भित्रमा	तपाईंको-सान्त्वनाले	आनन्दित-पार्छ	मेरो-प्राणलाई	
	H7230	H8312	H7130	H8575	H8191	H5315	

म अत्यन्त चिन्तीत र हडबडिएको थिएँ तर परमप्रभु, तपाईंले मलाई सान्त्वना दिनुभयो अनि खुशी पार्नुभयो!

20	הֲיִחָבְרְךָ	כִּסֵּא	הַוָּוֹת	יֹצֵר	עָמָל	עָלֵי־	חֹק׃
	साथ-दिनेछ	दुष्टताको-सिंहासनले	विपत्तिको	तपाईंसँग	कष्ट	नियमद्वारा	रच्नेछ
	H2266	H3678	H1942	H3335	H5999		H2706

परमेश्वर, कपटी न्यायकर्त्तालाई सहयोग नगर्नुहोस्। ती दुष्ट न्यायकर्त्ताहरूले साधारण जनताको लागि कठिन जीवन यापन गर्ने नियमहरू बनाउँदछन्।

21	יָגֹדּוּ	עַל־	נֶפֶשׁ	צַדִּיק	וְדַם	נָקִי	יַרְשִׁיעוּ׃
	आक्रमण-गर्छन्	धर्मीको	प्राण-विरुद्ध	धर्मीको	र-निर्दोषको	निर्दोष	रगत-दोषी-ठहर्याउँछन्
	H1413		H5315	H6662	H1818		H7561

त्यस्ता न्यायकर्त्ताहरूले असल मानिसहरूलाई आक्रमण गर्दछन्। तिनीहरूलाई दोषी साबित गरेर मार्न लगाउँछन्।

22	וַיְהִי	יְהוָה	לִי	לְמִשְׂגָּב	אֱלֹהַי	לְצוּר	מַחְסִי׃
	तर	परमप्रभु	मेरो	उच्च-दुर्ग-हुनुभयो	र-मेरा-परमेश्वर	चट्टान-हुनुभयो	मेरो-शरणको
	H1961	H3068			H0430	H6697	H4268

तर मेरो परमप्रभु, उच्च पर्वतमाथि मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ। परमेश्वर मेरो चट्टान हुनुहुन्छ मेरो सुरक्षाको ठाउँ!

23	וַיָּשֶׁב	עֲלֵיהֶם	אֶת־	אוֹנָם	וּבְרָעָתָם	יַצְמִיתֵם	יַצְמִיתֵם	יְהוָה
	र-फिर्ता-पार्नुभयो	तिनीहरूमाथि	तिनीहरूको	अधर्म	र-तिनीहरूको-दुष्टतामा	नाश-पार्नुभयो	नाश-पार्नुभयो	परमप्रभु
	H7725		H0853	H0205		H6789	H6789	H3068

אֱלֹהֵינוּ׃
हाम्रा-परमेश्वरले
H0430

परमेश्वरले भयंकर कार्य गर्ने ती दुष्ट न्यायकर्त्ताहरूलाई दण्ड दिनुहुनेछ। परमेश्वरले तिनीहरूलाई नष्ट गर्नुहुनेछ किनभने तिनीहरूले पाप गरे। परमप्रभु हाम्रा परमेश्वरले ती पापी न्यायकर्त्ताहरूलाई नष्ट गर्नुहुनेछ।

Chapter 95

1	לְכוּ	נְרַנְּנָה	לַיהוָה	נָרִיעָה	לְצוּר	יִשְׁעֵנוּ׃
	आओ	गाओं	परमप्रभुको-निम्ति	जयकार-गरौं	हाम्रो-उद्धारको-चट्टानको-निम्ति	हाम्रो-मुक्तिको
	H3212		H3068	H7321	H6697	H3468

आऊ, परमप्रभुको गुण-गान गरौं। चट्टान प्रति, ठूलो स्वरमा गुण-गान गरौं जसले हामीलाई बँचायो।

2	נְקַדְּמָה	בְּפָנָיו	בְּתוֹדָה	בִּזְמִרוֹת	נָרִיעַ	לוֹ׃
	आओं	उहाँको-सम्मुखमा	धन्यवादसित	भजनहरूद्वारा	जयकार-गरौं	उहाँलाई
	H6923	H6440	H8426	H2158	H7321	

परमप्रभु प्रति धन्यवादको गीत गाऊ। उहाँप्रति आनन्दमय प्रशंसाको गीत गाऊ।

3	כִּי	אֵל	גָּדוֹל	יְהוָה	וּמֶלֶךְ	גָּדוֹל	עַל־	כָּל־	אֱלֹהִים׃
	किनकि	महान्	परमेश्वर	परमप्रभु-हुनुहुन्छ	र-महान्	राजा	सबैभन्दा	सबै	देवताहरूमाथि
		H0410		H3068	H4428			H3605	H0430

किनभने परमप्रभु नै महान् परमेश्वर हुनुहुन्छ! अन्य सारा “देवताहरू”लाई अधीनमा राख्ने उहाँ महान् राजा हुनुहुन्छ।

אֲשֶׁר־	בְּיָדוֹ	מֶחְקְרֵי	אָרֶץ	וְתוֹעֲפוֹת	הָרִים	לוֹ׃	4
जसको	हातमा	पृथ्वीका-गहिराइहरू	पृथ्वीका	र-पहाडहरूका	चुचुरोहरू	उहाँका-हुन्	
	H3027	H4278	H0776	H8443	H2022		

गहिरो गुफाहरू र उच्च पहाड-पर्वतहरू परमप्रभुका सम्पत्ति हुन्।

אֲשֶׁר־	לוֹ	הַיָּם	וְהוּא	עָשָׂהוּ	וְיַבֶּשֶׁת	יָדָיו	יָצָרוּ׃	5
जसको	उहाँको	समुद्र-हो	र-उहाँले	बनाउनुभयो	र-सुक्खा-जमिन	उहाँका-हातहरूले	रचना-गरे	
		H3220	H1931		H3006	H3027	H3335	

सागर उहाँकै हो उहाँले यो सृजना गर्नु भएको हो, परमेश्वरले आफ्नै हातले सुक्खा जमीनहरू बनाउनु भयो।

בֹּאוּ	נִשְׁתַּחֲוֶה	וְנִכְרָעָה	נִבְרְכָה	לִפְנֵי־	יְהוָה	עֹשֵׂנוּ׃	6
आओ	दण्डवत्-परौं	र-घुडा-टेकौं	झुकौं	परमप्रभु-अगाडि	परमप्रभु	हाम्रा-स्रष्टाको	
H0935	H7812	H3766	H1288	H6440	H3068		

आऊ, निहुँरिएर, उहाँको उपसना गरौं। जसले हामीलाई बनाउनु भयो उहाँ परमेश्वरको उपसना गरौं।

יָדוֹ	וְצֹאן	מַרְעִיתוֹ	עַם	וַאֲנַחְנוּ	אֱלֹהֵינוּ	הוּא	כִּי	7
उहाँको-हातका	र-भेडाहरू	उहाँको-खरानीका	उहाँको-चराउने-जनता	र-हामी	हाम्रा-परमेश्वर-हुनुहुन्छ	उहाँ	किनकि	
H3027	H6629	H4830		H0587	H0430	H1931		

תִּשְׁמָעוּ׃	בְּקֹלוֹ	אִם־	הַיּוֹם		
सुन्यौ	उहाँको-स्वर	यदि	आज		
H8085			H3117		

उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ अनि हामी उहाँका सन्तानहरू हौं। यदि हामीले उहाँको आवाज सुन्यौ भने, आज हामी उहाँका भेडा हौ।

בַּמִּדְבָּר׃	מַסָּה	כְיוֹם	כְּמְרִיבָה	לְבַבְכֶם	תַּקְשׁוּ	אַל־	8
उजाडस्थानमा	मस्सामा	परीक्षाको-दिनमा-झैं	मरीबामा-झैं	तिम्रो-हृदयलाई	आफ्ना-हृदय	कठोर-न-पार्नुहोस्	
		H3117	H4808	H3824	H7185	H0408	

परमेश्वर भन्नुहुन्छ, “तिमीहरूले मरीबामाको जङ्गलमा हुँदा झैं, अनि मस्साको मरूभूमिमा गरे झैं जिद्दी नगर।

פָּעֳלִי׃	רָאוּ	גַּם־	בְּחָנוּנִי	אֲבוֹתֵיכֶם	נִסוּנִי	אֲשֶׁר	9
मेरा-कामहरू	देखे-पनि	र-देखे	जाँचे	तिम्रा-पूर्खाहरूले	परीक्षा-गरे	जहाँ	
H6467	H7200	H1571	H0974	H0001	H5254		

तिम्रा पिता-पुर्खाहरूले मलाई जाँच गरे, तिनीहरूले मलाई जाँचे, तर तिनीहरूले म के गर्न सक्थे भन्ने कुरा देखे।

לֹא־	וְהֵם	הֵם	לִבָּב	תֹּעֵי	עַם	וַיֹּאמַר	בְּדוֹר	אָקוּט	וְשָׁנָה	אַרְבָּעִים	10
चिनेनन्	र-तिनीहरूले	हुन्	हृदयका	भुल्ने	यो-जनताको	र-भनें	त्यस-पुस्तामाथि	रिसाएँ	वर्षसम्म	चालीस	
H3808	H1992	H1992	H3824	H8582		H0559	H1755	H6962	H8141	H0705	

דְּרָכָי׃	יָדְעוּ	
मेरा-मार्गहरू	जानेनन्	
H1870	H3045	

चालीस वर्षसम्म म ती मानिसहरू गन-गन सहेर बसें। अनि म जान्दथिएँ कि तिनीहरू आज्ञाकारी थिएनन्। तिनीहरूले मेरो शिक्षाहरू लिन अस्वीकार गरे।

מְנוּחָתִי׃	אֶל־	יְבֹאוּן	אִם־	בְּאַפִּי	נִשְׁבַּעְתִּי	אֲשֶׁר־	11
विश्राममा	मेरो	प्रवेश-गर्नेछन्	कहिल्यै	मेरो-रिसमा	शपथ-खाएँ	यसकारण	
H4496	H0413	H0935		H0639	H7650		

यसैले मेरो रीसमा तिनीहरू ‘मेरो विश्रामको भूमिमा पस्ने छैनन’ भनी मैले प्रतिज्ञा गरें।”

Chapter 96

שִׁירוּ	לַיהוָה	שִׁיר	חָדָשׁ	שִׁירוּ	לַיהוָה	כָּל־	הָאָרֶץ׃	1
गाओ	परमप्रभुको-निम्ति	नयाँ	गीत	गाओ	परमप्रभुको-निम्ति	सबै	पृथ्वीले	
H7891	H3068		H2319	H7891	H3068	H3605	H0776	

परमप्रभुले गर्नु भएको नयाँ कुराहरूका बारेमा नयाँ गीत गाऊ, सारा संसारले परमप्रभु प्रति गीत गाउन्।

שִׁירוּ	לַיהוָה	בָּרְכוּ	שְׁמוֹ	בַּשְּׂרוּ	מִיּוֹם־	לְיוֹם	יְשׁוּעָתוֹ׃	2
गाओ	परमप्रभुको-निम्ति	धन्य-मान्नुहोस्	उहाँको-नाम	घोषणा-गर्नुहोस्	दिन-प्रति	दिन	उहाँको-मुक्ति	
H7891	H3068	H1288	H8034	H1319	H3117	H3117	H3444	

परमप्रभु प्रति गाऊ, उहाँको नाउँको प्रशंसा गर! सुसमाचार भन, प्रत्येक दिन उहाँको मुक्तिको विषयमा कुरा गर।

סַפְּרוּ	בַגּוֹיִם	כְּבוֹדוֹ	בְּכָל־	הָעַמִּים	נִפְלְאוֹתָיו׃	3
वर्णन-गर्नुहोस्	जातिहरूमाझ	उहाँको-महिमा	सबै	जनताहरूमाझ	उहाँका-आश्चर्यहरू	
		H3519	H3605		H6381	

परमप्रभु साँच्चि नै अद्भूत हुनुहुन्छ, भनेर मानिसहरूलाई भन, परमेश्वरले गर्नु हुने आश्चर्यचकित चीजहरूका विषयमा राष्ट्रहरू माझ भन। सृजना गर्नु हुने अचम्मका कामहरूको बारेमा मानिसहरूलाई भन।

כִּי	גָדוֹל	יְהוָה	וּמְהֻלָּל	מְאֹד	נוֹרָא	הוּא	עַל־	כָּל־	אֱלֹהִים׃	4
किनकि	महान्	परमप्रभु-हुनुहुन्छ	र-अत्यन्त-प्रशंसनीय	हुनुहुन्छ	भयानक	उहाँ	सबैभन्दा	सबै	देवताहरूमाथि	
		H3068		H3966	H3372	H1931		H3605	H0430	

परमप्रभु महान् हुनुहुन्छ र प्रशंसाको योग्य हुनुहुन्छ। उहाँ अन्य सबै “देवताहरू”को भन्दा अझ उहाँकै डर राख्नु पर्छ।

כִּי	כָּל־	אֱלֹהֵי	הָעַמִּים	אֱלִילִים	וַיהוָה	שָׁמַיִם	עָשָׂה׃	5
किनकि	सबै	जातिहरूका	जनताहरूका	देवताहरू-मूर्ति-हुन्	तर-परमप्रभुले	आकाशहरू	रचना-गर्नुभयो	
	H3605	H0430		H0457	H3068	H8064		

अन्य जातिहरूका सबै “देवताहरू” खाली मूर्तिहरू मात्र हुन्। तर परमेश्वरले स्वर्ग बनाउनुभयो।

הוֹד־	וְהָדָר	לְפָנָיו	עֹז	וְתִפְאֶרֶת	בְּמִקְדָּשׁוֹ׃	6
शोभा-र	वैभव	उहाँको-सम्मुखमा-छ	शक्ति-र	सौन्दर्य	उहाँको-पवित्रस्थानमा-छ	
H1935	H1926	H6440	H5797	H8597	H4720	

उहाँको समक्षमा आदर र महिमा चम्किरहेको छ। परमेश्वरको पवित्र मन्दिरमा शक्ति र सौन्दर्य छ।

הָבוּ	לַיהוָה	מִשְׁפְּחוֹת	עַמִּים	הָבוּ	לַיהוָה	כְּבוֹד	וָעֹז׃	7
चढाओ	परमप्रभुलाई	जातिहरूका-परिवारहरू	जनताहरू	चढाओ	परमप्रभुलाई	महिमा-र	शक्ति	
H3051	H3068	H4940		H3051	H3068	H3519	H5797	

परिवारहरू, जातिहरू परमप्रभुको प्रशंसा र महिमाको गीत गाओं।

הָבוּ	לַיהוָה	כְּבוֹד	שְׁמוֹ	שְׂאוּ־	מִנְחָה	וּבֹאוּ	לְחַצְרוֹתָיו׃	8
चढाओ	परमप्रभुलाई	महिमा-नामको	उहाँको-नाम	उठाओ	भेटि	र-आओ	उहाँका-आँगनहरूमा	
H3051	H3068	H3519	H8034	H5375	H4503	H0935		

परमप्रभुको नाउँको प्रशंसा गर आफ्ना बलिहरू ल्याऊ र मन्दिर तर्फ जाऊ।

הִשְׁתַּחֲווּ	לַיהוָה	בְּהַדְרַת־	קֹדֶשׁ	חִילוּ	מִפָּנָיו	כָּל־	הָאָרֶץ׃	9
दण्डवत्-पर्नुहोस्	परमप्रभुलाई	पवित्र-शोभामा	पवित्रता	काम्नुहोस्	उहाँको-सम्मुखबाट	सबै	पृथ्वीले	
H7812	H3068	H1927	H6944		H6440	H3605	H0776	

पवित्रताको सौन्दर्यसित परमप्रभुको उपासना गर। पृथ्वीमा प्रत्येक मानिसले परमप्रभुको उपासना गर।

אִמְרוּ	בַגּוֹיִם	יְהוָה	מָלָךְ	אַף־	תִּכּוֹן	תֵּבֵל	בַּל־	תִּמּוֹט	יָדִין	
भन्नुहोस्	जातिहरूमाझ	परमप्रभुले	राज्य-गर्नुहुन्छ	निश्चय-नै	स्थिर-छ	संसार	कहिल्यै	डग्नेछैन	न्याय-गर्नुहुन्छ	10
H0559		H3068		H0637		H8398	H1077	H4131	H1777	

עַמִּים	בְּמֵישָׁרִים׃
जनताहरूलाई	न्यायपूर्ण-रूपमा
	H4339

जाति-जातिहरूलाई घोषणा गर, परमप्रभु नै राजा हुन्, ताकि संसार नष्ट नहोस्। परमप्रभुले निष्पक्ष रूपमा संसारमा राज गर्नुहुनेछ।

וּמְלֹאֹו׃	הַיָּם	יִרְעַם	הָאָרֶץ	וְתָגֵל	הַשָּׁמַיִם	יִשְׂמְחוּ	11
त्यसमा-भएको-सबै	समुद्र-र	गर्जोस्	पृथ्वी	र-हर्षित-होस्	आकाशहरू	आनन्दित-होउन्	
H4393	H3220	H7481	H0776	H1523	H8064	H8055	

हे आकाश, खुशी हो! हे पृथ्वी, आनन्दित बन! यसमा भएका समुद्र र प्रत्येक थोक खुशीले कराऊ, चिच्याऊ।

יָעַר׃	עֲצֵי־	כָּל־	יְרַנְּנוּ	אָז	בּוֹ	אֲשֶׁר־	וְכָל־	שָׂדַי	יַעֲלֹז	12
रूखहरू	वनका	सबै	गाउनेछन्	तब	त्यसमा-छ	जो	र-सबै	मैदानहरू	आनन्दित-होस्	
	H6086	H3605					H3605		H5937	

खेतहरू र त्यसमा उब्जने प्रत्येक चीज, खुशी बन। जङ्गलका रूखहरू, गाऊ र खुशी बन!

תֵּבֵל	יִשְׁפֹּט־	הָאָרֶץ	לִשְׁפֹּט	בָּא	כִּי	בָּא	כִּי	וַיהוָה	לִפְנֵי	13
संसारलाई	न्याय-गर्नुहुन्छ	पृथ्वीको	न्याय-गर्न	आउनुहुन्छ	किनकि	आउनुहुन्छ	किनकि	परमप्रभुको	परमप्रभु-सम्मुख	
H8398	H8199	H0776	H8199	H0935		H0935		H3068	H6440	

בֶּאֱמוּנָתֹו׃	וְעַמִּים	בְּצֶדֶק
विश्वासयोग्यतामा	र-जनताहरूलाई	धार्मिकतामा
H0530		H6664

जब तिनीहरूले परमप्रभु आईरहेको देख्नेछन्, परमप्रभु संसारमा राजगर्न आउँदै हुनुहुन्छ, परमप्रभुले संसारमा भएका राज्यहरूमा पक्षपात नगरी न्याय र राज्य गर्नुहुनेछ।

Chapter 97

רַבִּים׃	אִיִּים	יִשְׂמְחוּ	הָאָרֶץ	תָּגֵל	מָלָךְ	יְהוָה	1
धेरै	टापुहरू	आनन्दित-होउन्	पृथ्वी	हर्षित-होस्	राज्य-गर्नुहुन्छ	परमप्रभुले	
	H0339	H8055	H0776	H1523		H3068	

परमप्रभुले राज गर्नु हुन्छ र पृथ्वी खुशी हो। सबै सुदूरतिरका देशहरू खुशी हुन्छन्।

כִּסְאֹו׃	מְכוֹן	וּמִשְׁפָּט	צֶדֶק	סְבִיבָיו	וַעֲרָפֶל	עָנָן	2
उहाँको-सिंहासनको	आधार-हो	न्याय	धार्मिकता-र	उहाँको-चारैतिर-छ	अन्ध्यारो	बादल-र	
H3678	H4349	H4941	H6664	H5439	H6205	H6051	

बाक्लो बादलहरूले परमप्रभुलाई घेरी राखेको छ। धर्म र न्यायले यस राज्यलाई बलियो बनाउँदछ।

צָרָיו׃	סָבִיב	וּתְלַהֵט	תֵּלֵךְ	לְפָנָיו	אֵשׁ	3
शत्रुहरूलाई	चारैतिरका	र-जलाउँछ	जान्छ	उहाँको-सम्मुखमा	आगो	
	H5439	H3857	H3212	H6440	H0784	

परमप्रभुको सामुन्नेबाट एउटा आकाश जाँदछ अनि उहाँका शत्रुहरूलाई नाश गर्दछ।

הָאָרֶץ׃	וַתָּחֶל	רָאֲתָה	תֵּבֵל	בָּרְקָיו	הֵאִירוּ	4
पृथ्वी	काम्यो	देख्यो-र	संसारलाई	उहाँका-बिजुलीहरूले	चमकायो	
H0776		H7200	H8398		H0215	

उहाँको बिजुली आकाशमा झलाक-झिलिक चम्किन्छ। मानिसहरू यसलाई देख्छन् र डराउछन्।

הָאָרֶץ׃	כָּל־	אֲדוֹן	מִלִּפְנֵי	יְהוָה	מִלִּפְנֵי	נָמַסּוּ	כַּדּוֹנַג	הָרִים	5
पृथ्वीको	सबै	सबैको-प्रभु	सम्मुखबाट	परमप्रभु	परमप्रभुको-सम्मुखबाट	पग्लिए	मैनझैं	पहाडहरू	
H0776	H3605	H0113	H6440	H3068	H6440	H4549	H1749	H2022	

परमप्रभुको, समक्ष पर्वतहरू मैन जस्तो पग्लन्छन्, सारा पृथ्वीका स्वामीको सामुन्ने।

כְּבוֹדֹו׃	הָעַמִּים	כָּל־	וְרָאוּ	צִדְקֹו	הַשָּׁמַיִם	הִגִּידוּ	6
उहाँको-महिमा	जनताहरूले	सबै	र-सबै	उहाँको-धार्मिकता	आकाशहरूले	घोषणा-गर्छन्	
H3519		H3605	H7200	H6664	H8064	H5046	

परमप्रभुले परदेशीहरूलाई हाम्रो देशमा रक्षा गर्नुहुन्छ। परमप्रभुले विधुवाहरू र टुहुरा-टुहुरीहरूलाई हेरचाह गर्नुहुन्छ तर परमप्रभुले दुष्ट मानिसहरूलाई नाश गर्नुहुन्छ।

יָהּ׃	הַלְלוּ־	וָדֹר	לְדֹר	צִיּוֹן	אֱלֹהַיִךְ	לְעוֹלָם	וַיהוָה	יִמְלֹךְ	10
याह	हालेलू-स्तुति-गरा	र-पुस्तामा	पुस्ता-पुस्तामा	हे-सियोन	तेरो-परमेश्वर	सदासर्वदा	परमप्रभुले	राज्य-गर्नुहुन्छ	
H3050		H1755	H1755	H6726	H0430	H5769	H3068		

परमप्रभुले सधैंको निम्ति राज्य गर्नुहुनेछ हे सियोन! तेरा परमेश्वरले सदा-सर्वदा राज्य गर्नुहुनेछ। परमप्रभुको प्रशंसा गरौं।

Chapter 147

תְּהִלָּה׃	נָאוָה	נָעִים	כִּי־	אֱלֹהֵינוּ	זַמְּרָה	טוֹב	כִּי־	וַיהוָה	הַלְלוּ	1
स्तुतिगीत	उचित	रमाइलो	किनकि	हाम्रा-परमेश्वरलाई	भजन-गाउनु	असल	किनकि	याह	स्तुति-गरा	
H8416	H5000			H0430	H2167			H3050		

परमप्रभुको प्रशंसा गर किनभने उहाँ असल हुनुहुन्छ। परमप्रभुप्रति स्तुतिगान गर! उहाँको गुण-गान गर्नु आनन्दमय र असल हो।

יְכַנֵּס׃	יִשְׂרָאֵל	נִדְחֵי	יְהוָה	יְרוּשָׁלִַם	בּוֹנֵה	2
भेला-गर्नुहुन्छ	इस्राएलका	निर्वासित	परमप्रभुले	यरूशालेमलाई	बनाउनुहुन्छ	
H3664	H3478		H3068	H3389	H1129	

परमप्रभुले यरूशलेम बनाउनु भयो। परमेश्वरले इस्राएल वासीहरूलाई फेरि फर्काई ल्याउनु भयो, जसलाई कैदी बनाएर थुनिएको थियो।

לְעַצְּבוֹתָם׃	וּמְחַבֵּשׁ	לֵב	לִשְׁבוּרֵי	הָרֹפֵא	3
तिनीहरूका-घाउहरू	र-पट्टी-बाँध्नुहुन्छ	हृदय	भाँचिएको-मनको	जसले-निको-पार्नुहुन्छ	
H6094	H2280		H7665	H7495	

परमेश्वरले तिनीहरूको भाँचेको हृदय निको पारिदिनु हुन्छ। तिनीहरूका घाउहरूमा मलमपट्टी बाँधिदिनुहुन्छ।

יְקָרֵֽא׃	שֵׁמוֹת	לְכֹלָּם	לַכּוֹכָבִים	מְסַפֵּר	מוֹנֶה	4
दिनुहुन्छ	नाम	ती-सबैलाई	ताराहरूको	संख्या	गन्नुहुन्छ	
H7121	H8034	H3605	H3556	H4557	H4487	

परमेश्वरले ताराहरू गन्नुहुन्छ र ती प्रत्येकको नाउँ जान्नुहुन्छ।

מִסְפָּֽר׃	אֵין	לִתְבוּנָתוֹ	כֹּחַ	וְרַב־	אֲדוֹנֵינוּ	גָּדוֹל	5
सीमा-छैन	कसैले	उहाँको-बुद्धिको	शक्ति	र-शक्तिमा-ठूलो	हाम्रा-प्रभु	महान्	
H4557	H0369	H8394			H0113		

हाम्रो स्वामी महान् हुनुहुन्छ। उहाँ अत्यन्त पराक्रमी हुनुहुन्छ। उहाँको ज्ञान अपार छ।

אָֽרֶץ׃	עַד־	רְשָׁעִים	מַשְׁפִּיל	יְהוָה	עֲנָוִים	מְעוֹדֵד	6
माटोमा	भूइसम्म	दुष्टहरूलाई	हुम्त्याउनुहुन्छ	परमप्रभुले	नम्रहरूलाई	सम्भार्नुहुन्छ	
H0776	H5704	H7563	H8213	H3068	H6035		

परमप्रभु नम्र मानिसहरूलाई सघाउनु हुन्छ तर दुष्ट मानिसहरूलाई सताउनु हुन्छ।

בְּכִנּֽוֹר׃	לֵאלֹהֵינוּ	זַמְּרוּ	בְּתוֹדָה	לַיהוָה	עֱנוּ	7
वीणाले	हाम्रा-परमेश्वरलाई	भजन-गाओ	धन्यवादसहित	परमप्रभुलाई	गाओ	
H3658	H0430	H2167	H8426	H3068		

परमप्रभुलाई धन्यवाद छ। हाम्रो परमप्रभुलाई वीणा बजाएर प्रशंसा गरौं।

הָרִים	הַמַּצְמִֽיחַ	מָטָר	לָאָרֶץ	הַמֵּכִין	בְּעָבִים	וְשָׁמַיִם	הַמְכַסֶּה	8
पहाडहरूमा	जसले-उमार्नुहुन्छ	वर्षा	पृथ्वीको-लागि	जसले-तयार-पार्नुहुन्छ	बादलहरूले	आकाशलाई	जसले-ढाक्नुहुन्छ	
H2022	H6779	H4306	H0776		H5645	H8064	H3680	

חָצִֽיר׃
घाँस

परमेश्वरले आकाश बादलहरूले भरिदिनु हुन्छ। परमेश्वरले पृथ्वीमा वर्षा पठाउनु हुन्छ परमेश्वरले पर्वतहरूमा हरियो घाँसहरू उमार्नु हुन्छ।

יְקָרֵֽאוּ׃	אֲשֶׁר	עֹרֵב	לִבְנֵי	לַחְמָהּ	לִבְהֵמָה	נוֹתֵן	9
पुकार्छन्	जसले	काग	कागका-चल्लाहरूलाई	तिनीहरूको-चारा	पशुहरूलाई	दिनुहुन्छ	
H7121		H6158		H3899	H0929	H5414	

परमेश्वरले पशुहरूलाई खाना दिनुहुन्छ। परमेश्वरले चराहरूलाई खुवाउनु हुन्छ।

יִרְצֶֽה׃	הָאִישׁ	בְּשׁוֹקֵי	לֹא־	יֶחְפָּץ	הַסּוּס	בִּגְבוּרַת	לֹא	10
रमाउँदैन	मानिसले	मानिसका-खुट्टामा	न	रमाउँदैन	घोडाले	घोडाको-शक्तिमा	होइन	
H7521	H0376	H7785	H3808			H1369	H3808	

युद्धका घोडाहरूले र शक्तिशाली सैन्यहरूले उहाँलाई खुशी पार्दैन।

לְחַסְדּֽוֹ׃	הַמְיַחֲלִים	אֶת־	יְרֵאָיו	אֶת־	יְהוָה	רוֹצֶה	11
उहाँको-कृपामा	कृपामा-आशा-राख्नेहरूमा	उहाँको	भक्तहरूमा	आफ्नो	परमप्रभुले	रमाइराख्नुहुन्छ	
	H3176	H0853	H3373	H0853	H3068	H7521	

परमप्रभु ती मानिसहरू सित आनन्दित हुनुहुन्छ जसले उहाँलाई पूज्दछन्। परमप्रभु ती मानिसहरूसँग खुशी हुनुहुन्छ जसले उहाँको प्रेममा भरोसा राख्दछ।

צִיּֽוֹן׃	אֱלֹהַיִךְ	הַלְלִי	יְהוָה	אֶת־	יְרוּשָׁלַ͏ִם	שַׁבְּחִי	12
हे-सियोन	तेरो-परमेश्वरलाई	स्तुति-गर	परमप्रभु	परमप्रभुलाई	हे-यरूशालेम	स्तुति-गर	
H6726	H0430		H3068	H0853	H3389		

हे यरूशलेम! परमप्रभुको प्रशंसा गर! हे सियोन! आफ्ना परमप्रभुको प्रशंसा गर।

13 כִּי־ किनकि
חִזַּק उहाँले–मजबूत–पारेका–छन्
H2388
בְּרִיחֵי तेरा–ढोकाहरूका–बारहरू
H1280
שְׁעָרֶיךָ तेरा–ढोकाहरू
H8179
בֵּרַךְ आशीर्वाद–दिएका–छन्
H1288
בָּנָיִךְ तेरा–सन्तानहरूलाई
בְּקִרְבֵּךְ׃ तेरो–बीचमा
H7130

यरूशलेम, परमेश्वरले तिम्रा प्रवेशद्वारहरू बलियो बनाइदिनु भयो। अनि परमेश्वरले तिम्रो शहरका मानिसहरूलाई आशीर्वाद दिनुभयो।

14 הַשָּׂם־ जसले–बनाउनुहुन्छ
גְּבוּלֵךְ तेरो–सीमानामा
H1366
שָׁלֹום शान्ति
H7965
חֵלֶב उत्तम
H2459
חִטִּים गहुँको
H2406
יַשְׂבִּיעֵךְ׃ तृप्त–पार्नुहुन्छ–तंलाई
H7646

परमेश्वरले तिमीहरूलाई आफ्नो देशमा ल्याईदिनु भयो। यसैले शत्रुहरूले तिमीहरुका अन्नहरू युद्धमा लगेनन्। अनि तिमीहरूसँग प्रशस्त खाद्य-पदार्थहरू छन्।

15 הַשֹּׁלֵחַ जसले–पठाउनुहुन्छ
H7971
אִמְרָתוֹ आफ्नो–वचन
אֶרֶץ पृथ्वीमा
H0776
עַד־ चाँडै
H5704
מְהֵרָה तीव्रतासित
H4120
יָרוּץ दौड्छ
H7323
דְּבָרוֹ׃ उहाँको–वचन
H1697

परमेश्वरले पृथ्वीलाई आदेश दिनुभयो, यसले तुरन्तै पालन गर्यो।

16 הַנֹּתֵן जसले–दिनुहुन्छ
H5414
שֶׁלֶג हिउँ
H7950
כַּצֶּמֶר ऊनजस्तो
H6785
כְּפוֹר तुसारो
כָּאֵפֶר खरानीजस्तै
H0665
יְפַזֵּר׃ छर्नुहुन्छ
H6340

जबसम्म धर्ती ऊन जस्तो सेतो हुँदैन परमेश्वरले हिमबर्षा गराउनु हुन्छ। परमेश्वरले हावाबाट धूलोको कण खसे झैं हिमपात बर्षाउनुहुन्छ।

17 מַשְׁלִיךְ फाल्नुहुन्छ
H7993
קַרְחֹו आफ्नो–हिउँ
H7140
כְּפִתִּים टुक्राजस्तै
לִפְנֵי उहाँको–जाडो–अगाडि
H6440
קָרָתֹו उहाँको–चिसो–अगाडि
H7135
מִי कसले
H4310
יַעֲמֹד׃ सहन–गर्न–सक्छ
H5975

परमेश्वरले आकाशबाट चट्टानहरू झैं असिना बर्षाउनु हुन्छ। उहाँले पठाएको चिसो कसैले पनि थाम्न सक्तैन।

18 יִשְׁלַח पठाउनुहुन्छ
H7971
דְּבָרוֹ आफ्नो–वचन
H1697
וְיַמְסֵם र–पगाल्नुहुन्छ
H4529
יַשֵּׁב चलाउनुहुन्छ
H5380
רוּחֹו आफ्नो–वायु
H7307
יִזְלוּ־ बग्छ
H5140
מָיִם׃ पानीहरू
H4325

त्यसपछि, परमेश्वरले अर्को आज्ञा गर्नुभयो, अनि फेरि तातो बतास बहन थाल्यो हिउँ पग्लियो अनि पानी बग्न थाल्यो।

19 מַגִּיד घोषणा–गर्नुहुन्छ
H5046
]דברו[[आफ्नो–वचन]
H1697
)דְּבָרָיו(आफ्ना–वचनहरू
H1697
לְיַעֲקֹב याकूबलाई
H3290
חֻקָּיו आफ्ना–विधिहरू
H2706
וּמִשְׁפָּטָיו र–आफ्ना–नियमहरू
H4941
לְיִשְׂרָאֵל׃ इस्राएललाई
H3478

परमेश्वरले आज्ञाहरू याकूबलाई दिनुभयो, परमेश्वरले आफ्ना नियमहरू र कानूनहरू इस्राएल लाई दिनुभयो।

20 לֹא गरेका–छैनन्
H3808
עָשָׂה गर्नुभएको
כֵּן यस्तो
לְכָל־ सबै
H3605
גֹּוי जातिहरूको–लागि
וּמִשְׁפָּטִים र–उहाँका–नियमहरू
H4941
בַּל־ तिनीहरूले
H1077
יְדָעוּם जान्दैनन्
H3045
הַלְלוּ־ हालेलू–स्तुति–गरा
יָהּ׃ याह
H3050

परमेश्वरले यस्ता कामहरू कुनै जातिको लागि गर्नु भएन। परमेश्वरले अन्य जातिहरूलाई आफ्नो नियमहरू सिकाउनु भएन। परमप्रभुको प्रशंसा गर!

Chapter 148

1 הַלְלוּ יָהּ הַלְלוּ אֶת־יְהוָה מִן־הַשָּׁמָיִם הַלְלוּהוּ בַּמְּרוֹמִים׃
स्तुति-गरा याह स्तुति-गरा परमप्रभुको परमप्रभु आकाशबाट आकाशबाट उच्च-स्थानहरूमा-उहाँको-स्तुति-गरा
H3050 H0853 H3068 H8064 H4791

परमप्रभुको प्रशंसा गर! माथि स्वर्गमा भएका स्वर्गदूतहरू हो। परमप्रभुको प्रशंसा गर।

2 הַלְלוּהוּ כָּל־מַלְאָכָיו הַלְלוּהוּ כָּל־צְבָאָיו׃(צבאו) (צְבָאָיו׃)
उहाँको-स्तुति-गरा सबै-उहाँका स्वर्गदूतहरूले उहाँको-स्तुति-गरा सबै-उहाँका [सेनाहरू] सेनाहरूले
H3605 H4397 H3605

हे सारा स्वर्गदूतहरू हो, परमप्रभुको प्रशंसा गर! उहाँ र उहाँका सारा सैन्यहरूका प्रशंसा गर!

3 הַלְלוּהוּ שֶׁמֶשׁ וְיָרֵחַ הַלְלוּהוּ כָּל־כּוֹכְבֵי אוֹר׃
उहाँको-स्तुति-गरा सूर्य र-चन्द्रमाले उहाँको-स्तुति-गरा सबै चम्किलो ताराहरूले
H8121 H3394 H3605 H3556 H0216

हे सूर्य र चन्द्र, परमप्रभुको प्रशंसा गर। आकाशमा भएका ताराहरू र ज्योतिहरू, उहाँको प्रशंसा गर।

4 הַלְלוּהוּ שְׁמֵי הַשָּׁמָיִם וְהַמַּיִם אֲשֶׁר מֵעַל הַשָּׁמָיִם׃
उहाँको-स्तुति-गरा आकाशका-आकाशहरू आकाशमा र-पानीहरूले जो आकाशमाथि आकाशमाको
H8064 H8064 H4325 H8064

हे आकाशका आकाश, परमप्रभुको प्रशंसा गर! आकाशमाथि भएका पानी हो! परमप्रभुको प्रशंसा गर!

5 יְהַלְלוּ אֶת־יְהוָה כִּי הוּא צִוָּה וְנִבְרָאוּ׃
स्तुति-गरून् नाउँलाई परमप्रभुको किनकि उहाँले आज्ञा-दिनुभयो र-सृष्टि-भए
H0853 H3068 H8034 H1931 H6680

परमप्रभुको प्रशंसा गर। किनभने परमेश्वरले आज्ञा दिनुभयो अनि सबैको सृजना भयो।

6 וַיַּעֲמִידֵם לָעַד לְעוֹלָם חָק־נָתַן וְלֹא יַעֲבוֹר׃
र-उहाँले-स्थापना-गर्नुभयो सदासर्वदाको-लागि सदासर्वदा नियम दिनुभयो र-यो उल्लंघन-हुनेछैन
H5975 H5703 H5769 H2706 H5414 H3808

परमेश्वरले यी सब कुराहरू सदा-सर्वदा रहोस् भनी रच्नुभयो। परमेश्वरले सारा नियमहरू बनाउनुभयो जुन कहिल्यै अन्त हुने छैनन्।

7 הַלְלוּ אֶת־יְהוָה מִן־הָאָרֶץ תַּנִּינִים וְכָל־תְּהֹמוֹת׃
परमप्रभुको स्तुति-गरा परमप्रभु पृथ्वीबाट पृथ्वीबाट समुद्र-राक्षसहरू र-सबै गहिराइहरूले
H0853 H3068 H0776 H8415 H3605

हे पृथ्वीमा भएका सारा कुराहरूले, परमप्रभुको प्रशंसा गर! समुद्रमा भएका सारा ठूल-ठूला प्राणीहरू हो! परमप्रभुको प्रशंसा गर।

8 אֵשׁ וּבָרָד שֶׁלֶג וְקִיטוֹר רוּחַ סְעָרָה עֹשָׂה דְבָרוֹ׃
आगो र-असिना हिउँ र-कुहिरो हावा आँधीले पूरा-गर्ने उहाँको-वचन
H0784 H1259 H7950 H7008 H7307 H8415 H6213 H1697

परमेश्वरले आगो र हिउँ, असिना, धुँवा, आँधी, बतास रच्नुभयो।

9 הֶהָרִים וְכָל־גְּבָעוֹת עֵץ פְּרִי וְכָל־אֲרָזִים׃
पर्वतहरू र-सबै टाकराहरू फलदार-रूख फलदार र-सबै देवदारहरूले
H2022 H3605 H1389 H6086 H6529 H3605 H0730

परमेश्वरले पर्वतहरू र डाँडा-काँडाहरू रचना गर्नुभयो, फलका रूखहरू र देवदारको रूखहरू रच्नुभयो।

10 הַחַיָּה וְכָל־בְּהֵמָה רֶמֶשׂ וְצִפּוֹר כָּנָף׃
जनावरहरू र-सबै गाईवस्तुहरू घस्ने-जन्तु र-पंखीहरू उड्ने
H2416 H3605 H0929 H7431 H6833 H3671

परमेश्वरले सारा जङ्गली पशुहरू, विशाल पशुहरू, सानो सानो घस्रने जन्तुहरू साथै चरा-चरूङ्गीहरू रच्नु भयो।

11	מַלְכֵי־	אֶרֶץ	וְכָל־	לְאֻמִּים	שָׂרִים	וְכָל־	שִׁפְטֵי	אָרֶץ׃
	पृथ्वीका	र-सबै	शासकहरू	जातिहरूले	र-सबै	पृथ्वीका	न्यायकर्ताहरूले	
	H4428	H0776	H3605	H8269	H3816	H3605	H8199	H0776

परमेश्वरले राजा र राष्ट्रहरू दुवै पृथ्वीमा बनाउनु भयो। परमेश्वरले अगुवाहरू र न्यायाकर्त्ताहरू बनाउनु भयो।

12	בַּחוּרִים	וְגַם־	בְּתוּלֹות	זְקֵנִים	עִם־	נְעָרִים׃
	युवाहरू	र-यसै	कन्याहरूले	वृद्धहरू	र-बालकहरूसहित	बालकहरूले
	H0970	H1571	H1330	H2205		H5288

परमेश्वरले जवान पुरूष र नारीहरू रच्नु भयो। परमेश्वरले बृद्ध र युवा मानिसहरू रच्नुभयो।

13	וְיהַלְלוּ	אֶת־	שֵׁם	יְהוָה	כִּי־	נִשְׂגָּב	שְׁמוֹ	לְבַדּוֹ	הוֹדוֹ
	स्तुति-गरून्	नाउँलाई	नाउँ	परमप्रभुको	किनकि	उच्च	उहाँको-नाउँ-मात्र	एक्लै	उहाँको-ऐश्वर्य
		H0853	H8034	H3068		H7682	H8034	H0905	H1935

	וְשָׁמָיִם׃	עַל־
	र-आकाशमा-छ	माथि
	H8064	H0776

परमप्रभुको नाउँको प्रशंसा गर! सदा-सर्वदा उहाँको नाउँको सम्मान गर। स्वर्ग र पृथ्वीमा भएको प्रत्येक चीजले उहाँको प्रशंसा गरोस्!

14	לִבְנֵי	חֲסִידָיו	לְכָל־	תְּהִלָּה	לְעַמּוֹ	וְקֶרֶן	וַיָּרֶם
	इस्राएलका-सन्तानहरू	भक्तहरूको-लागि	उहाँका-सबै	स्तुति	आफ्ना-मानिसहरूको-लागि	सिङ्ग	र-उहाँले-उचाल्नुभयो
		H2623	H3605	H8416			

	יָהּ׃	הַלְלוּ־	קְרֹבוֹ	עַם־	יִשְׂרָאֵל
	याह	हालेलू-स्तुति-गरा	मानिसहरू	उहाँसँग-नजिकको	इस्राएल
	H3050		H7138		H3478

परमेश्वरले आफ्ना मानिसहरूलाई बलियो बनाउनु हुनेछ। मानिसहरूले परमेश्वरका चेलाहरूको प्रशंसा गर्नेछन्। मानिसहरूले इस्राएल लाई प्रशंसा गर्नेछन्। तिनीहरूकै लागि परमेश्वरले लड्नु भयो, परमप्रभुको प्रशंसा गरौं!

Chapter 149

1	חֲסִידִים׃	בִּקְהַל	תְּהִלָּתוֹ	חָדָשׁ	שִׁיר	לַיהוָה	שִׁירוּ	וְיָהּ	הַלְלוּ
	भक्तहरू	भक्तहरूको-सभामा	उहाँको-स्तुति	गीत	नयाँ	परमप्रभुलाई	गाओ	याह	स्तुति-गरा
	H2623	H6951	H8416	H2319		H3068	H7891	H3050	

परमप्रभुको प्रशंसा गर। परमप्रभुले रच्नु भएको नयाँ कुराहरूको बारेमा नयाँ गीत गाऊ! महासभामा उहाँको प्रशंसा गर जहाँ उहाँका चेलाहरू आपसमा भेला हुँदछन्।

2	בְּמַלְכָּם׃	יָגִילוּ	צִיּוֹן	בְּנֵי־	בְּעֹשָׂיו	יִשְׂרָאֵל	יִשְׂמַח
	आफ्नो-राजामा	आनन्दित-होऊन्	सियोन	सियोनका-सन्तानहरू	आफ्नो-स्रष्टामा	इस्राएल	आनन्दित-होस्
	H4428	H1523	H6726			H3478	H8055

इस्राएल का मानिसहरूले आफ्नो सृष्टिकर्त्तामा आनन्द होऊन्। सियोनका मानिसहरू आफ्ना राजा सहित प्रफुल्लित होऊन्।

3	לוֹ׃	יְזַמְּרוּ־	וְכִנּוֹר	בְּתֹף	בְּמָחוֹל	שְׁמוֹ	יְהַלְלוּ
	उहाँलाई	भजन-गाउनुहोस्	र-वीणाद्वारा	खञ्जरी	नाचद्वारा	उहाँको-नाउँलाई	स्तुति-गरून्
		H2167	H3658	H8596	H4234	H8034	

ती मानिसहरूले नाच्दै खैंजडी र वीणाहरू बजाँउदै परमप्रभु परमेश्वरको प्रशंसा गरून्।

4	בִּישׁוּעָה׃	עֲנָוִים	יְפָאֵר	בְּעַמּוֹ	יְהוָה	רוֹצֶה	כִּי־
	उद्धारद्वारा	नम्रहरूलाई	शोभायित-पार्नुहुन्छ	आफ्ना-मानिसहरूमा	परमप्रभुले	रमाइराख्नुहुन्छ	किनकि
	H3444	H6035			H3068	H7521	

परमप्रभु उहाँका मानिसहरूसँग खुशी हुनुहुन्छ। परमेश्वरले आफ्ना नम्रहरूको लागि आश्चर्यजनक कामहरू गर्नुभयो। उहाँले तिनीहरूलाई बचाउनु भयो!

5	יַעְלְזוּ	בְכָבוֹד	חֲסִידִים	יְרַנְּנוּ	עַל־	מִשְׁכְּבוֹתָם׃
	खुशी–मनाऊन्	महिमामा	भक्तहरूले	आनन्दसित–गाऊन्	आफ्ना–शय्याहरूमाथि	आफ्ना–शय्याहरूमा
	H5937	H3519	H2623			H4904

हे परमेश्वरका चेलाहरू, आफ्नो विजयमा प्रफुल्लित होऊ! सुत्न गइसके पश्चात् पनि सुखी होऊ।

6	רוֹמְמוֹת	אֵל	בִּגְרוֹנָם	וְחֶרֶב	פִּיפִיּוֹת	בְּיָדָם׃
	उच्च–स्तुति	परमेश्वरको	तिनीहरूको–गलामा	र–दोधारे	दुई–धारको	तिनीहरूको–हातमा
	H7319	H0410	H1627	H2719	H6374	H3027

मानिसहरूले चिच्याउँदै, कराउँदै परमप्रभुको प्रशंसा गरून् अनि आफ्ना तरवारहरू हातमा लिऊन्।

7	לַעֲשׂוֹת	נָקָמָה	בַּגּוֹיִם	תּוֹכֵחֹת	בַּל־	אֻמִּים׃
	प्रतिशोध–लिन	बदला	जातिहरूमा	दण्डहरू	जनताहरूमा	जनताहरू
		H5360			H1077	H3816

आफ्ना शत्रुहरूलाई सजाई दिन तिनीहरूलाई जान देऊ। ती मानिसहरूलाई दण्ड दिन, तिनीहरूलाई जान देऊ।

8	לֶאְסֹר	מַלְכֵיהֶם	בְּזִקִים	וְנִכְבְּדֵיהֶם	בְּכַבְלֵי	בַרְזֶל׃
	बाँध्नलाई	तिनीहरूका–राजाहरूलाई	सिकलीहरूले	र–तिनीहरूका–प्रतिष्ठितहरूलाई	फलामका–सिकलीहरूले	फलामको
	H0631	H4428		H3513	H3525	H1270

परमेश्वरका मानिसहरूले ती राजा र प्रमुख मानिसहरूलाई साङ्गलाले बाँध्नेछन्।

9	לַעֲשׂוֹת	וּבָהֶם	מִשְׁפָּט	כָּתוּב	הֲדָר	הוּא	לְכָל־	חֲסִידָיו	הַלְלוּ־
	पूरा–गर्नलाई	तिनीहरूमा	न्याय	लेखिएअनुसार	यो–महिमा	यो	सबै–उहाँका	भक्तहरूको–लागि	हालेलू–स्तुति–गरा
			H4941	H3789	H1926	H1931	H3605	H2623	

יָהּ׃	
याह	
H3050	

परमेश्वरका मानिसहरूले तिनीहरूलाई दण्ड दिनेछन् परमेश्वरले गर्नु भएको आज्ञा जस्तै परमेश्वरका सारा भक्तजनहरूले उहाँलाई सम्मान गर। परमप्रभुको प्रशंसा गर!

Chapter 150

1	הַלְלוּ	יָהּ	הַלְלוּ־	אֵל	בְּקָדְשׁוֹ	הַלְלוּהוּ	בִּרְקִיעַ
	स्तुति–गरा	याह	स्तुति–गरा	परमेश्वरलाई	उहाँको–पवित्र–स्थानमा	उहाँको–स्तुति–गरा	आकाशको–विस्तारमा
		H3050		H0410	H6944		H7549

עֻזּוֹ׃	
उहाँको–शक्तिको	
H5797	

परमप्रभुको प्रशंसा गर! परमप्रभुलाई उहाँको मन्दिरमा प्रशंसा गर! उहाँको शक्तिको स्वर्गमा प्रशंसा गर!

2	הַלְלוּהוּ	בִּגְבוּרֹתָיו	הַלְלוּהוּ	כְּרֹב
	उहाँको–स्तुति–गरा	उहाँका–शक्तिशाली–कामहरूको–लागि	उहाँको–स्तुति–गरा	उहाँको–अपार
		H1369		H7230

גֻּדְלוֹ׃	
महानताअनुसार	
H1433	

परमप्रभुले गर्नु भएको महान् कार्यहरूका निम्ति उहाँको प्रशंसा गर। उहाँको सारा महानता अनुसार, उहाँको प्रशंसा गर!

3	הַלְלוּהוּ	בְּתֵקַע	שׁוֹפָר	הַלְלוּהוּ	בְּנֵבֶל
	उहाँको–स्तुति–गरा	तुरहीको–फूकले	नरसिङ्गामा	उहाँको–स्तुति–गरा	वीणा
		H8629	H7782		

וְכִנּוֹר׃	
र–सारङ्गीमा	
H3658	

नरसिंहा र तुरही फुकेर परमेश्वरको प्रशंसा गर! वीणाहरू बजाएर उहाँको प्रशंसा गर।

4	הַלְלוּהוּ	וּמָחוֹל	בְּתֹף	הַלְלוּהוּ	בְּמִנִּים
	उहाँको–स्तुति–गरा	र–नाचद्वारा	खञ्जरी	उहाँको–स्तुति–गरा	तारका–बाजाहरू
		H4234	H8596		H4482

וְעוּגָב׃	
र–बाँसुरीमा	
H5748	

खैंजडीहरू बजाउँदै नाच्दै परमेश्वरको प्रशंसा गर। तारहरूले बनिएको वादनद्वारा उहाँको प्रशंसा गर। बाँसुरीहरू बजाएर उहाँको प्रशंसा गर!

הַֽלְלוּהוּ	בְּצִלְצְלֵי־	שָׁמַע	הַֽלְלוּהוּ	בְּצִלְצְלֵי	תְרוּעָֽה׃	5
उहाँको-स्तुति-गरा	ठूला-घन्टीहरूद्वारा	सुन्ने	उहाँको-स्तुति-गरा	ठूला-घन्टीहरूद्वारा	जयकारको	
					H8643	

झ्यालीहरू जोड-जोडले बजाएर परमेश्वरको प्रशंसा गर! झ्यालीहरूको गर्जनपूर्ण आवाजले उहाँको प्रशंसा गर!

כֹּל	הַנְּשָׁמָה	תְּהַלֵּל	יָהּ	הַֽלְלוּ־	יָהּ׃	6
सबै	प्राणीहरूले	स्तुति-गरून्	याहको	हालेलू-स्तुति-गरा	याह	
H3605	H5397		H3050		H3050	

प्रत्येक जीवित प्राणीले उहाँको प्रशंसा गर। परमप्रभुको प्रशंसा गर!

Proverbs

Chapter 1

מְשְׁלֵי	שְׁלֹמֹה	בֶּן־	דָּוִד	מֶלֶךְ	יִשְׂרָאֵל׃	1
हितोपदेश	सुलेमानका	छोरा	दाऊदका	राजा	इस्राएलका	
H4912	H8010		H1732	H4428	H3478	

यी हितोपदेशहरू दाऊदका छोरा सुलेमानका हुन्। सुलेमान इस्राएलका राजा थिए।

לָדַעַת	חָכְמָה	וּמוּסָר	לְהָבִין	אִמְרֵי	בִינָה׃	2
जान्नलाई	बुद्धि	र–अनुशासन	बुझ्नलाई	वचनहरू	समझदारीका	
H3045	H2451	H4148	H0995	H0561	H0998	

मानिसहरू ज्ञानी भएर असल कर्म गर्न सिकुन् भनी यी वचनहरू लेखिएका हुन्। यी वचनहरूले मानिसहरूलाई असल-असल शिक्षाहरू ग्रहाण गर्न सिकाउँछन्।

לָקַחַת	מוּסַר	הַשְׂכֵּל	צֶדֶק	וּמִשְׁפָּט	וּמֵישָׁרִים׃	3
ग्रहण–गर्नलाई	अनुशासन	विवेकको	धार्मिकता	र–न्याय	र–सिधाइ	
H3947	H4148		H6664	H4941	H4339	

यी वचनहरूले मानिसहरूलाई विवेकशील, असल, न्यायपूर्ण, इमान्दार हुने सही मार्गदर्शन गर्छन्।

לְפְתָאיִם	עָרְמָה	לְנַעַר	דַּעַת	וּמְזִמָּה׃	לָתֵת	4
भोलाहरूलाई	चतुराइ	जवानलाई	ज्ञान	र–विवेक	दिनलाई	
	H6195	H5288	H1847	H4209	H5414	

यी हितोपदेशहरूले अनुभवहीन मानिसहरूलाई विवेकशील भएर काम गर्न सिकाउँछन्। तिनीहरूले युवकहरूलाई बुद्धि दिन्छन् अनि यसलाई तिनीहरूले कसरी प्रयोग गर्ने भन्ने सिकाउँछन्।

יִשְׁמַע	חָכָם	וְיוֹסֶף	לֶקַח	וְנָבוֹן	תַּחְבֻּלוֹת	יִקָּנֶה׃	5
सुनोस्	बुद्धिमानले	र–बढाओस्	शिक्षा	र–समझदारले	सुमार्गदर्शन	पाओस्	
H8085	H2450	H3254	H3948	H0995	H8458	H7069	

बुद्धिमान मानिसहरूले यी वचनहरू सुनेर अथवा पढेर आफ्नो ज्ञान बढाइ दिशा निर्देशन पाउँछन्। ती बुद्धिमानी मानिसहरूले यी वचनहरूबाट अझ वेशी ज्ञान विकास गराउँन सक्छन् र अझ ज्ञानी हुन्छन्। अनि त्यस्ता मानिसहरू जो समस्या समाधान गर्न निपुण छन् तिनीहरूले यी वचनहरूबाट अझ ज्ञान-आर्जन गर्छन्।

לְהָבִין	מָשָׁל	וּמְלִיצָה	דִּבְרֵי	חֲכָמִים	וְחִידֹתָם׃	6
बुझ्नलाई	हितोपदेश	र–दृष्टान्त	वचनहरू	बुद्धिमानहरूका	र–तिनीहरूका–पहेलीहरू	
H0995	H4912	H4426	H1697	H2450	H2420	

तब गुप्त अर्थहरू भएका कार्यहरू अनि भनाईहरू ती मानिसहरूका निम्ति स्पष्ट हुनेछन। रहस्यमय कुराहरू तिनीहरू बुझ्न योग्य हुनेछन्।

יִרְאַת	יְהוָה	רֵאשִׁית	דָּעַת	חָכְמָה	וּמוּסָר	אֱוִילִים	בָּזוּ׃	פ
भय	परमप्रभुको	सुरु	ज्ञानको	बुद्धि	र–अनुशासनलाई	मूर्खहरूले	तुच्छ्याउँछन्	—
H3374	H3068	H7225	H1847	H2451	H4148	H0191	H0936	

तब गुप्त अर्थहरू भएका कार्यहरू अनि भनाईहरू ती मानिसहरूका निम्ति स्पष्ट हुनेछन। रहस्यमय कुराहरू तिनीहरू बुझ्न योग्य हुनेछन्।

परमप्रभुलाई सम्मान गर्नु बुद्धिको शुरूवात हो। तर मूर्खहरूले + 1:7 मूर्खहरूले हिब्रूमा “मूर्ख” को अर्थ “अधर्मतिर लाग्ने” पनि हुन सक्छ। अनुशासन अनि ज्ञानलाई घृणा गर्छन्।

אִמֶּךָ׃	תּוֹרַת	תִּטֹּשׁ	וְאַל־	אָבִיךָ	מוּסַר	בְּנִי	שְׁמַע	8
तेरी-आमाको	शिक्षा	नछोड	र-नछोड	तेरो-बुबाको	अनुशासन	हे-मेरो-छोरा	सुन	
H0517	H8451	H5203	H0408	H0001	H4148		H8085	

हे मेरो छोरो, आफ्नो बाबुको कुरा सुन् जब उनले तिमीलाई प्रशिक्षण दिन्छन् अनि आफ्नी आमाले दिएको शिक्षालाई अवहेलना नगर।

לְגַרְגְּרֹתֶיךָ׃	וַעֲנָקִים	לְרֹאשֶׁךָ	הֵם	חֵן	לְוְיַת	כִּי	9
तेरो-घाँटीमा	र-हार	तेरो-शिरमा	तिनीहरू-हुन्	अनुग्रहको	सुन्दर-माला	किनकि	
H1621			H1992	H2580	H3880		

तिम्रा आमा बाबुले तिमीलाई सिकाएका शिक्षाहरू कुनै मानिसलाई सुहाउँदो मुकुट अथवा सबैलाई अझ शोभायमान गराउने सुनको हार झैं हुन्।

תֹּאבֶא׃	אַל־	חַטָּאִים	יְפַתְּוּךָ	אִם־	בְּנִי	10
नजाऊ	सहमति-नदेऊ	पापीहरूले	ललाउँछन्-तँलाई	यदि	हे-मेरो-छोरा	
H0014	H0408	H2400				

हे मेरो छोरा, केही मानिसहरू नराम्रो कर्म गर्न रूचाउँछन् अनि त्यस्ता मानिसहरूले तिमीलाई पनि नराम्रो कर्म गर्न उत्साह दिन्छन् तिनीहरूको कुरा नसुन्।

חִנָּם׃	לְנָקִי	נִצְפְּנָה	לְדָם	נֶאֱרְבָה	אָתָּנוּ	לְכָה	יֹאמְרוּ	אִם־	11
व्यर्थमा	निर्दोषलाई	घात-लगाऔं	रगत-बगाउन	लुकेर-बसौं	हामीसँग	आऊ	तिनीहरूले-भन्छन्	यदि	
H2600		H6845	H1818	H0693	H0854	H3212	H0559		

त्यस्ता मानिसहरूले भन्लान, “हामी सित आऊ, हामी लुकेर ढुकौं अनि कसैलाई मार्नेछौं। हामी निर्दोष मानिसमाथि जाईलाग्नेछौं।

בּוֹר׃	כִּיוֹרְדֵי	וּתְמִימִים	חַיִּים	כִּשְׁאוֹל	נְבַלָּעֵם	12
खाडलमा	खाडलमा-ओर्लनेजस्तै	र-पूर्णरूपमा	जिउँदै	चिहानजस्तै	निल्नेछौं-तिनीहरूलाई	
	H3381	H8549		H7585	H1104	

आऊ, हामी त्यस मानिसलाई जसरी चिहानले लाश निल्छ त्यसरी नै सम्पूर्णरूपले त्यसलाई निल्ने छौं, जसरी चिप्लेर कोही गहिरो खाल्डामा झर्छ त्यसरी नै त्यस मानिसलाई शुन्य पार्नेछौं।

שָׁלָל׃	בָּתֵּינוּ	נְמַלְּאָ	נִמְצָא	יְקַר	הוֹן	כָּל־	13
लुटको-मालले	हाम्रा-घरहरू	भर्नेछौं	भेट्टाउनेछौं	बहुमूल्य	धन	सबै	
H7998		H4390	H4672	H3368	H1952	H3605	

हामी धेरै बहुमूल्य चीजहरू लूटेर आफ्नो घर लैजानेछौं।

לְכֻלָּנוּ׃	יִהְיֶה	אֶחָד	כִּיס	בְּתוֹכֵנוּ	תַּפִּיל	גּוֹרָלֵךְ	14
हामी-सबैको-लागि	हुनेछ	एउटै	एउटै-थैलो	हाम्रोबीचमा	हाल	तेरो-चिट्ठा	
H3605	H1961	H0259	H3599	H8432	H5307	H1486	

यसकारण हामी सित आऊ अनि हामीलाई सहायता गर। हामीले लुटेर पाएको प्रत्येक चीजको भाग बराबरी बाँड्नेछौं।”

מִנְתִיבָתָם׃	רַגְלֵךְ	מְנַע	אִתָּם	בְּדַרְכָּךְ	תֵּלֵךְ	אַל־	בְּנִי	15
तिनीहरूको-पथबाट	तेरो-खुट्टा	रोक	तिनीहरूसँग	बाटोमा	नहिँड	नहिँड	हे-मेरो-छोरा	
	H7272	H4513	H0854	H1870	H3212	H0408		

हे मेरो छोरो, तिमी तिनीहरूको बाटोको अनुशरण नगर। त्यस्तो बाटोमा एक पाइला पनि नराख्।

דָּם׃	לִשְׁפְּךָ־	וְיִמַהֲרוּ	יָרוּצוּ	לָרַע	רַגְלֵיהֶם	כִּי	16
रगत	रगत-बगाउन	र-हतार-गर्छन्	दौडन्छन्	खराबीतिर	तिनीहरूका-खुट्टाहरू	किनकि	
H1818	H8210		H7323		H7272		

किनभने तिनीहरू पाप कर्म गर्न सधैं अग्रसर रहन्छन् अनि तिनीहरू कसैको हत्या गर्न हतारिन्छन्।

כָּנָף׃	בָּעַל	כָּל־	בְּעֵינֵי	הָרֶשֶׁת	מְזֹרָה	חִנָּם	כִּי־	17
चराहरूका	चराहरूको	सबै	आँखामा	जाल	फैलाइन्छ	व्यर्थमा	किनकि	
H3671	H1167	H3605		H7568	H2219	H2600		

बेकारछ जाल थाप्नु जब सबै चराहरूले तिमीलाई देखिरहेका हुन्छन्।

18	וְהֵם	לְדָמָם	יֶאֱרֹבוּ	יִצְפְּנוּ	לְנַפְשֹׁתָם׃
	र-तिनीहरू	आफ्नै-रगतको-लागि	लुक्छन्	घात-लगाउँछन्	आफ्नै-प्राणहरूको-विरुद्ध
	H1992	H1818	H0693	H6845	H5315

यसर्थ जो मानिस निर्दोष मानिसलाई हत्या गर्न लुकेर बसेको हुन्छ, वास्तवमा त्यो मानिस त्यस्तै जालमा फँसेर मर्छ।

19	כֵּן	אָרְחוֹת	כָּל־	בֹּצֵעַ	בָּצַע	אֶת־	נֶפֶשׁ	בְּעָלָיו	יִקָּח׃	פ
	यस्तो	बाटो	सबै	लोभी	लोभीहरूको-हो	यसले	प्राण	यसका-मालिकको	लिन्छ	—
	H0734	H0734	H3605	H1214	H1215	H0853	H5315	H1167	H3947	

जो मानिसहरू भ्रष्ट कर्मद्वारा धन कमाउने लालचमा बस्छन् तिनीहरूको अन्त पनि नराम्रो प्रकारले नै हुन्छ।

20	חָכְמוֹת	בַּחוּץ	תָּרֹנָּה	בָּרְחֹבוֹת	תִּתֵּן	קוֹלָהּ׃
	बुद्धिले	बाहिर	पुकार्छे	चोकहरूमा	उठाउँछे	आफ्नो-स्वर
	H2454	H2351		H7339	H5414	

सुन, ज्ञान गल्लीहरूमा जोडले कराउँदै मानिसहरूकहाँ पुग्ने चेष्टा गर्छ। ज्ञानले शहरको सार्वजनिक स्थानहरूमा आवाज निकाल्छे।

21	בְּרֹאשׁ	הֲמוּיוֹת	תִּקְרָא	בְּפִתְחֵי	שְׁעָרִים	בָּעִיר	אֲמָרֶיהָ
	कोलाहलपूर्ण-ठाउँको-टुप्पोमा	कोलाहलपूर्ण-ठाउँमा	बोलाउँछे	ढोकाहरूमा	शहरका-ढोकाहरूमा	शहरमा	आफ्ना-वचनहरू
		H1993	H7121	H6607	H8179		H0561

תֹּאמֵר׃
भन्छे
H0559

ज्ञानले भीड गल्लीहरूमा बोलाइरहेकीछे। ज्ञान नगरको फाटकमा बसेर मानिसहरूलाई बोलाई रहन्छे। ज्ञानले भन्छे,

22	עַד־	מָתַי	פְּתָיִם	תְּאֵהַבוּ	פֶּתִי	וְלֵצִים	לָצוֹן	חָמְדוּ	לָהֶם
	कहिलेसम्म	कहिलेसम्म	भोलाहरू	प्रेम-गर्नेछौ	भोलापन	र-गिल्लाकारीहरूले	गिल्ला	मन-पराउँछन्	आफ्नो-लागि
	H5704	H4970		H0157		H3887	H3944		H1992

וּכְסִילִים	יִשְׂנְאוּ־	דָּעַת׃	
र-मूर्खहरूले	घृणा-गर्छन्	ज्ञानलाई	
H3684	H8130	H1847	

“अनुभवहीन मानिसहरू। आफ्नो सरलतालाई तिमी गिल्ला गर्नेहरू, कहीले सम्म गिल्ला गरी आनन्द लिइरहने छौ। हे मुर्खहरू हो! तिमीहरूले कहिले सम्म बुद्धिलाई घृणा गरिरहने छौ।

23	תָּשׁוּבוּ	לְתוֹכַחְתִּי	הִנֵּה	אַבִּיעָה	לָכֶם	רוּחִי	אוֹדִיעָה	דְבָרַי	אֶתְכֶם׃
	फर्का	मेरो-ताड़नातिर	हेर	म-खन्याउनेछु	तिमीहरूलाई	मेरो-आत्मा	जनाउनेछु	मेरा-वचनहरू	तिमीहरूलाई
	H7725		H2009	H5042		H7307	H3045	H1697	H0853

यदि तिमीहरूले मेरो हप्कीलाई ध्यान दियौ भने, म जे जान्दछु तिमीलाई भन्नेछु अनि मेरो जस्मै बुद्धि सिकाउनेछु।

24	יַעַן	קָרָאתִי	וַתְּמָאֲנוּ	נָטִיתִי	יָדִי	וְאֵין	מַקְשִׁיב׃
	किनभने	मैले-बोलाएँ	र-तिमीहरूले-इन्कार-गर्यौ	मैले-हात-पसारें	मेरो-हात	र-कसैले	ध्यान-दिएन
	H3282	H7121	H3985	H5186	H3027	H0369	H7181

“मैले बोलाएँ तर तिमीहरूले मलाई सुनेनौ, मैले तिमीहरूको लागि आफ्नो हात अघि बढाँए तर तिमीहरूले म तिर ध्यानै दिएनौ।

25	וַתִּפְרְעוּ	כָּל־	עֲצָתִי	תּוֹכַחְתִּי	לֹא	אֲבִיתֶם׃
	र-तिमीहरूले-बेवास्ता-गर्यौ	सबै	मेरो-सल्लाह	र-मेरो-ताड़नालाई	तिमीहरूले	स्वीकार-गरेनौ
		H3605	H6098		H3808	H0014

र मेरा सबै उपदेशहरू सुनेनौ। मेरा हप्कीहरू अस्वीकार गर्यौ।

26	גַּם־	אֲנִי	בְּאֵידְכֶם	אֶשְׂחָק	אֶלְעַג	בְּבֹא	פַּחְדְּכֶם׃
	त्यसैले	म-पनि	तिम्रो-विपत्तिमा	हाँस्नेछु	खिल्ली-उडाउनेछु	तिम्रो-भय-आउँदा	तिम्रो-भय
	H1571	H0589	H0343	H7832	H3932	H0935	H6343

यसकारण तिमीहरू नाश हुँदा म हाँस्नेछु। जब तिमीहरूमाथि आपत्ति आउँछ म तिमीहरूलाई खिसी गर्नेछु।

27

בְּבֹא	יֶאֱתֶה	כְסוּפָה	וְאֵידְכֶם	פַּחְדְּכֶם	כְשׁוֹאָה()	[כשאוה]	בְּבֹא
तिमीहरूमाथि-आउँदा	आउँछ	हुरीबतासजस्तै	र-तिम्रो-विपत्ति	तिम्रो-भय	आँधीजस्तै	[आँधीजस्तै]	तिम्रो-भय-आउँदा
H0935	H0857		H0343	H6343		H7584	H0935

וְצוּקָה׃	צָרָה	עֲלֵיכֶם
र-सङ्कट	कष्ट	तिमीहरूमाथि

जब तिमीहरूमाथि आँधी झैं विनाश आउँछ। जब हटात प्रकोपको भुँवरीले झैं अत्याउँछ, जब आपात र कष्ट तिमीमाथि आउँछ।

28

יִמְצָאֻנְנִי׃	וְלֹא	יְשַׁחֲרֻנְנִי	אֶעֱנֶה	וְלֹא	יְקָרְאֻנְנִי	אָז
भेटिन्नँ	र-म	तिनीहरूले-मलाई-खोज्नेछन्	जवाफ-दिन्नँ	र-म	तिनीहरूले-मलाई-पुकार्नेछन्	तब
H4672	H3808	H7836		H3808	H7121	

“तब तिमीहरूले मलाई बोलाउनेछौ र मैले जवाफ दिनेछैन्। तिमीहरूले सहायताको निम्ति मलाई खोज्नेछौ, तर मबाट तिमीहरूले सहायता पाउँने छैनौ।

29

בָּחָרוּ׃	לֹא	יְהוָה	וְיִרְאַת	דָּעַת	שָׂנְאוּ	כִּי־	תַחַת	
रोजेनन्	तिनीहरूले	परमप्रभुको	र-भय	ज्ञानलाई	तिनीहरूले-घृणा-गरे	कि	किनकि	
H0977	H3808	H3068	H3374	H1847	H8130		H8478	

म तिमीहरूलाई सहायता गर्ने छैन कारण मैले दिएको ज्ञान तिमीहरूले लिन अस्वीकार गरेका छौ तिमीहरूले परमप्रभुको डर मान्न र उहाँलाई सम्मान गर्न अस्वीकार गरेका थियौ।

30

תּוֹכַחְתִּי׃	כָּל־	נָאֲצוּ	לַעֲצָתִי	אָבוּ	לֹא־
मेरो-ताड़नालाई	सबै	तुच्छ्याए	मेरो-सल्लाहलाई	मान्नन्	स्वीकार-गरेनन्
	H3605	H5006	H6098	H0014	H3808

तिमीहरूले मेरो उपदेश सुन्न अस्वीकार गरेका थियौ। जब मैले तिमीहरूलाई सही मार्ग-दर्शन गराउन खोजें त्यस वखत तिमीहरूले मलाई ध्यानै दिएनौ।

31

יִשְׂבָּעוּ׃	וּמִמֹּעֲצֹתֵיהֶם	דַּרְכָּם	מִפְרֵי	וְיֹאכְלוּ
तृप्त-हुनेछन्	र-आफ्ना-योजनाहरूले	आफ्ना-बाटोको	आफ्ना-बाटोको-फलबाट	र-खानेछन्
H7646	H4156	H1870	H6529	H0398

तिमीहरूले आफूले रोजेको जीवन शैली नै मन परायौ। दुष्ट योजनामा व्यस्त रह्यौ, तिमीहरूले मेरा उपदेश मानेनौ, यसर्थ तिमीहरूले अहिले आफ्नो कर्मको फल भोग्नै पर्छ, त्यही नै तिमीहरूले ग्रहण गर्नु पर्छ।

32

תְּאַבְּדֵם׃	כְּסִילִים	וְשַׁלְוַת	תְּהַרְגֵם	פְּתָיִם	מְשׁוּבַת	כִּי	
तिनीहरूलाई-नष्ट-गर्नेछ	मूर्खहरूको	र-निश्चिन्तता	तिनीहरूलाई-मार्नेछ	भोलाहरूको	विमुखता	किनकि	
H0006	H3684	H7962	H2026		H4878		

“अनुभवहीन मानिसहरू बरालिन्छन् अनि मर्छन्, मुर्खहरू कुनै विषयमा चिन्तित हुदैनन् अनि यसले तिनीहरूलाई नष्ट गर्नेछ।

33

פ	רָעָה׃	מִפְּחַד	וְשַׁאֲנַן	בֶּטַח	יִשְׁכָּן־	לִי	וְשֹׁמֵעַ
—	खराबी	खराबीको-डरबाट	र-निर्भय	सुरक्षित	बस्नेछ	मलाई	तर-सुन्नेले
		H6343	H7599	H0983	H7931		H8085

तर त्यो मानिस जसले मलाई पछ्याउँछ ऊ सधैं सुरक्षित रहनेछ। त्यस्ता मानिस अचानक आइपर्ने खतराहरूबाट सुरक्षित रहनेछन्।”

Chapter 2

1

אִתָּךְ׃	תִּצְפֹּן	וּמִצְוֹתַי	אִמָּרַי	תִּקַּח	אִם־	בְּנִי
आफूसँग	सञ्चय-गर्छौ	र-मेरा-आज्ञाहरू	मेरा-वचनहरू	ग्रहण-गर्छौ	यदि	हे-मेरो-छोरा
H0854	H6845	H4687	H0561	H3947		

मेरो छोरा! म जे भन्छु ग्रहण गर। मेरा आदेशहरू स्मरण गर।

2

לַתְּבוּנָה׃	לִבְּךָ	תַּטֶּה	אָזְנֶךָ	לַחָכְמָה	לְהַקְשִׁיב	
समझदारीप्रति	तेरो-हृदय	झुकाऊ	तेरो-कान	बुद्धिप्रति	ध्यान-दिनलाई	
H8394		H5186	H0241	H2451	H7181	

ज्ञानका कुराहरूमा ध्यान देऊ। तिम्रो समझ शिक्षाहरू तिर लगाऊ।

כִּי	אִם	לַבִּינָה	תִקְרָא	לַתְּבוּנָה	תִּתֵּן	קוֹלֶךָ׃	3
किनकि	यदि	विवेकलाई	पुकार्छौ	समझदारीलाई	दिन्छौ	तेरो-स्वर	
		H0998	H7121	H8394	H5414		

ज्ञानका निम्ति बोलाऊ अनि समझशक्ति पाउनलाई कराऊ।

אִם־	תְּבַקְשֶׁנָּה	כַכֶּסֶף	וְכַמַּטְמוֹנִים	תַּחְפְּשֶׂנָּה׃	4
यदि	खोज्छौ-यसलाई	चाँदीजस्तै	र-गुप्त-धनजस्तै	खोज्छौ-यसलाई	
	H1245	H3701	H4301	H2664	

चाँदी खोजे झैं ज्ञान खोज, गाड-धन खोजे झैं ज्ञान खोज।

אָז	תָּבִין	יִרְאַת	יְהוָה	וְדַעַת	אֱלֹהִים	תִּמְצָא׃	5
तब	बुझ्नेछौ	भय	परमप्रभुको	र-ज्ञान	परमेश्वरको	भेट्नेछौ	
	H0995	H3374	H3068	H1847	H0430	H4672	

यदि तिमीले यसो गर्यौं भने परमप्रभुको डर मान्नुको अर्थ के हो तिमीले जान्न सक्ने छौ। तिमीले साँच्चै नै परमेश्वरको विषयमा जान्ने छौ।

כִּי־	יְהוָה	יִתֵּן	חָכְמָה	מִפִּיו	דַּעַת	וּתְבוּנָה׃	6
किनकि	परमप्रभुले	दिनुहुन्छ	बुद्धि	उहाँको-मुखबाट	ज्ञान	र-समझदारी	
	H3068	H5414	H2451	H6310	H1847	H8394	

परमप्रभुले ज्ञान दिनुहुन्छ। बुद्धि अनि समझशक्तिहरू उहाँको मुखबाट बग्दछन्।

וצפן]	(יִצְפֹּן	לַיְשָׁרִים	תּוּשִׁיָּה	מָגֵן	לְהֹלְכֵי	תֹם׃	7
[सञ्चय-गर्नुहुन्छ]	सञ्चय-गर्नुहुन्छ	सिधाहरूको-लागि	सफलता	ढाल	खराइमा-हिँड्नेहरूको-लागि	खराइमा	
H6845	H6845	H3477	H8454	H4043	H1980	H8537	

उहाँले असल र ईमानदार मानिसको लागि उहाँको भण्डारमा विजय साँचेर राख्नु भएको छ।

לִנְצֹר	אָרְחוֹת	מִשְׁפָּט	וְדֶרֶךְ	חסידו]	(חֲסִידָיו	יִשְׁמֹר׃	8
रक्षा-गर्नलाई	न्यायका-पथहरू	न्यायका	र-बाटो	[उहाँका-भक्तहरूको]	उहाँका-भक्तहरूको	जोगाउनुहुन्छ	
H5341	H0734	H4941	H1870	H2623	H2623	H8104	

उहाँले ती मानिसहरूको रक्षा गर्नुहुन्छ जो अरू प्रति स्वच्छ हुन्छन् उहाँले पवित्र मानिसहरूलाई पहाडा दिनु हुन्छ।

אָז	תָּבִין	צֶדֶק	וּמִשְׁפָּט	וּמֵישָׁרִים	כָּל־	מַעְגַּל־	טוֹב׃	9
तब	बुझ्नेछौ	धार्मिकता	र-न्याय	र-सिधाइ	हरेक	असल	पथ	
	H0995	H6664	H4941	H4339	H3605	H4570		

यसर्थ परमप्रभुले तिमीहरूलाई ज्ञान दिनुहुनेछ अनि तिमीहरूले सही, असल र न्यायपूर्वक कुराहरू बुझ्नेछौ।

כִּי־	תָבֹוא	חָכְמָה	בִלְבָבֶךָ	וְדַעַת	לְנַפְשְׁךָ	יִנְעָם׃	10
किनकि	प्रवेश-गर्नेछ	बुद्धि	तेरो-हृदयमा	र-ज्ञान	तेरो-प्राणलाई	रमाइलो-लाग्नेछ	
	H0935	H2451		H1847	H5315	H5276	

बुद्धि तिम्रो हृदयमा पस्नेछ अनि ज्ञान पाएर तिमीहरूको आत्मा सुखी हुनेछ।

מְזִמָּה	תִּשְׁמֹר	עָלֶיךָ	תְּבוּנָה	תִּנְצְרֶכָּה׃	11
विवेकले	रक्षा-गर्नेछ	तँलाई	समझदारीले	जोगाउनेछ-तँलाई	
H4209	H8104		H8394	H5341	

ज्ञानले तिमीलाई सुरक्षा दिनेछ र बुद्धिले तिम्रो रक्षा गर्नेछ।

לְהַצִּילְךָ	מִדֶּרֶךְ	רָע	מֵאִישׁ	מְדַבֵּר	תַּהְפֻּכוֹת׃	12
बचाउनलाई-तँलाई	खराब-बाटोबाट	खराब	विपरीत-बोल्ने	बोल्ने	मानिसबाट	
H5337	H1870		H0376	H1696	H8419	

ज्ञान र बुद्धिले दुष्ट मानिस झैं भूल मार्गमा रहनबाट रोक्छ अनि दुष्टतापूर्वक बोल्नेहरूबाट बचाउँछ।

13	הַעֹזְבִים	אָרְחוֹת	יָשָׁר	לָלֶכֶת	בְּדַרְכֵי־	חֹשֶׁךְ׃
	जसले-छोड्छन्	सोझो-बाटोहरू	सोझो	हिँड्नलाई	अँध्यारोका-बाटोमा	अँध्यारोमा
	H0734	H3476	H3212	H1870		H2822

यस्ता मानिसहरू इमान्दारी मार्गबाट हट्छन्, तिनीहरू अँध्यारो मार्गमा हिँड्छन्।

14	הַשְּׂמֵחִים	לַעֲשׂוֹת	רָע	יָגִילוּ	בְּתַהְפֻּכוֹת	רָע׃
	जसले-खुशी-मान्छन्	गर्नमा	खराबी	आनन्दित-हुन्छन्	विकृतिमा	खराबीको
	H8056			H1523	H8419	

तिनीहरू नराम्रो कर्म गर्न रूचाउँछन् र त्यसमा आनन्द लिन्छन्।

15	אֲשֶׁר	אָרְחֹתֵיהֶם	עִקְּשִׁים	וּנְלוֹזִים	בְּמַעְגְּלוֹתָם׃
	जसको	बाटोहरू	टेढा	र-छक्काउने	तिनीहरूका-पथहरूमा
		H0734	H6141	H3868	H4570

तिनीहरूको मार्गमा भरोसा गर्न सकिँदैन, तिमीहरूका मार्गहरू कपटपूर्णछन्। तिनीहरू झूटो बोल्छन् अनि ठग्छन्। तर तिम्रो ज्ञान र बुद्धिले तिमीलाई ती चीजहरूबाट अलग्ग राख्छ।

16	לְהַצִּילְךָ	מֵאִשָּׁה	זָרָה	מִנָּכְרִיָּה	אֲמָרֶיהָ	הֶחֱלִיקָה׃
	बचाउनलाई-तँलाई	पराई-स्त्रीबाट	पराई	विदेशी-स्त्रीबाट	जसका-वचनहरूले	फकाउँछन्
	H5337	H0802		H5237	H0561	

बुद्धिले तिमीहरूलाई पर-स्त्रीबाट अलग राख्छ र तिमीलाई ऊ प्रति आकर्षण गराउने मिठा कुराहरूबाट बचाउँछ।

17	הָעֹזֶבֶת	אַלּוּף	נְעוּרֶיהָ	וְאֶת־	בְּרִית	אֱלֹהֶיהָ	שָׁכֵחָה׃
	जसले-छोड्छे	साथी	आफ्नो-जवानीको	र	करार	आफ्ना-परमेश्वरको	बिर्सन्छे
				H0853	H1285	H0430	H7911

जब त्यो आइमाई तरूणी थिई त्यसले विहे गरी, तर त्यसले आफ्नो लोग्नेलाई छाडि दिई। आफूले परमेश्वरको अघि विहेको समयमा गरेको प्रतिज्ञा भूली।

18	כִּי	שָׁחָה	אֶל־	מָוֶת	בֵּיתָהּ	וְאֶל־	רְפָאִים׃	מַעְגְּלֹתֶיהָ
	किनकि	डुब्छ	मृत्युतिर	मृत्यु	उसको-घर	र	मृतात्माहरूतिर	उसका-पथहरू
		H7743	H0413	H4194		H0413	H7496	H4570

अनि अब उसित उसको घर जाँदा उसको घरले मृत्यु सम्मुख पुर्याउँछ। उसको पछि लाग्ने मर्नेछ।

19	כָּל־	בָּאֶיהָ	לֹא	יְשׁוּבוּן	וְלֹא־	יַשִּׂיגוּ	אָרְחוֹת	חַיִּים׃
	सबै	उसकहाँ-जानेहरू	फर्कदैनन्	फर्कदैनन्	र-पाउँदैनन्	पाउँदैनन्	जीवनका-पथहरू	जीवनका
	H3605	H0935	H3808	H7725	H3808	H5381	H0734	

जो कोही उसको घरभित्र जान्छ उसले आफ्नो जीवन गुमाउँछ, ऊ जीवनको मार्गमा फर्कि आउँदैन।

20	לְמַעַן	תֵּלֵךְ	בְּדֶרֶךְ	טוֹבִים	וְאָרְחוֹת	צַדִּיקִים
	यसकारण	हिँड	असल-मानिसहरूको-बाटोमा	असल-मानिसहरूका	र-धर्मी-मानिसहरूका-पथहरू	धर्मी-मानिसहरूका
	H4616	H3212	H1870		H0734	H6662

תִּשְׁמֹר׃	
पालन-गर	
H8104	

ज्ञानले तिमीहरूलाई असल मानिसहरूले गरेको कार्यको उदाहरण अनुशरण गर्न सहायता गर्छ अनि धर्मी मानिसहरूको जीवन रीतिमा बाँच्न सिकाउँछ।

21	כִּי־	יִשְׁרִים	יִשְׁכְּנוּ	אֶרֶץ	וּתְמִימִים	יִוָּתְרוּ	בָהּ׃
	किनकि	सोझाहरू	बस्नेछन्	देशमा	र-निष्कलङ्कहरू	बाँकी-रहनेछन्	त्यसमा
		H3477	H7931	H0776	H8549	H3498	

इमान्दारी मानिसहरू तिनीहरूको भूमिमा लगातार जीउने छन् अनि दोषरहित मानिसहरू त्यहाँ बस्नेछन्।

פ	מִמֶּנָּה׃	יִסְחוּ	וּבוֹגְדִים	יִכָּרֵתוּ	מֵאֶרֶץ	וְרִשְׁעִים	22
—	त्यसबाट	उन्मूलन-हुनेछन्	र-विश्वासघातीहरू	उखेलिनेछन्	देशबाट	तर-दुष्टहरू	
		H5255	H0898	H3772	H0776	H7563	

तर दुष्ट मानिसहरू आफ्नो भूमि गुमाउनेछन् अनि कपटपूर्ण मानिसहरूलाई त्यस भूमिबाट हटाइनेछ।

Chapter 3

	לִבֶּךָ׃	יִצֹּר	וּמִצְוֹתַי	תִּשְׁכָּח	אַל־	תּוֹרָתִי	בְּנִי	1
	तेरो-हृदयले	राखोस्	र-मेरा-आज्ञाहरू	नबिर्स	नबिर्स	मेरो-शिक्षा	हे-मेरो-छोरा	
		H5341	H4687	H7911	H0408	H8451		

हे मेरा छोरा, मेरा शिक्षाहरूलाई नभुल। मैले तिमीलाई गर्नु भनेका ती चीजहरूको सम्झना गर।

	לָךְ׃	יוֹסִיפוּ	וְשָׁלוֹם	חַיִּים	וּשְׁנוֹת	יָמִים	אֹרֶךְ	כִּי	2
	तँलाई	बढाउनेछन्	र-शान्ति	जीवनका	र-वर्षहरू	दिनहरू	लामो	किनकि	
		H3254	H7965		H8141	H3117	H0753		

मैले भनेका कुराहरूले तिमीलाई दीर्घ, सुखमय तथा अधिक शान्तिपूर्ण जीवन जीउन सिकाउँछ।

לִבֶּךָ׃	לוּחַ	עַל־	כְּתָבֵם	גַּרְגְּרוֹתֶיךָ	עַל־	קָשְׁרֵם	יַעַזְבֶךָ	אַל־	וֶאֱמֶת	חֶסֶד	3
हृदयको	पाटीमा	तेरो	लेख	घाँटीमा	तेरो	बाँध	नछोडून्-तँलाई	नछोडून्	र-सत्यताले	करुणा	
	H3871		H3789	H1621		H7194		H0408	H0571		

प्रेम, विश्वासनीयताले तिमीलाई कहिल्यै नछाडोस्। तिनीहरूलाई आफ्नो मानसपटलमा गहिरोसित राख। ती शिक्षाहरूलाई माला गुँथी गलामा लगाई राख्।

פ	וְאָדָם׃	אֱלֹהִים	בְּעֵינֵי	טוֹב	וְשֵׂכֶל־	חֵן	וּמְצָא־	4
—	र-मानिसका	परमेश्वर	आँखामा	समझ	र-असल	अनुग्रह	र-पाउनेछौ	
	H0120	H0430			H7922	H2580	H4672	

तब तिमी ज्ञानी हुनेछौ अनि तिमीले परमेश्वर अनि मानिसहरूबाट अनुग्रह पाउनेछौ।

תִּשָּׁעֵן׃	אַל־	בִּינָתְךָ	וְאֶל־	לִבֶּךָ	בְּכָל־	יְהוָה	אֶל־	בְּטַח	5
नटेक	नटेक	आफ्नै-बुद्धिमा	र-तेरो	हृदयले	सम्पूर्ण	परमप्रभुमा	परमप्रभुमा	भरोसा-गर	
H8172	H0408	H0998	H0413		H3605	H3068	H0413	H0982	

तिम्रो सम्पूर्ण हृदयले परमप्रभुमा भरोसा गर। तिम्रो आफ्नै बुद्धिमा मात्र भर नपर।

	אֹרְחֹתֶיךָ׃	יְיַשֵּׁר	וְהוּא	דַּעֲהוּ	דְּרָכֶיךָ	בְּכָל־	6
	तेरा-पथहरू	सोझो-बनाउनुहुनेछ	र-उहाँले	उहाँलाई-चिन	तेरा-बाटोहरूमा	सबै	
	H0734	H3474	H1931	H3045	H1870	H3605	

तिम्रा सम्पूर्ण मार्गहरूमा परमप्रभुलाई सम्झ। उहाँले नै तिम्रा सबै मार्गहरू सोझो पारिदिनु हुनेछ।

מֵרָע׃	וְסוּר	יְהוָה	אֶת־	יְרֵא	בְּעֵינֶיךָ	חָכָם	תִּהְיִי	אַל־	7
खराबीबाट	र-टाढा-बस	परमप्रभुदेखि	परमप्रभुदेखि	डराऊ	आफ्नै-आँखामा	बुद्धिमान	नहोऊ	नहोऊ	
	H5493	H3068	H0853	H3372		H2450	H1961	H0408	

आफैंलाई बुद्धिमानि नसोच, परमप्रभुसित डराउनु अनि दुष्कर्मबाट टाडो बस्नु।

	לְעַצְמוֹתֶיךָ׃	וְשִׁקּוּי	לְשָׁרֶךָ	תִּהְיִי	רְפָאוֹת	8
	तेरा-हड्डीहरूलाई	र-ताजगी	तेरो-शरीरलाई	हुनेछ	निको	
	H6106	H8250	H8270	H1961	H7500	

यदि तिमीले यसो गर्यौं भने तिम्रो शरीरलाई त्यो औषधी हुनेछ अथवा तिम्रो शरीरलाई ताजा बनाउने कुनै पेय वस्तु झैं हुनेछ।

תְּבוּאָתֶךָ׃	כָּל־	וּמֵרֵאשִׁית	מֵהוֹנֶךָ	יְהוָה	אֶת־	כַּבֵּד	9
तेरो-उब्जनीको	सबै	र-पहिलो-फलबाट	तेरो-सम्पत्तिबाट	परमप्रभुलाई	परमप्रभुलाई	आदर-गर	
H8393	H3605	H7225	H1952	H3068	H0853	H3513	

तिम्रो सम्पत्तिले परमप्रभुको आदर गर। तिम्रो सर्वोतमबाट परमप्रभुलाई चढाऊ।

פ	יִפְרֹצוּ׃	יְקָבֶיךָ	וְתִירוֹשׁ	שְׂבַע	אֲסָמֶיךָ	וּמְלְאוּ	10
—	नयाँ-दाखमद्य-बग्नेछ	तेरा-कोलहरूबाट	र-तेरा-कोलहरू	प्रशस्तले	तेरा-भकारीहरू	र-भरिनेछन्	
	H6555	H3342	H8492	H7647	H0618	H4390	

त्यस पछि तिम्रो सम्पूर्ण खाँचो पूरा हुनेछ। तिम्रा ढुकुटीहरू अन्नले भरिने छन् अनि तेरा मसकबाट दाखरस पोखिरहेको हुनेछ।

בְּתוֹכַחְתּוֹ׃	תָּקֹץ	וְאַל־	תִּמְאַס	אַל־	בְּנִי	יְהוָה	מוּסַר	11
उहाँको-ताड़नामा	नथाक	र-नथाक	नतिरस्कार	नतिरस्कार	हे-मेरो-छोरा	परमप्रभुको	अनुशासन	
	H6973	H0408		H0408		H3068	H4148	

हे मेरा छोरा, परमप्रभुको अनुशासन स्वीकार गर अनि उहाँले दण्ड दिनु भए रीस नगर। त्यसबाट शिक्षा हासिल गर।

יִרְצֶה׃	בֵּן	אֶת־	אָבִֽיו׃	יוֹכִיחַ	יְהוָה	יֶאֱהַב	אֲשֶׁר	אֶת	כִּי	12
प्रसन्न-हुन्छ	छोरालाई	आफ्नो	र-बुबाले-जसरी	सुधार्नुहुन्छ	परमप्रभुले	प्रेम-गर्नुहुन्छ	जसलाई	जसलाई	किनकि	
H7521		H0853	H0001	H3198	H3068	H0157		H0853		

किनकि आफूले माया गर्नुभएका मानिसहरूलाई उहाँले सुधार्नु हुन्छ। हो, परमेश्वर बाबु जस्तै हुनुहुन्छ जुन बाबुले आफूले माया गरेको छोरालाई सजाय दिन्छ।

תְּבוּנָֽה׃	יָפִיק	וְאָדָם	חָכְמָה	מָצָא	אָדָם	אַשְׁרֵי	13
समझदारी	प्राप्त-गर्छ	र-मानिस-जसले	बुद्धि	भेट्टाउँछ	मानिस-जसले	धन्य	
H8394	H6329	H0120	H2451	H4672	H0120	H0835	

धन्य हो त्यो मानिस जसले ज्ञान प्राप्त गर्छ। जसले विवेक हाँसिल गर्छ त्यो धन्य हो।

תְּבוּאָתָֽהּ׃	וּמֵחָרוּץ	כֶּסֶף	מִסְחַר־	סְחָרָהּ	טוֹב	כִּי	14
यसको-प्रतिफल	र-सुनभन्दा-पनि	चाँदी	चाँदीको-व्यापारभन्दा	यसको-व्यापार	असल	किनकि	
H8393		H3701	H5505	H5504			

ज्ञानबाट जो लाभ हुन्छ त्यो बहुमूल्य चाँदी भन्दा असल हो। ज्ञानबाट भएको लाभ सुन भन्दा असल हो।

בָּהּ׃	יִשְׁווּ־	לֹא	חֶפְצֶיךָ	וְכָל־	(מִפְנִינִים)	[מפניים]	הִיא	יְקָרָה	15
यससँग	बराबरी-गर्न-सक्दैनन्	कसैले	तेरा-इच्छाहरू	र-सबै	मोतीहरूभन्दा	[मोतीहरूभन्दा]	यो	बहुमूल्य	
		H3808	H2656	H3605	H6443	H6443	H1931	H3368	

ज्ञान भौतिक मणि र माणिक भन्दा अधिक मूल्यवान हो। तिमीले चाहेको बस्तुहरूमा ज्ञान भन्दा मुल्यवान अरू हुन सक्तैन।

וְכָבוֹד׃	עֹשֶׁר	בִּשְׂמֹאולָהּ	בִּימִינָהּ	יָמִים	אֹרֶךְ	16
र-सम्मान	धन	यसको-बाँया-हातमा	यसको-दाहिने-हातमा	दिनहरू	लामो	
H3519	H6239	H8040	H3225	H3117	H0753	

ज्ञानको दाहिने हातमा दीर्घायु छ भने देब्रे हातमा धन र सम्मान छ।

שָׁלֽוֹם׃	נְתִיבוֹתֶיהָ	וְכָל־	נֹעַם	דַּרְכֵי־	דְּרָכֶיהָ	17
शान्ति	यसका-पथहरू	र-सबै	रमणीयताका	बाटोहरू	यसका-बाटोहरू	
H7965		H3605	H5278	H1870	H1870	

ज्ञानका मार्गहरू आनन्ददायक हुन्छन् ज्ञान मार्गबाट शान्ति पाइन्छ।

פ	מְאֻשָּׁר׃	וְתֹמְכֶיהָ	בָּהּ	לַמַּחֲזִיקִים	הִיא	חַיִּים	עֵץ־	18
—	धन्य	र-यसलाई-समात्नेहरू	यसलाई	समात्नेहरूको-लागि	यो-हो	जीवनको	जीवनको-रूख	
	H0833	H8551		H2388	H1931		H6086	

ज्ञान एउटा मानिसको निम्ति जीवनको बृक्ष झैं हो जसले उसलाई बलिय गरी समाउँछ अनि त्यसमा जो टाँसिएर रहेनछ संधै धन्य रहन्छन्।

בִּתְבוּנָֽה׃	שָׁמַיִם	כּוֹנֵן	אָרֶץ	יָסַד־	בְּחָכְמָה	יְהוָה	19
समझदारीद्वारा	आकाश	बनाउनुभयो	पृथ्वी	स्थापना-गर्नुभयो	बुद्धिद्वारा	परमप्रभुले	
H8394	H8064		H0776	H3245	H2451	H3068	

परमेश्वरले ज्ञानद्वारा पृथ्वी स्थापना गर्नु भयो, र सम्झ-शक्तिद्वारा आकाश सृजना गर्नु भयो।

20	בְּדַעְתּוֹ	תְּהוֹמוֹת	נִבְקָעוּ	וּשְׁחָקִים	יִרְעֲפוּ־	טָל׃
	उहाँको-ज्ञानद्वारा	गहिराइहरू	फुटे	र-बादलहरूले	चुहाउँछन्	शीत
	H1847	H8415	H1234	H7834	H7491	H2919

उहाँको ज्ञान द्वारा परमप्रभुले समुद्र र बादल सृजना गर्नु भयो जसबाट पानी पर्छ।

21	בְּנִי	אַל־	יָלֻזוּ	מֵעֵינֶיךָ	נְצֹר	תּוּשִׁיָּה	וּמְזִמָּה׃
	हे-मेरो-छोरा	नभटक	नभटक	तेरा-आँखाबाट	राख	विवेक	र-सुमार्गदर्शन
	H0408	H0408	H3868		H5341	H8454	H4209

हे मेरा छोरा, ज्ञानलाई तिम्रो विवेकशील दृष्टिबाट ओझलमा नपार। विजयहरूमा नियालेर सोच अनि होशियारीसित योजनाहरू बनाऊ।

22	וְיִהְיוּ	חַיִּים	לְנַפְשֶׁךָ	וְחֵן	לְגַרְגְּרֹתֶיךָ׃	
	र-तिनीहरू-हुनेछन्	जीवन	तेरो-प्राणको-लागि	र-सुन्दरता	तेरो-घाँटीको-लागि	
	H1961		H5315	H2580	H1621	

ज्ञान र समझ-शक्तिले तिमीलाई जीवन दिनेछन र यसले तिम्रो जीवन सुन्दर पार्नेछ।

23	אָז	תֵּלֵךְ	לָבֶטַח	דַּרְכֶּךָ	וְרַגְלְךָ	לֹא	תִגּוֹף׃
	तब	हिँड्नेछौ	सुरक्षित	तेरो-बाटोमा	र-तेरो-खुट्टा	ठेस-लाग्नेछैन	ठेस-लाग्नेछैन
	H3212	H0983	H1870		H7272	H3808	H5062

त्यसपछि तिमी सुरक्षित बस्नेछौ र तिम्रो पतन हुनेछैन। तिमी आफ्नो मार्गमा सुरक्षित भई हिडने छौ कतै पल्टनै छैनौ।

24	אִם־	תִּשְׁכַּב	לֹא־	תִפָּחֵד	וְשָׁכַבְתָּ	וְעָרְבָה	שְׁנָתֶךָ׃
	यदि	सुत्छौ	डर-हुनेछैन	डर-हुनेछैन	र-सुत्दा	मीठो-हुनेछ	तेरो-निद्रा
	H7901	H7901	H3808	H6342	H7901	H6149	H8142

जब तिमी ओछ्यानमा पल्टनेछौ तिमीलाई डर लाग्दैन अनि सुत्दा घोर निद्रामा पर्नेछौ।

25	אַל־	תִּירָא	מִפַּחַד	פִּתְאֹם	וּמִשֹּׁאַת	רְשָׁעִים	כִּי	תָבֹא׃
	नडराऊ	नडराउ	अकस्मात्-डरबाट	अकस्मात्	र-विनाशबाट	दुष्टहरूको	जब	आउँछ
	H0408	H3372	H6343	H6597		H7563		H0935

तिमी आकस्मिक विनाशमा कहिल्यै नडराउनु अथवा जुन विनाशमा दुष्ट मानिसहरू फँसिन्छन् त्यसमा कदापि नडराउनु।

26	כִּי־	יְהוָה	יִהְיֶה	בְכִסְלֶךָ	וְשָׁמַר	רַגְלְךָ	מִלָּכֶד׃
	किनकि	परमप्रभु	हुनुहुनेछ	तेरो-भरोसा	र-जोगाउनुहुनेछ	तेरो-खुट्टालाई	फन्दाबाट
	H3068	H1961		H3689	H8104	H7272	H3921

किनभने परमप्रभु तिमीहरूको छेवैमा हुनुहुनेछ, यसर्थ उहाँले नै तिम्रो पाऊ कतै फँस्न दिनु हुन्न।

27	אַל־	תִּמְנַע־	טוֹב	מִבְּעָלָיו	בִּהְיוֹת	לְאֵל	[ידיך]	)יָדֶךָ(	לַעֲשׂוֹת׃
	नरोक	नरोक	भलाइ	हकदारबाट	जब	तेरो-शक्तिमा	[तेरो-हातमा]	तेरो-हातमा	गर्नको-लागि
	H0408	H4513		H1167	H1961	H0410	H3027	H3027	

जब तिमी त्यो काम गर्नु योग्य छौ, अनि जो त्यसको लागि उपयुक्त छ त्यो मानिसको लागि असल कर्म गर्नु अस्वीकार नगर।

28	אַל־	תֹּאמַר	[לרעיך]	।()לְרֵעֲךָ	לֵךְ	וָשׁוּב	וּמָחָר	אֶתֵּן	וְיֵשׁ	אִתָּךְ׃
	नभन	नभन	[तेरो-छिमेकीलाई]	तेरो-छिमेकीलाई	जाऊ	र-फर्कनु	र-भोलि	दिनेछु	र-तँसँग	छ
	H0408	H0559	H7453	H7453	H3212	H7725	H4279	H5414	H3426	H0854

जब तिमीसँग आफ्नो छिमेकीलाई आवश्यक परेको चीज छ र उसले पनि माग्छ भने, “भोलि आऊ” नभन, दिई हाल।

29	אַל־	תַּחֲרֹשׁ	עַל־	רֵעֲךָ	רָעָה	וְהוּא־	יוֹשֵׁב	לָבֶטַח	אִתָּךְ׃
	नबनाऊ	नबनाऊ	तेरो-छिमेकीको-विरुद्ध	तेरो-छिमेकी	खराबी	र-उसले	बस्छ	सुरक्षित	तँसँग
	H0408			H7453		H1931	H3427	H0983	H0854

तिमीहरूका छिमेकीहरूका विरूद्ध नराम्रो योजना नबनाऊ जो तिम्रो छेउमा बस्छअनि तिमीमाथि भरोसा गर्छन।

רָעָֽה׃	גְּמָלֽוֹךְ	לֹ֣א	אִם־	חִנָּ֗ם	אָדָ֥ם	עִם־	)תָּרִֽיב(	]תרוב[	אַל־	30
खराबी	तँलाई-गरेको-छैन	उसले	यदि	व्यर्थमा	मानिस	कसैसँग	नझगडा	[नझगडा]	नझगडा	
	H1580	H3808		H2600	H0120		H7378	H7378	H0408	

कुनै कारण बिना कसैलाई अदालतमा नघिस्याउ यदि त्यो मानिसले तिमीलाई क्षति पुर्याएको छैन भने।

דְּרָכָֽיו׃	בְּכָל־	תִּבְחַ֑ר	וְאַל־	חָמָ֣ס	בְּאִ֭ישׁ	תְּקַנֵּ֣א	אַל־	31
उसका-बाटोहरू	कुनै-पनि	नरोज	र-नरोज	हिंसक	हिंसक-मानिसप्रति	ईर्ष्या	नगर	
H1870	H3605	H0977	H0408	H2555	H0376	H7065	H0408	

उपदव्र गर्ने मानिसको इर्ष्या नगर, अनि ऊ जस्तै हुन नखोज।

סוֹדֽוֹ׃	יְשָׁרִ֥ים	וְאֶת־	נָלֽוֹז	יְהוָ֗ה	תּוֹעֲבַ֣ת	כִּי	32
उहाँको-मित्रता	सोझाहरूसँग	तर	टेढा-मानिस	परमप्रभुको-दृष्टिमा	घृणित	किनकि	
H5475	H3477	H0854	H3868	H3068	H8441		

किनभने परमप्रभुले त्यस्ता मानिसलाई घृणा गर्नु हुन्छ, तर उहाँ इमान्दार मानिसहरूको मित्र हुनुहुन्छ।

יְבָרֵֽךְ׃	צַדִּיקִ֥ים	וּנְוֵ֣ה	רָ֭שָׁע	בְּבֵ֣ית	יְהוָ֑ה	מְאֵרַ֥ת	33
उहाँले-आशीर्वाद-दिनुहुन्छ	धर्मीहरूको	तर-बासस्थान	दुष्टको	दुष्टको-घरमा	परमप्रभुको	श्राप	
H1288	H6662		H7563		H3068	H3994	

दुष्ट मानिसको घर परमप्रभुद्वारा श्रापित रहन्छ अनि इमान्दार मानिसको घर उहाँद्वारा आशीषित हुन्छ।

חֵֽן׃	יִתֵּ֣ן	)וְלַעֲנָוִ֗ים(	]ולעניים[	יָלִ֣יץ	הֽוּא־	לַלֵּצִ֑ים	אִם־	34
अनुग्रह	अनुग्रह-दिनुहुन्छ	तर-नम्रहरूलाई	[तर-नम्रहरूलाई]	गिल्ला-गर्नुहुन्छ	उहाँले	गिल्लाकारीहरूलाई	यदि	
H2580	H5414	H6035	H6041	H3887	H1931	H3887		

यदि कुनै मानिस घमण्डी छ र अन्य मानिसहरूको खिल्ली उडाउछ भने परमेश्वरले त्यस मानिसलाई दण्ड दिनु हुनेछ र खिसि गर्नु हुनेछ। तर नम्र मानिसहरू प्रति परमेश्वर दयालु हुनुहुन्छ।

קָלֽוֹן׃	מֵרִ֥ים	וּכְסִילִ֑ים	יִנְחָ֣לוּ	חֲכָמִ֗ים	כָּב֣וֹד	פ	35
अपमान	उठाउनेछन्	तर-मूर्खहरूले	पाउनेछन्	बुद्धिमानहरूले	सम्मान	—	
H7036		H3684	H5157	H2450	H3519		

ज्ञानी मानिसले आदर पाउँछन, तर मूर्ख मानिसले लाज तथा अपमान मात्र पाउँछ।

Chapter 4

בִּינָֽה׃	לָדַ֥עַת	וְהַקְשִׁ֗יבוּ	אָ֫ב	מ֣וּסַר	בָּנִ֑ים	שִׁמְעוּ	1
समझ।	जान्नलाई	र-ध्यान-दिनुहोस्	बुबाको	अनुशासन	छोराहरू	सुन	
H0998	H3045	H7181	H0001	H4148		H8085	

हे मेरा छोराहरू, आफ्नो बाबुको शिक्षाहरूमा ध्यान देऊ अनि तिमीहरूले ती शिक्षाहरू बुझ्ने छौ।

תַּעֲזֹֽבוּ׃	אַל־	תּוֹרָתִ֑י	לָכֶ֥ם	נָתַ֖תִּי	טֽוֹב	לֶ֭קַח	כִּי	2
त्याग।	नगर	मेरो-व्यवस्था	तिमीहरूलाई	दिएको-छु	असल	शिक्षा	किनभने	
	H0408	H8451		H5414		H3948		

म तिमीलाई गहिरो ज्ञान दिन्छु। मैले दिएको यो शिक्षा तिमीले नत्याग।

אִמִּֽי׃	לִפְנֵ֣י	וְיָחִ֥יד	רַ֝ךְ	לְאָבִ֑י	הָיִ֣יתִי	בֵ֭ן	כִּי־	3
आमाको।	सामु	र-एक्लो	कोमल	बुबाको	थिएँ-म	छोरा	किनभने	
H0517	H6440	H3173	H7390	H0001	H1961			

एक समयमा म पनि मेरो पिताको एउटा छोरा थिएँ अनि मेरी आमाको प्रिय सानो केटो थिएँ, उनको एउटै मात्र छोरो।

וֶֽחְיֵ֑ה׃	מִצְוֹתַ֥י	שְׁמֹ֖ר	לִבֶּ֣ךָ	דְּבָרַ֑י	יְתָמֶךְ־	לִ֣י	וַיֹּ֤אמֶר	וַיִּֽסְּרֵ֨נִי	4
र–बाँच।	मेरा–आज्ञाहरू	पालन–गर	तेरो–हृदयले	मेरा–वचनहरू	समात्–राख	मलाई	र–भन्नुभयो	र–सिकाउनुभयो–मलाई	
H2421	H4687	H8104		H1697	H8551		H0559		

अनि मेरो बाबुले मलाई यी सब कुराहरू सिकाउनु भयो। उहाँले मलाई भन्नु भयो, “मैले भनेका कुराहरू याद गर, मेरा आज्ञाहरू पालन गर, तब तिमी जीवित रहनेछौ।

פִּֽי׃	מֵאִמְרֵי־	אַל־	תִּֽט	וְאַל־	תִּשְׁכַּ֑ח	אַל־	בִּינָ֣ה	קְנֵ֣ה	חָכְמָ֣ה	קְנֵ֣ה	5
वचनहरूबाट।	मेरो–मुखका		हट	र–नगर	बिर्स	नगर	समझ	प्राप्त–गर	बुद्धि	प्राप्त–गर	
H6310	H0561		H5186	H0408	H7911	H0408	H0998	H7069	H2451	H7069	

ज्ञान र समझ-शक्तिलाई प्राप्त गर। मेरो अर्तीलाई नबिर्सनु अनि मैले दिएको शिक्षाहरूलाई अस्वीकार नगर्नु।

וְתִצְּרֶֽךָּ׃	אֱהָבֶ֖הָ	וְתִשְׁמְרֶ֥ךָּ	תַּעַזְבֶ֑הָ	אַל־	6
र–उसले–तिमीलाई–बचाउनेछ।	प्रेम–गर–उसलाई	र–उसले–तिमीलाई–रक्षा–गर्नेछ	त्याग–उसलाई	नगर	
H5341	H0157	H8104		H0408	

ज्ञानलाई नत्याग, ज्ञानलाई प्रेम गर, तब ज्ञानले तिम्रो रक्षा गर्नेछ।

בִּינָֽה׃	קְנֵ֣ה	קִנְיָנֶ֑ךָ	וּבְכָל־	חָכְמָ֣ה	קְנֵ֣ה	חָכְמָ֣ה	רֵאשִׁ֣ית	7
समझ।	प्राप्त–गर	तेरो–सम्पत्तिले	र–सबै	बुद्धि	प्राप्त–गर	बुद्धिको	प्रारम्भ	
H0998	H7069	H7075	H3605	H2451	H7069	H2451	H7225	

“सबभन्दा महत्वपूर्ण कुरो नै ज्ञान हो। तिमीले ज्ञान प्राप्त गर्न आँफूसँग भएको सबै बेच।

תְּחַבְּקֶֽנָּה׃	כִּֽי	תְכַבְּדֶ֑ךָּ	וְתָרוֹמְמֶ֖ךָּ	סַלְסְלֶ֥הָ	8
तिमी–उसलाई–अँगालो–हाल्छौ।	जब	उसले–तिमीलाई–सम्मान–गर्नेछ	र–उसले–तिमीलाई–उचाल्नेछ	उच्च–पार–उसलाई	
H2263		H3513		H5549	

ज्ञानलाई सम्मान गर अनि यसैले तिमीलाई महान बनाउँने छ। ज्ञानलाई अँगाल यसले तिमी मा सम्मान ल्याउनेछ।

תְּתַ֥ן	לְרֹאשְׁךָ֖	לִוְיַת־	חֵ֣ן	עֲטֶ֥רֶת	תִּפְאֶ֖רֶת	תְּמַגְּנֶֽךָּ׃	9
दिनेछ	तेरो–शिरमा	शोभाको	माला	मुकुट	महिमाको	तिमीलाई–प्रदान–गर्नेछ।	
H5414		H3880	H2580	H5850	H8597	H4042	

उसले तिम्रो शिरमाथि महिमाको माला लगाई दिन्छ अनि तिमीलाई महिमामय शिरपेचले सुगोभित पार्छे।”

חַיִּֽים׃	שְׁנ֣וֹת	לְךָ֣	וְיִרְבּ֖וּ	אֲמָרָ֑י	וְקַ֣ח	בְּנִ֣י	שְׁמַ֣ע	10
जीवनका।	वर्षहरू	तिमीलाई	र–बढ्नेछन्	मेरा–वचनहरू	र–ग्रहण–गर	मेरो–छोरा	सुन	
	H8141			H0561	H3947		H8085	

हे मेरा छोरा, त्यो मैले दिएको शिक्षा सुन अनि तिमीले लामो जीवन जीउने छौ।

יְשָׁרִֽים׃	בְּמַעְגְּלֵי־	הִדְרַכְתִּ֑יךָ	הוֹרַ֣תִּיךָ	בְּדֶ֣רֶךְ	חָכְמָ֣ה	בְּדֶ֣רֶךְ	11
मार्गहरूमा।	सोझो	डोऱ्याएको–छु–तिमीलाई	सिकाएको–छु–तिमीलाई		बुद्धिको	बाटोमा	
H3476	H4570	H1869			H2451	H1870	

म तिमीलाई ज्ञानको बाटोको शिक्षा दिइरहेको छु। अनि मैले तिमीलाई सोझोबाटोमा डोर्याइरहेको छु

תִּכָּשֵֽׁל׃	לֹ֣א	תָּר֑וּץ	וְאִם־	צַעֲדֶ֣ךָ	יֵצֵ֣ר	לֹא־	בְּלֶכְתְּךָ֖	12
ठोक्किने।	हुनेछैन	तिमी–दौडछौ	र–यदि	तेरा–पाइलाहरू	साँघुरो	हुनेछैन	तिमी–हिँड्दा	
H3782	H3808	H7323		H6806	H3334	H3808	H3212	

जब तिमी अघि बढछौ, तिम्रो खुट्टा जालमा पर्ने छैन अनि जब तिमी दगुर्छौ तिमीलाई ठेस लाग्ने छैन।

חַיָּֽיִךְ׃	הֱיֵ֣א	כִּי־	נְצֹ֑רָהּ	תֶּ֣רֶף	אַל־	בַּמּוּסָ֣ר	הַחֲזֵ֣ק	13
तेरो–जीवन।	उही–हो	किनभने	जोगाएर–राख–उसलाई	छाड	नगर	अनुशासनलाई	समात्–राख	
	H1931		H5341	H7503	H0408	H4148	H2388	

अर्तीलाई समातिराखू अनि यसलाई जान नदेऊ। यसमाथि नजर राख किनभने ऊ तिम्रो जीवन हो।

14 בְּאֹרַח רְשָׁעִים אַל־תָּבֹא וְאַל־תְּאַשֵּׁר בְּדֶרֶךְ רָעִים׃
बाटोमा दुष्टहरूको नगर प्रवेश र-नगर हिँड मार्गमा खराबहरूको।
H0734 H7563 H0408 H0935 H0408 H0833 H1870

दुष्ट मानिसहरूको बाटो नकुल्च अनि दुष्ट मानिसहरूको मार्गमा नहिड।

15 פְּרָעֵהוּ אַל־תַּעֲבָר־בּוֹ שְׁטֵה מֵעָלָיו וַעֲבוֹר׃
टाढा-राख-त्यसलाई नगर त्यसबाट फर्क त्यसबाट गुज्र र-अगाडि-बढ।
H0408 H7847

यसलाई त्याग। यसलाई काटेर पनि नजाऊ! त्यसलाई तिम्रो पिठ्यूँ फर्काई देऊ अनि टाढा हिँड।

16 כִּי לֹא יָשְׁנוּ אִם־לֹא יָרֵעוּ וְנִגְוְלָה שְׁנָתָם אִם־לֹא יִכְשׁוֹלוּ׃
किनभने हुँदैन सुत्छन्-तिनीहरू यदि हानि र-हराउँछ निद्रा-तिनीहरूको यदि गर्दैनन् ठोक्याउँछन्
H3808 H3462 H3808 H1497 H8142 H3808 H3782

(יַכְשִׁילוּ׃)
ठोक्याउँछन्।
H3782

दुष्ट मानिसहरू दुष्टयाई नगरी सुत्न सक्तैनन्। जब सम्म कसैलाई नोक्सान पुर्याउँदैनन तिनीहरू निदाँउ नै सक्तैनन।

17 כִּי לֶחֶמוּ לֶחֶם רֶשַׁע וְיֵין חֲמָסִים יִשְׁתּוּ׃
किनभने खान्छन्-तिनीहरू रोटी दुष्टताको र-दाखमद्य हिंसाको पिउँछन्।
H3899 H7562 H3196 H2555 H8354

किनभने तिनीहरू त सबै पाप कर्मबाट नै जीवन निर्बाह गर्छन् र पाशविक कमाईबाट मद्य पिउँछन् कारण पाप तथा खराब कर्म गर्न त तिनीहरूको निम्ति खानु पिउनु जत्तिकै स्वभाविक हो।

18 וְאֹרַח צַדִּיקִים כְּאוֹר נֹגַהּ הוֹלֵךְ וְאוֹר עַד־נְכוֹן הַיּוֹם׃
तर-बाटो धर्मीहरूको जस्तो-ज्योति उज्यालो बढ्दै-जान्छ र-चम्कन्छ सम्म पूर्ण दिन।
H0734 H6662 H0216 H5051 H1980 H0215 H5704 H3117

तर धर्मको बाटो चाँहि सूर्यको प्रभात किरण झैं हुन्छ जसले मध्यान्न सम्म प्रकाश बढाउँदै जान्छ।

19 דֶּרֶךְ רְשָׁעִים כַּאֲפֵלָה לֹא יָדְעוּ בַּמֶּה יִכָּשְׁלוּ׃ פ
बाटो दुष्टहरूको अन्धकार-जस्तो हुँदैन जान्दछन्-तिनीहरू कसमा ठोक्किन्छन्। —
H1870 H7563 H0653 H3808 H3045 H4100 H3782

दुष्टहरूको चाल अत्त्यन्तै अन्धकारमय हुन्छ र दुष्ट मानिसले जान्दैन कि कहाँ उसले ठक्कर खाँन्छ।

20 בְּנִי לְדְבָרַי הַקְשִׁיבָה לַאֲמָרַי הַט־אָזְנֶךָ׃
मेरो-छोरा मेरा-वचनहरूमा ध्यान-दे मेरा-कुराहरूमा थाप तेरो-कान।
H1697 H7181 H0561 H5186 H0241

हे मेरा छोरा, मेरा कुराहरू सुन्। मैले के भन्छु ध्यान दिएर सुन्।

21 אַל־יַלִיזוּ מֵעֵינֶיךָ שָׁמְרֵם בְּתוֹךְ לִבֶּךָ׃
नगर हटाउ-तिनीहरूलाई तेरो-आँखाबाट राख-तिनीहरूलाई भित्र हृदयको।
H0408 H3868 H8104 H8432 H3824

ती कुराहरूलाई सदा आफ्नो मनमा राख र तिनीहरूलाई आफ्नो सामने बाट टाढा नराख।

22 כִּי־חַיִּים הֵם לְמֹצְאֵיהֶם וּלְכָל־בְּשָׂרוֹ מַרְפֵּא׃
किनभने जीवन हुन्-तिनीहरू पाउनेहरूलाई र-सबै शरीरको निको।
H1992 H4672 H3605 H1320 H4832

मेरो शिक्षाहरूले तिनीहरूलाई जीवन दिन्छ जसले यसलाई पालन गर्छ अनि मेरा वचनहरूले शरीरमा तन्दूरूस्ती दिन्छ।

חַיִּים׃	תּוֹצְאוֹת	מִמֶּנּוּ	כִּי־	לִבֶּךָ	נְצֹר	מִשְׁמָר	מִכֹּל־	23
जीवनका-झरीहरू।	निस्कन्छन्	त्यसबाट	किनभने	तेरो-हृदय	जोगा	सुरक्षाले	सबैभन्दा-बढी	
	H8444				H5341	H4929	H3605	

सबभन्दा महत्वपूर्ण कुरो के हो भने तिमीले सोच्नु पर्ने कुराहरूमा तिमी अत्यन्तै होशियारी हुनु पर्छ। किनभने तिम्रो मन तिम्रो जीवनको स्रोत हो।

מִמְּךָ׃	הַרְחֵק	שִׁפְתֵי	וּלְוּוֹת	פֶּה	עִקְּשׁוּת	מִמְּךָ	הָסֵר	24
तिमीबाट।	टाढा-राख	ओठहरू	र-विकृत	मुख	टेढो	तिमीबाट	हटाउ	
	H7368	H8193	H3891	H6310	H6143		H5493	

तिम्रो मुखबाट मिथ्यापूर्ण शब्दहरू निस्कन नदेऊ। झूटो नबोल।

נֶגְדֶּךָ׃	יַיְשִׁרוּ	וְעַפְעַפֶּיךָ	יַבִּיטוּ	לְנֹכַח	עֵינֶיךָ	25
तेरो-अगाडि।	सिधा-राखून्	र-तेरा-पलकहरू	हेरून्	सोझो-अगाडि	तेरा-आँखाहरू	
H5048	H3474	H6079	H5027	H5227		

तिम्रा आँखाहरू अघि सधैं मार्ग सोझो रहोस् र आँखाको पलकले सधैं अघि नै ताकिरहेको होस्।

יִכֹּנוּ׃	דְּרָכֶיךָ	וְכָל־	רַגְלֶךָ	מַעְגָּל	פַּלֵּס	26
स्थिर-होऊन्।	तेरा-मार्गहरू	र-सबै	तेरो-खुट्टाको	बाटो	समतल-बनाउ	
	H1870	H3605	H7272	H4570	H6424	

तिमी हिडेको मार्गलाई राम्ररी हेर अनि तिमीले गरेका सबै कुरामा सुरक्षित हुनेछौ।

מֹרֵע׃	רַגְלְךָ	הָסֵר	וּשְׂמֹאול	יָמִין	תֵּט־	אֶל־	27
खराबबाट।	तेरो-खुट्टा	हटाउ	र-बायाँ	दायाँ	मोड	नगर	
	H7272	H5493	H8040	H3225	H5186	H0408	

दाहिने अथवा देब्रे नफर्क, तिम्रो खुट्टाहरूलाई गल्ती मार्गमा जानबाट रोक।

Chapter 5

אָזְנֶךָ׃	הַט־	לִתְבוּנָתִי	הַקְשִׁיבָה	לְחָכְמָתִי	בְּנִי	1
तेरो-कान।	थाप	मेरो-समझमा	ध्यान-देऊ	मेरो-बुद्धिमा	मेरो-छोरा	
H0241	H5186	H8394	H7181	H2451		

हे मेरो छोरो! तिमी मेरो ज्ञानपूर्ण शिक्षाहरूमा ध्यान देऊ। मेरा बुद्धिका वचनहरू होशियार साथ सुन।

יִנְצֹרוּ׃	שְׂפָתֶיךָ	וְדַעַת	מְזִמּוֹת	לִשְׁמֹר	2
जोगाऊन्।	तेरा-ओठहरूले	र-ज्ञान	विवेक	राख्नलाई	
H5341	H8193	H1847	H4209	H8104	

यी कुराहरूबाट तिमीलाई कुन असल अथवा खराब त्यो बोध भइरहनेछ र तिम्रो ओठमा ज्ञानका कुराहरू वास गरिरहन्छन्।

חִכָּהּ׃	מִשֶּׁמֶן	וְחָלָק	זָרָה	שִׂפְתֵי	תִּטֹּפְנָה	נֹפֶת	כִּי	3
उसको-मुख।	तेलभन्दा	र-चिल्लो	पराई-स्त्रीका	ओठहरू	चुहाउँछ	मधु	किनभने	
H2441	H8081	H2509		H8193	H5197	H5317		

कारण पर स्त्रीको मुखबाट मह टप्किन्छ अनि ओठ भद्राक्षको तेल दले झैं चिप्लो हुन्छ।

פִּיּוֹת׃	כְּחֶרֶב	חַדָּה	כַּלַּעֲנָה	מָרָה	וְאַחֲרִיתָהּ	4
तरवारजस्तो।	दुई-धारे	धारिलो	नागदानाजस्तो	तितो	तर-अन्त्यमा	
H6310	H2719	H2299	H3939	H4751	H0319	

तर पछि परिणाम चाँहि नीमको पत्ता झैं तीतो तथा दुई धारे तरवार जस्तै धारिलो हुन्छ।

יִתְמֹכוּ׃	צְעָדֶיהָ	שְׁאוֹל	מָוֶת	יֹרְדוֹת	רַגְלֶיהָ	5
डोऱ्याउँछन्।	उसका-पाइलाहरू	चिहानतर्फ	मृत्युमा	ओर्लन्छन्	उसका-खुट्टाहरू	
H8551	H6806	H7585	H4194	H3381	H7272	

परस्त्रीको गोडाहरू मृत्यु तिर लम्कन्छन र उसको पाइला चिहानतिर जान्छन्।

פ	תֵּדָֽע׃	לֹא	מַעְגְּלֹתֶ֥יהָ	נָעוּ	תִּפַּלָּ֑ס	פֶּן־	חַיִּים	אֹרַח	6
—	थाहा।	हुन्न	उसका-मार्गहरू	भटकन्छन्	विचार-गर्दिन-उसले	कहिल्यै	जीवनको	बाटो	
	H3045	H3808	H4570	H5128	H6424	H6435		H0734	

उसको मार्गले कहाँ लगिरहेको छ त्यसले विचार गर्दिन त्यसले बाटो विराएर हिँडेकि हुन्छे तैपनि त्यसले त्यो जान्दिन।

פִּֽי׃	מֵאִמְרֵי־	תָּסֹ֖רוּ	וְאַל־	לִ֑י	שִׁמְעוּ־	בָנִ֣ים	וְעַתָּ֗ה	7
वचनहरूबाट।	मेरो-मुखका	हट	र-नगर	मलाई	सुन	छोराहरू	र-अब	
H6310	H0561	H5493	H0408		H8085		H6258	

यस कारण अब मेरो छोराहरू सुन! त्यो मैले दिएको उपदेशहरूबाट निलित नहोऊ।

בֵּיתָֽהּ׃	פֶּ֣תַח	אֶל־	תִּקְרַ֣ב	וְאַל־	דַּרְכָּ֑הּ	מֵעָלֶ֣יהָ	הַרְחֵ֣ק	8
उसको-घरको।	ढोका	–	नजिक	र-नगर	तेरो-बाटो	उसबाट	टाढा-राख	
	H6607	H0413	H7126	H0408	H1870		H7368	

स्त्री देखि टाढा बस अनि त्यसको घरको ढोका नजिक पनि नजाऊ।

לְאַכְזָרִֽי׃	וּשְׁנוֹתֶ֣יךָ	הוֹדֶ֑ךָ	לַאֲחֵרִ֣ים	תִּתֵּ֣ן	פֶּן־	9
निर्दयीलाई।	र-तेरा-वर्षहरू	तेरो-सम्मान	अरूलाई	दिनेछौ	नहोस्-कि	
H0394	H8141	H1935	H0312	H5414	H6435	

नत्र आफ्नो सर्वोत्तम शक्ति अर्कालाई दिनेछौ, अनि त्यस द्वारा तिम्रो सम्पूर्ण जीवनको प्राप्तिहरू निष्ठुर एउटा दुष्ट मानिसको हातहरूमा राख्ने छौ।

נָכְרִֽי׃	בְּבֵ֣ית	וַעֲצָבֶ֑יךָ	כֹּחֶ֣ךָ	זָרִ֣ים	יִשְׂבְּע֣וּ	פֶּן־	10
अर्कैको।	घरमा	र-तेरो-परिश्रम	तेरो-शक्तिले	परदेशीहरू	तृप्त-हुनेछन्	नहोस्-कि	
H5237					H7646	H6435	

यस्तो चाँहि नहोस कि तिम्रो धनमा अरूले आनन्द भोगोस् र तिमीहरूको परिश्रमले अन्य मानिसको ढिकुटी भरियोस्।

וּשְׁאֵרֶ֣ךָ׃	בְּשָׂרְךָ֑	בִּכְל֣וֹת	בְּאַחֲרִיתֶ֣ךָ	וְנָהַמְתָּ֗	11
र-मांसु।	तेरो-शरीर	बित्दा	अन्त्यमा	र-विलाप-गर्नेछौ	
H7607	H1320	H3615	H0319	H5098	

शिष्यहरू-जस्तै	सुन्न	कान	मेरो	जगाउनुहुन्छ	नै	बिहान-बिहान	जगाउनुहुन्छ
H3928	H8085	H0241		H5782	H1242	H1242	H5782

परमप्रभु मेरो मालिक मलाई पढाउने ज्ञान दिनुहोस्। यसकारण म यी दु:खी मानिसहरूलाई अहिले पढाउँनेछु। प्रत्येक बिहान उहाँले मलाई उठाँउनु हुन्छ एक छात्र सरह र पढाउनु हुन्छ।

5

נְסוֹגֹתִי׃	לֹא	אָחוֹר	מָרִיתִי	לֹא	וְאָנֹכִי	אֹזֶן	לִי	פָּתַח־	יְהוִה	אֲדֹנָי
हटिनँ	फर्किनँ	पछाडि	गरिनँ	विद्रोह-गरिनँ	र-मैले	कान	मेरो	खोल्नुभयो	परमप्रभुले	प्रभु
H5472	H3808	H0268	H4784	H3808	H0595	H0241			H3069	H0136

परमप्रभु मेरो मालिकले शिक्षा लिन मलाई सघाउनु हुन्छ, र म उहाँको विरूद्ध उठेको छैन। मैले उहाँलाई पछ्याउन छाडेको छैन।

6

וָרָק׃	מִכְלִמּוֹת	הִסְתַּרְתִּי	לֹא	פָּנַי	לִמְרָטִים	וּלְחָיַי	לְמַכִּים	נָתַתִּי	גֵּוִי
र-थूक-बाट	अपमान	गरिनँ	लुकाइनँ	मेरो-अनुहार	नोच्नेहरूलाई	र-मेरो-गाला	कुट्नेहरूलाई	दिएँ	मेरो-पिठ
H7536	H3639	H5641	H3808	H6440	H4803	H3895	H5221	H5414	

मलाई कुट्न ती मानिसहरू छाडी दिन्छु। उनीहरूलाई मेरो बारीबाट केरा उखेल्न छाडी दिन्छु। पीर पर्ने कुराहरू भने पनि म मेरो अनुहारमा थुके पनि उनीहरूबाट अनुहार लुकाउने छैन।

7

כֵּן	עַל־	נִכְלָמְתִּי	לֹא	כֵן	עַל־	לִי	יַעֲזָר־	יְהוִה	וַאדֹנָי
नै	त्यसैले	म	लज्जित-हुन्ने-छैनँ	नै	त्यसैले	मलाई	सहायता-गर्नुहुन्छ	परमप्रभुले	र-प्रभु
		H3637	H3808				H5826	H3069	H0136

אֵבוֹשׁ׃	לֹא	כִּי־	וָאֵדַע	כְּחַלָּמִישׁ	פָּנַי	שַׂמְתִּי
म	लज्जित-हुने-छैनँ	कि	र-थाहा-थियो	चक्मक-जस्तो	मेरो-अनुहार	बनाएँ
H0954	H3808		H3045	H2496	H6440	

परमप्रभु मेरो मालिकले मलाई साथ दिनहुन्छ, यसैले तिनीहरूले म प्रति गरेका नराम्रा कुराहरूले मलाई असर पार्दैन। म बलियो हुनेछु। म जान्दछु कि म निराश हुने छैन।

8

יְנַשׁ	מִשְׁפָּטִי	בַּעַל	מִי־	יָחַד	נַעֲמָדָה	אִתִּי	יָרִיב	מִי־	מַצְדִּיקִי	קָרוֹב
नजिक-आओस्	मेरो-मुद्दाको	मालिक	को-हो	सँगसँगै	खडा-हौं	मसँग	गर्ने-छ	कसले-विवाद	न्याय-गर्ने	नजिक
H5066	H4941	H1167	H4310		H5975	H0854	H7378	H4310	H6663	H7138

אֵלָי׃
मकहाँ
H0413

परमप्रभु मसँग हुनुहुन्छ। उहाँले मलाई निर्दोष ठहराउनुहुन्छ। यसैकारण कसैले पनि मलाई दोषी देखाउन सक्ने छैन्। यदि कसैले म गल्ती छु भनेर मलाई प्रमाण गर्न खोज्छ भने त्यो मानिस मकहाँ आउनुपर्छ अनि हामीमा परीक्षा हुनेछ।

9

כֻּלָּם	הֵן	יַרְשִׁיעֵנִי	הִוא	מִי־	לִי	יַעֲזָר־	יְהוִה	אֲדֹנָי	הֵן
तिनीहरू-सबै	हेर	दोषी-ठहर्याउने-मलाई	त्यो	को-हो	मलाई	सहायता-गर्नुहुन्छ	परमप्रभुले	प्रभु	हेर
H3605	H2005	H7561	H1931	H4310		H5826	H3069	H0136	H2005

יֹאכְלֵם׃	עָשׁ	יִבְלוּ	כַּבֶּגֶד
खाने-छ	कीराले	पुराना-हुन्छन्	लुगा-जस्तै
H0398		H1086	

तर हेर, परमप्रभु मेरो मालिकले मलाई साथ दिनुहुनेछ। यसकारण कसैले पनि मलाई पापी भएको देखाउनु सक्तैन्। ती सारा मानिसहरू पुरानो लुगाहरू जस्ता हुनेछन्। मदले तिनीहरूलाई खानेछ।

10 מִי בָכֶם יְרֵא יְהוָה שֹׁמֵעַ בְּקוֹל עַבְדּוֹ אֲשֶׁר הָלַךְ חֲשֵׁכִים וְאֵין
को तिमीहरूमध्ये डराउने-छ परमप्रभुलाई सुन्ने-छ स्वरमा उहाँको-दासको जो हिँड्यो अँध्यारोमा र-छैन
H4310 H3373 H3068 H8085 H5650 H1980 H2825 H0369

נְגַהּ יְהוָה בֵּאלֹהָיו׃ וְיִשָּׁעֵן יִבְטַח בְּשֵׁם יְהוָה לוֹ׃
ज्योति त्यसका-लागि भरोसा-गरोस् नाममा परमप्रभुको र-भरोसा-गरोस् आफ्नो-परमेश्वरमा
H5051 H0982 H8034 H3068 H8172 H0430

ती मानिसहरू जसले परमप्रभुको सम्मान गर्छन, जसले आफ्नो सेवकका कुराहरू सुन्छन् अनि के हुनेछ थाहा नपाई परमेश्वरसित जान्छन्, तिनीहरूले साँच्चै नै परमप्रभुको नाउँमाथि विशवास गर्छन् र परमेश्वरमाथि भर पर्छन्।

11 הֵן כָּל כְּלֵכֶם קֹדְחֵי מְאֹרֵי אֵשׁ אָגֹו זִיקוֹת לְכֻו בְּאוּר בִּעַרְתֶּם
हेर तिमीहरू-सबै बाल्नेहरू बाँध्नेहरू आगो ज्योतिमा हिँड झिल्काहरू तिम्रो-आगोको र-झिल्काहरूमा
H2005 H3605 H6919 H0247 H0784 H3212 H0784

פ מְיָדִי הָיְתָה־זֹּאת לָכֶם לְמַעֲצֵבָה תִּשְׁכָּבוּן׃
— मेरो-हात-बाट भयो यो तिमीहरूलाई पीडामा सुत्ने-छौ
H3027 H1961 H2063 H4620 H7901

בְּעַרְתֶּם बालेका

परमप्रभु भन्नुहुन्छ, “हेर, तिमीहरू आफ्नो तरिकाले बाँच्न चाहन्छौ। तिमीहरूले आफ्नो हिसाबले आगो बाल्छौ र राँको सल्काउँछौ। यसकारण आफ्ना तरिकाले नै बाँच्छौ। तर, तिमीहरू दण्डित हुनेछौ। तिमीहरू आफैले बालेका आगो र राँकोमा झरेर स्वयंम जल्ने छौ। म त्यस्तो घट्ना घट्न दिनेछु।”

Chapter 51

1 שִׁמְעוּ אֵלַי רֹדְפֵי צֶדֶק מְבַקְשֵׁי יְהוָה הַבִּיטוּ אֶל־צוּר חֻצַבְתֶּם וְאֶל־
सुन मलाई खोज्नेहरू धार्मिकताको खोज्नेहरू परमप्रभुको हेर तिर चट्टान जहाँ-बाट-काटियो र-तिर
H8085 H0413 H7291 H6664 H3068 H1245 H6697 H2672 H0413

נִקְרְתֶם׃ בּוֹר מַקֵּבֶת
खानीको खाडल जहाँ-बाट-खनियो
H5365

“तिमीहरू कतिपय असल जीवन जीउनलाई एकदमै कोशीश गर्छौ। तिमीहरू यसको लागि परमप्रभुको सहयोग माग्न जान्छौ। मलाई ध्यान दिएर सुन। तिमीहरूले आफ्ना पिता अब्राहामलाई हेर्नु पर्छ। उनी एक चट्टान हुन जसको टुक्रा तिमीहरू होऊ।

2 הַבִּיטוּ אֶל־תֶּר אֲבִיכֶם אַבְרָהָם וְאֶל־שָׂרָה תְּחוֹלֵלְכֶם כִּי־אֶחָד קְרָאתִיו
हेर तिर तिम्रो-पिता अब्राहाम र-तिर सारा जन्माउने-तिमीलाई किनकि-एक्लै नै बोलाएँ-त्यसलाई
H0413 H0001 H0085 H0413 H8283 H0413 H0259 H7121

ס וַאֲבָרְכֵהוּ׃ וְאַרְבֶּהוּ
— र-बढाएँ-त्यसलाई र-आशीर्वाद-दिएँ-त्यसलाई
H1288

अब्राहाम तिमीहरूका पिता हुन् अनि तिमीहरूले उनलाई खोज्नु पर्छ। तिमीहरूले सारालाई हेर एक नारी जसले तिमीहरूलाई जन्म दिईन्। अब्राहाम मैले बोलाउँदा एक्लै थियो। त्यसपछि मैले उसलाई आशीर्वाद दिएँ अनि उसले एउटा ठूलो परिवार प्रारम्भ गर्यो। धेरै-धेरै मानिसहरू उसबाट नै जन्मिए।”

3 כִּי־נִחַם יְהוָה צִיּוֹן נִחַם כָּל־חָרְבֹתֶיהָ וַיָּשֶׂם
किनकि-सान्त्वना दिनुभयो परमप्रभुले सियोनलाई सान्त्वना-दिनुभयो सबै त्यसका-भत्किएका-ठाउँहरू र-बनाउनुभयो
H3588 H5162 H3068 H6726 H5162 H3605 H2723

תֹּודָה וְקוֹל זִמְרָה׃ ס כְּגַן־יְהוָה כְּעֵדֶן וַעֲרָבָתָהּ מִדְבָּרָהּ שָׂשׂוֹן יִמָּצֵא בָּהּ
धन्यवाद र-स्वर गीतको — अदन-जस्तै परमप्रभुको-बगैंचा र-त्यसको-मैदान त्यसको-मरुभूमि त्यसमा पाइने-छ
H8426 H2172 H1588 H3068 H8342 H8057 H4672 H0

त्यसका-लागि

यस्तै प्रकारले परमप्रभुले सियोनलाई सान्त्वना दिनुहुनेछ। परमप्रभुले उनी र उनको सन्तानहरू प्रति दु:ख अनुभव गर्नुहुनेछ अनि उहाँले उसको लागि एक महान कार्य गर्नुहुनेछ। परमप्रभुले मरूभूमिलाई परिवर्तन गर्नु हुनेछ। त्यो मरूभूमि अदनको बगैंचा जस्तो हुनेछ। त्यो जग्गा रित्तो थियो, तर त्यो परमप्रभुको बगैंचा जस्तो हुनेछ। मानिसहरू त्यहाँ अति नै खुशी हुनेछन्। मानिसहरूले त्यहाँ आनन्द प्रकट गर्नेछन्। तिनीहरूले धन्यवाद र विजयको गीत गाउँनेछन्।

4

וּמִשְׁפָּטִי	תֵּצֵא	מֵאִתִּי	תּוֹרָה	כִּי	הַאֲזִינוּ	אֵלַי	וּלְאוּמִּי	עַמִּי	אֵלַי	הַקְשִׁיבוּ
र–मेरो–न्याय	निस्कने–छ	म–बाट	नियम	किनकि	कान–थाप	मलाई	र–मेरो–राष्ट्र	मेरो–जनता	मलाई	ध्यान–देओ
H4941	H3318	H0854	H8451		H0238	H0413	H3816		H0413	H7181

אַרְגִּיעַ׃	עַמִּים	לְאוֹר
स्थापना–गर्नेछु	नै	जातिहरूको–ज्योति
		H0216

“मेरा मानिसहरू, मलाई ध्यान दिएर सुन। मेरो निर्णयहरू कसरी जीउनु भनरे मानिसहरूलाई देखाउँदै ज्योति जस्ता हुनेछन्।

5

אִיִּים	אֵלַי	יְשַׂבֵּרוּ	עַמִּים	וּזְרֹעַי	יִשְׁעִי	יָצָא	צִדְקִי	קָרוֹב
टापुहरू	ममाथि	न्याय–गर्ने–छन्	जातिहरूको	र–मेरा–बाहुलीहरूले	मेरो–उद्धार	आउने–छ	मेरो–धार्मिकता	नजिक
H0339	H0413	H8199		H2220	H3468	H3318	H6664	H7138

יְיַחֵלוּן׃	זְרֹעַי	וְאֶל־	יְקַוּוּ
भरोसा–राख्छन्	मेरो–बाहुलीमा	र–माथि	आशा–राख्छन्
H3176	H2220	H0413	

म निष्पक्ष छु भनेर चाँडै नै देखाउनेछु। म चाँडै नै तिमीहरूलाई बचाउनेछु म आफ्नो शक्ति लाएर सारा जातिहरूमा न्याय गर्नेछु सबै सुदूरका ठाउँहरूले मलाई पर्खिरहेकाछन्। तिनीहरूले आफ्ना मद्दतकोलागि मेरो शक्तिको प्रतीक्षा गर्दछन्।

6

כֶּעָשָׁן	שָׁמַיִם	כִּי־	מִתַּחַת	הָאָרֶץ	אֶל־	וְהַבִּיטוּ	עֵינֵיכֶם	לַשָּׁמַיִם	שְׂאוּ
धूवाँ–जस्तै	नै	किनकि–आकाश	तल–तिर	पृथ्वी	तिर	र–हेर	तिम्रा–आँखा	आकाश–तिर	उठाओ
H6227	H8064		H8478	H0776	H0413	H5027		H8064	H5375

וְיֹשְׁבֶיהָ	כַּבֶּגֶד	וְהָאָרֶץ	נִמְלָחוּ	וְיִשּׁוּעָתִי	יִמּוֹתָן	כֵּן	כְּמוֹ־	תִּבְלֶה
र–त्यसका–बासिन्दाहरू	लुगा–जस्तै	र–पृथ्वी	हराउने–छ	तर–मेरो–उद्धार	मर्ने–छन्	त्यस्तै	त्यस्तै–नै	पुरानो–हुने–छ
H3427		H0776		H3444	H4191	H3654	H3644	H1086

תֵּחָת׃	לֹא	וְצִדְקָתִי	תִּהְיֶה	לְעוֹלָם	ס
कहिल्यै	टुट्ने–छैन	र–मेरो–धार्मिकता	रहने–छ	सदासर्वदा	—
H2865	H3808	H6666	H1961	H5769	

माथि आकाशमा हेर! तल पृथ्वी वरिपरि हेर! आकाश बादलहरूका धूँवा सरह अल्गिदै जानेछ। पृथ्वी काम नलाग्ने पुरानो लुगा सरह हुनेछ। पृथ्वीमा भएका मानिसहरू मर्नेछन् तर मेरो उद्धार सदा-सर्वदा रहिरहनेछ। मेरो सद्भावना कहिल्यै अन्त हुनेछैन।

7

חָרְפַּת	תִּירְאוּ	אַל־	בִּלְבָבָם	תּוֹרָתִי	עַם	צֶדֶק	יֹדְעֵי	אֵלַי	שִׁמְעוּ
नै	मानिसको–निन्दा–बाट	नडराओ	हृदयमा–राख्ने	मेरो–नियम	जनता	धार्मिकता	जान्नेहरू	मलाई	सुन
H2781	H3372	H0408		H8451		H6664	H3045	H0413	H8085

תֵּחָתּוּ׃	אַל־	וּמִגִּדֻּפָתָם	אֱנוֹשׁ
त्रासिनौ	नडराओ	र–तिनीहरूको–अपमान–बाट	मानिसको
H2865	H0408	H1421	H0582

तिमीहरू जसले मेरो धार्मिकतालाई जान्दछौ त्यसले मलाई ध्यान दिएर सुन्नु पर्छ। तिमीहरू जसले मेरो उपदेशहरू मान्दछौ उनीहरूले मैले भनेका कुराहरू मान्नु पर्दछ। दुष्ट मानिसहरूबाट नडराऊ। तिनीहरूले तिमीहरूलाई भनेका नराम्रा कुराहरूबाट नडराऊ।

8

וְצִדְקָתִי	סָס	יֹאכְלֵם	וְכַצֶּמֶר	עָשׁ	יֹאכְלֵם	כַּבֶּגֶד	כִּי
तर–मेरो–धार्मिकता	कीराले	खाने–छ–तिनीहरूलाई	र–ऊन–जस्तै	कीराले	खाने–छ–तिनीहरूलाई	लुगा–जस्तै	किनकि
H6666	H5580	H0398	H6785		H0398		

דוֹרִים׃	לְדוֹר	וִישׁוּעָתִי	תִּהְיֶה	לְעוֹלָם	ס
नै	पुस्ता–दर–पुस्ता	र–मेरो–उद्धार	रहने–छ	सदासर्वदा	—
H1755	H1755	H3444	H1961	H5769	

किनभने तिनीहरू पुराना लुगाहरू जस्ता हुन्। माऊ कीराहरूले तिनीहरूलाई खानेछन्। तिनीहरू ऊन जस्तो हुन कीराहरूले तिनीहरूलाई खानेछन तर मेरो सद्भावना सदा-सर्वदा चलिरहनेछ। मेरो उद्धार सदा सर्वदा लगातार चलिरहनेछ।”

9

עוֹלָמִים	דֹּרוֹת	קֶדֶם	כִּימֵי	עוּרִי	יְהוָה	זְרוֹעַ	עֹז	לִבְשִׁי־	עוּרִי	עוּרִי
सदाको	पुस्ताहरूको	नै	पुराना-दिनहरू-जस्तै	जाग	परमप्रभुको	बाहुली	शक्ति	लगाओस्	जाग	जाग
H5769	H1755		H3117	H5782	H3068	H2220	H5797	H3847	H5782	H5782

הֲלֹוא	אַתְּ־	הִיא	רַהַב	מְחוֹלֶלֶת	תַּנִּין׃		
के-होइन	तिमी-नै	त्यो	राहाब	टुक्रा-पार्ने	अजिङ्गर		
H3808		H1931	H7294	H2672			

जाग! जाग! हे परमप्रभुको बाहु, बलवान बन्। आफ्नो बल चलाऊ जसरी तिमीहरूले धेरै अघि गरेका थियौ। जसरी तिमीहरूले प्राचीन कालमा गरेका थियौ। तिमीहरूसंग राहाबलाई पराजित गरेको त्यो शक्ति छ। तिमीहरूले अजीङ्गरलाई पराजित गर्यौ।

10

הֲלֹוא	אַתְּ־	הִיא	הַמַּחֲרֶבֶת	יָם	מֵי	תְּהוֹם	רַבָּה	הַמְשָׂמָה	מַעֲמַקֵּי־	יָם
के-होइन	तिमी-नै	त्यो	सुकाउने	समुद्र	पानीहरू	गहिरो-थाहको	नै	बनाउने	गहिराई-समुद्रको	नै
H3808		H1931		H3220	H4325	H8415			H4615	H3220

דֶּרֶךְ	לַעֲבֹר	גְּאוּלִים׃	
बाटो	तर्न	छुटकारा-भएकाहरू	
H1870			

तिमीहरूले गर्दा नै समुद्रलाई सुख्खा हुने पार्यौ। तिमीहरूले अति गहिरोबाट पानी सुकायौ। तिमीहरूले समुद्रको गहिरो भागमा बाटो बनायौ। तिमीहरूले त्यो बाटो पार गरेर बाँच्यौ।

11

עַל־	עוֹלָם	וְשִׂמְחַת	בְּרִנָּה	צִיּוֹן	וּבָאוּ	יְשׁוּבוּן	יְהוָה	וּפְדוּיֵי
माथि	नै	र-सदाको-आनन्द	गीत-गाउँदै	सियोनमा	र-आउने-छन्	फर्कने-छन्	परमप्रभुको	र-परमप्रभुका-छुटकारा
	H5769	H8057	H7440	H6726	H0935	H7725	H3068	H6299

ס	וַאֲנָחָה׃	יָגוֹן	נָסוּ	יַשִּׂיגוּן	וְשִׂמְחָה	שָׂשׂוֹן	רָאשָׁם	
—	र-आह	शोक	भागे	प्राप्त-हुने-छ	र-खुशी	आनन्द	तिनीहरूको	
	H0585	H3015	H5127	H5381	H8057	H8342		

परमप्रभुले उहाँका मानिसहरूलाई बचाउनु हुन्छ। तिनीहरू आनन्दित भएर सियोन फर्किनेछन्। तिनीहरू अत्यन्त खुशी हुनेछन्। तिनीहरूका खुशीयाली तिनीहरूको शिरको एउटा मुकुट सरह सदा-सर्वदा रहने छ। तिनीहरूले खुशीसँग गाउनेछन् सबै दु:खद अवस्थाहरू टाढा हटेर जानेछ।

12

וּמִבֶּן־	יָמוּת	מֵאֱנוֹשׁ	וַתִּירָא׀	אֶת	מִי־	מְנַחֲמְכֶם	הוּא	אָנֹכִי	אָנֹכִי
र-मानवको-छोरा	मर्ने	मानिस-बाट	डराउने-छौ	तिमी	को-हौ	सान्त्वना-दिने-तिमीहरूको	उही	म-नै	म
	H4191	H0582	H3372		H4310	H5162	H1931	H0595	H0595

נְטָעֵךְ	חָצִיר	אָדָם
बनाइनेछ	घाँस-जस्तै	नै
H5414		H0120

परमप्रभु भन्नुहुन्छ, “म मात्रै हुँ तिमीहरूलाई सान्त्वना दिने। यसैले तिमीहरू किन मानिसहरूसँग डराउँछौ? तिनीहरू मानिसहरू मात्र हुन् जो घाँस जस्तै मर्दछन्।”

13

הַיּוֹם	כָּל־	תָּמִיד	וַתִּפְחַד	אֶרֶץ׀	וַיֹּסֵד	שָׁמַיִם	נוֹטֶה	עֹשֶׂךָ	יְהוָה	וַתִּשְׁכַּח
दिन	सबै	निरन्तर	र-डराउने-छौ	पृथ्वी	र-स्थापना-गर्ने	आकाश	तान्ने	बनाउने-तिम्रो	परमप्रभुलाई	र-बिर्सिस्
H3117	H3605	H8548	H6342	H0776	H3245	H8064	H5186		H3068	H7911

הַמֵּצִיק׃	חֲמַת	וְאַיֵּה	לְהַשְׁחִית	כּוֹנֵן	כַּאֲשֶׁר	הַמֵּצִיק	חֲמַת	מִפְּנֵי
अत्याचारीको	क्रोध	र-कहाँ-छ	नाश-गर्न	तयार-गर्छ	जसले	अत्याचारीको	क्रोध	अनुहार-बाट
H6693	H2534	H0346	H7843			H6693	H2534	H6440

परमप्रभुले तिमीहरूलाई बनाउनु भएको हो। उहाँको आफ्नो शक्तिले पृथ्वी बनाउनु भयो। अनि उहाँको आफ्नो शक्तिले पृथ्वी भरि आकाश फैलाउनु भयो। तर तिमीहरूले उहाँलाई भुल्यौ र उहाँको शक्तिलाई पनि भुल्यौ। यसकारण तिमीहरू क्रोधित मानिससँग डराउँछौ जसले तिमीहरूलाई चोट पुर्याउँछ। ती मानिसहरूले तिमीहरूलाई नाश गर्ने योजना बनाए तर तिनीहरू सबै गए तिनीहरू अब कहाँ छन्।

14

לַחְמוֹ׃	יֶחְסַר	וְלֹא	לַשַּׁחַת	יָמוּת	וְלֹא־	לְהִפָּתֵחַ	צַעֲה	מִהֵר
त्यसको-रोटी	कमी-हुने	र-खाँचो-हुने-छैन	खाल्डोमा	त्यो	र-मर्ने-छैन	छुट्ने-छ	झुकेको	छिट्टै
H3899	H2637	H3808	H7845	H4191	H3808		H6808	

कैदमा परेका मानिसहरू चाँडै नै स्वतन्त्र हुनेछन्। ती मानिसहरू झ्यालखानमा मर्ने अथवा सडने छैनन्। ती मानिसहरूले प्रशस्त खानेकुराहरू पाउनेछन्।

15 וְאָנֹכִי יְהוָה רֹגַע הַיָּם וַיֶּהֱמוּ גַּלָּיו יְהוָה צְבָאוֹת שְׁמוֹ׃
र-म परमप्रभु शान्त-पार्ने समुद्र र-गर्जन्छन् त्यसका-लहरहरू परमप्रभु सर्वशक्तिमान् उहाँको-नाम
H0595 H3068 H0430 H7452 H3220 H1993 H1530 H3068 H6635 H8034

“किनकि म, परमप्रभु, तेरो परमेश्वर हुँ। म समुद्रलाई उत्तेजित पारी उठाउनेछु र छालहरू उठाउनेछु।” (सेनाहरूका परमप्रभु उहाँको नाउँ हो।)

16 וְאָשִׂים דְּבָרַי בְּפִיךָ וּבְצֵל יָדִי כִסִּיתִיךָ לִנְטֹעַ שָׁמַיִם וְלִיסֹד
र-राखेँ मेरा-वचनहरू तिम्रो-मुखमा र-छायामा मेरो-हातको ढाकेँ-तिमीलाई स्थापना-गर्न आकाश र-जग-बसाउन
H7760 H1697 H6310 H6738 H3027 H3680 H5193 H8064 H3245

ס אָמַרְתָּה לְצִיּוֹן עַמִּי־אָתָּה׃ וְלֵאמֹר אֶרֶץ
— तिमी मेरो-जनता सियोनलाई र-भन्न पृथ्वी
H6726 H0559 H0776

“मेरो दास, म तिमीहरूलाई ती वचनहरू दिने छु जुन म तिमीहरूलाई भन्न चाहन्छु। अनि म तिमीहरूलाई मेरो हातले छेक्नेछु र म तिमीहरूलाई बचाउनेछु। म तिमीहरूलाई नयाँ आकाश अनि नयाँ पृथ्वी बनाउनलाई चलाउनेछु। म तिमीहरूलाई चलाउनेछु इस्राएललाई यसो भन्नलाई, ‘तिमीहरू मेरा मानिसहरू हौ।’”

17 הִתְעוֹרְרִי הִתְעוֹרְרִי קוּמִי יְרוּשָׁלַ͏ִם אֲשֶׁר שָׁתִית מִיַּד יְהוָה אֵת־ כּוֹס
जाग जाग उठ यरूशलेम जसले पिइस् हात-बाट परमप्रभुको यो प्याला
H5782 H5782 H3389 H8354 H3027 H3068 H0853 H3563

חֲמָתוֹ הַתַּרְעֵלָה שָׁתִית מָצִית׃ קֻבַּעַת כּוֹס אֵת־ הַתַּרְעֵלָה שָׁתִית
उहाँको-क्रोधको लहरको पिइस् निचोरिस् कटोरा प्याला यो लहरको पिइस्
H2534 H8653 H8354 H4680 H6907 H3563 H0853 H8653 H8354

जाग जाग! यरूशलेम, उठ! परमप्रभु तिमीहरूमाथि अति क्रोधीत हुनु हुन्थ्यो। यसैकारण तिमीहरू दण्डित भयौ। यो दण्ड एक कचौरा विष जस्तो थियो, तिमीहरूले पीउनु नै पर्थ्यो, अनि तिमीहरूले यसलाई पियौ।

18 אֵין־ מְנַהֵל לָהּ מִכָּל־ בָּנִים יָלָדָה וְאֵין מַחֲזִיק לָהּ מִכָּל־ בָּנִים בְּיָדָהּ
छैन डोर्याउने त्यसलाई सबै-छोराहरू जन्माउनी र-छैन समात्ने सबै-छोराहरू मध्ये त्यसको-हातमा
H0369 H5095 H3605 H3205 H0369 H2388 H3605 H3027

גִּדָּלָה׃
हुर्काउनी
H1431

यरूशलेमसँग धेरै मानिसहरू थिए, तर तिनीहरू मध्ये कोही पनि यरूशलेमको अगुवा हुन सकेन्। तिनले उठाएका कुनै पनि छोरा छोरीहरूले उनलाई डोर्याएनन्।

19 שְׁתַּיִם הֵנָּה קָרְאָתַיִךְ מִי יָנוּד לָךְ הַשֹּׁד וָשֶׁבֶר וְהָרָעָב וְהַחֶרֶב
दुई-वटा यीनीहरू तिमीमाथि-भेट्ने कसले सहानुभूति-दिने-छ तिमीलाई विनाश र-ध्वस्त र-अनिकाल र-तरवार
H8147 H2007 H7122 H4310 H5110 H7701 H7667 H7458 H2719

אֲנַחֲמֵךְ׃ מִי
सान्त्वना-दिने-छ-तिमीलाई कसले
H5162 H4310

कष्टहरू दुइ वर्गमा यरूशलेममा देखा परे, चोरी र सीमित खाद्यन्न, ठूलो अनिकाल र युद्ध। तिमीहरू दु:खमा परेको बेला कसैले पनि तिमीलाई साथ दिएन्। कसैले पनि तिमीहरू प्रति करूणा देखाएन्।

20 חֲמַת־ הַמְלֵאִים מִכְמָר כְּתוֹא חוּצוֹת כָּל־ בְּרֹאשׁ שָׁכְבוּ עָלְפוּ בָּנַיִךְ
क्रोध भरिएका-छन् जालमा जङ्गली-मृग-जस्तै बाटोहरूको सबै शीर्षमा सुते मूर्छित-भए तिम्रा-छोराहरू
H2534 H4392 H4365 H8377 H2351 H3605 H7218 H7901 H5968

יְהוָה גַּעֲרַת אֱלֹהָיִךְ׃
परमप्रभुको हुलाक तिम्रो-परमेश्वरको
H3068 H1606 H0430

तिमीहरूका मानिसहरू कमजोर भए तिनीहरू भूईंमा लडेर त्यही पल्टिरहे। ती मानिसहरू प्रत्येक कुना काप्चा र गल्लीहरूमा लडिरहे। तिनीहरू पाशोमा परेका पशुहरू जस्ता भए। जब सम्म तिमीहरूले दण्ड थाम्न नक्सने भयो परमप्रभुको क्रोधवाट दण्डित भइरह्यौ। जब परमेश्वरले अधिक दण्ड दिन्छु भनेर भन्नुभयो, तिनीहरू सातो हराएका झैं भए।

ס	מְיָֽן׃	וְלֹ֣א	וּשְׁכֹרַ֔ת	עֲנִיָּ֖ה	זֹ֣את	נָ֑א	שִׁמְעִי־	לָכֵ֥ן	21
—	दाखरस-ले-होइन	तर	र-मत्वाली	दुःखी	यो	अब	सुन	त्यसैले	
	H3196	H3808	H7937	H6041	H2063	H4994	H8085		

मलाई ध्यान देऊ, दुःखी यरूशलेम। तिमीहरू दाखरस नपिएता पनि एउटा मद पिउने मानिस जस्तै कमजोर छौ। तिमीहरू त्यस, “विषको कचौराबाट” कमजोर छौ।

לָקֵ֥חְתִּי	הִנֵּ֖ה	עַמּ֑וֹ		יָרִ֣יב	וֵאלֹהַ֔יִךְ	יְהוָ֖ה	אֲדֹנַ֣יִךְ	אָמַ֔ר	כֹּה־	22
लिएँ	हेर	आफ्नो-जनताको-पक्षमा		लड्नुहुन्छ	र-तिम्रो-परमेश्वरले	परमप्रभुले	तिम्रो-प्रभु	भन्नु-हुन्छ	यस्तै	
H3947	H2009			H7378	H0430	H3068	H0113	H0559	H3541	

תּוֹסִ֣יפִי	לֹא־	חֲמָתִ֑י	כּ֣וֹס	קַבַּ֗עַת	אֶת־	הַתַּרְעֵלָה֙	כּ֣וֹס	אֶת־	מִיָּדֵ֔ךְ
तिमीले	फेरि-पिउने-छैनौ	मेरो-क्रोधको	प्याला	कटोरा	यो	लहरको	प्याला	यो	तिम्रो-हात-बाट
H3254	H3808	H2534		H6907	H0853	H8653		H0853	H3027

עֽוֹד׃	לִשְׁתּוֹתָֽהּ	
अब	पिउन	
H5750	H8354	

तिमीहरूका परमेश्वर र मालिक, परमप्रभु, आफ्ना मानिसहरूका लागि लड्नु हुन्छ उहाँले तिमीहरूलाई भन्नु हुन्छ, “हेर, म यस विषको कचौरालाई तिमीहरूबाट टाढा हटाइरहेछु। म मेरो क्रोध तिमीहरूबाट टाढा लागिरहेछु। मेरो क्रोधको कारणले अब उप्रान्त तिमीहरू दण्डित हुने छैनौ।

וְתָשִׂ֣ימִי	וְנַעֲבָרָה	שְׂחִי֮	לְנַפְשֵׁךְ֒	אָמְרוּ֙	אֲשֶׁר־	מוֹנַ֣יִךְ	בְּיַד־	וְשַׂמְתִּ֔יהָ	23
र-बनाइस्	र-हामी-हिंड्छौं	झुक	तिम्रो-प्राणलाई	भने	जसले	दुःख-दिनेहरूको	हातमा-तिम्रो	र-राख्नेछु-त्यसलाई	
		H7812	H5315	H0559		H3013	H3027		

ס	לַעֹבְרִ֑ים׃	וְכַחוּץ֙	גֵּ֣וֵךְ	כָּאָ֔רֶץ
—	हिंड्नेहरूका-लागि	र-बाटो-जस्तै	तिम्रो-पिठ	भूइँ-जस्तै
		H2351		H0776

म मेरो क्रोध तिनीहरूमाथि प्रयोग गर्नेछु जसले तिमीहरूलाई चोट पुर्याउनेछ, जसले तिमीहरूलाई मार्ने प्रयास गर्दछ। तिनीहरूले तिमीहरूलाई भने, ‘हाम्रो अघाडी घुँडा टेक अनि हामी तिमीहरूमाथि हिंड्नेछौं।’ तिनीहरूले जबरजस्ती तिनीहरूलाई झुकाउने कोशिश गर्छन्। अनि तिनीहरू तिमीहरूका ढाढमा हिंडनेछन्। तिमीहरू तिनीहरू हिंडने एक बाटो जस्तो हुनेछौ।”

Chapter 52

הַקֹּ֔דֶשׁ	עִ֖יר	יְרוּשָׁלַ֑͏ִם	תִּפְאַרְתֵּ֣ךְ	בִּגְדֵ֤י	וּלְבָשִׁי֙	צִיּ֔וֹן	עֻזֵּ֔ךְ	לִבְשִׁ֣י	עוּרִ֔י	עוּרִ֔י	1
पवित्रको	शहर	यरूशलेम	तिम्रो-शोभाको	वस्त्रहरू	लगाओस्	सियोन	तिम्रो-शक्ति	लगाओस्	जाग	जाग	
H6944		H3389	H8597		H3847	H6726	H5797	H3847	H5782	H5782	

וְטָמֵ֥א׃	עָרֵ֖ל	עֽוֹד֙	בָּ֣ךְ	יָבֹא־	יוֹסִ֥יף	לֹ֛א	כִּי
र-अशुद्ध	खत्नारहित	अब	तिमीमा	प्रवेश-गर्ने	आउने-छैन	फेरि	किनकि
H2931	H6189	H5750		H0935	H3254	H3808	

जाग! जाग! हे सियोन! आफै वस्त्र लगाऊ! आफ्नो शक्ति धारण गर र पवित्र यरूशेलेममा उभ! मानिसहरू जो परमेश्वरको बाटोमा हिंड्न तयार भएनन तिमीहरूकहाँ फेरि प्रवेश गर्नेछैन्। ती मानिसहरू शुद्ध र सफा छैनन्।

שְׁבִ֣יָה	צַוָּארֵ֔ךְ	מוֹסְרֵ֖י	)הֻתְפַּתְּחִ֑י(	]התפתחו[	יְרוּשָׁלָ֗͏ִם	שְׁבִי	קוּמִי	מֵעָפָר֙	הִתְנַעֲרִ֣י	2
कैदी	तिम्रो-घाँटीको	बन्धनहरू	खोल	—	यरूशलेम	बस	उठ	धूलो-बाट	झार	
		H4147			H3389	H3427		H6083	H5287	

ס	צִיּ֔וֹן׃	בַּת־	
—	सियोनकी	छोरी	
	H6726	H1323	

धूलो टक्टकाऊ। आफ्ना आश्चर्य पोषाकहरू लगाऊ!यरूशलेम, सियोनको छोरी, तिमी कैदी थियौ, तर अहिले, आफ्नो साङ्गलाहरूबाट मुक्त छौ जुन बन्धन तिम्रा घाँटी वरिपरि बाँधिएका थिए।

3

תִּתְנֹאָלִי׃	בְּכֶסֶף	וְלֹא	נִמְכַּרְתֶּם	חִנָּם	יְהוָה	אָמַר	כֹּה	כִּי־
छुटकारा-हुने-छौ	नै	र-चाँदीले-होइन	बेचियो	मुफ्तमा	परमप्रभुले	भन्नु-हुन्छ	भन्नु-हुन्छ	किनकि-यस्तै
	H3701	H3808	H4376	H2600	H3068	H0559	H3541	

परमप्रभु भन्नुहुन्छ, “तिमीहरू पैसाकोलागि बेचिएनौ। यसकारण म तिमीहरूलाई मुक्त पार्न पैसाको प्रयोग गर्ने छैन्।”

4

שָׁם	לָגוּר	בָּרִאשֹׁנָה	עַמִּי	יָרַד־	מִצְרַיִם	יְהוָה	אֲדֹנָי	אָמַר	כֹּה	כִּי
त्यहाँ	बस्न	पहिले	मेरो-जनता	गयो	मिस्रमा	परमप्रभुले	प्रभु	भन्नु-हुन्छ	यस्तै	किनकि
H8033		H7223		H3381	H4714	H3069	H0136	H0559	H3541	

עֲשָׁקוֹ׃	בְּאֶפֶס	וְאַשּׁוּר
अत्याचार-गर्यो	बिना-कारण	र-अशूरले
H6231		H0804

परमप्रभु, मेरो मालिकले भन्नुहुन्छ, “मेरा मानिसहरू पहिले बस्नलाई मिश्रतिर गए अनि त्यसपछि तिनीहरू दासहरू भए। पछि अश्शूरले तिनीहरूलाई दास बनाए।

5

עַמִּי	לֻקַּח	כִּי־	יְהוָה	נְאֻם־	פֹּה	לִי־)(	מַה־)(	]לי־[	]מי־[	וְעַתָּה
मेरो-जनता	नै	किनकि-लिइयो	परमप्रभुले	घोषणा-गर्नुहुन्छ	यहाँ	मका-लागि	के	—	—	र-अब
	H3947		H3068	H5002	H6311		H4100		H4100	H6258

שְׁמִי	הַיּוֹם	כָּל־	וְתָמִיד	יְהוָה	נְאֻם־	יְהֵילִילוּ׃)מֹשְׁלָיו(	]משלו[	חִנָּם
मेरो-नाम	दिन	सबै	र-निरन्तर	परमप्रभुले	घोषणा-गर्नुहुन्छ	विलाप-गर्छन्	त्यसका-शासकहरूले	—	मुफ्तमा
H8034	H3117	H3605	H8548	H3068	H5002	H3213	H4910	H4910	H2600

מְנֹאָץ׃
अपमानित-हुन्छ
H5006

अब हेर के भयो। अर्को जातिले मेरा मानिसहरू लगेर गयो। त्यो देशले ज्याला तिरेन्। यी जातिले मेरा मानिसहरूमा शासन गरे र उनीहरू हाँसे। ती मानिसहरूले मेरो बारेमा सधैं नराम्रा कुराहरू गर्दछन्।”

6

הַמְדַבֵּר	הִוא	אֲנִי־	כִּי־	הַהֽוּא	בַּיּוֹם	לָכֵן	שְׁמִי	עַמִּי	יֵדַע	לָכֵן
बोल्ने	हुँ	उही	किनकि-म-नै	नै	त्यो-दिनमा	त्यसैले	मेरो-नाम	मेरो-जनताले	जान्ने-छ	त्यसैले
H1696	H1931	H0589		H1931	H3117		H8034		H3045	

הִנֵּנִי׃
हेर-म-हुँ
H2009

परमप्रभु भन्नुहुन्छ, “यस्तो भयो, यसकारण मेरा मानिसहरूले मेरो बारेमा सिक्नेछन्। मेरा मानिसहरूले म को हुँ भनेर जान्नेछन्। मेरा मानिसहरूले मेरो नाउँ जान्नेछन्, अनि तिनीहरूले म उही परमेश्वर हुँ भनेर जान्नेछन् जो उनीहरूसित बोलिरहेकोछु।”

7

מְבַשֵּׂר	שָׁלוֹם	מַשְׁמִיעַ	מְבַשֵּׂר	רַגְלֵי	הֶהָרִים	עַל־	נָאוּ	מַה־
शुभसन्देश-ल्याउने	शान्ति	सुनाउने	शुभसन्देश-ल्याउनेको	खुट्टाहरू	नै	पहाडहरू-माथि	सुन्दर	कति
H1319	H7965	H8085	H1319	H7272	H2022		H4998	H4100

אֱלֹהָיִךְ׃	מָלַךְ	לְצִיּוֹן	אָמַר	יְשׁוּעָה	מַשְׁמִיעַ	טוֹב
तिम्रो-परमेश्वरले	राज्य-गर्नुहुन्छ	सियोनलाई	भन्ने	उद्धार	सुनाउने	भलाईको
H0430		H6726	H0559	H3444	H8085	

एकजना समाचार-वाहक सु-समाचार लिएर पहाडमाथि आउँदै गरेको देख्नु आश्चर्यपूर्ण कुरा हो। समाचार-वाहकले सियोनमा यो घोषणा गरेको सुन्दा खुशीयाली आउँछ, “शान्ति छ! हामी सुरक्षित छौं! तिमीहरूका परमेश्वर राजा हुनुहुन्छ!”

יִרְאוּ	בְעַיִן	עַיִן	כִּי	יְרַנֵּנוּ	יַחְדָּו	קוֹל	נָשְׂאוּ	צֹפַיִךְ	קוֹל	8
देख्ने-छन्	आँखा	आँखा-नै	किनकि	गाउन्छन्	सँगसँगै	स्वर	उठाउन्छन्	तिम्रा-पहरेदारहरूको	स्वर	
H7200							H5375	H6822		

צִיּוֹן׃	יְהוָה	בְּשׁוּב
सियोनमा	परमप्रभु	फर्कने-बेलामा
H6726	H3068	H7725

शहरका पहरादारहरू चिच्याउन थाले। तिनीहरू सबै एकार्कामा आनन्दित छन्। किनभने तिनीहरू प्रत्येकले परमप्रभु सियोन तर्फ फर्किरहेको देख्दछन्।

עַמּוֹ	יְהוָה	נִחַם	כִּי־	יְרוּשָׁלָ͏ִם	חָרְבוֹת	יַחְדָּו	רַנְּנוּ	פִּצְחוּ	9
आफ्नो-जनतालाई	परमप्रभुले	दिनुभयो	किनकि-सान्त्वना	यरूशलेमका	भत्किएका-ठाउँहरू	सँगसँगै	गाओस्	गुन्जाओस्	
	H3068	H5162		H3389	H2723			H6476	

יְרוּשָׁלָ͏ִם׃	גְּאָל
यरूशलेमलाई	उद्धार-गर्नुभयो
H3389	

यरूशलेम, तिम्रो भग्नावशेष भवनहरू फेरि खुशीले भरिनेछ। तिमीहरू सबै पुन आनन्दित हुनेछौ। किनभने यरूशलेममाथि परमप्रभु कृपालु हुनुहुन्छ। परमप्रभुले आफ्ना मानिसहरूलाई बचाउनुहुनेछ।

אַפְסֵי־	כָּל־	וְרָאוּ	הַגּוֹיִם	כָּל־	לְעֵינֵי	קָדְשׁוֹ	זְרוֹעַ	אֶת־	יְהוָה	חָשַׂף	10
छेउ-सम्मको	सबै	र-देखे	जातिहरूको	सबै	आँखा-अगाडि	नै	पवित्र-बाहुली	यो	परमप्रभुले	उघार्नुभयो	
	H3605	H7200		H3605		H6944	H2220	H0853	H3068	H2834	

ס	אֱלֹהֵינוּ׃	יְשׁוּעַת	אֶת	אֶרֶץ
—	हाम्रो-परमेश्वरको	उद्धार	यो	पृथ्वीको
	H0430	H3444	H0853	H0776

परमप्रभुले आफ्नो पवित्र बाहुबल सारा जातिहरूलाई देखाउनु हुनेछ। टाढामा भएका सारा राष्ट्रहरूले परमप्रभुले कसरी आफ्ना मानिसहरूको उद्धारलाई देख्नेछन्।

נִשְׂאֵי	הִבָּרוּ	מִתּוֹכָהּ	צְאוּ	תֵּגְעוּ	אַל־	טָמֵא	מִשָּׁם	צְאוּ	סוּרוּ	סוּרוּ	11
बोक्नेहरू	शुद्ध-होउ	त्यसको-बीच-बाट	निस्क	नछोओस्	नछुनोस्	अशुद्धलाई	त्यहाँ-बाट	निस्क	हट	हट	
H5375	H1305	H8432	H3318	H5060	H0408	H2931	H8033	H3318	H5493	H5493	

יְהוָה׃	כְּלֵי	
परमप्रभुको	भाँडाहरू	
H3068	H3627	

तिमीहरू बन्दी मुक्त हुनुपर्छ। त्यो ठाउँ छोड। पूजाहरीहरू, तिमीहरूले जे चीजहरू बोक्छौ सबै पूजामा उपयोग हुन्छन्, यसैले आफूलाई शुद्ध पार। कुनै चीज नछोऊ जुन पवित्र छैन।

הֹלֵךְ	כִּי־	תֵּלְכוּן	לֹא	וּבְמָנוּסָה	תֵּצְאוּ	בְּחִפָּזוֹן	לֹא	כִּי	12
तिम्रो-अगाडि	किनकि-हिंड्ने-छ	तिमीहरू	जाने-छैनौ	र-भागेर-हिंड्ने-छैनौ	तिमीहरू	निस्कने-छैनौ	हतारमा	किनकि	
H1980		H3212	H3808	H4499	H3318	H2649	H3808		

ס	יִשְׂרָאֵל׃	אֱלֹהֵי	וּמְאַסִּפְכֶם	יְהוָה	לִפְנֵיכֶם	
—	इस्राएलको	परमेश्वर	र-तिम्रो-पछाडि-रक्षाकर्ता	परमप्रभु	नै	
	H3478	H0430	H0622	H3068	H6440	

तिमीहरू कैदबाट मुक्त हुनेछौ, तर तिनीहरूले तिमीहरूलाई छोडन हतार गर्दैनन्। तिमीहरू बलपूर्वक खेदिनेछैनौ। तिमीहरू हिँडनेछौ अनि तिमीहरूसँग परमप्रभु हिँडनुहुनेछ। परमप्रभु तिमीहरूका सामुने जानुहुनेछ अनि इस्राएलका परमेश्वर पछिल्तिर हुनुहुनेछ।

מְאֹד׃	וְגָבַהּ	וְנִשָּׂא	יָרוּם	עַבְדִּי	יַשְׂכִּיל	הִנֵּה	13
अत्यन्तै	र-महान्-हुने-छ	र-उठाइने-छ	उच्च-पारिने-छ	मेरो-दास	बुद्धिपूर्वक-गर्ने-छ	हेर	
H3966	H1361	H5375		H5650		H2009	

“मेरो दासलाई हेर। उ एकदम सफल हुने छ। उनी एकदम मुख्य हुनेछ। भविष्यमा मानिसहरूले उनको आदर र सम्मान गर्नेछन्।

14

וְתֹאַרְוֹ	מַרְאֵהוּ	מֵאִישׁ	מִשְׁחָת	כֵּן־	רַבִּים	עָלֶיךָ	שָׁמְמוּ	כַּאֲשֶׁר
र–त्यसको–आकार	त्यसको–रूप	मानिस–भन्दा	विकृत	त्यस्तै	धेरैजना	तिमीमाथि	छक्क–परे	जसरी
H8389	H4758	H0376					H8074	

מִבְּנֵי	אָדָם׃
मानवका–छोराहरू–भन्दा	नै
	H0120

तर मानिसहरू मेरो दासलाई देखेर छक्क पर्नेछन्। उसलाई यस्तो प्रकारले चोट पुर्याइएको थियो कि उसलाई मानिस भनेर चिन्नलाई पनि गाह्रो पर्थ्यो।

15

אֲשֶׁר	כִּי	פִּיהֶם	מְלָכִים	יִקְפְּצוּ	עָלָיו	רַבִּים	גּוֹיִם	יַזֶּה	כֵּן
जुन	किनकि	आफ्ना–मुख	राजाहरूले	बन्द–गर्छन्	त्यसको–अगाडि	धेरै	जातिहरू–माथि	छर्कने–छ	त्यस्तै
		H6310	H4428	H7092					

הִתְבּוֹנָנוּ׃	שָׁמְעוּ	לֹא־	וַאֲשֶׁר	רָאוּ	לָהֶם	סֻפַּר	לֹא־
बुझे	सुने	नसुनेको–थियो	र–जुन	देखे	तिनीहरूलाई	बताइएको	नसुनाइएको–थियो
H0995	H8085	H3808		H7200			H3808

तर अझ मानिसहरू छक्क पर्नेछन्। राजाले उसलाई हेर्नेछन, छक्क पर्नेछन र मुखबाट एक शब्द पनि निस्कने छैन्। ती मानिसहरूले मेरो दासको कथा सुनेनन्। तिनीहरूले के भयो देखे। तिनीहरूले त्यो कथा सुनेनन तर तिनीहरूले बुझे।”

Chapter 53

1

נִגְלָתָה׃	מִי	עַל־	יְהוָה	וּזְרוֹעַ	לִשְׁמֻעָתֵנוּ	הֶאֱמִין	מִי
प्रकट–भयो	कसलाई	माथि	परमप्रभुको	र–बाहुली	हाम्रो–समाचारमा	विश्वास–गर्यो	कसले
H1540	H4310		H3068	H2220	H8052	H0539	H4310

हामीले घोषणा गरेका कुराहरू वास्तवमा कसले विश्वास गर्छ? वास्तवमा कसले परमप्रभुको दण्डलाई स्वीकार गर्दछ?

2

וְלֹא	לוֹ	תֹאַר	לֹא־	צִיָּה	מֵאֶרֶץ	וְכַשֹּׁרֶשׁ	לְפָנָיו	כְּיוֹנֵק	וַיַּעַל
र–थिएन	त्यसलाई	त्यसको	थिएन–रूप	नै	सुक्खा–भूमि–बाट	र–जरा–जस्तै	उहाँको–अगाडि	कोपिला–जस्तै	र–बढ्यो
H3808		H8389	H3808	H6723	H0776	H8328	H6440	H3126	H5927

וְנֶחְמְדֵהוּ׃	מַרְאֶה	וְלֹא־	וְנִרְאֵהוּ	הָדָר
र–चाह्यौं–त्यसलाई	रूप	र–थिएन	र–हेर्यौं–त्यसलाई	शोभा
	H4758	H3808	H7200	H1926

ऊ एक सानो पालुवा जस्तो परमप्रभुको अगडी हुर्कियो। उ सुख्खा भूइँमा उम्रिरहेको एउटा जरा जस्तै थियो। उसमा त्यस्तो खास गौरव थिएन। उसमा विशेष कुरा देखिँदैन थियो। यदि हामीहरूले उसलाई हेर्यौं भने हामी त्यस्तो केही खास कुरा देख्ने छैनौ जसले ऊ प्रति हामी आकृष्ट नै हुने कारणै देखिन्दैन।

3

מִמֶּנּוּ	פָּנִים	וּכְמַסְתָּר	חֳלִי	וְיֹדֻעַ	מַכְאֹבוֹת	אִישׁ	אִישִׁים	וַחֲדַל	נִבְזֶה
त्यस–बाट	अनुहार	र–लुकाएर	रोग	र–जान्ने	पीडाहरूको	मानिस	मानिसहरूद्वारा	र–त्यागिएको	तुच्छिएको
	H6440	H4564	H2483	H3045	H4341	H0376	H0376	H2310	H0959

חָשַׁבְנֻהוּ׃	וְלֹא	נִבְזֶה
हामीले–त्यसलाई	र–गनेनौं	तुच्छिएको
H2803	H3808	H0959

मानिसहरूले उसलाई हाँसोको पात्र बनाए अनि आफ्नो साथीहरूले उसलाई छाडिदिए। ऊ पीडा नै पीडाले भरिएको मानिस थियो। ऊ राम्रो प्रकारले निको हुनेछ भनेर जान्दथे। मानिसहरूले उसलाई हेर्न दिएनन्। हामीले उसलाई ध्यानै दिएनौं।

4

נָגוּעַ	חֲשַׁבְנֻהוּ	וַאֲנַחְנוּ	סְבָלָם	וּמַכְאֹבֵינוּ	נָשָׂא	הוּא	חֳלָיֵנוּ	אָכֵן
धक्का–लागेको	ठान्यौं–त्यसलाई	तर–हामीले	सहनुभयो	र–हाम्रा–पीडाहरू	बोक्नुभयो	उहाँले	हाम्रा–रोगहरू	वास्तवमा
H5060	H2803	H0587	H5445	H4341	H5375	H1931	H2483	H0403

וּמְעֻנֶּה׃	אֱלֹהִים	מֻכֶּה
र–दुःखित	परमेश्वरद्वारा	प्रहार–गरिएको
	H0430	H5221

तर उसले हाम्रा कष्टहरू आफ्नै ठान्यो। उसले हाम्रा यातनाहरूको भारी उठायो अनि हामीले सोच्यौं उसलाई परमेश्वरले दण्ड दिनुभयो। हामीले सोच्यौ उसले गरेको दुष्टकर्मको लागि परमेश्वरले दण्ड दिनुभयो।

5

שְׁלוֹמֵנוּ	מוּסַר	מֵעֲוֹנֹתֵינוּ	מְדֻכָּא	מִפְּשָׁעֵנוּ	מְחֹלָל	וְהוּא
हाम्रो-शान्तिको	शास्ति	हाम्रा-अधर्महरूका-कारणले	कुचलिएको	हाम्रा-अपराधहरूका-कारणले	घाइते-भयो	तर-उहाँ
H7965	H4148	H5771	H1792	H6588		H1931

לָנוּ׃	נִרְפָּא־	וּבַחֲבֻרָתוֹ	עָלָיו
हाम्रो	निको-भयो	र-त्यसको-घाउहरूद्वारा	त्यसमाथि
	H7495	H2250	

तर हामीले गरेको भूल कामहरूका लागि उसलाई पीडा सहन बाध्य गराइयो। उसलाई हाम्रो दोषकोलागि श्राप दिइयो। हाम्रो ऋणको निम्ति उसलाई सजाय दिइयो। उसको पीडाले नै हामीलाई क्षमा गरियो।

6

עֲוֹן	אֵת	בּוֹ	הִפְגִּיעַ	וַיהוָה	פְּגֵינוּ	לְדַרְכּוֹ	אִישׁ	תָּעִינוּ	כַּצֹּאן	כֻּלָּנוּ
अधर्म	यो	त्यसमाथि	लादनुभयो	र-परमप्रभुले	फर्कियौं	आफ्नो-बाटोमा	प्रत्येक	भर्कियौं	भेडाहरू-जस्तै	हामी-सबै
H5771	H0853		H6293	H3068	H6437	H1870	H0376	H8582	H6629	H3605

כֻּלָּנוּ׃
हामी-सबैको
H3605

हामी सबै भेडा जस्तै लक्ष्यविहीन घुमिरह्यौं। हामी सबै आ-आफ्ना बाटो तिर लाग्यौ। परमप्रभुले हाम्रो दोषहरू माफ गरिदिनु भयो अनि हामीले आफ्ना सबै दोष उहाँमाथि थुपार्यौं।

7

וּכְרָחֵל	יוּבָל	לַטֶּבַח	כַּשֶּׂה	פִּיו	יִפְתַּח־	וְלֹא	נַעֲנָה	וְהוּא	נִגַּשׂ
र-भेडी-जस्तै	लगिन्छ	काट्न	भेडा-जस्तै	आफ्नो-मुख	खोल्नुभएन	तर	दुःख-भोग्नुभयो	र-उहाँ	अत्याचार-गरियो
H7353	H2986	H2874	H7716	H6310		H3808		H1931	H5065

פִּיו׃	יִפְתָּח	וְלֹא	נֶאֱלָמָה	גֹּזְזֶיהָ	לִפְנֵי
आफ्नो-मुख	खोल्नुभएन	र	मौन-रह्यो	खोस्रा-गर्नेहरूको	अगाडि
H6310		H3808	H0481	H1494	H6440

उसलाई चोट पुर्याएर दण्ड दिइयो। तर उसले कहिल्यै विरोध गरेन्। मार्नलाई लगेको भेंडा जस्तै उसले केही पनि भनेन। ऊ ऊन काट्दा पनि चुपचाप रहने भेंडाको पाठो जस्तो भयो। उसले आफ्नै बचाउको लागि कहिल्यै मुख खोलेन्।

8

נִגְזַר	כִּי	יְשׁוּחֲחַ	מֵי	דּוֹרוֹ	וְאֶת־	לֻקָּח	וּמִמִּשְׁפָּט	מֵעֹצֶר
काटियो	किनकि	विचार-गर्ने-छ	कसले	पुस्तामा	र-त्यसको	लिइयो	र-न्याय-बाट	थिचोमिचो-बाट
H1504		H7878	H4310	H1755	H0853	H3947	H4941	H6115

לָמוֹ׃	נֶגַע	עַמִּי	מִפֶּשַׁע	חַיִּים	מֵאֶרֶץ
तिनीहरूलाई	प्रहार	मेरो-जनताको	अपराध-कारणले	नै	जिउनेहरूको-भूमि-बाट
	H5061		H6588		H0776

मानिसहरूले जबरजस्ती गरेर उसलाई लगे। अनि तिनीहरूले उसलाई निष्पक्ष प्रकारले न्याय गरेनन्। कसैले पनि उसको परिवारको बारेमा केही भन्न सकेनन, किनभने बाँचिरहेका मानिसहरूका ठाउँबाट उसलाई लगेर गयो। मेरा मानिसहरूका पापहरूका खातिर उसलाई दण्ड दिइयो।

9

עָשָׂה	חָמָס	לֹא־	עַל	בְּמוֹתָיו	עָשִׁיר	וְאֶת־	קִבְרֹתָיו	רְשָׁעִים	אֶת־	וַיִּתֵּן
गरेको	हिंसा	गरेको-थिएन	यद्यपि	त्यसको-मृत्युमा	धनीसँग	र-यो	त्यसको-चिहान	दुष्टहरूसँग	यो	र-दिइयो
	H2555	H3808		H4194	H6223	H0854	H6913	H7563	H0854	H5414

בְּפִיו׃	מִרְמָה	וְלֹא	
त्यसको-मुखमा	छल	र	
H6310	H4820	H3808	

उ मर्यो र उसलाई धनीहरूको चिहानसँगै गाडियो। उसलाई दुष्ट मानिसहरूसँग गाडियो। उसले केही नराम्रो काम गरेन। उसले कहिल्यै झूटो बोलेन तर यस्ता दुर्घटनाहरू उमाथि भए।

זֶרַע יִרְאֶה נַפְשׁוֹ אָשָׁם תָּשִׂים אִם־ הֶחֱלִי דַכְּאוֹ חָפֵץ וַיהוָה 10
सन्तान देख्ने-छ त्यसको-प्राण दोष-बलि बनाउनुभयो यदि रोगित-बनाउनु कुच्ल्नु चाहनुभयो र-परमप्रभुले
H2233 H7200 H5315 H0817 H1792 H3068

יְצְלָח׃ בְּיָדוֹ יְהוָה וְחֵפֶץ יָמִים יַאֲרִיךְ
सफल-हुने-छ त्यसको-हातमा परमप्रभुको र-इच्छा दिनहरू लामो-बनाउने-छ
H3027 H3068 H2656 H3117 H0748

परमप्रभुले उसलाई श्राप दिने निर्णय गर्नु भयो। परमप्रभुले ऊ पीडित हुनै पर्छ भनेर निर्णय गर्नुभयो। यसकारण दासले स्वयंलाई मर्नको लागि समर्पण गरे। तर उसले लामो समय सम्म नयाँ जीवन बाँचे। उसले आफ्ना मानिसहरूलाई देख्नेछन्। परमप्रभुले उसबाट चाहे जस्तै उसले ती कुराहरू पूर्णगर्ने छ।

עַבְדִּי צַדִּיק יַצְדִּיק בְּדַעְתּוֹ יִשְׂבָּע יִרְאֶה נַפְשׁוֹ מֵעֲמָל 11
मेरो-दासले धर्मी धर्मी-ठहर्याउने-छ आफ्नो-ज्ञानद्वारा तृप्त-हुने-छ देख्ने-छ त्यसको-प्राणले त्यसको-प्राणको-कष्ट-बाट
H5650 H6662 H6663 H1847 H7646 H7200 H5315 H5999

יִסְבֹּל׃ הוּא וַעֲוֹנֹתָם רַבִּים
बोक्ने-छ त्यसैले र-तिनीहरूको-अधर्म धेरैजनालाई
H5445 H1931 H5771

मनमा उ कैयौं कुराहरूबाट पीडित हुनेछ तर उसले हुने असल कुराहरू देख्नेछ। उसले सिकेका कुराहरूबाट उ सन्तुष्ट हुनेछ। परमप्रभु भन्नु हुन्छ, “मेरो धर्मी दासले धेरैलाई दोषी बनाउनेछैन, उसले तिनीहरूका दोष बोकी लानेछ।

אֲשֶׁר תַּחַת שָׁלָל֙ יְחַלֵּק עֲצוּמִ֔ים וְאֶת־ בָּרַבִּים לוֹ אֶחֱלֶק־ לָכֵן 12
कि कारणले लूट भाग-दिने-छ नै र-शक्तिशालीहरूसँग धेरैजनासँग त्यसलाई भाग-दिनेछु त्यसैले
H8478 H7998 H6099 H0854

נָשָׂא רַבִּים חֵטְא־ וְהוּא֙ נִמְנָה פֹּשְׁעִ֔ים וְאֶת־ נַפְשׁוֹ לַמָּוֶת֙ הֶעֱרָה
बोक्नुभयो धेरैजनाको पाप र-त्यसैले गणियो नै र-अपराधीहरूसँग आफ्नो-प्राण मृत्यु-लागि खाली-गर्नुभयो
H5375 H2399 H1931 H4487 H6586 H0854 H5315 H4194 H6168

ס וְלַפֹּשְׁעִ֖ים יַפְגִּֽיעַ׃
— बिन्ती-गर्नुहुन्छ र-अपराधीहरूका-लागि
H6293 H6586

यसकारण मैले उसलाई मेरो मानिसहरू मध्ये पुरस्कार दिएँ। उसले ती सबै चीजहरू बलिया मानिसहरूसँग बाँड्नेछ। म उसैको लागि यो कुरा गरिरहेछु किनभने उसले मानिसहरूको लागि आफ्नो जीवन अर्पण गर्यो अनि मर्यो। मानिसहरूले भने उ एक अपराधी थियो। तर वास्तवमा के थियो भने उसले अन्य सबैका पापहरू स्वयंले बोक्यो। अनि जोसँग पापहरू छन् ती मानिसहरूकै लागि बोल्यो।”

Chapter 54

חֹלָה לֹא־ וְצַהֲלִי רִנָּה פִּצְחִי יָלְדָה לָא עֲקָרָה רָנִּי 1
नै प्रसव-वेदना-नभोगेको र-खुशीले-गाओस् आनन्दले गुन्जाओस् नै जन्माउनी-थिईनौ बाँझी गाओस्
H3808 H7440 H6476 H3205 H3808 H6135

יְהוָה׃ אָמַר בְּעוּלָה מִבְּנֵי שׁוֹמֵמָה בְּנֵי־ רַבִּים כִּי־
परमप्रभुले भन्नु-हुन्छ विवाहितकी छोराहरू-भन्दा एक्लीकी छोराहरू छन् किनकि-धेरै
H3068 H0559 H1166 H8074

“ए बाँझी स्त्रीहरू हो, खुशी होऊ! तिमीहरूका नानीहरू छैनन्, तर तिमीहरू खुशी हुनुपर्छ।” परमप्रभु भन्नुहुन्छ, “त्यो स्त्री जो एक्लै छे, लोग्ने भएका स्त्रीहरू भन्दा उसको धेरै नानीहरू हुनेछन्।”

הַאֲרִיכִי תַּחְשֹׂכִי אַל־ נְטֵה יַתְּדוֹתַיִךְ מְשְׁכְּנוֹתַיִךְ יְרִיעוֹת אָהֳלֵךְ מְקוֹם וְהַרְחִיבִי 2
लामो-बनाओस् रोक्न नरोकोस् तानोस् तिम्रो-बसोबासहरूको र-पर्दाहरू तिम्रो-पालको ठाउँ विस्तार-गर
H0748 H2820 H0408 H5186 H4908 H3407 H0168 H4725 H7337

חֲזָקִי׃ וְיתֵדֹתַיִךְ מֵיָתֵרַיִךְ
मज्बुत-बनाओस् र-तिम्रा-खुँटाहरू तिम्रा-डोरीहरू
H2388 H3489 H4340

“तिमीहरूका डेरालाई ठूलो बनाऊ, तिमीहरूका ढोकाहरू फराकिलो पार। तिमीहरूको घर बढाउन नरोक। तिम्रा डेरा ठूलो र बलियो बनाऊ।

3

וְעָרִים	יִירָשׁ	גּוֹיִם	וְזַרְעֲךָ	תַּפְרִיצִי	וּשְׂמֹאול	יָמִין	כִּי־	
र-उजाड-शहरहरूमा	उत्तराधिकार-पाउने-छ	जातिहरूलाई	र-तिम्रो-सन्तानले	फैलिने-छौ	बायाँ	र	किनकि-दायाँ	
	H3423		H2233	H6555	H8040	H3225		

יוֹשִׁיבוּ׃	נְשַׁמּוֹת
बस्ने-छन्	नै
H3427	H8074

किनभने तिमीहरू एकदम बडी हाल्नेछौ। तिम्रा छोरा-छोरीहरूले धेरै जातिहरूबाट मानिसहरू पाउनेछन्, तिम्रा छोरा-छोरीहरू फेरि त्यही शहरहरूमा बस्ने छ जुन ध्वंश भएका थिए।

4

תַּחְפִּירִי	לֹא	כִּי	תִכָּלְמִי	וְאַל־	תֵּבוֹשִׁי	לֹא	כִּי־	תִּירְאִי	אַל־	
तिमी	लज्जा-हुने-छैनौ	किनकि	हुने-छैनौ	र-अपमानित	तिमी	हुने-छैनौ	किनकि-लज्जित	तिमी	नडराओस्	
H2659	H3808		H3637	H0408	H0954	H3808		H3372	H0408	

עוֹד׃	תִּזְכְּרִי־	לֹא	אַלְמְנוּתַיִךְ	וְחֶרְפַּת	תִּשְׁכָּחִי	עֲלוּמַיִךְ	בָּשְׁת	כִּי
अब	फेरि-सम्झिने-छैनौ	सम्झने-छैनौ	तिम्रो-विधवापनको	र-अपमान	बिर्सने-छौ	तिम्रो-जवानीको	लज्जा	किनकि
H5750	H2142	H3808	H0491	H2781	H7911	H5934	H1322	

नडराऊ! तिमीहरू निराश हुनेछैनौ। मानिसहरूले तिमीहरूको विरूद्ध अनिष्ट कुराहरू गर्ने छैनन्। जब तिमीहरू जवान थियौ, तिमीहरू लज्जित थियो। तर तिमीहरूले अहिले त्यो लाज बिर्सयौ। तिमीहरूले त्यो लाज सम्झना गर्दैनौ। तिमीहरूले व्यक्त गर्यौ जतिबेला तिमीहरूका लोग्ने मेर।

5

אֱלֹהֵי	יִשְׂרָאֵל	קְדוֹשׁ	וְגֹאֲלֵךְ	שְׁמוֹ	צְבָאוֹת	יְהוָה	עֹשַׂיִךְ	בְּעָלַיִךְ	כִּי
परमेश्वर	इस्राएलको	पवित्र	र-तिम्रो-छुटकारा	उहाँको-नाम	सर्वशक्तिमान्	परमप्रभु	तिम्रो-स्रष्टा	तिम्रो-पति	किनकि
H0430	H3478	H6918		H8034		H3068		H1166	

יִקָּרֵא׃	הָאָרֶץ	כָּל־
बोलाइने-छ	पृथ्वीको	सबै
H7121	H0776	H3605

किनभने तेरा लोग्ने तेरा सृष्टिकर्त्ता हुनुहुन्छ। उहाँको नाउँ सेनाहरूका परमप्रभु हो! उहाँ इस्राएलको संरक्षक हुनुहुन्छ। उहाँ इस्राएलको एकजना परमपवित्र हुनुहुन्छ। अनि उहाँलाई सारा पृथ्वीका परमेश्वर भनिनेछ।

6

כִּי	נְעוּרִים	וְאֵשֶׁת	יְהוָה	קְרָאָךְ	רוּחַ	וַעֲצוּבַת	עֲזוּבָה	כְּאִשָּׁה	כִּי־
किनकि	जवानीको	र-पत्नी	परमप्रभुले	बोलाउनुभयो-तिमीलाई	आत्माको	र-दुःखी	परित्यक्त	जस्तै	किनकि-पत्नी
	H0802	H3068	H7121		H7307			H0802	

אֱלֹהָיִךְ׃	אָמַר	תִּמָּאֵס
तिम्रो-परमेश्वरले	भन्नुहुन्छ	त्यागिन्छ
H0430	H0559	

“तिमी त्यस्ती आइमाई थियो जसलाई लोग्नेले त्यागिसकेको थियो। तिमी एकदमै दुःखित थियौ, तर उहाँले तिमीलाई आफ्नो बनाउन बोलाउनु भयो। तिमी त्यस्ती आइमाई हौ जसले सानो उमेरमा विवाह गरेकी थिई। अनि उसको लोग्नेले परित्याग गरेको थियो। तर परमेश्वरले तिमीलाई आफ्नो बनाउन बोलाउनु भएको थियो।”

7

אֲקַבְּצֵךְ׃	גְּדֹלִים	וּבְרַחֲמִים	עֲזַבְתִּיךְ	קֶטֶן	בְּרֶגַע	
भेला-गर्नेछु-तिमीलाई	नै	तर-ठूलो-दयाले	त्यागें-तिमीलाई	लागि	छोटो-समयको	
H6908					H7281	

परमेश्वर भन्नुहुन्छ, “मैले तँलाई केही क्षणको निम्ति त्यागेको थिएँ। तिमीहरूलाई फेरि भेला गर्नेछु अनि धेरै दया दर्शाउनेछु।

8

עוֹלָם	וּבְחֶסֶד	מִמֵּךְ	רֶגַע	פָּנַי	הִסְתַּרְתִּי	קֶצֶף	בְּשֶׁצֶף	
नै	तर-सदाको-कृपाले	तिमी-बाट	छोटो-समयको-लागि	मेरो-अनुहार	लुकाएँ	नै	रिसको-बाढीमा	
H5769			H7281	H6440	H5641		H8241	

	יְהוָה׃	גֹּאֲלֵךְ	אָמַר	רַחֲמָתִיךְ	ס
	परमप्रभुले	तिम्रो-छुटकारा	भन्नु-हुन्छ	दया-गरें-तिमीलाई	—
	H3068		H0559	H7355	

म अत्यन्तै क्रोधित भएँ अनि तिमीहरूदेखि केही क्षणको लागि लुके। तर म तिमीहरूलाई सदा सर्वदा कृपाले सान्त्वना दिनेछु।" परमप्रभु तेरा उद्धारक भन्नुहुन्छ।

9

עַל־	עֽוֹד	נֹ֣חַ	מֵי־	מַעֲבַ֗ר	נִשְׁבַּ֤עְתִּי	אֲשֶׁר֙	לִ֣י	זֹ֣את	נֹ֔חַ	מֵ֥י	כִּי־
माथि	फेरि	नोहको	पानी	पार-नहोस्	शपथ-खाएँ	जसरी	मका-लागि	यो	नै	नोहको	किनकि-पानी
H5750	H5146	H4325		H7650			H2063	H5146	H4325		

בָּֽךְ׃	וּמִגְעַר־	עָלָ֑יִךְ	מִקְצֹ֖ף	נִשְׁבַּ֥עְתִּי	כֵּ֛ן	הָאָ֥רֶץ
तिमीलाई	र-हुलाकनु-नहोस्	तिमीमाथि	रिसाउनु-नहोस्	शपथ-खाएँ	त्यस्तै	पृथ्वी
	H1605		H7107	H7650		H0776

परमेश्वर भन्नुहुन्छ, "सम्झ नूहको समयमा मैले संसारलाई जलप्रलयद्वारा दण्डित गरेको थिएँ। तर मैल नूहसँग वचन राखेको थिएँ कि म फेरि संसारलाई जलप्रलय द्वारा विध्वंश गर्ने छैन। त्यस्तै प्रकारले म तिमीहरूसँग करार बाँध्दछु कि कहिल्यै पनि म तिमीहरूसँग रिसाउने छैन अनि नराम्रा कुराहरू गर्ने छैन।"

10

וּבְרִ֖ית	יָמ֣וּשׁ	לֹ֤א־	מֵאִתֵּךְ֙	וְחַסְדִּ֔י	תְּמוֹטֶ֑נָה	וְהַגִּבְעוֹת֙	יָמ֣וּשׁוּ	הֶהָרִ֔ים	כִּ֤י
र-करार	नै	हट्ने-छैन	तिमी-बाट	तर-मेरो-कृपा	हल्लिन-सक्छन्	र-टाकराहरू	हट्न-सक्छन्	पहाडहरू	किनकि
H1285	H4185	H3808	H0854		H4131	H1389	H4185	H2022	

ס	יְהוָ֖ה׃	מְרַחֲמֵֽךְ׃	אָמַ֥ר	תָּמ֑וּט	לֹ֣א	שְׁלוֹמִ֔י
—	परमप्रभुले	दया-गर्ने-तिम्रो	भन्नु-हुन्छ	नै	हट्ने-छैन	शान्तिको
	H3068	H7355	H0559	H4131	H3808	H7965

परमप्रभु भन्नुहुन्छ, "पर्वतहरू हराउन सक्छन्, अनि डाँडाहरू धूलो हुनसक्छन्, तर मेरो दया तिमीहरूबाट अलग हुनेछैन्। म तिमीहरूसँग शान्ति कायम गर्नेछु अनि यसको कहिल्यै अन्त हुनेछैन्।" परमप्रभुले तिमीहरूमाथि दया दर्शाउनु हुन्छ। अनि उही परमेश्वरले यी कुराहरू भन्नुभयो।

11

אֲבַנַּ֔יִךְ	בַּפּוּךְ֙	מַרְבִּ֣יץ	אָנֹכִ֔י	הִנֵּ֥ה	נָחָמָ֖ה	לֹ֑א	סֹעֲרָ֣ה	עֲנִיָּ֔ה
तिम्रा-ढुङ्गाहरू	सुरमाले	जडान-गर्छु	म-नै	हेर	नै	सान्त्वना-नपाएकी	आँधीमा-बहिएकी	दुःखी	
H0068	H6320	H7257	H0595	H2009	H5162	H3808	H5590	H6041	

בַּסַּפִּירִֽים׃	וִיסַדְתִּ֖יךְ
नीलमणिहरूमा	र-जग-बसाउनेछु-तिमीलाई
H5601	H3245

"तिमी गरीब शहर! शत्रुहरू तूफान सरह तिमीहरूका विरूद्ध आई लागे। अनि कसैले पनि सान्त्वना दिएनन्। तर म फेरि तिमीलाई निर्माण गर्छु, ढुङ्गाहरूका भित्ताहरू सजाएर म सुन्दर ढुङ्गाले तिमीलाई बनाउनेछु। म बहुमूल्य ढुङ्गाहरू प्रयोग गरेर तिम्रो वरिपरिको पर्खालहरू बनाउनेछु।

12

לְאַבְנֵי־	גְּבוּלֵךְ֙	וְכָל־	אֶקְדָּ֔ח	לְאַבְנֵ֖י	וּשְׁעָרַ֑יִךְ	שִׁמְשֹׁתַ֣יִךְ	כָּדְכֹ֔ד	וְשַׂמְתִּ֥י
बहुमूल्य	तिम्रो-सीमाना	र-सबै	चम्किने	ढुङ्गाहरूले	र-तिम्रा-ढोकाहरू	तिम्रा-झ्यालहरू	माणिकले	र-बनाउनेछु
H0068	H1366	H3605	H0688	H0068	H8179	H8121	H3539	

חֵפֶץ׃
रत्नहरूको
H2656

भित्ताको माथिल्लो तहका ढुङ्गाहरू लालमाणिहरूले बनाउनेछु। मूलद्वार बहुमूल्य चम्कने रत्नहरूले सजाउनेछु। तिम्रा वरिपरिका भित्ताहरूमा बहुमूल्य रत्नहरू जडनेछु।

13

בָּנָֽיִךְ׃	שְׁלוֹם֙	וְרַ֣ב	יְהוָ֔ה	לִמּוּדַ֖י	בָּנָ֑יִךְ	וְכָל־
तिम्रा-छोराहरूको	शान्ति	र-महान्	परमप्रभुका	शिष्यहरू	तिम्रा-छोराहरू	र-सबै
	H7965		H3068	H3928		H3605

तिम्रा नानीहरूले परमेश्वरलाई पछ्याउनेछन् अनि उहाँले तिनीहरूलाई शिक्षा दिनुहुनेछ। तिम्रा नानीहरूले वास्तविक रूपमा शान्ति पाउनेछन्।

14

כִּ֚י	וּמֵמְחִתָּ֔ה	תִּירָ֖אִי	לֹ֣א	כִּי־	מֵעֹשֶׁק֙	רַחֲקִ֔י	תִּכּוֹנָ֑נִי	בִּצְדָקָ֣ה
किनकि	र-त्रास-बाट	नै	तिमी	किनकि-डराउनु-पर्दैन	अत्याचार-बाट	टाढा-रह	स्थापित-हुने-छौ	धार्मिकतामा
	H4288	H3372	H3808		H6233	H7368		H6666

אֵלָֽיִךְ׃	תִּקָּרֵ֖ב	לֹ֥א־
तिमीकहाँ	नै	नजिक-आउने-छैन
H0413	H7126	H3808

तिमी धार्मिकतामाथि निर्माण हुनेछौ। यसैले तिमी सुरक्षित हुनेछौ। केहीले पनि तिमीलाई चोट पुर्याउने छैन्। तिमी डराई रहनु पर्नेछैन्।

יִפֹּ֥ול׃	עָלַ֖יִךְ	אִתָּ֑ךְ	גָּ֣ר	מִי־	מֵאוֹתָ֔י	אֶפֶס	יָגֻ֥ור	גֹּ֖ור	הֵ֥ן	15
खस्ने-छ	तिमीमाथि	तिमीसँग	नै	जो-बस्ने-छ	म-बाट-होइन	तर	गरे-कोही	यदि-आक्रमण	हेर	
H5307		H0854		H4310	H0853				H2005	

मेरा कुनै पनि सैन्यले तिम्रो विरूद्धमा लडाइँ गर्ने छैन। यदि कुनै सैनिकले आक्रमण गर्यो भने तिमीले त्यस सैन्यलाई पराजित गर्नेछौ।

לְמַעֲשֵׂהוּ	כְּלִ֣י	וּמוֹצִ֔יא	פֶּ֖חָם	בְּאֵ֑שׁ	נֹפֵ֣חַ	חָרָ֔שׁ	בָּרָ֥אתִי	אָנֹכִ֛י	(הִנֵּה)	]הן[	16
त्यसको-कामको-लागि	हतियार	र-निकाल्ने	कोइला	आगोमा	फुक्ने	कामदार	सृजना-गरेँ	मैले	हेर	—	
H4639	H3627	H3318	H6352	H0784	H5301	H2796		H0595	H2009	H2005	

לְחַבָּֽל׃	מַשְׁחִ֖ית	בָּרָ֥אתִי	וְאָנֹכִ֛י	
ध्वस्त-गर्न	नाशकर्ता	सृजना-गरेँ	र-मैले	
	H7843		H0595	

"हेर, मैले लोहारलाई बनाएँ। उसले आगो फुक्छ र फलामलाई तातो बनाउँछ। त्यसपछि उसले तातो फलाम लिएर जस्तो चाहन्छ त्यस्तै हतियार बनाउँदछ। यस्तै प्रकारले मैले 'नाश गर्नेवाला' जसले धेरै थोकहरू नष्ट पार्दछ उसलाई पनि मैले नै सृजना गरेको हुँ।

אִתָּ֔ךְ	תָּקֹ֖ום־	לָשׁ֑וֹן	וְכָל־	יִצְלָ֣ח	לֹ֤א	עָלַ֙יִךְ֙	יוּצַ֔ר	כְּלִ֥י	כָּל־	17
तिम्रो-विरुद्धमा	उठ्ने	जिब्रो	र-सबै	नै	सफल-हुने-छैन	तिम्रो-विरुद्धमा	बनाइएको	हतियार	सबै	
H0854		H3956	H3605		H3808		H3335	H3627	H3605	

נְאֻם־	מֵאִתִּ֑י	וְצִדְקָתָ֖ם	יְהוָ֥ה	עַבְדֵ֣י	נַחֲלַ֔ת	זֹ֣את	תַּרְשִׁ֔יעִי	לַמִּשְׁפָּ֖ט	
घोषणा-गर्नुहुन्छ	म-बाट	र-तिनीहरूको-धार्मिकता	परमप्रभुका	दासहरूको	उत्तराधिकार	यो	दोषी-ठहर्याउने-छौ	न्यायमा	
H5002	H0854	H6666	H3068	H5650	H5159	H2063	H7561	H4941	

יְהוָֽה׃	ס	
परमप्रभुले	—	
H3068		

"मानिसहरूले तिम्रो विरूद्ध लडाइँ गर्न हतियारहरू बनाउँनेछन्, तर ती हतियारहरूले तिमीलाई पराजित गर्न सक्दैनन्। केही मानिसहरूले तिम्रो विरूद्ध कुराहरू गर्नेछन्, तर तिनीहरू जो तिम्रो विरूद्ध कुरा गर्छन् आफै दोषी रहेको प्रमाणित गर्नेछन्।" परमप्रभु भन्नुहुन्छ, "परमप्रभुको दासले के पाउनेछ? तिनीहरूले मबाट माफ पाउनेछन्।

Chapter 55

וֶאֱכֹ֑לוּ	שִׁבְר֖וּ	לְכ֥וּ	כֶּ֛סֶף	לֹ֥ו	אֵין־	וַאֲשֶׁ֣ר	לַמַּ֔יִם	לְכ֥וּ	צָמֵ֖א	כָּל־	הֹ֥וי	1
र-खाओ	किन	आओ	चाँदी	उसलाई	छैन	र-जससँग	पानीमा	आओ	तिर्खाएकाहरू	सबै	ए	
H0398	H7666	H3212	H3701		H0369		H4325	H3212	H6771	H3605	H1945	

וְחָלָֽב׃	יַ֖יִן	מְחִ֥יר	וּבְלֹ֖וא	כֶּ֛סֶף	בְּלֹ֥וא־	שִׁבְר֖וּ	וּלְכ֥וּ
र-दूध	दाखमद्य	मूल्य	र-बिना	चाँदी	बिना	किन	र-आओ
H2461	H3196	H4242	H3808	H3701	H3808	H7666	H3212

"हे सबै, तिर्खाएका मानिसहरू, आऊ! तिम्रोलागी पानी यहाँछ, आएर पिऊ! पैसा छैन भनेर सुर्ता नगर। आऊ, अघाउञ्जेल सम्म खाऊ र पिऊ! तिमीहरूलाई पैसा चाहिन्दैन, खान र पिऊनुको ज्याला लाग्दैन।

אֵלַ֔י	שִׁמְעֹ֣ו	שִׁמְע֔וּ	לְשָׂבְעָ֑ה	בְּלֹ֥וא	וִיגִיעֲכֶ֖ם	לֶ֛חֶם	בְּלֹ֥וא־	כֶּ֖סֶף	תִּשְׁקְל֣וּ־	לָ֗מָּה	2
मलाई	सुन	ध्यानले-सुन	तृप्तिको-लागि	बिना	र-तिम्रो-परिश्रम	रोटी	बिना	चाँदी	तौल्छौ	किन	
H0413	H8085	H8085	H7654	H3808	H3018	H3899	H3808	H3701	H8254	H4100	

נַפְשְׁכֶ֔ם׃	בַּדֶּ֖שֶׁן	וְתִתְעַנַּ֥ג	טֹ֛וב	וְאִכְל֥וּ־
तिम्रो-प्राण	मोटाइमा	र-आनन्द-मान	असल	र-खाओ
H5315	H1880	H6026		H0398

तिमीहरू त्यस्तो चीजहरूमा पैसा बर्बाद गर्छौं जुन खास भोजन नै होइन? किन तिमीहरू त्यस्ता व्यर्थका कामहरू गर्छै जसले तिमीहरूलाई सन्तुष्टी दिँदैन? एकदमै ध्यान दिएर मेरा कुरा सुन अनि तिमीहरूले राम्रा भोजन खान पाउनेछौ। तिमीहरूले त्यस्तो राम्रा खाना खानेछौ जसले तिम्रो आत्मा तृप्त पार्नेछ।

עוֹלָם	בְּרִית	לָכֶם	וְאֶכְרְתָה	נַפְשְׁכֶם	וּתְחֵי	שִׁמְעוּ	אֵלַי	וּלְכוּ	אָזְנְכֶם	הַטּוּ	3
अनन्त	करार	तिमीहरूसँग	र-म-बाँध्छु	तिम्रो-प्राण	र-बाँच्छ	सुन	मकहाँ	र-आओ	तिम्रो-कान	झुकाओ	
H5769	H1285		H3772	H5315	H2421	H8085	H0413	H3212	H0241	H5186	

הַנֶּאֱמָנִים׃	דָּוִד	חַסְדֵי
विश्वासयोग्य	दाऊदका	करुणाहरू
H0539	H1732	

मैले भनेका कुराहरूमा एकदमै ध्यान दिएर सुन्। मेरो कुरालाई ध्यान दिएर सुन तिमीहरूका प्राणहरू बाँच्नेछन्। मकहाँ आऊ र तिमीहरूसँग एक करार गर्नेछु जुन सदा-सर्वदा रहनेछ। यो करार त्यस्तो हुनेछ जुन मैले दाऊदसँग गरेको थिएँ। मैले दाऊदलाई प्रेम गर्नेछु अनि सदा ऊ प्रति उदार रहनेछु भनेर वचन दिएको थिएँ। अनि तिमीहरूले त्यो करारमाथि विश्वास गर्न सक्छौ।

לְאֻמִּים׃	וּמְצַוֵּה	נָגִיד	נְתַתִּיו	לְאוּמִּים	עֵד	הֵן	4
जातिहरूका-लागि	र-आज्ञाकार	अगुवा	मैले-दिएँ-उसलाई	जातिहरूका-लागि	साक्षी	हेर	
H3816	H6680	H5057	H5414	H3816	H5707	H2005	

मैले मेरो शक्ति-प्रमाण र सबै जातिहरूकालागि दाऊदलाई बनाएँ। मैले दाऊदलाई वचन दिएँ कि उ धेरै जातिहरूका शासक र सेनापति हुनेछ।”

לְמַעַן	יָרוּצוּ	אֵלַיִךְ	יְדָעוּךְ	לֹא־	וְגוֹי	תִּקְרָא	תֵּדַע	לֹא־	גּוֹי	הֵן	5
कारणले	दौडिन्छन्	तँकहाँ	तँलाई-चिन्दैन	जसले	र-जाति	तँ-बोलाउँछस्	तँ-चिन्दैनस्	जुन	जाति	हेर	
H4616	H7323	H0413	H3045	H3808		H7121	H3045	H3808		H2005	

ס	פְּאֵרֶךָ׃	כִּי	יִשְׂרָאֵל	וְלִקְדוֹשׁ	אֱלֹהֶיךָ	יְהוָה	
—	उहाँले-तँलाई-महिमित-गर्नुभयो	किनभने	इस्राएलका	र-इस्राएलका-पवित्र	तेरो-परमेश्वर	परमप्रभु	
			H3478	H6918	H0430	H3068	

ती ठाउँहरूमा धेरै जातिहरू छन् जो तिमीहरू जान्दैनौ, तर तिमीहरू ती जातिहरूलाई डाक्नेछौ। ती जातिहरूले तिमीहरूलाई जान्दैनन् तर तिनीहरू दौडेर तिमीहरूकहाँ आउनेछन्। यस्तो घटना हुने छ किनभने परमप्रभु तिमीहरूका परमेश्वरले घटना चाहनुहुन्छ। इस्राएलका परमपवित्रले तिमीहरूलाई आदर गर्नुहुन्छ।

קָרוֹב׃	בְּהִיוֹתוֹ	קְרָאֻהוּ	בְּהִמָּצְאוֹ	יְהוָה	דִּרְשׁוּ	6
हुनुहुँदा	उहाँ-नजिक	पुकार	उहाँ-भेटिनुहुँदा	परमप्रभुलाई	खोज	
H7138	H1961	H7121	H4672	H3068	H1875	

यसैले तिमीहरूले परमप्रभुलाई खोज्नु पर्छ एकदमै ढिलो हुनु अघि नै। तिमीहरूले उहाँलाई अहिले नै बोलाइहाल्नु पर्छ उहाँ नजिक भएको बेला।

יְהוָה	אֶל־	וְיָשָׁב	מַחְשְׁבֹתָיו	אָוֶן	וְאִישׁ	דַּרְכּוֹ	רָשָׁע	יַעֲזָב	7
परमप्रभुतिर	तिर	र-फर्कोस्	आफ्ना-विचारहरू	अधर्मी	र-मानिस	आफ्नो-बाटो	दुष्टले	त्याग्छ	
H3068	H0413	H7725	H4284	H0205	H0376	H1870	H7563		

לְסְלֹוחַ׃	יַרְבֶּה	כִּי־	אֱלֹהֵינוּ	וְאֶל־	וְיִרַחֲמֵהוּ
क्षमा-गर्नुहुन्छ	उहाँले-प्रशस्त	किनभने	हाम्रा-परमेश्वर	र-तिर	र-उहाँले-दया-गर्नुहुन्छ
H5545			H0430	H0413	H7355

दुष्ट मानिसहरूले पापमय जीवन बाँच्न छाड्नु पर्छ। तिनीहरूले नराम्रा कुराहरू सोच्न छाडनु पर्छ। तिनीहरू परमप्रभुकहाँ फेरि एकपल्ट आउनु पर्छ। तब परमप्रभुले उनीहरूलाई सान्त्वना दिनुहुनेछ। ती मानिसहरू परमप्रभुकहाँ आउनु पर्नेछ किनभने हाम्रो परमेश्वरले क्षमा गर्नुहुन्छ।

יְהוָה׃	נְאֻם	דְּרָכָי	דַּרְכֵיכֶם	וְלֹא	מַחְשְׁבֹתֵיכֶם	מַחְשְׁבֹתַי	לֹא	כִּי	8
परमप्रभुले	भन्नुहुन्छ	मेरा-बाटोहरू	तिम्रा-बाटोहरू	र-होइनन्	तिम्रा-विचारहरू	मेरा-विचारहरू	होइनन्	किनभने	
H3068	H5002	H1870	H1870	H3808	H4284	H4284	H3808		

परमप्रभु भन्नुहुन्छ, “तिमीहरूका विचारहरू मेरा विचारहरू जस्ता छैनन्। तिमीहरूका चालहरू मेरा चालहरू जस्ता छैनन्।

וּמַחְשְׁבֹתָי	מִדַּרְכֵיכֶם	דְּרָכַי	גָּבְהוּ	כֵּן	מֵאָרֶץ	שָׁמַיִם	גָּבְהוּ	כִּי־	9
र-मेरा-विचारहरू	तिम्रा-बाटोहरूभन्दा	मेरा-बाटोहरू	उच्च-छन्	त्यसरी	पृथ्वीभन्दा	आकाश	उच्च-छन्	किनभने	
H4284	H1870	H1870	H1361		H0776	H8064	H1361		

מִמַּחְשְׁבֹתֵיכֶם׃
तिम्रा-विचारहरूभन्दा
H4284

आकाश पृथ्वी भन्दा अल्गो छ। त्यस्तै प्रकारले, मेरा चालहरू पनि तिमीहरूका भन्दा फराकिला छन् अनि मेरा विचारहरू पनि तिमीहरूका विचारहरू भन्दा अग्ला छन्।" परमप्रभु स्वयंले यी कुराहरू भन्नुभयो।

אִם־	כִּי	יָשׁוּב	לֹא	וְשָׁמָּה	הַשָּׁמַיִם	מִן־	וְהַשֶּׁלֶג	הַגֶּשֶׁם	יֵרֵד	כַּאֲשֶׁר	כִּי	10
कि	जबसम्म	फर्कदैन	फर्कदैन	र-त्यहाँ	आकाशबाट	बाट	र-हिउँ	वर्षा	झर्छ	जसरी	किनभने	
		H7725	H3808	H8033	H8064		H7950	H1653	H3381			

לָאֹכֶל׃	וְלֶחֶם	לַזּוֹרֵעַ	וְזֶרַע	וְנָתַן	וְהִצְמִיחָה	וְהוֹלִידָה	הָאָרֶץ	הִרְוָה	אֶת־
खानेलाई	र-रोटी	छर्नेलाई	बीउ	र-दिन्छ	र-उमार्छ	र-जन्माउँछ	पृथ्वीलाई	—	सिँचेन
H0398	H3899	H2232	H2233	H5414	H6779	H3205	H0776	H0853	H7301

"पानी र हिँऊ आकाशबाट बर्षन्छ अनि तिनीहरू फर्केर आकाश तिर जाँदैन्। जब सम्म तिनीहरूले धर्तीलाई छोएर त्यसलाई भिजाउँदैन्। तब धर्तीले बिरूवामा टुसा उमार्दछ। ती टुसाहरूले किसानकोलागि अन्न उब्जाउँछन् अनि मानिसहरूले ती अन्न रोटी बनाई खान्छन्।

אִם־	כִּי	רֵיקָם	אֵלַי	יָשׁוּב	לֹא־	מִפִּי	יֵצֵא	אֲשֶׁר	דְּבָרִי	יִהְיֶה	כֵּן	11
कि	जबसम्म	रित्तो	मकहाँ	फर्कदैन	फर्कदैन	मेरो-मुखबाट	निस्कन्छ	जुन	मेरो-वचन	हुनेछ	त्यसरी	
		H7387	H0413	H7725	H3808	H6310	H3318		H1697	H1961		

שְׁלַחְתִּיו׃	אֲשֶׁר	וְהִצְלִיחַ	חָפַצְתִּי	אֲשֶׁר	אֶת־	עָשָׂה
मैले-पठाएँ	जसको-लागि	र-सफल-भयो	मैले-इच्छा-गरेँ	जे	—	पूरा-गरेन
H7971					H0853	

यस्तै प्रकारले मेरा वचनहरूले मेरो मुख छाड्दछ अनि ती वचनहरूले केही नगरूञ्जेल सम्म फर्की आउँदैन्। मेरा वचनहरूले घटनाहरू घटाउने गर्छ जुन म चाहन्छु। मैले पठाएका ती वचनहरू आफ्नो काम गर्न सफल हुन्छन्।

רִנָּה	לִפְנֵיכֶם	יִפְצְחוּ	וְהַגְּבָעוֹת	הֶהָרִים	תִּוּבָלְוּן	וּבְשָׁלוֹם	תֵּצֵאוּ	בְּשִׂמְחָה	כִּי־	12
जयजयकार	तिमीहरूको-सामु	गाउँछन्	र-डाँडाहरू	पहाडहरू	डोऱ्याइनेछौ	र-शान्तिमा	निस्कनेछौ	आनन्दले	किनभने	
H7440	H6440	H6476	H1389	H2022	H2986	H7965	H3318	H8057		

כָּף׃	יִמְחֲאוּ־	הַשָּׂדֶה	עֲצֵי	וְכָל־
हात	ताली-बजाउँछन्	मैदानका	रूखहरू	र-सबै
H3709	H4222		H6086	H3605

"तिमी खुशी साथ बाहिर जानेछौ अनि शान्त रहनेछौ। पर्वत र पहाडहरू प्रसन्न भएर नाच्न चाहनेछन्। खेतका सबै रूखहरूले ताली बजाउनेछन्।

לַיהוָה	וְהָיָה	הֲדַס	יַעֲלֶה	הַסִּרְפָּד	)וְתַחַת[	]תחת	בְּרוֹשׁ	יַעֲלֶה	הַנַּעֲצוּץ	תָּחַת	13
परमप्रभुको-लागि	र-हुनेछ	मेहँदी	उम्रनेछ	झारपातको	र-सट्टामा	—	सल्लो	उम्रनेछ	काँडेझाडीको	सट्टामा	
H3068	H1961	H1918	H5927	H5636	H8478	H8478	H1265	H5927	H5285	H8478	

ס	יִכָּרֵת׃	לֹא	עוֹלָם	לְאוֹת	לְשֵׁם
—	काटिनेछैन	काटिनेछैन	अनन्त	चिन्हको-लागि	नामको-लागि
	H3772	H3808	H5769	H0226	H8034

जहाँ पोथ्राहरू छन् त्यहा विशाल सल्लाका रूखहरू उम्रनेछन्। वनमारा घारीमा हिना वृक्षहरू उम्रनेछन्। ती कुराहरूले परमप्रभुको ख्याति बढाउने छ। ती कुराहरूले परमप्रभुको शक्तिको प्रमाण गर्दछ। यो चिन्ह कहिल्यै नाश हुने छैन्।"

Chapter 56

לָבוֹא	יְשׁוּעָתִי	קְרוֹבָה	כִּי־	צְדָקָה	וַעֲשׂוּ	מִשְׁפָּט	שִׁמְרוּ	יְהוָה	אָמַר	כֹּה	1
आउन	मेरो-उद्धार	नजिक-छ	किनभने	धार्मिकता	र-गर	न्याय	पाल	परमप्रभुले	भन्नुहुन्छ	यसरी	
H0935	H3444	H7138		H6666		H4941	H8104	H3068	H0559	H3541	

לְהִגָּלוֹת׃	וְצִדְקָתִי	
प्रकट-हुन	र-मेरो-धार्मिकता	
H1540	H6666	

परमप्रभुले यी कुराहरू भन्नुभयो, “सबै मानिसहरूसित न्यायपूर्वक व्यवहार गर। ठीक कुराहरू मात्र गर। किन? किनभने मेरो मुक्ति तिमीहरूमा हुनेछ। मेरो धार्मिकता संसारभरि चाँडै प्रकट हुनेछ।

2

מֵחַלְּלוֹ	שַׁבָּת	שֹׁמֵר	בָּהּ	יַחֲזִיק	אָדָם	וּבֶן־	זֹאת	יַעֲשֶׂה־	אֱנוֹשׁ	אַשְׁרֵי
अपवित्र-नपारी	विश्राम-दिन	पालन-गर्ने	यसलाई	समात्छ	सन्तान	र-मानवको	यो	जसले-गर्छ	मानिस	धन्य
	H7676	H8104		H2388	H0120		H2063		H0582	H0835

ס	רָע׃	כָּל־	מֵעֲשׂוֹת	יָדוֹ	וְשֹׁמֵר
—	खराब	कुनै-पनि	नगरी	आफ्नो-हात	र-राख्ने
		H3605		H3027	H8104

त्यस मानिस जसले परमप्रभुको विश्राम दिन बारे नियमहरू मान्छ उसमा परमप्रभुको कृपा रहन्छ। अनि त्यस मानिस जसले कुनै पाप कर्म गर्दैन उ खुशी हुनेछ।”

3

יַבְדִּילַנִי	הַבְדֵּל	לֵאמֹר	יְהוָה	אֶל־	הַנִּלְוָה	הַנֵּכָר	בֶּן־	יֹאמַר	וְאַל־
अलग-गर्नुहुन्छ	अलग	भनेर	परमप्रभुतिर	तिर	जो-जोडिएको-छ	छोरा	परदेशीको	भनेर	र-नभनोस्
H0914	H0914	H0559	H3068	H0413		H5236		H0559	H0408

ס	יָבֵשׁ׃	עֵץ	אֲנִי	הֵן	הַסָּרִיס	יֹאמַר	וְאַל־	עַמּוֹ	מֵעַל
—	सुकेको	रूख	म	हेर	नपुंसकले	भनेर	र-नभनोस्	आफ्ना-जनता	बाट
	H3002	H6086	H0589	H2005	H5631	H0559	H0408		

יְהוָה	
परमप्रभुले	
H3068	

केही मानिसहरू जो यहूदी होइनन् आफै परमप्रभुसँग मिल्नेछन्। तिनीहरूले भन्नु पर्दैन, “परमप्रभुले आफ्ना मानिसहरूसित मलाई ग्रहण गर्नेछैनन्।” नपुंसकले यसो भन्नुपर्दैन, “म सुख्खा काठको एउटा टुक्रा हुँ, म कुनै नानी जन्माउन सक्दिनँ।”

4

שַׁבְּתוֹתַי	אֶת־	יִשְׁמְרוּ	אֲשֶׁר	לַסָּרִיסִים	יְהוָה	אָמַר	וְכֹה	כִּי־
मेरा-विश्राम-दिनहरू	—	पालन-गर्छन्	जसले	नपुंसकहरूलाई	परमप्रभुले	भन्नुहुन्छ	भन्नुहुन्छ	किनभने-यसरी
H7676	H0853	H8104		H5631	H3068	H0559	H3541	

בְּבְרִיתִי׃	וּמַחֲזִיקִים	חָפַצְתִּי	בַּאֲשֶׁר	וּבָחֲרוּ	
मेरो-करारलाई	र-समात्छन्	इच्छा-गरेको	जो-मैले	र-रोज्छन्	
H1285	H2388			H0977	

ती नपुंसकहरूले त्यस्ता कुराहरू भन्नु पर्दैन किनभने परमप्रभुले भन्नुहुन्छ, “नपुंसक मध्ये केहीले विश्राम दिनको नियम अनुसरण गर्छन्। कार्यहरू त्यही गर्छन जो म इच्छा गर्छु अनि मेरो करार साँचो हृदयले अनुशरण गर्छन्।

5

וּמִבְחָרוֹת	מִבָּנִים	טוֹב	וְשֵׁם	יָד	וּבְחוֹמֹתַי	בְּבֵיתִי	לָהֶם	וְנָתַתִּי	
र-छोरीहरूभन्दा	छोराहरूभन्दा	असल	र-नाम	स्थान	र-मेरा-पर्खालहरूभित्र	मेरो-घरमा	तिनीहरूलाई	र-दिनेछु	
H1323			H8034	H3027	H2346			H5414	

ס	יִכָּרֵת׃	לֹא	אֲשֶׁר	לוֹ	אֶתֵּן־	עוֹלָם	שֵׁם
—	काटिनेछैन	काटिनेछैन	जुन	उसलाई	दिनेछु	अनन्त	नाम
	H3772	H3808			H5414	H5769	H8034

यसैले म तिनीहरूकोलागि स्मारक ढुङ्गा मेरो मन्दिरमा राखिदिनेछु। तिनीहरूका नाउँ मेरो शहरमा सम्झना गरिनेछ। हो, म ती नपुसंकहरूलाई केही चीज दिनेछु जुन नानीहरू भन्दा राम्रो हुन्छ। म तिनीहरूलाई नाउँ दिनेछु जुन सधैं रहनेछ। तिनीहरू मेरा मानिसहरूबाट अलग हुने छैनन्।”

6

יְהוָה	שֵׁם	אֶת־	וְלְאַהֲבָה	לְשָׁרְתוֹ	יְהוָה	עַל־	הַנִּלְוִים	הַנֵּכָר	וּבְנֵי
परमप्रभुको	नाम	—	र-प्रेम-गर्न	सेवा-गर्न	परमप्रभुतिर	तिर	जो-जोडिएका-छन्	परदेशीका	र-छोराहरू
H3068	H8034	H0853	H0157	H8334	H3068			H5236	

בְּבְרִיתִי׃	וּמַחֲזִיקִים	מֵחַלְּלוֹ	שַׁבָּת	שֹׁמֵר	כָּל־	לַעֲבָדִים	לוֹ	לִהְיוֹת
मेरो-करारलाई	र-समात्ने	अपवित्र-नपारी	विश्राम-दिन	पालन-गर्ने	हरेक	दासहरू	उहाँको	हुन
H1285	H2388		H7676	H8104	H3605	H5650		H1961

“कतिपय मानिसहरू जो यहूदीहरू होइनन उनीहरू परमप्रभुकहाँ आएर मिल्नेछन्। तिनीहरूले त्यसो गर्नेछन यसैले तिनीहरूले उहाँलाई सेवा गर्न सक्छन र परमप्रभुको नाउँलाई प्रेम गर्नेछन्। तिनीहरू उहाँका दासहरू हुनलाई आपसमा स्वयं मिल्नेछन्। तिनीहरूले शबथ विश्राम दिनलाई खास उपासनाको दिन भनेर राख्नेछन अनि लगातार मेरो कुरारलाई गहन प्रकारले अनुसरण गर्नेछन्।

7 וַהֲבִיאוֹתִים אֶל־ הַר קָדְשִׁי וְשִׂמַּחְתִּים בְּבֵית תְּפִלָּתִי עוֹלֹתֵיהֶם
र-ल्याउनेछु तिर पहाड मेरो-पवित्र र-आनन्दित-पार्नेछु घरमा मेरो-प्रार्थनाको तिनीहरूका-होमबलि
H0935 H0413 H2022 H6944 H8055 H8605

וְזִבְחֵיהֶם לְרָצוֹן עַל־ מִזְבְּחִי כִּי בֵיתִי בֵּית־ תְּפִלָּה יִקָּרֵא לְכָל־
जब किनकि जातिहरू ती न व्यवस्था भएका स्वभावले ती त्यो व्यवस्थाका गर्छन्
G3752 G1063 G1484 G3588 G3361 G3551 G2192 G5449 G3588 G3588 G3551 G4160

οὗτοι νόμον μὴ ἔχοντες ἑαυτοῖς εἰσιν νόμος,
तिनीहरू व्यवस्था न भएर-पनि आफ्नो-लागि हुन् व्यवस्था
G3778 G3551 G3361 G2192 G1438 G1510 G3551

गैर-यहूदीहरूसँग व्यवस्थानै छैन। तर जब उनीहरूले व्यवस्था अनुरूपका कुराहरू स्वभावतः गर्छन् भने तिनीहरूसँग व्यवस्था नभए ता पनि व्यवस्था भएकै बराबर हो।

15 οἵτινες ἐνδείκνυνται τὸ ἔργον τοῦ νόμου, γραπτὸν ἐν ταῖς καρδίαις
तिनीहरूले देखाउँछन् त्यो काम त्यो व्यवस्थाको लेखिएको मा तिनीहरूका हृदयहरू
G3748 G1731 G3588 G2041 G3588 G3551 G1123 G1722 G3588 G2588

αὐτῶν, συμμαρτυρούσης αὐτῶν τῆς συνειδήσεως, καὶ μεταξὺ ἀλλήλων, τῶν
तिनीहरूका साक्षी-दिँदै तिनीहरूको त्यो विवेक र बीचमा एकअर्काका तिनीहरूका
G0846 G4828 G0846 G3588 G4893 G2532 G3342 G0240 G3588

λογισμῶν κατηγορούντων ἢ καὶ ἀπολογουμένων,
विचारहरू दोष-लगाउँदै वा पनि बचाउ-गर्दै
G3053 G2723 G2228 G2532 G0626

किनकि तिनीहरूले सिद्ध गर्छन कि व्यवस्थाले भने अनुसारको कुरा उनीहरूको हृदयमा लेखिएको हुन्छ। र उनीहरूका विवेकले पनि उनीहरूलाई त्यसै भन्छ। अनि उनीहरूको कर्म अनुसारका विचारहरूले तिनलाई दोष्याउँछन वा समर्थन गर्छन्।

16 ἐν मा G1722 □ᾗ□ त्यो G3739 ἡμέρᾳ, दिन G2250 ‹ὅτε› जब G3753 κρίνει न्याय-गर्नुहुनेछ G2919 ὁ ती G3588 Θεὸς परमेश्वरले G2316 τὰ ती G3588 κρυπτὰ गुप्त-कुराहरू G2927 τῶν ती G3588 ἀνθρώπων, मानिसहरूका G0444 κατὰ अनुसार G2596 τὸ त्यो G3588 εὐαγγέλιόν सुसमाचार G2098 μου, मेरो G1473 διὰ द्वारा G1223 Χριστοῦ ख्रीष्ट G5547 Ἰησοῦ. येशू G2424

यी सम्पूर्ण कुराहरू त्यस दिनमा मात्र हुने गर्दछ जब परमेश्वरले मानिसहरूका हृदयका गुप्त कुराहरूको न्याय गर्नुहुनेछ। अनि जुन सुसमाचार म प्रचार गर्दछु, यसले यही भन्छ कि परमेशवरको न्याय ख्रीष्ट येशू द्वारा हुनेछ।

17 Εἰ यदि G1487 δὲ तर G1161 σὺ तिमी G4771 Ἰουδαῖος यहूदी G2453 ἐπονομάζῃ, भनिन्छौ G2028 καὶ र G2532 ἐπαναπαύῃ भर-पर्छौ G1879 νόμῳ, व्यवस्थामा G3551 καὶ र G2532 καυχᾶσαι घमण्ड-गर्छौ G2744 ἐν मा G1722 Θεῷ; परमेश्वर G2316

तिमी को हौ? तिमी आफैंले आफूलाई यहूदी भन्दछौ। तिमी व्यवस्थामा भरोसा गर्छौ अनि आफ्नो परमेश्वरको घमण्ड गर्छौ।

18 καὶ र G2532 γινώσκεις जान्दछौ G1097 τὸ त्यो G3588 θέλημα, इच्छा G2307 καὶ र G2532 δοκιμάζεις परख्छौ G1381 τὰ ती G3588 διαφέροντα, उत्तम-कुराहरू G1308 κατηχούμενος सिकाइएर G2727 ἐκ बाट G1537 τοῦ त्यो G3588 νόμου; व्यवस्था G3551

तिमी जान्दछौ कि परमेश्वरले तिमीहरूबाट के चाहनु हुन्छ। अनि तिमीहरू कुन कुरो मुख्य छ त्यो जान्दछौ, किनभने तिमीहरूलाई व्यवस्थाले सिकाएको छ।

19 πέποιθάς भरोसा-गर्छौ G3982 τε पनि G5037 σεαυτὸν आफैलाई G4572 ὁδηγὸν मार्गदर्शक G3595 εἶναι, हुन G1510 τυφλῶν, अन्धाहरूको G5185 φῶς ज्योति G5457 τῶν तीका G3588 ἐν मा G1722 σκότει, अन्धकार G4655

तिमीहरू सोच्दछौं कि तिमीहरू नै जनताका मार्गदर्शक हौ तर तिमीहरू ठीक मार्ग जान्दैनौ। तिमी सोच्दछौ कि तिमीहरू जनताको निम्ति ज्योति हौं तर आफू स्वयं नै अन्धकारमा छौ।

20 παιδευτὴν शिक्षक G3810 ἀφρόνων, मूर्खहरूका G0878 διδάσκαλον गुरु G1320 νηπίων, बालकहरूका G3516 ἔχοντα भएको G2192 τὴν त्यो G3588 μόρφωσιν रूप G3446 τῆς त्यो G3588 γνώσεως ज्ञान G1108 καὶ र G2532 τῆς त्यो G3588 ἀληθείας सत्यको G0225 ἐν मा G1722 τῷ त्यो G3588 νόμῳ-- व्यवस्थामा G3551

तिमीले आफूलाई ती अज्ञानी मानिसहरूलाई सही कुरा सिकाउने भनेर सम्झन्छौ। अनि तिमीहरू आफूलाई मानिसहरूका उपदेशक भनेर ठान्दछौ जसले धेरै सिक्नु परेको छ। तिमीहरूसँग व्यवस्था छ यसैले तिमीहरू सोच्दछौ की सबै कुराहरू जान्दछौं र सबै सत्य तिमीहरूसँगै छ।

21 ὁ तो G3588 οὖν अब G3767 διδάσκων सिकाउने G1321 ἕτερον, अरूलाई G2087 σεαυτὸν आफैलाई G4572 οὐ किन-न G3756 διδάσκεις? सिकाउँछौ G1321 ὁ तू G3588 κηρύσσων, प्रचार-गर्ने G2784 μὴ न G3361 κλέπτειν, चोर्नू G2813 κλέπτεις? चोर्छौ G2813

तिमीहरूले अन्य मानिसहरूलाई सिकाउँदैछौ। यसकारण तिमीहरू आफैंलाई किन पढाउँदैनौ? तिमीहरू अरूलाई नचोर भन्छौ तर आफैंचाहिँ चोर्दैछौं?

22 ὁ तू G3588 | λέγων भन्ने G3004 | μὴ न G3361 | μοιχεύειν, व्यभिचार–गर्नू G3431 | μοιχεύεις? व्यभिचार–गर्छौं G3431 | ὁ तू G3588 | βδελυσσόμενος घृणा–गर्ने G0948 | τὰ ती G3588 | εἴδωλα, मूर्तिहरू G1497

ἱεροσυλεῖς?
मन्दिर–लुट्छौ
G2416

तिमीहरू मानिसहरूलाई व्यभिचारको पाप नगर्नु भन्छौ। तर तिमीहरू आफैं चाँहि त्यस्ता पाप गर्दछौ। तिमीहरू मूर्ती-पूजालाई घृणा गर्दछौ। तर तिमीहरू आफैं मूर्तिका मन्दिरहरूको धन किन लुट्छौ?

23 ὃς जो G3739 | ἐν मा G1722 | νόμῳ व्यवस्थामा G3551 | καυχᾶσαι, घमण्ड–गर्छौं G2744 | διὰ द्वारा G1223 | τῆς त्यो G3588 | παραβάσεως उल्लङ्घन G3847 | τοῦ त्यो G3588 | νόμου, व्यवस्थाको G3551 | τὸν त्यो G3588 | Θεὸν परमेश्वरलाई G2316

ἀτιμάζεις?
अपमान–गर्छौं
G0818

परमेश्वरको व्यवस्थाको विषयमा तिमीहरू घमण्ड गर्छौं। तर तिमीहरूले परमेश्वरको व्यवस्था भङ्ग गरेर उहाँलाई अनादर गर्छौं।

24 τὸ त्यो G3588 | γὰρ किनकि G1063 | ὄνομα नाउँ G3686 | τοῦ त्यो G3588 | Θεοῦ परमेश्वरको G2316 | δι’ द्वारा G1223 | ὑμᾶς तिमीहरू G4771 | βλασφημεῖται निन्दा–गरिन्छ G0987 | ἐν मा G1722 | τοῖς ती G3588 | ἔθνεσιν, जातिहरूमा G1484

καθὼς जसरी G2531 | γέγραπται. लेखिएको–छ G1125

धर्मशास्त्रमा लेखिएको छः “तिमीहरूको कारणले, अन्य गैर-यहूदीहरूद्वारा परमेश्वरको अपमान भएको छ।”

25 περιτομὴ खतना G4061 | μὲν त G3303 | γὰρ किनकि G1063 | ὠφελεῖ, लाभदायक–छ G5623 | ἐὰν यदि G1437 | νόμον व्यवस्था G3551 | πράσσῃς; पालन–गर्छौं G4238 | ἐὰν यदि G1437 | δὲ तर G1161 | παραβάτης उल्लङ्घनकर्ता G3848

νόμου व्यवस्थाको G3551 | ᾖς, भयौ G1510 | ἡ त्यो G3588 | περιτομή खतना G4061 | σου, तिम्रो G4771 | ἀκροβυστία अखतना G0203 | γέγονεν. भएको–छ G1096

यदि तिमीहरूले व्यवस्था अनुसरण गरेको भए तिमीहरूको खतनाको माने रहने थियो। तर यदि तिमीहरूले व्यवस्था भङ्ग गर्यौ भने तिमीहरू कहिल्यै खतना नभएको ठर्हने छौ।

26 ἐὰν यदि G1437 | οὖν अब G3767 | ἡ त्यो G3588 | ἀκροβυστία, अखतना G0203 | τὰ ती G3588 | δικαιώματα विधिहरू G1345 | τοῦ त्यो G3588 | νόμου व्यवस्थाका G3551 | φυλάσσῃ, पालन–गर्छ G5442 | οὐχ के–न G3756

ἡ त्यो G3588 | ἀκροβυστία अखतना G0203 | αὐτοῦ, उसको G0846 | εἰς मा G1519 | περιτομὴν खतना G4061 | λογισθήσεται? गणना–हुनेछ G3049

गैर-यहूदीहरूको खतना भएको हुँदैन। तर यदि तिनीहरूले व्यवस्था अनुसार त्यसो गरे भने तिनीहरू खतना भएका ठहर्दछन्।

27 καὶ र G2532 | κρινεῖ न्याय–गर्नेछ G2919 | ἡ त्यो G3588 | ἐκ बाट G1537 | φύσεως स्वभाव G5449 | ἀκροβυστία, अखतना G0203 | τὸν त्यो G3588 | νόμον, व्यवस्था G3551 | τελοῦσα, पूरा–गर्दै G5055 | σὲ तिमीलाई G4771 | τὸν जसले G3588

διὰ द्वारा G1223 | γράμματος अक्षर G1121 | καὶ र G2532 | περιτομῆς, खतना G4061 | παραβάτην उल्लङ्घनकर्ता G3848 | νόμου? व्यवस्थाको G3551

तिमी यहूदीहरूसँग लिखित व्यवस्था र खतना छ, तर तिमीहरूले व्यवस्था भङ्ग गर्यौ। यसकारण ती मानिसहरू जसको शारीरिक खतना भएको छैन, तर तिनीहरूले व्यवस्थालाई मान्दछन्, यसले तिमीहरू दोषी भएको देखाउँदछ।

28 οὐ γὰρ ὁ ἐν, τῷ φανερῷ Ἰουδαῖός ἐστιν; οὐδὲ ἡ ἐν, τῷ
होइन किनकि त्यो मा त्यो बाहिरी यहूदी हो न-त त्यो मा त्यो
G3756 G1063 G3588 G1722 G3588 G5318 G2453 G1510 G3761 G3588 G1722 G3588

φανερῷ ἐν σαρκὶ περιτομή;
बाहिरी मा शरीर खतना
G5318 G1722 G4561 G4061

यदि एक मानिस शारीरिक रूपले मात्र यहूदी हो भने ऊ साँचो अर्थमा यहूदी होइन। सत्य खतना शारिरिक खतना मात्र होइन।

29 ἀλλ’ ὁ ἐν τῷ κρυπτῷ Ἰουδαῖος; καὶ περιτομὴ καρδίας, ἐν
तर त्यो मा त्यो भित्री यहूदी र खतना हृदयको मा
G0235 G3588 G1722 G3588 G2927 G2453 G2532 G4061 G2588 G1722

πνεύματι, οὐ γράμματι; οὗ ὁ ἔπαινος οὐκ ἐξ ἀνθρώπων, ἀλλ’ ἐκ
आत्मा होइन अक्षर जसको त्यो प्रशंसा होइन बाट मानिसहरू तर बाट
G4151 G3756 G1121 G3739 G3588 G1868 G3756 G1537 G0444 G0235 G1537

τοῦ Θεοῦ.
त्यो परमेश्वर
G3588 G2316

एक मानिस मनको भित्री तहबाट मात्र साँचो यहूदी हुँदछ। साँचो खतना आत्माद्वारा हृदयमा भएको हुँदछ विधानद्वारा होइन। यो आत्माले गरेको हुँदछ, लिखित व्यवस्थाले गरेको हुँदैन। हृदयमा खतना भएको मानिसले मात्र परमेश्वरबाट प्रशंसा पाउँदछ, अनि मानिसहरूबाट होइन।

Chapter 3

1 Τί οὖν τὸ περισσὸν τοῦ Ἰουδαίου? ἢ τίς ἡ ὠφέλεια τῆς
के अब त्यो विशेषता यहूदीको वा के त्यो लाभ त्यो
G5101 G3767 G3588 G4053 G3588 G2453 G2228 G5101 G3588 G5622 G3588

περιτομῆς?
खतनाको
G4061

यसकारण के यहूदीहरूमा अन्य गैर-यहूदीहरूमा नभएको कुरा छ त? खतनामा के विशेषता छ?

2 πολὺ κατὰ πάντα τρόπον, πρῶτον μὲν γὰρ ὅτι ἐπιστεύθησαν τὰ λόγια
धेरै अनुसार सबै तरिकाले पहिले त किनकि कि सौंपिएको-थियो ती वचनहरू
G4183 G2596 G3956 G5158 G4412 G3303 G1063 G3754 G4100 G3588 G3051

τοῦ Θεοῦ.
त्यो परमेश्वरका
G3588 G2316

हो, यहूदीहरूसँग धेरै विशेष कुराहरू छन्। मुख्य कुरा यो होः परमेश्वरले आफ्ना शिक्षाहरूबाट यहूदीहरूलाई विश्वास गर्नु भयो।

3 τί γάρ εἰ ἠπίστησάν τινες? μὴ ἡ ἀπιστία αὐτῶν, τὴν πίστιν
के किनकि यदि अविश्वासी-भए केही के त्यो अविश्वास तिनीहरूको त्यो विश्वसनीयता
G5101 G1063 G1487 G0569 G5100 G3361 G3588 G0570 G0846 G3588 G4102

τοῦ Θεοῦ καταργήσει?
त्यो परमेश्वरको रद्द-गर्नेछ
G3588 G2316 G2673

यो सत्य हो कि कतिपय यहूदीहरू परमेश्वरको आज्ञाकारी थिएनन्। तर त्यसले के परमेश्वर भाकल पूरा गर्न रोक्नेछ?

4	μὴ	γένοιτο!	γινέσθω	δὲ	ὁ	Θεὸς	ἀληθής,	πᾶς	δὲ	ἄνθρωπος	
	कदापि-न	होस्	होस्	बरु	ती	परमेश्वर	सत्य	हरेक	तर	मानिस	
	G3361	G1096	G1096	G1161	G3588	G2316	G0227	G3956	G1161	G0444	
	ψεύστης,	καθὼς	γέγραπται,	Ὅπως	ἂν	δικαιωθῇς	ἐν	τοῖς	λόγοις	σου,	καὶ
	झूटो	जसरी	लेखिएको-छ	ताकि	नै	धर्मी-ठहरिनेछौ	मा	तिम्रा	वचनहरू	तिम्रा	र
	G5583	G2531	G1125	G3704	G0302	G1344	G1722	G3588	G3056	G4771	G2532
	νικήσεις	ἐν	τῷ	κρίνεσθαί	σε.						
	जित्नेछौ	मा	त्यो	न्याय-हुँदा	तिम्रो						
	G3528	G1722	G3588	G2919	G4771						

अहँ! परमेश्वर सत्य भएरै रहनु हुन्छ, सबै मानिसहरू झूटो भए पनि। धर्मशास्त्रमा लेखिएको छ, “तिमीहरू आफ्ना वचनमा सच्चा प्रमाणित हुनेछौ जब बोल्दछौ, अनि तिमीहरूले जित्नेछौ जब तिनीहरूको न्याय हुनेछ।” भजनसंग्रह 51:4

5	εἰ	δὲ	ἡ	ἀδικία	ἡμῶν,	Θεοῦ	δικαιοσύνην	συνίστησιν,	τί	ἐροῦμεν?	
	यदि	तर	त्यो	अधर्म	हाम्रो	परमेश्वरको	धार्मिकता	पुष्टि-गर्छ	के	भन्नेछौं	
	G1487	G1161	G3588	G0093	G1473	G2316	G1343	G4921	G5101	G2046	
	μὴ	ἄδικος	ὁ	Θεὸς,	ὁ	ἐπιφέρων	τὴν	ὀργήν?	κατὰ	ἄνθρωπον	λέγω.
	के	अन्यायी	ती	परमेश्वर	जसले	ल्याउनुहुन्छ	त्यो	क्रोध	अनुसार	मानवीय	भन्छु
	G3361	G0094	G3588	G2316	G3588	G2018	G3588	G3709	G2596	G0444	G3004

जब हामी गल्ती गर्छौं, त्यसले परमेश्वर सही हुनुहुन्छ भन्ने कुरा अझ स्पष्ट पार्दछ। यसकारण के हामी भन्न सक्छौ कि परमेश्वरले हामीलाई दण्ड दिनु हुँदा उहाँ बेठीक बनिनु हुन्छ? म मानव विचारको अनुसार बोल्दैछु।

6	μὴ	γένοιτο!	ἐπεὶ	πῶς	κρινεῖ	ὁ	Θεὸς	τὸν	κόσμον?
	कदापि-न	होस्	नत्र	कसरी	न्याय-गर्नेछ	ती	परमेश्वरले	त्यो	संसारलाई
	G3361	G1096	G1893	G4459	G2919	G3588	G2316	G3588	G2889

होइन! यदि परमेश्वरले हामीलाई दण्ड दिन सक्नु भएन भने, उहाँले संसारलाई न्याय गर्न सक्नु हुन्न।

7	εἰ	δὲ	ἡ	ἀλήθεια	τοῦ	Θεοῦ,	ἐν	τῷ	ἐμῷ	ψεύσματι,	ἐπερίσσευσεν
	यदि	तर	त्यो	सत्य	त्यो	परमेश्वरको	मा	त्यो	मेरो	झूट	बढेको-छ
	G1487	G1161	G3588	G0225	G3588	G2316	G1722	G3588	G1699	G5582	G4052
	εἰς	τὴν	δόξαν	αὐτοῦ,	τί	ἔτι	κἀγὼ	ὡς	ἁμαρτωλὸς	κρίνομαι?	
	को-लागि	त्यो	महिमा	उहाँको	किन	अझै	म-पनि	जस्तो	पापी	न्याय-हुन्छु	
	G1519	G3588	G1391	G0846	G5101	G2089	G2504	G5613	G0268	G2919	

कुनै मानिसले भन्न सक्ला, “जब म झुटो बोल्छु, यसले परमेश्वरलाई अझै बडी महिमा दिँदछ, किनभने मेरो झूटले परमेश्वरको सत्यलाई प्रकट गर्दछ। यसकारण म किन पापीको रूपमा न्याय गरिनु?”

8	καὶ	μὴ,	καθὼς	βλασφημούμεθα,	καὶ	καθώς	φασίν	τινες	ἡμᾶς	λέγειν,	ὅτι
	र	किन	जसरी	निन्दा-गरिन्छ	र	जसरी	भन्छन्	केहीले	हामीलाई	भन्न	कि
	G2532	G3361	G2531	G0987	G2532	G2531	G5346	G5100	G1473	G3004	G3754
	Ποιήσωμεν	τὰ	κακὰ,	ἵνα	ἔλθῃ	τὰ	ἀγαθά?	ὧν	τὸ	κρίμα	ἔνδικόν
	गरौं	ती	खराब	ताकि	आओस्	ती	असल	जसको	त्यो	न्याय	उचित
	G4160	G3588	G2556	G2443	G2064	G3588	G0018	G3739	G3588	G2917	G1738
	ἐστιν.										
	छ										
	G1510										

तब हामी भन्न सक्छौ, “हामीले दुष्ट काम गर्न पर्छ ताकि असल चीज आउला।” कतिपय मानिसहरूले हामीलाई निन्दा गर्दै भन्छन् कि हामी नै त्यस्तो कुरा सिकाउँछौ। ती भर्तसना हुनै पर्छ।

9	Τί	οὖν?	προεχόμεθα?	οὐ	πάντως;	προητιασάμεθα	γὰρ,	Ἰουδαίους	τε		
	के	अब	हामी-उत्तम-छौं	केही-न	होइन	आरोप-गरिसक्यौं	किनकि	यहूदीहरू	पनि		
	G5101	G3767	G4284	G3756	G3843	G4256	G1063	G2453	G5037		
	καὶ	Ἕλληνας,	πάντας	ὑφ’	ἁμαρτίαν	εἶναι.					
	र	ग्रीकहरू	सबै	मुनि	पाप	छन्					
	G2532	G1672	G3956	G5259	G0266	G1510					

यसकारण हामी यहूदीहरू के अन्य मानिसहरू भन्दा श्रेष्ट छौं? होइन, कदापि छैनौं। हामीले पहिल्यै भनिसकेका छौं कि यहूदीहरू र गै-यहूदीहरू सबै समानरूपले पापको शक्ति मुनि छौं।

10 καθὼς γέγραπται, ὅτι Οὐκ ἔστιν δίκαιος, οὐδὲ εἷς;
जसरी लेखिएको-छ कि छैन छ धर्मी एक-पनि छैन
G2531 G1125 G3754 G3756 G1510 G1342 G3761 G1520

धर्मशास्त्रले भन्दछ, "त्यहाँ पापरहित मानिस कोही छैनन्। एउटै पनि छैनन्!

11 οὐκ ἔστιν ὁ συνίων; οὐκ ἔστιν ὁ ἐκζητῶν τὸν Θεόν.
छैन छ कोही बुझ्ने छैन छ कोही खोज्ने त्यो परमेश्वरलाई
G3756 G1510 G3588 G4920 G3756 G1510 G3588 G1567 G3588 G2316

त्यहाँ कोही बुझ्झकी मानिस छैनन्। त्यहाँ परमेश्वरको खोजी गर्ने एकैजना पनि छैन।

12 πάντες ἐξέκλιναν, ἅμα ἠχρεώθησαν; οὐκ ἔστιν ὁ ποιῶν χρηστότητα, οὐκ
सबैले भ्रष्ट-भए सँगै निकम्मा-भए छैन छ कोही गर्ने भलाइ छैन
G3956 G1578 G0260 G0889 G3756 G1510 G3588 G4160 G5544 G3756

ἔστιν ἕως ἑνός.
छ सम्म एक-पनि
G1510 G2193 G1520

सबैले परमेश्वरपट्टि पीठ फर्काएका छन्, अनि सबै बेकम्मा भएका छन्। असल कर्म गर्ने कोही छैन। एकैजना पनि छैन।" भजनसंग्रह 14:1-3

13 τάφος ἀνεῳγμένος ὁ λάρυγξ αὐτῶν; ταῖς γλώσσαις αὐτῶν ἐδολιοῦσαν;
चिहान खुल्ला हो गला तिनीहरूको तिनीहरूका जिब्रोहरूले तिनीहरूका छल-गरे
G5028 G0455 G3588 G2995 G0846 G3588 G1100 G0846 G1387

ἰὸς ἀσπίδων ὑπὸ τὰ χείλη αὐτῶν;
विष सर्पहरूको मुनि ती ओठहरू तिनीहरूका
G2447 G0785 G5259 G3588 G5491 G0846

"मानिसहरूका मुख खुल्ला चिहानहरू जस्ता छन्। तिनीहरू आफ्ना जिब्रोले अरूलाई धोका दिंदछन्।" भजनसंग्रह 5:9 "तिनीहरूले जुन कुराहरू भन्दछन् ती सर्पका विष जस्ता हुँदछन्।" भजनसंग्रह 140:3

14 ὧν τὸ στόμα, ἀρᾶς καὶ πικρίας γέμει;
जसको त्यो मुख श्राप र तितोपन भरिएको-छ
G3739 G3588 G4750 G0685 G2532 G4088 G1073

"तिनीहरूका मुखहरू श्राप र तीतोपनले भरिपूर्ण छन्।" भजनसंग्रह 10:7

15 ὀξεῖς οἱ πόδες αὐτῶν, ἐκχέαι αἷμα;
छिटो तिनीहरूका खुट्टाहरू तिनीहरूका बहाउन रगत
G3691 G3588 G4228 G0846 G1632 G0129

"तिनीहरूका खुट्टा हत्या गर्नमा छीटो कुद्दछन्।

16 σύντριμμα καὶ ταλαιπωρία ἐν ταῖς ὁδοῖς αὐτῶν;
विनाश र दुःख मा तिनीहरूका बाटोहरू तिनीहरूका
G4938 G2532 G5004 G1722 G3588 G3598 G0846

जता-जता तिनीहरू जान्छन् त्यहाँ सर्वनाश र विपत्ति ल्याउँदछन्।

17 καὶ ὁδὸν εἰρήνης οὐκ ἔγνωσαν;
र बाटो शान्तिको छैन चिने
G2532 G3598 G1515 G3756 G1097

तिनीहरू शान्तिको बाटो जान्दैनन्।" यशैया 59:7-8

18 οὐκ ἔστιν φόβος Θεοῦ ἀπέναντι τῶν ὀφθαλμῶν αὐτῶν.
छैन छ डर परमेश्वरको अगाडि तिनीहरूका आँखाहरू तिनीहरूका
G3756 G1510 G5401 G2316 G0561 G3588 G3788 G0846

"तिनीहरूमा परमेश्वरको डर र सम्मान छैन।" भजनसंग्रह 36:1

19 Οἴδαμεν δὲ, ὅτι ὅσα ὁ νόμος λέγει, τοῖς ἐν τ�ῷ νόμῳ λαλεῖ,
जान्दछौं अनि कि जे-जे ती व्यवस्थाले भन्छ तीलाई मा त्यो व्यवस्थामा बोल्छ
G1492 G1161 G3754 G3745 G3588 G3551 G3004 G3588 G1722 G3588 G3551 G2980

ἵνα πᾶν στόμα φραγῇ, καὶ ὑπόδικος γένηται πᾶς ὁ κόσμος τῷ
ताकि हरेक मुख बन्द-होस् र दोषी होस् सारा त्यो संसार त्यो
G2443 G3956 G4750 G5420 G2532 G5267 G1096 G3956 G3588 G2889 G3588

Θεῷ.
परमेश्वरको
G2316

हामी जान्दछौं कि व्यवस्थाले भने झैं, त्यो व्यवस्थाकै अधीनमा हुनेहरूलाई हो। यसले सारा मानवीय बहानाहरूको अन्त गर्नेछ सम्पूर्ण संसारलाई परमेश्वरको न्यायको अधीनमा ल्याउने छ।

20 διότι ἐξ ἔργων νόμου, οὐ δικαιωθήσεται πᾶσα σὰρξ ἐνώπιον αὐτοῦ; διὰ
किनभने बाट कामहरू व्यवस्थाका होइन धर्मी-ठहरिनेछ सबै शरीर अगाडि उहाँको द्वारा
G1360 G1537 G2041 G3551 G3756 G1344 G3956 G4561 G1799 G0846 G1223

γὰρ νόμου ἐπίγνωσις ἁμαρτίας.
किनकि व्यवस्था ज्ञान पापको
G1063 G3551 G1922 G0266

किनभने व्यवस्थालाई पछ्याएर कोही पनी परमेश्वरको अघि धर्मी हुन सक्तैन। व्यवस्थाले हाम्रो पापलाई मात्र औंल्याउँछ।

21 Νυνὶ δὲ, χωρὶς νόμου, δικαιοσύνη Θεοῦ πεφανέρωται, μαρτυρουμένη ὑπὸ
अब तर बिना व्यवस्था धार्मिकता परमेश्वरको प्रकट-भएको-छ साक्षी-दिइएको द्वारा
G3570 G1161 G5565 G3551 G1343 G2316 G5319 G3140 G5259

τοῦ νόμου καὶ τῶν προφητῶν;
त्यो व्यवस्था र ती अगमवक्ताहरू
G3588 G3551 G2532 G3588 G4396

तर अब व्यवस्था बिना नै मानिसहरूलाई धार्मिक बनाउने परमेश्वरको नयाँ बाटो देखा परेको छ। व्यवस्था र अगमवक्ताहरूले हामीलाई त्यस नयाँ बाटोको विषयमा भनेका छन्।

22 δικαιοσύνη δὲ Θεοῦ διὰ πίστεως Ἰησοῦ Χριστοῦ, εἰς πάντας τοὺς
धार्मिकता अनि परमेश्वरको द्वारा विश्वास येशू ख्रीष्टको को-लागि सबै ती
G1343 G1161 G2316 G1223 G4102 G2424 G5547 G1519 G3956 G3588

πιστεύοντας. οὐ γάρ ἐστιν διαστολή.
विश्वास-गर्नेहरू छैन किनकि छ भिन्नता
G4100 G3756 G1063 G1510 G1293

परमेश्वरले हामीलाई येशू ख्रीष्टमा विश्वासको माध्यमद्वारा धर्मी बनाउनु हुन्छ। परमेश्वरले कुनै पक्षपात बिना नै सबैलाई धर्मी बनाउनु हुन्छ जसले ख्रीष्टमा विश्वास गर्छ।

23 πάντες γὰρ ἥμαρτον καὶ ὑστεροῦνται τῆς δόξης τοῦ Θεοῦ,
सबैले किनकि पाप-गरे र चुक्छन् त्यो महिमा त्यो परमेश्वरको
G3956 G1063 G0264 G2532 G5302 G3588 G1391 G3588 G2316

सबै मानिसहरूले पाप गरेका छन् अनि परमेश्वरको महिमासम्म पुग्न चुकेका छन्।

24 δικαιούμενοι δωρεὰν τῇ αὐτοῦ χάριτι, διὰ τῆς ἀπολυτρώσεως τῆς ἐν
धर्मी-ठहरिन्छन् सितै उहाँको उहाँको अनुग्रहले द्वारा त्यो छुटकारा त्यो मा
G1344 G1432 G3588 G0846 G5485 G1223 G3588 G0629 G3588 G1722

Χριστῷ Ἰησοῦ,
ख्रीष्ट येशू
G5547 G2424

मानिसहरू परमेश्वरको अनुग्रहद्वारा धर्मी बनाइए। यो सित्तैको उपहार हो। येशू ख्रीष्टको माध्यमद्वारा परमेश्वरले मानिसहरूलाई पापबाट मुक्त गराउँदै धर्मी बनाउनु हुन्छ।

25	ὃν	προέθετο	ὁ	Θεὸς	ἱλαστήριον,	διὰ	[τῆς]	πίστεως	ἐν	τῷ	αὐτοῦ
	जसलाई	राख्नुभयो	ती	परमेश्वरले	प्रायश्चित्त	द्वारा	त्यो	विश्वास	मा	त्यो	उहाँको
	G3739	G4388	G3588	G2316	G2435	G1223	G3588	G4102	G1722	G3588	G0846

αἵματι,	εἰς	ἔνδειξιν	τῆς	δικαιοσύνης	αὐτοῦ,	διὰ	τὴν	πάρεσιν	τῶν
रगत	को-लागि	प्रमाण	त्यो	धार्मिकता	उहाँको	कारणले	त्यो	क्षमा	ती
G0129	G1519	G1732	G3588	G1343	G0846	G1223	G3588	G3929	G3588

προγεγονότων	ἁμαρτημάτων --
पहिले-गरिएका	पापहरू
G4266	G0265

परमेश्वरले हामीहरूका पापहरूको छुटकाराको निम्ति येशुलाई पठाउनु भयो। तिनीहरूका विश्वासको कारणले परमेश्वरले येशूका रगतद्वारा मानिसहरूलाई पापको क्षमा दिनुहुन्छ। उहाँ धार्मिक हुनुहुन्छ भन्ने देखाउनलाई परमेश्वरले यसो गर्नु भयो। आफ्नो धैर्यको कारणले परमेश्वरले मानिसहरूलाई तिनीहरूले गरेका पापहरूको निम्ति सजाय दिनु भएन।

26	ἐν	τῇ	ἀνοχῇ	τοῦ	Θεοῦ;	πρὸς	τὴν	ἔνδειξιν	τῆς	δικαιοσύνης	αὐτοῦ
	मा	त्यो	सहनशीलता	त्यो	परमेश्वरको	को-लागि	त्यो	प्रमाण	त्यो	धार्मिकता	उहाँको
	G1722	G3588	G0463	G3588	G2316	G4314	G3588	G1732	G3588	G1343	G0846

ἐν	τῷ	νῦν	καιρῷ,	εἰς	τὸ	εἶναι	αὐτὸν	δίκαιον,	καὶ	δικαιοῦντα
मा	त्यो	अहिलेको	समय	को-लागि	त्यो	हुन	उहाँ	धर्मी	र	धर्मी-ठहराउने
G1722	G3588	G3568	G2540	G1519	G3588	G1510	G0846	G1342	G2532	G1344

τὸν	ἐκ	πίστεως	Ἰησοῦ.
त्यसलाई	बाट	विश्वास	येशूको
G3588	G1537	G4102	G2424

अहिले पनि उहाँ धार्मिक नै हुनुहुन्छ भन्ने देखाउन परमेश्वरले यसो गर्नु भयो। परमेश्वरले यस्तो देखाउन गर्नुभयो कि उहाँ न्यायी हुनुहुन्छ र येशूमा उनीहरूको विश्वासद्वारा मानिसहरूलाई धार्मिक पनि बनाउन सक्नु हुन्छ।

27	Ποῦ	οὖν	ἡ	καύχησις?	ἐξεκλείσθη.	διὰ	ποίου	νόμου?	τῶν	ἔργων?	οὐχί,
	कहाँ	अब	त्यो	घमण्ड	बहिष्कृत-भयो	द्वारा	कुन	व्यवस्था	ती	कामहरूको	होइन
	G4226	G3767	G3588	G2746	G1576	G1223	G4169	G3551	G3588	G2041	G3780

ἀλλὰ	διὰ	νόμου	πίστεως.
तर	द्वारा	व्यवस्था	विश्वासको
G0235	G1223	G3551	G4102

यसकारण हामीले आफैंले त्यस्तो घमण्ड गर्ने कुनै ठाउँ छ? अहँ, कुनै ठाउँ छैन। किन ठाउँ छैन? किनभने यो विश्वासको मार्ग हो अथवा व्यवस्थाको मार्ग हो।

28	λογιζόμεθα	γὰρ	δικαιοῦσθαι	πίστει	ἄνθρωπον,	χωρὶς	ἔργων	νόμου.
	ठान्छौं	किनकि	धर्मी-ठहरिन्छ	विश्वासद्वारा	मानिस	बिना	कामहरू	व्यवस्थाको
	G3049	G1063	G1344	G4102	G0444	G5565	G2041	G3551

किन? किनभने हामी विश्वास गर्दछौं कि एउटा मानिसलाई व्यवस्था विनै विश्वासद्वारा धार्मिक बनाइन्छ। अनि हामी यही विश्वास गर्छौं।

29	ἢ	Ἰουδαίων	ὁ	Θεὸς	μόνον,	οὐχὶ	καὶ	ἐθνῶν?	ναὶ,	καὶ	ἐθνῶν,
	वा	यहूदीहरूको	ती	परमेश्वर	मात्र	होइन	पनि	जातिहरूको	हो	पनि	जातिहरूको
	G2228	G2453	G3588	G2316	G3440	G3780	G2532	G1484	G3483	G2532	G1484

परमेश्वर यहूदीहरूका मात्र परमेश्वर हुनुहुन्न। उहाँ गैर-यहूदीहरूका पनि परमेश्वर हुनुहुन्छ।

30 εἴπερ εἷς ὁ Θεός ὃς δικαιώσει περιτομὴν ἐκ πίστεως, καὶ
वास्तवमा एउटा ती परमेश्वर जसले धर्मी–ठहराउनेछ खतनालाई बाट विश्वास र
G1512 G1520 G3588 G2316 G3739 G1344 G4061 G1537 G4102 G2532

ἀκροβυστίαν διὰ τῆς πίστεως.
अखतनालाई द्वारा त्यो विश्वास
G0203 G1223 G3588 G4102

परमेश्वर एउटै मात्र हुनुहुन्छ। उहाँले यहूदीहरूलाई तिनीहरूका विश्वासद्वारा धर्मी बनाउनु हुनेछ। त्यसरी नै गैर-यहूदीहरूलाई पनि तिनीहरूको विश्वासद्वारा धर्मी बनाउनुहुनेछ।

31 νόμον οὖν καταργοῦμεν διὰ τῆς πίστεως? μὴ γένοιτο! ἀλλὰ νόμον
व्यवस्था अब रद्द–गर्छौं द्वारा त्यो विश्वास कदापि–न होस् तर व्यवस्था
G3551 G3767 G2673 G1223 G3588 G4102 G3361 G1096 G0235 G3551

ἱστάνομεν.
स्थापित–गर्छौं
G2476

यसकारण हामीले विश्वासको बाटोमा लागेर व्यवस्था नष्ट गरिदिनु? होइन! विश्वासले हामीलाई त्यही बनाउँछ जुन व्यवस्थाले चाहन्छ।

Chapter 4

1 Τί οὖν ἐροῦμεν, εὑρηκέναι Ἀβραὰμ, τὸν προπάτορα ἡμῶν, κατὰ σάρκα?
के अब भन्नेछौं पायो अब्राहामले पूर्वज हाम्रा अनुसार शरीर
G5101 G3767 G2046 G2147 G0011 G3588 G3962 G1473 G2596 G4561

यसकारण हाम्रा मानिसहरूका पुर्खा अब्राहाम बारे हामी के निष्कर्षमा पुग्छौं? विश्वासको बारेमा उनले के सिके?

2 εἰ γὰρ Ἀβραὰμ ἐξ ἔργων ἐδικαιώθη, ἔχει καύχημα, ἀλλ’ οὐ πρὸς
यदि किनकि अब्राहाम बाट कामहरू धर्मी–ठहरिएको–भए उससँग घमण्ड तर होइन अगाडि
G1487 G1063 G0011 G1537 G2041 G1344 G2192 G2745 G0235 G3756 G4314

Θεόν.
परमेश्वर
G2316

यदि उनले गरेकै कर्मबाट धार्मिक बनाइएको हो भने, तब उनले घमण्ड गर्ने कारण थियो। तर अब्राहामले परमेश्वरको सामु घमण्ड गर्न सकेनन्।

3 τί γὰρ ἡ γραφὴ λέγει? Ἐπίστευσεν δὲ Ἀβραὰμ τῷ Θεῷ, καὶ
के किनकि त्यो धर्मशास्त्रले भन्छ विश्वास–गऱ्यो अनि अब्राहामले त्यो परमेश्वरमा र
G5101 G1063 G3588 G1124 G3004 G4100 G1161 G0011 G3588 G2316 G2532

ἐλογίσθη αὐτῷ εἰς δικαιοσύνην.
गणना–गरियो उसलाई को–लागि धार्मिकता
G3049 G0846 G1519 G1343

धर्माशास्त्रले भन्छ, “अब्राहामले परमेश्वरमाथि विश्वास गरे। अनि उनको विश्वास परमेश्वरले एक धर्मीको रूपमा गन्नुभयो।” + 4:3 उत्पत्ति 15:6 बाट उद्धृत गरिएको।

4 τῷ δὲ ἐργαζομένῳ, ὁ μισθὸς οὐ λογίζεται κατὰ χάριν, ἀλλὰ κατὰ
त्यो तर काम–गर्नेलाई त्यो ज्याला होइन गणना–हुन्छ अनुसार अनुग्रह तर अनुसार
G3588 G1161 G2038 G3588 G3408 G3756 G3049 G2596 G5485 G0235 G2596

ὀφείλημα.
दायित्व
G3783

जब कुनै मानिसले काम गर्दछ, उसलाई उपहारको रूपमा ज्याला दिइँदैन। उसले पाउनु पर्ने ज्याला कमाउँछ।

5	τῷ	δὲ	μὴ	ἐργαζομένῳ,	πιστεύοντι	δὲ	ἐπὶ	τὸν	δικαιοῦντα	τὸν
	त्यसलाई	तर	न	काम-गर्ने	विश्वास-गर्ने	तर	माथि	त्यो	धर्मी-ठहराउने	त्यो
	G3588	G1161	G3361	G2038	G4100	G1161	G1909	G3588	G1344	G3588

ἀσεβῆ,	λογίζεται	ἡ	πίστις	αὐτοῦ	εἰς	δικαιοσύνην,	
अभक्तलाई	गणना-हुन्छ	त्यो	विश्वास	उसको	को-लागि	धार्मिकता	
G0765	G3049	G3588	G4102	G0846	G1519	G1343	

कसैले त्यस्तो काम गर्न सक्दैन जसले उसलाई धर्मी बनाउनेछ। यसैले मानिसले परमेश्वरमा विश्वास गर्नु पर्दछ जसले उसलाई धर्मी बनाउनुहुन्छ। तब परमेश्वरले उसको विश्वास ग्रहण गर्नुहुन्छ र उसलाई धर्मी बनाउनु हुन्छ।

6	καθάπερ	καὶ	Δαυὶδ	λέγει	τὸν	μακαρισμὸν	τοῦ	ἀνθρώπου	ᾧ	ὁ	Θεὸς
	जसरी	पनि	दाऊदले	भन्छन्	त्यो	धन्यता	त्यो	मानिसको	जसलाई	ती	परमेश्वरले
	G2509	G2532	G1138	G3004	G3588	G3108	G3588	G0444	G3739	G3588	G2316

λογίζεται	δικαιοσύνην	χωρὶς	ἔργων:	
गणना-गर्नुहुन्छ	धार्मिकता	बिना	कामहरू	
G3049	G1343	G5565	G2041	

त्यस्तै प्रकारले, दाऊदले त्यस मानिसको प्रसन्नता व्यक्त गरे जसलाई परमेश्वरले उसको कर्महरू नविचारी धर्मी ठहराउनु हुन्छ। दाऊदले भनेः

7	Μακάριοι	ὧν	ἀφέθησαν	αἱ	ἀνομίαι,	καὶ	ὧν	ἐπεκαλύφθησαν,	αἱ
	धन्य	जसका	क्षमा-भए	ती	अधर्महरू	र	जसका	ढाकिए	ती
	G3107	G3739	G0863	G3588	G0458	G2532	G3739	G1943	G3588

ἁμαρτίαι;
पापहरू
G0266

“धन्य हुन तिनीहरू जसका दुष्कर्महरू क्षमा भए र पापहरू ढाकिए। धन्य हुन ती जसको पापको लेखा परमेश्वरले लिनु हुन्न।

8	μακάριος	ἀνὴρ	οὗ,	οὐ	μὴ	λογίσηται	Κύριος	ἁμαρτίαν.
	धन्य	मानिस	जसलाई	कदापि-न	न	गण्नेछ	प्रभुले	पाप
	G3107	G0435	G3739	G3756	G3361	G3049	G2962	G0266

अनि जब परमप्रभु पापरहित मानिसलाई स्वीकार गर्नु हुँदैछ, त्यो मानिस साँच्ची नै खुशी हुँदछ।” भजनसँग्रह 32:1-2

9	ὁ	μακαρισμὸς	οὖν	οὗτος,	ἐπὶ	τὴν	περιτομὴν,	ἢ	καὶ	ἐπὶ	τὴν
	त्यो	धन्यता	अब	यो	माथि	त्यो	खतनालाई	वा	पनि	माथि	त्यो
	G3588	G3108	G3767	G3778	G1909	G3588	G4061	G2228	G2532	G1909	G3588

ἀκροβυστίαν?	λέγομεν	γάρ,	Ἐλογίσθη	τῷ	Ἀβραὰμ	ἡ	πίστις	εἰς
अखतनालाई	भन्छौं	किनकि	गणना-गरियो	त्यो	अब्राहामलाई	त्यो	विश्वास	को-लागि
G0203	G3004	G1063	G3049	G3588	G0011	G3588	G4102	G1519

δικαιοσύνην.
धार्मिकता
G1343

यस्ता आशिष त्यस्ता मानिसहरूलाई मात्र हो जसले खतना गरेका छन्? अथवा ती खतना नगर्नेहरूलाई पनि हो? हामीले भनिसेकेका छौं अब्रहामको विश्वास एउटा धर्मीको रूपमा गनिएको थियो।

10	πῶς	οὖν	ἐλογίσθη?	ἐν	περιτομῇ	ὄντι,	ἢ	ἐν	ἀκροβυστίᾳ?	οὐκ	ἐν
	कसरी	अब	गणना-गरियो	मा	खतना	हुँदा	वा	मा	अखतना	होइन	मा
	G4459	G3767	G3049	G1722	G4061	G1510	G2228	G1722	G0203	G3756	G1722

περιτομῇ,	ἀλλ’	ἐν	ἀκροβυστίᾳ.	
खतना	तर	मा	अखतना	
G4061	G0235	G1722	G0203	

यो कसरी हुन गयो? के परमेश्वरले अब्राहामलाई उनले खतना गर्न अगाडी अथवा खतना गरे पछाडी स्वीकार गर्नुभयो? परमेश्वरले उनलाई खतना गर्न अगाडी स्वीकार गर्नु भएको थियो।

11	καὶ	σημεῖον	ἔλαβεν	περιτομῆς,	σφραγῖδα	τῆς	δικαιοσύνης	τῆς	πίστεως	τῆς
	र	चिन्ह	पायो	खतनाको	छाप	त्यो	धार्मिकताको	त्यो	विश्वासको	त्यो
	G2532	G4592	G2983	G4061	G4973	G3588	G1343	G3588	G4102	G3588

ἐν	τῇ	ἀκροβυστίᾳ,	εἰς	τὸ	εἶναι	αὐτὸν	πατέρα	πάντων	τῶν	πιστευόντων
मा	त्यो	अखतना	ताकि	त्यो	होन्	उनी	पिता	सबै	ती	विश्वास-गर्नेहरूका
G1722	G3588	G0203	G1519	G3588	G1510	G0846	G3962	G3956	G3588	G4100

δι’	ἀκροβυστίας,	εἰς	τὸ	λογισθῆναι	[καὶ]	αὐτοῖς	τὴν	δικαιοσύνην;
द्वारा	अखतना	ताकि	त्यो	गणना-होस्	पनि	तिनीहरूलाई	त्यो	धार्मिकता
G1223	G0203	G1519	G3588	G3049	G2532	G0846	G3588	G1343

परमेश्वरले स्वीकार गर्नुभयो भनेर देखाउनाका लागि अब्राहामले पछि खतना गरे। परमेश्वरले स्वीकार गरेको देखाउनका लागि उनले आफ्नो खतना परमेश्वरको अगाडी विश्वास गरेको प्रमाणित गरे। यसैले अब्राहाम सबैका पिता हुन जसलाई खतना नगरेकाहरूले पनि विश्वास गर्दछन्। जसले विश्वास गर्दछ उसलाई पनि धर्मीको रूपमा ग्रहण गरिने छ।

12	καὶ	πατέρα	περιτομῆς,	τοῖς	οὐκ	ἐκ	περιτομῆς	μόνον,	ἀλλὰ	καὶ	τοῖς
	र	पिता	खतनाको	तीलाई	मात्र	बाट	खतना	मात्र	तर	पनि	तीलाई
	G2532	G3962	G4061	G3588	G3756	G1537	G4061	G3440	G0235	G2532	G3588

στοιχοῦσιν	τοῖς	ἴχνεσιν	τῆς	ἐν	ἀκροβυστίᾳ	πίστεως,	τοῦ	πατρὸς	ἡμῶν
हिँड्ने	ती	पाइलाहरू	त्यो	मा	अखतना	विश्वासको	त्यो	पिता	हाम्रा
G4748	G3588	G2487	G3588	G1722	G0203	G4102	G3588	G3962	G1473

Ἀβραάμ.
अब्राहाम
G0011

अनि अब्राहाम ती खतना गर्नेहरूका पनि पिता हुन्। तर तिनीहरूका खतनाले गर्दा मात्र अब्राहाम उनीहरूका पिता भएका होइनन्। उनी तिनीहरूका पनि पिता हुन् यदि तिनीहरू हाम्रा पिता अब्राहामको विश्वास जस्तै अनुसरण गर्दछन् जुन उनले आफ्नो खतना गर्न भन्दा अघि देखाए का थिए

13	Οὐ	γὰρ	διὰ	νόμου	ἡ	ἐπαγγελία	τῷ	Ἀβραὰμ,	ἢ	τῷ	σπέρματι
	होइन	किनकि	द्वारा	व्यवस्था	त्यो	प्रतिज्ञा	त्यो	अब्राहाम	वा	त्यो	सन्तानलाई
	G3756	G1063	G1223	G3551	G3588	G1860	G3588	G0011	G2228	G3588	G4690

αὐτοῦ,	τὸ	κληρονόμον	αὐτὸν	εἶναι	κόσμου,	ἀλλὰ	διὰ	δικαιοσύνης	πίστεως.
उसको	त्यो	उत्तराधिकारी	उनी	हुन	संसारको	तर	द्वारा	धार्मिकता	विश्वासको
G0846	G3588	G2818	G0846	G1510	G2889	G0235	G1223	G1343	G4102

अब्राहाम र उनका भावी सन्तानहरूले परमेश्वरको प्रतिज्ञा पाए कि उनीहरूले सारा संसार पाउने छन्। अब्राहामले त्यो प्रतिज्ञा पाएको व्यवस्थालाई विश्वास गरेको कारणले होइन। अब्राहामले परमेश्वरको प्रतिज्ञा पाएको कारण उनी आफ्नो विश्वासले गर्दा धर्मी थिए।

14	εἰ	γὰρ	οἱ	ἐκ	νόμου	κληρονόμοι,	κεκένωται	ἡ	πίστις,	καὶ
	यदि	किनकि	ती	बाट	व्यवस्थाका	उत्तराधिकारी	व्यर्थ-भयो	त्यो	विश्वास	र
	G1487	G1063	G3588	G1537	G3551	G2818	G2758	G3588	G4102	G2532

κατήργηται	ἡ	ἐπαγγελία.	
रद्द-भयो	त्यो	प्रतिज्ञा	
G2673	G3588	G1860	

यदि मानिसहरूले व्यवस्था पछ्याएर परमेश्वरको वचन पाउने भए, तब विश्वास मूल्यहीन बन्ने थियो, र परमेश्वरको अब्राहामसँग को प्रतिज्ञा बेकम्मा बन्ने थियो।

15 ὁ ती G3588 γὰρ किनकि G1063 νόμος व्यवस्थाले G3551 ὀργὴν क्रोध G3709 κατεργάζεται; उत्पन्न-गर्छ G2716 οὗ जहाँ G3757 δὲ तर G1161 οὐκ छैन G3756 ἔστιν छ G1510 νόμος, व्यवस्था G3551 οὐδὲ न-त G3761 παράβασις. उल्लङ्घन G3847

किन? किनभने जब मानिसहरूले व्यवस्था पालन गर्दैनन् तब व्यवस्थाले परमेश्वरलाई रिस उठाउँछ। तर यदि त्यहाँ कुनै व्यवस्था छैन भने, त्यहाँ अनाज्ञाकारीताको कुनै प्रश्न आउँदैन।

16 Διὰ यसकारण G1223 τοῦτο यो G3778 ἐκ बाट G1537 πίστεως, विश्वास G4102 ἵνα ताकि G2443 κατὰ अनुसार G2596 χάριν, अनुग्रह G5485 εἰς ताकि G1519 τὸ त्यो G3588 εἶναι होस् G1510 βεβαίαν, दृढ G0949 τὴν त्यो G3588 ἐπαγγελίαν प्रतिज्ञा G1860 παντὶ सबै G3956 τῷ त्यो G3588 σπέρματι, सन्तानलाई G4690 οὐ मात्र G3756 τῷ त्यो G3588 ἐκ बाट G1537 τοῦ त्यो G3588 νόμου व्यवस्था G3551 μόνον, मात्र G3440 ἀλλὰ तर G0235 καὶ पनि G2532 τῷ तीलाई G3588 ἐκ बाट G1537 πίστεως विश्वास G4102 Ἀβραάμ, अब्राहामको G0011 ὅς जो G3739 ἐστιν हुनुहुन्छ G1510 πατὴρ पिता G3962 πάντων सबै G3956 ἡμῶν, हाम्रा G1473

यसकारण परमेश्वरको विश्वास प्रतिज्ञाको फल हो। त्यसैले परमेश्वरको प्रतिज्ञा सित्तैको उपहार जस्तै पाउन सकिन्छ। अनि यदि प्रतिज्ञा सित्तैको उपहार भए, अब्राहामका विश्वास हुने सबै मानिसहरूले त्यो वचन पाउन सक्छन्। यो प्रतिज्ञा ती मानिसहरूका लागि मात्र होइन जो मोशाको व्यवस्थाको अधीनमा छन्। प्रतिज्ञा सबैको निम्ति हो जो अब्राहाम जस्तै विश्वासी थिए। अब्राहाम हामी सबैका पिता हुन्।

17 καθὼς जसरी G2531 γέγραπται, लेखिएको-छ G1125 ὅτι कि G3754 Πατέρα पिता G3962 πολλῶν धेरै G4183 ἐθνῶν जातिहरूको G1484 τέθεικά बनाएको-छु G5087 σε. तिमीलाई G4771 κατέναντι अगाडि G2713 οὗ जसमा G3739 ἐπίστευσεν विश्वास-गऱ्यो G4100 Θεοῦ, परमेश्वर G2316 τοῦ जसले G3588 ζωοποιοῦντος जीवित-पार्नुहुन्छ G2227 τοὺς ती G3588 νεκροὺς, मृतकहरूलाई G3498 καὶ र G2532 καλοῦντος बोलाउनुहुन्छ G2564 τὰ ती G3588 μὴ न G3361 ὄντα भएकालाई G1510 ὡς जस्तो G5613 ὄντα; भएका G1510

धर्मशास्त्रमा यस्तो लेखिएको छ, “मैले तिमीलाई सबै जातिका पिता बनाएँ” + 4:17 उत्पत्ति 17:5 बाट उद्धृत गरिएको। यो परमेश्वर समक्ष सत्य छ। अब्राहामले परमेश्वरमा विश्वास गरे जसले मृतहरूलाई जीवन दिनुहुन्छ र जुन कुराहरू अहिलेसम्म भएको छैन त्यसको निर्णय दिनुहुन्छ।

18 ὃς जसले G3739 παρ’ विरुद्ध G3844 ἐλπίδα, आशा G1680 ἐπ’ माथि G1909 ἐλπίδι आशा G1680 ἐπίστευσεν, विश्वास-गऱ्यो G4100 εἰς ताकि G1519 τὸ त्यो G3588 γενέσθαι होन् G1096 αὐτὸν उनी G0846 πατέρα पिता G3962 πολλῶν धेरै G4183 ἐθνῶν, जातिहरूका G1484 κατὰ अनुसार G2596 τὸ त्यो G3588 εἰρημένον, भनिएको G2046 Οὕτως यसरी G3779 ἔσται हुनेछ G1510 τὸ त्यो G3588 σπέρμα सन्तान G4690 σου. तिम्रो G4771

अब्राहामको सन्तान हुनेछ भन्ने आशा थिएन। तर अब्राहामले परमेश्वरमा विश्वास गरे र आशा जीवित राखे। त्यही कारणले अब्राहाम धेरै जातिका पिता भए। परमेश्वरले जस्तो उनलाई भन्नुभयो, “तिमीसँग धेरै सन्तानहरू हुनेछन्।” + 4:18 उत्पत्ति 15:5 बाट उद्धृत गरिएको।

19 καὶ μὴ ἀσθενήσας τῇ πίστει, κατενόησεν τὸ ἑαυτοῦ σῶμα [ἤδη]
र न कमजोर-भई त्यो विश्वासमा हेऱ्यो त्यो आफ्नो शरीर पहिले-नै
G2532 G3361 G0770 G3588 G4102 G2657 G3588 G1438 G4983 G2235

νενεκρωμένον, ἑκατονταετής που ὑπάρχων, καὶ τὴν νέκρωσιν τῆς μήτρας
मरेझैं-भएको सय-वर्षको जति हुँदै र त्यो मृत्युजस्तो-अवस्था त्यो कोख
G3499 G1541 G4225 G5225 G2532 G3588 G3500 G3588 G3388

Σάρρας,
साराको
G4564

अब्राहाम प्रायः एकसय वर्ष उमेर पुगिसकेका थिए, यसैले उनको शरीरबाट सन्तानहरू हुन उमेर बितिसकेको थियो। सारहबाट पनि कुनै छोरा-छोरी भएन। अब्राहामले यसको विषयमा सोचेका थिए। तर परमेश्वरप्रति उनको विश्वास कमजोर भएन।

20 εἰς δὲ τὴν ἐπαγγελίαν τοῦ Θεοῦ, οὐ διεκρίθη τῇ ἀπιστίᾳ, ἀλλὰ
तिर तर त्यो प्रतिज्ञा त्यो परमेश्वरको न दोधारित-भयो त्यो अविश्वास तर
G1519 G1161 G3588 G1860 G3588 G2316 G3756 G1252 G3588 G0570 G0235

ἐνεδυναμώθη τῇ πίστει, δοὺς δόξαν τῷ Θεῷ,
बलियो-भयो त्यो विश्वासमा दिँदै महिमा त्यो परमेश्वरलाई
G1743 G3588 G4102 G1325 G1391 G3588 G2316

परमेश्वरले प्रतिज्ञा गर्नु भएको कुरा गर्नुहुनेछ भन्ने कुरामा अब्राहामले किहिल्यै शंका गरेनन्। अब्राहमले आफ्नो विश्वास गुमाएनन्। बरू, उनको विश्वास अझ दृढ भयो अनि उनले परमेश्वरको प्रशंसा गरे।

21 καὶ πληροφορηθεὶς ὅτι ὃ ἐπήγγελται, δυνατός ἐστιν καὶ ποιῆσαι.
र पूर्ण-विश्वस्त-भई कि जे प्रतिज्ञा-गर्नुभयो समर्थ हुनुहुन्छ पनि गर्न
G2532 G4135 G3754 G3739 G1861 G1415 G1510 G2532 G4160

आफूले दिनुभएको प्रतिज्ञा पूर्ण गर्नमा परमेश्वर सामर्थी हुनुहुन्छ भन्ने कुरामा अब्राहाम पूर्णरूपले निश्चिन्त थिए।

22 διὸ καὶ ἐλογίσθη αὐτῷ εἰς δικαιοσύνην.
यसकारण पनि गणना-गरियो उनलाई को-लागि धार्मिकता
G1352 G2532 G3049 G0846 G1519 G1343

यसैले, “परमेश्वरले अब्राहामको विश्वासलाई ग्रहण गर्नु भयो। औ उनलाई धर्मी बनाउनु भयो।” + 4:22 उत्पत्ति 15:6 बाट उद्धृत गरिएको।

23 Οὐκ ἐγράφη, δὲ δι’ αὐτὸν μόνον, ὅτι ἐλογίσθη αὐτῷ,
लेखिएको-थिएन लेखियो तर को-लागि उहाँको मात्र कि गणना-गरियो उनलाई
G3756 G1125 G1161 G1223 G0846 G3440 G3754 G3049 G0846

ती शब्दहरू “परमेश्वरले उनको विश्वासलाई मानिलिए” भने अब्राहामको लागि मात्र लेखिएको थिएन।

24 ἀλλὰ καὶ δι’ ἡμᾶς, οἷς μέλλει λογίζεσθαι, τοῖς πιστεύουσιν ἐπὶ
तर पनि को-लागि हामीलाई जसलाई गणना-हुनेछ गणना-गरिनेछ ती विश्वास-गर्नेहरू माथि
G0235 G2532 G1223 G1473 G3739 G3195 G3049 G3588 G4100 G1909

τὸν ἐγείραντα Ἰησοῦν, τὸν Κύριον ἡμῶν, ἐκ νεκρῶν,
त्यो उठाउने येशू त्यो प्रभु हाम्रा बाट मृतकहरू
G3588 G1453 G2424 G3588 G2962 G1473 G1537 G3498

ती शब्दहरू हाम्रो निम्ति पनि थियो। परमेश्वरले हामीलाई पनि ग्रहण गर्नुहुन्छ जसले उहाँमा विश्वास गर्दछ, जसले हाम्रा प्रभु येशूलाई मृत्युबाट बौराउन भयो।

25 ὃς παρεδόθη διὰ τὰ παραπτώματα ἡμῶν, καὶ ἠγέρθη διὰ τὴν
जो सुम्पिनुभयो कारणले ती अपराधहरू हाम्रा र उठाइनुभयो कारणले त्यो
G3739 G3860 G1223 G3588 G3900 G1473 G2532 G1453 G1223 G3588

δικαίωσιν ἡμῶν.
धर्मीकरण हाम्रो
G1347 G1473

येशूलाई हाम्रो पापहरूका निम्ति मर्नु दिइयो। अनि हामीलाई धर्मी बनाउन उहाँ मृत्युबाट जीवनमा आउनु भयो।

Chapter 5

1 Δικαιωθέντες οὖν ἐκ πίστεως, εἰρήνην ἔχομεν πρὸς τὸν Θεὸν, διὰ τοῦ

धर्मी-ठहरिएर	अब	बाट	विश्वास	शान्ति	पाउँछौं	सँग	त्यो	परमेश्वर	द्वारा	त्यो
G1344	G3767	G1537	G4102	G1515	G2192	G4314	G3588	G2316	G1223	G3588

Κυρίου ἡμῶν, Ἰησοῦ Χριστοῦ,

प्रभु	हाम्रा	येशू	ख्रीष्ट
G2962	G1473	G2424	G5547

हाम्रो विश्वासको कारणले गर्दा हामी परमेश्वरसँग धर्मी बनेकाछौं। यसर्थ हाम्रा प्रभु येशू ख्रीष्टद्वारा थियो हामी परमेश्वरबाट शान्ति पाउँछौं।

2 δι’ οὗ καὶ τὴν προσαγωγὴν ἐσχήκαμεν, τῇ πίστει, εἰς τὴν χάριν

द्वारा	जसको	पनि	त्यो	पहुँच	पाएका-छौं	त्यो	विश्वासद्वारा	मा	यो	अनुग्रह
G1223	G3739	G2532	G3588	G4318	G2192	G3588	G4102	G1519	G3588	G5485

ταύτην, ἐν ᾗ ἑστήκαμεν; καὶ καυχώμεθα ἐπ’ ἐλπίδι τῆς δόξης τοῦ

यो	मा	जसमा	खडा-छौं	र	घमण्ड-गर्छौं	माथि	आशा	त्यो	महिमा	त्यो
G3778	G1722	G3739	G2476	G2532	G2744	G1909	G1680	G3588	G1391	G3588

Θεοῦ.

परमेश्वरको
G2316

ख्रीष्टको माध्यम र हाम्रो विश्वासको कारण हामीले अनुग्रहमा प्रवेश पाएकाछौं जहाँ हामी अहिले उभिएकाछौं अनि परमेश्वरको महिमा पाउने आशामा हामी आनन्द मनाइरहेछौं।

3 οὐ μόνον δέ, ἀλλὰ καὶ καυχώμεθα ἐν ταῖς θλίψεσιν, εἰδότες ὅτι

मात्र-होइन	मात्र	तर	तर	पनि	घमण्ड-गर्छौं	मा	ती	क्लेशहरू	जानेर	कि
G3756	G3440	G1161	G0235	G2532	G2744	G1722	G3588	G2347	G1492	G3754

ἡ θλῖψις, ὑπομονὴν κατεργάζεται;

त्यो	क्लेशले	धैर्य	उत्पन्न-गर्छ
G3588	G2347	G5281	G2716

त्यति मात्र होइन हामी आफ्ना दुःखहरूमा पनि खुशी छौं। किन हामी आफ्ना दुःखहरूमा पनि खुशी छौं? किनभने हामी जान्दछौं कि ती दुःखहरूले हामीलाई संयमी बनाउँदछ।

4 ἡ δὲ ὑπομονὴ, δοκιμήν; ἡ δὲ δοκιμὴ, ἐλπίδα.

त्यो	र	धैर्यले	परीक्षा	त्यो	र	परीक्षाले	आशा	
G3588	G1161	G5281	G1382	G3588	G1161	G1382	G1680	

अनि यही संयमले हामीलाई प्रमाण गर्दछ कि हामी बलिया छौं। अनि यस्तो प्रमाणहरूले हामीलाई आशा प्रदान गर्दछ।

5 ἡ δὲ ἐλπὶς οὐ καταισχύνει, ὅτι ἡ ἀγάπη τοῦ Θεοῦ

त्यो	र	आशाले	लज्जामा-पार्दैन	लज्जामा-पार्दैन	किनभने	त्यो	प्रेम	त्यो	परमेश्वरको	
G3588	G1161	G1680	G3756	G2617	G3754	G3588	G0026	G3588	G2316	

ἐκκέχυται, ἐν ταῖς καρδίαις ἡμῶν, διὰ Πνεύματος Ἁγίου, τοῦ δοθέντος

खनिएको-छ	मा	हाम्रा	हृदयहरू	हाम्रो	द्वारा	आत्मा	पवित्र	जो	दिइएको-थियो
G1632	G1722	G3588	G2588	G1473	G1223	G4151	G0040	G3588	G1325

ἡμῖν.

हामीलाई
G1473

अनि यस आशाले हामीलाई कहिल्यै निराशा बनाउँदैन। किनभने परमेश्वरले आफ्नो प्रेमको बर्षाले हाम्रा हृदयहरू पारिपूर्ण पारिदिनु भयो। पवित्र आत्माद्वारा उहाँले हामीलाई आफ्नो प्रेम दिनुभो। त्यो पवित्र आत्मा परमेश्वरबाट हामीलाई उपहार हो।

6 ἔτι अझै G2089 γὰρ किनकि G1063 Χριστὸς, ख्रीष्टले G5547 ὄντων हुँदा G1510 ἡμῶν हामी G1473 ἀσθενῶν कमजोर G0772 ἔτι, अझै G2089 κατὰ अनुसार G2596 καιρὸν समय G2540 ὑπὲρ को-निम्ति G5228 ἀσεβῶν अभक्तहरूको G0765 ἀπέθανεν. मर्नुभयो G0599

जब हामी अझै कमजोर थियौं, ठिक त्यसै बेला ख्रीष्ट हामी दुष्ट मानिसहरूको लागि मर्नु भयो।

7 μόλις कठिनै-नै G3433 γὰρ किनकि G1063 ὑπὲρ को-निम्ति G5228 δικαίου धर्मी G1342 τις कोही G5100 ἀποθανεῖται; मर्नेछ G0599 ὑπὲρ को-निम्ति G5228 γὰρ किनकि G1063 τοῦ त्यो G3588 ἀγαθοῦ, असल G0018 τάχα सायद G5029 τις कोही G5100 καὶ नै G2532 τολμᾷ हिम्मत-गर्छ G5111 ἀποθανεῖν. मर्न G0599

राम्रा मानिसहरूको निम्ति मर्ने साह्रै कठिनले कोही राजी होलान। कोही भने अति असल मानिसको निम्ति मर्ने निश्चय पनि गर्न सक्लान।

8 συνίστησιν पुष्टि-गर्नुहुन्छ G4921 δὲ तर G1161 τὴν उहाँको G3588 ἑαυτοῦ आफ्नो G1438 ἀγάπην प्रेम G0026 εἰς हाम्रो-प्रति G1519 ἡμᾶς हामीप्रति G1473 ὁ ती G3588 Θεὸς, परमेश्वरले G2316 ὅτι किनभने G3754 ἔτι अझै G2089 ἁμαρτωλῶν पापीहरू G0268 ὄντων हुँदा G1510 ἡμῶν, हाम्रो G1473 Χριστὸς ख्रीष्टले G5547 ὑπὲρ हाम्रो-निम्ति G5228 ἡμῶν हाम्रो G1473 ἀπέθανεν. मर्नुभयो G0599

यद्यपि हामीहरू अझै पापी जीवन जिउँदा-जिउँदै पनि ख्रीष्ट हाम्रो निम्ति मर्नु भयो। यस प्रकारले परमेश्वरले आफ्नो प्रेम हामीलाई देखाउनु भयो।

9 πολλῷ झन-धेरै G4183 οὖν अब G3767 μᾶλλον, बढी G3123 δικαιωθέντες धर्मी-ठहरिएर G1344 νῦν अहिले G3568 ἐν मा G1722 τῷ त्यो G3588 αἵματι रगत G0129 αὐτοῦ, उहाँको G0846 σωθησόμεθα उद्धार-हुनेछौं G4982 δι’ द्वारा G1223 αὐτοῦ उहाँबाट G0846 ἀπὸ बाट G0575 τῆς त्यो G3588 ὀργῆς. क्रोध G3709

हामी ख्रीष्टको रगतद्वारा परमेश्वरसँग धर्मी बनियौं। यसैले, निःसन्देह हामी ख्रीष्टद्वारा नै परमेश्वरको क्रोधबाट जोगिने छौं।

10 εἰ यदि G1487 γὰρ, किनकि G1063 ἐχθροὶ शत्रुहरू G2190 ὄντες, हुँदा G1510 κατηλλάγημεν मेल-भयौं G2644 τῷ त्यो G3588 Θεῷ परमेश्वरसँग G2316 διὰ द्वारा G1223 τοῦ त्यो G3588 θανάτου मृत्यु G2288 τοῦ त्यो G3588 Υἱοῦ पुत्र G5207 αὐτοῦ, उहाँको G0846 πολλῷ झन-धेरै G4183 μᾶλλον, बढी G3123 καταλλαγέντες, मेल-भईसकेपछि G2644 σωθησόμεθα उद्धार-हुनेछौं G4982 ἐν मा G1722 τῇ त्यो G3588 ζωῇ जीवन G2222 αὐτοῦ. उहाँको G0846

मेरो मतलब के हो भने जब हामी परमेश्वरका शत्रु थियौं उहाँले आफ्नो पुत्रको मृत्युद्वारा हामीलाई आफ्नो मित्र बनाउनु भयो। यसैले जब हामी अहिले परमेश्वरका मित्र छौं, हामी निश्चय छौं आफ्नो पुत्रको जीवन द्वारा उहाँले हामीलाई रक्षा गर्नु हुनेछ।

11 οὐ मात्र-होइन G3756 μόνον मात्र G3440 δέ, तर G1161 ἀλλὰ तर G0235 καὶ पनि G2532 καυχώμενοι घमण्ड-गर्दै G2744 ἐν मा G1722 τῷ त्यो G3588 Θεῷ, परमेश्वर G2316 διὰ द्वारा G1223 τοῦ त्यो G3588 Κυρίου प्रभु G2962 ἡμῶν हाम्रा G1473 Ἰησοῦ येशू G2424 Χριστοῦ, ख्रीष्ट G5547 δι’ द्वारा G1223 οὗ जसको G3739 νῦν अहिले G3568 τὴν त्यो G3588 καταλλαγὴν मेलमिलाप G2643 ἐλάβομεν. पायौं G2983

यस बाहेक, हामी हाम्रा प्रभु ख्रीष्टको माध्यमबाट परमेश्वरसँग खुशी छौं, येशूको कारणले गर्दा अहिले हामी परमेश्वरका मित्र बनेका छौं।

12 Διὰ τοῦτο, ὥσπερ δι’ ἑνὸς ἀνθρώπου ἡ ἁμαρτία εἰς τὸν κόσμον
द्वारा यसकारण जसरी द्वारा एउटा मानिस त्यो पाप मा त्यो संसार
G1223 G3778 G5618 G1223 G1520 G0444 G3588 G0266 G1519 G3588 G2889

εἰσῆλθεν, καὶ διὰ τῆς ἁμαρτίας, ὁ θάνατος; καὶ οὕτως εἰς πάντας
पस्यो र द्वारा त्यो पाप त्यो मृत्यु र यसरी मा सबै
G1525 G2532 G1223 G3588 G0266 G3588 G2288 G2532 G3779 G1519 G3956

ἀνθρώπους ὁ θάνατος διῆλθεν, ἐφ’ ᾧ πάντες ἥμαρτον --
मानिसहरू त्यो मृत्यु फैलियो माथि जसमा सबैले पाप-गरे
G0444 G3588 G2288 G1330 G1909 G3739 G3956 G0264

पाप संसारमा एकजना मानिसको कारणले आएको हो। अनि पापसँग मृत्यु पनि आयो। यसैले गर्दा सबै मानिसहरू मर्नै पर्ने भयो, किनभने सबैले पाप गरेका छन्।

13 ἄχρι γὰρ νόμου, ἁμαρτία ἦν ἐν κόσμῳ; ἁμαρτία δὲ οὐκ
सम्म किनकि व्यवस्था पाप थियो मा संसार पाप तर गणना-हुँदैन
G0891 G1063 G3551 G0266 G1510 G1722 G2889 G0266 G1161 G3756

ἐλλογεῖται, μὴ ὄντος νόμου.
गणना-हुँदैन न हुँदा व्यवस्था
G1677 G3361 G1510 G3551

मोशाको व्यवस्था अघि पनि संसारमा पाप थियो। तर त्यहाँ व्यवस्था नभएको भए परमेश्वरले मानिसलाई पापको दोषी ठहर्याउनु हुने थिएन।

14 ἀλλὰ ἐβασίλευσεν ὁ θάνατος ἀπὸ Ἀδὰμ μέχρι Μωϋσέως, καὶ ἐπὶ τοὺς
तर राज्य-गऱ्यो मृत्युले देखि आदम सम्म मोशा पनि माथि ती
G0235 G0936 G3588 G2288 G0575 G0076 G3360 G3475 G2532 G1909 G3588

μὴ ἁμαρτήσαντας ἐπὶ τῷ ὁμοιώματι τῆς παραβάσεως Ἀδάμ, ὅς ἐστιν
न पाप-गर्नेहरू माथि त्यो समानता त्यो उल्लङ्घन आदमको जो हुनुहुन्छ
G3361 G0264 G1909 G3588 G3667 G3588 G3847 G0076 G3739 G1510

τύπος τοῦ μέλλοντος.
प्रतिरूप त्यो आउनेको
G5179 G3588 G3195

तर आदमको समयदेखि मोशाको समयसम्म, सबै मानिसहरूलाई मर्नु नै थियो। आदमले परमेश्वरको आज्ञा पालन नगर्नाले मर्नु पर्यो। तर आदमले जस्तो अन्य मानिसहरूले पाप नगरे तापनि तिनीहरूले मर्नु पर्यो। आदम ख्रीष्ट जस्तै थिए जो भविष्यमा संसारमा आइरहेका थिए।

15 Ἀλλ’ οὐχ ὡς τὸ παράπτωμα, οὕτως καὶ τὸ χάρισμα. εἰ γὰρ τῷ
तर होइन जस्तो त्यो अपराध त्यसरी पनि त्यो वरदान यदि किनकि त्यो
G0235 G3756 G5613 G3588 G3900 G3779 G2532 G3588 G5486 G1487 G1063 G3588

τοῦ ἑνὸς, παραπτώματι, οἱ πολλοὶ ἀπέθανον, πολλῷ μᾶλλον ἡ χάρις τοῦ
त्यो एउटाको अपराध ती धेरै मरे झन-धेरै बढी त्यो अनुग्रह त्यो
G3588 G1520 G3900 G3588 G4183 G0599 G4183 G3123 G3588 G5485 G3588

Θεοῦ, καὶ ἡ δωρεὰ ἐν χάριτι, τῇ τοῦ ἑνὸς ἀνθρώπου, Ἰησοῦ
परमेश्वरको र त्यो दान मा अनुग्रह त्यो त्यो एउटा मानिस येशू
G2316 G2532 G3588 G1431 G1722 G5485 G3588 G3588 G1520 G0444 G2424

Χριστοῦ, εἰς τοὺς πολλοὺς ἐπερίσσευσεν.
ख्रीष्टको मा ती धेरैलाई बढि-बढी-भयो
G5547 G1519 G3588 G4183 G4052

तर परमेश्वरको सितैको वरदान आदमको पाप जस्तो होइन। धेरै जना त्यस एकजना मानिसको पापको कारणले गर्दा मरे। तर परमेश्वरको अनुग्रह अत्यन्त महान थियो। धेरै मानिसहरूले परमेश्वरबाट जीवन-दान पाए त्यो एउटै मानिस येशू ख्रीष्टको अनुग्रहद्वारा पाइएको हो।

16 καὶ οὐχ ὡς δι’ ἑνὸς ἁμαρτήσαντος, τὸ δώρημα. τὸ μὲν γὰρ
र होइन जस्तो द्वारा एउटा पाप-गर्ने त्यो दान त्यो त किनकि
G2532 G3756 G5613 G1223 G1520 G0264 G3588 G1434 G3588 G3303 G1063

κρίμα, ἐξ ἑνὸς εἰς κατάκριμα; τὸ δὲ χάρισμα ἐκ πολλῶν
न्याय बाट एउटा मा दण्ड तर वरदान बाट धेरै
G2917 G1537 G1520 G1519 G2631 G3588 G1161 G5486 G1537 G4183

παραπτωμάτων, εἰς δικαίωμα.
अपराधहरू मा धर्मीकरण
G3900 G1519 G1345

जब आदमले पाप गरे, उनी पापी भनेर न्याय गरिए। तर परमेश्वरको उपहार भिन्नै छ। परमेश्वरको मुल्यरहित उपहारले मानिसहरूलाई धर्मी तुल्याउँदछ।

17 εἰ γὰρ, τῷ τοῦ ἑνὸς παραπτώματι, ὁ θάνατος ἐβασίλευσεν διὰ
यदि किनकि त्यो त्यो एउटाको अपराध त्यो मृत्युले राज्य-गऱ्यो द्वारा
G1487 G1063 G3588 G3588 G1520 G3900 G3588 G2288 G0936 G1223

τοῦ ἑνός, πολλῷ μᾶλλον οἱ τὴν περισσείαν τῆς χάριτος, καὶ τῆς
त्यो एउटा झन-धेरै बढी ती त्यो प्रशस्तता त्यो अनुग्रह र त्यो
G3588 G1520 G4183 G3123 G3588 G3588 G4050 G3588 G5485 G2532 G3588

δωρεᾶς τῆς δικαιοσύνης λαμβάνοντες, ἐν ζωῇ βασιλεύσουσιν, διὰ τοῦ ἑνὸς,
दान त्यो धार्मिकताको पाउनेहरू मा जीवन राज्य-गर्नेछन् द्वारा त्यो एउटा
G1431 G3588 G1343 G2983 G1722 G2222 G0936 G1223 G3588 G1520

Ἰησοῦ Χριστοῦ.
येशू ख्रीष्ट
G2424 G5547

एकजना मानिसको पापले गर्दा मृत्युले सबैमाथि राज गर्यो। यसकारण जसले परमेश्वरको पूर्ण अनुग्रह र उहाँको धार्मिकताको महान उपहार स्वीकार गर्छन् तिनीहरूले सत्य जीवन पाउँछन् र एक मात्र येशू ख्रीष्टद्वारा शासित हुन्छन्।

18 Ἄρα οὖν, ὡς δι’ ἑνὸς παραπτώματος, εἰς πάντας ἀνθρώπους εἰς
यसकारण अब जसरी द्वारा एउटाको अपराध मा सबै मानिसहरू मा
G0686 G3767 G5613 G1223 G1520 G3900 G1519 G3956 G0444 G1519

κατάκριμα, οὕτως καὶ δι’ ἑνὸς δικαιώματος, εἰς πάντας ἀνθρώπους εἰς
दण्ड त्यसरी पनि द्वारा एउटाको धर्मीकरण मा सबै मानिसहरू मा
G2631 G3779 G2532 G1223 G1520 G1345 G1519 G3956 G0444 G1519

δικαίωσιν ζωῆς.
धर्मीकरण जीवनको
G1347 G2222

यसैले एउटा मानिसको पापले सबै मानिसहरूमाथि मृत्युको दण्ड ल्यायो। तर त्यस्तै प्रकारले, ख्रीष्टले एउटा असल काम गर्नुभयो जुन कामले सबै मानिसहरूलाई धार्मिक बनाउँदछ र अनन्त जीवन ल्याउदछ।

19 ὥσπερ γὰρ διὰ τῆς παρακοῆς τοῦ ἑνὸς ἀνθρώπου, ἁμαρτωλοὶ
जसरी किनकि द्वारा त्यो अनाज्ञाकारिता त्यो एउटा मानिसको पापीहरू
G5618 G1063 G1223 G3588 G3876 G3588 G1520 G0444 G0268

κατεστάθησαν οἱ πολλοί, οὕτως καὶ διὰ τῆς ὑπακοῆς τοῦ ἑνὸς, δίκαιοι
बनाइए ती धेरै त्यसरी पनि द्वारा त्यो आज्ञापालन त्यो एउटाको धर्मीहरू
G2525 G3588 G4183 G3779 G2532 G1223 G3588 G5218 G3588 G1520 G1342

κατασταθήσονται οἱ πολλοί.
बनाइनेछन् ती धेरै
G2525 G3588 G4183

एकजना मानिसको अनाज्ञाकारीताले धेरै मानिसहरू पापी भए। तर त्यस्तै प्रकारले एकजना मानिसको अनाज्ञाकारीताले धेरै मानिसहरू धार्मिक बनाइन्छन्।

20 νόμος δὲ παρεισῆλθεν, ἵνα πλεονάσῃ τὸ παράπτωμα; οὗ δὲ
व्यवस्था तर भित्र-पस्यो ताकि बढोस् त्यो अपराध जहाँ तर
G3551 G1161 G3922 G2443 G4121 G3588 G3900 G3757 G1161

ἐπλεόνασεν ἡ ἁμαρτία, ὑπερεπερίσσευσεν ἡ χάρις,
बढ्यो त्यो पाप अत्यन्त-बढ्यो त्यो अनुग्रह
G4121 G3588 G0266 G5248 G3588 G5485

पाप बढ़ला कि भनेर व्यवस्था बनियो। तर जति पाप बढ़दै गयो परमेश्वरको अनुग्रह अझै धेरै बढ़दै गयो।

21 ἵνα ὥσπερ ἐβασίλευσεν ἡ ἁμαρτία ἐν τῷ θανάτῳ, οὕτως καὶ ἡ
ताकि जसरी राज्य-गऱ्यो त्यो पापले मा त्यो मृत्यु त्यसरी पनि त्यो
G2443 G5618 G0936 G3588 G0266 G1722 G3588 G2288 G3779 G2532 G3588

χάρις βασιλεύσῃ διὰ δικαιοσύνης, εἰς ζωὴν αἰώνιον, διὰ Ἰησοῦ Χριστοῦ
अनुग्रहले राज्य-गरोस् द्वारा धार्मिकता को-लागि जीवन अनन्त द्वारा येशू ख्रीष्ट
G5485 G0936 G1223 G1343 G1519 G2222 G0166 G1223 G2424 G5547

τοῦ Κυρίου ἡμῶν.
त्यो प्रभु हाम्रा
G3588 G2962 G1473

जसरी मृत्युले पापद्वारा शासन गरयो उसरी नै परमेश्वरको अनुग्रहले मानिसलाई धार्मिक बनाउन शासन गर्नेछ। यसले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा अनन्त जीवन ल्याउने छ।

Chapter 6

1 Τί οὖν ἐροῦμεν? ἐπιμένωμεν τῇ ἁμαρτίᾳ, ἵνα ἡ χάρις πλεονάσῃ?
के अब भन्नेछौं रहौं त्यो पापमा ताकि त्यो अनुग्रह बढोस्
G5101 G3767 G2046 G1961 G3588 G0266 G2443 G3588 G5485 G4121

हामीले के भन्ने? परमेश्वरको धेरै भन्दा धेरै अनुग्रह प्राप्त गर्नलाई हामीले अझै धेरै पाप गरिरहनु पर्ने?

2 μὴ γένοιτο! οἵτινες ἀπεθάνομεν τῇ ἁμαρτίᾳ, πῶς ἔτι ζήσομεν ἐν
कदापि-न होस् हामी-जो मर्यौं त्यो पापलाई कसरी अझै बाँच्नेछौं मा
G3361 G1096 G3748 G0599 G3588 G0266 G4459 G2089 G2198 G1722

αὐτῇ?
त्यसमा
G0846

होइन! हामी हाम्रा पापले मर्यौं। यसकारण हामी कसरी लगातार पापमा बसिरहनु?

3 ἢ ἀγνοεῖτε ὅτι, ὅσοι ἐβαπτίσθημεν εἰς Χριστὸν Ἰησοῦν, εἰς τὸν
वा थाहा-छैन कि जतिले बप्तिस्मा-भयौं मा ख्रीष्ट येशू मा त्यो
G2228 G0050 G3754 G3745 G0907 G1519 G5547 G2424 G1519 G3588

θάνατον αὐτοῦ ἐβαπτίσθημεν?
मृत्यु उहाँको बप्तिस्मा-भयौं
G2288 G0846 G0907

के तिमीहरूले भुल्यौ, जब हामी बप्तिस्मा भयौं तबदेखि नै हामी येशू ख्रीष्टका एक अंश बन्यौं? हामीले बप्तिस्मा लियौं, हामी उहाँको मृत्युमा भागीदार बन्यौं।

4 συνετάφημεν οὖν αὐτῷ, διὰ τοῦ βαπτίσματος εἰς τὸν θάνατον, ἵνα
गाडियौं अब उहाँसँग द्वारा त्यो बप्तिस्मा मा त्यो मृत्यु ताकि
G4916 G3767 G0846 G1223 G3588 G0908 G1519 G3588 G2288 G2443

ὥσπερ ἠγέρθη Χριστὸς ἐκ νεκρῶν, διὰ τῆς δόξης τοῦ Πατρός, οὕτως
जसरी उठाइनुभयो ख्रीष्ट बाट मृतकहरू द्वारा त्यो महिमा त्यो पिताको त्यसरी
G5618 G1453 G5547 G1537 G3498 G1223 G3588 G1391 G3588 G3962 G3779

καὶ ἡμεῖς ἐν καινότητι ζωῆς περιπατήσωμεν.
पनि हामी मा नयाँपन जीवनको हिँडौं
G2532 G1473 G1722 G2538 G2222 G4043

यसैकारण जब हामी बप्तिस्मा भयौं, हामी ख्रीष्ट सँगै गाडियौं र उहाँको मृत्युमा भागीदार बन्यौं। हामी ख्रीष्टसँगै दफन भयौं ताकि हामी जोगीन सकौं अनि नयाँ जीवन जीउन सकौं। यस्तै प्रकारले, पिताको अचम्मको शक्तिले ख्रीष्ट मृत्युबाट जीवित हुनुभयो।

5 εἰ γὰρ σύμφυτοι γεγόναμεν τῷ ὁμοιώματι τοῦ θανάτου αὐτοῦ, ἀλλὰ
यदि किनकि एकभएका भएका-छौं त्यो समानता त्यो मृत्यु उहाँको तर
G1487 G1063 G4854 G1096 G3588 G3667 G3588 G2288 G0846 G0235

καὶ τῆς ἀναστάσεως ἐσόμεθα;
पनि त्यो पुनरुत्थानको हुनेछौं
G2532 G3588 G0386 G1510

ख्रीष्ट मर्नु भयो, र हामी पनि उहाँको मृत्युकै अनुरूपमा उहाँसित मिल्यौं। यसकारण हामी उहाँको बौराइको अनुरुपमा पनि ख्रीष्टसितै मिल्नेछौं।

6 τοῦτο γινώσκοντες, ὅτι ὁ παλαιὸς ἡμῶν ἄνθρωπος συνεσταυρώθη, ἵνα
यो जान्दै कि त्यो पुरानो हाम्रो मानिस क्रूसमा-टङ्गियो ताकि
G3778 G1097 G3754 G3588 G3820 G1473 G0444 G4957 G2443

καταργηθῇ τὸ σῶμα τῆς ἁμαρτίας, τοῦ μηκέτι δουλεύειν ἡμᾶς τῇ
नष्ट-होस् त्यो शरीर त्यो पापको ताकि अब-उपरान्त दास्य-नगरौं हामी त्यो
G2673 G3588 G4983 G3588 G0266 G3588 G3371 G1398 G1473 G3588

ἁμαρτίᾳ.
पापको
G0266

हामी जान्दछौं हाम्रो पुरानो जीवन ख्रीष्ट सँगै क्रूसमा मर्यो। यो त्यस्तै भयो जसमा कि हाम्रो पापपूर्ण स्वभावले हामीमाथि नियंत्रण गर्ने थिएन र अब हामी आफैं पापको दास हुने थिएनौं।

7 ὁ γὰρ ἀποθανών, δεδικαίωται ἀπὸ τῆς ἁμαρτίας.
जो किनकि मरेको मुक्त-भएको-छ बाट त्यो पाप
G3588 G1063 G0599 G1344 G0575 G3588 G0266

जो मर्दछ उ पापको नियंत्रणबाट मुक्त हुँदछ।

8 εἰ δὲ ἀπεθάνομεν σὺν Χριστῷ, πιστεύομεν ὅτι καὶ συζήσομεν αὐτῷ,
यदि तर मर्यौं सँग ख्रीष्ट विश्वास-गर्छौं कि पनि सँगै-बाँच्नेछौं उहाँसँग
G1487 G1161 G0599 G4862 G5547 G4100 G3754 G2532 G4800 G0846

यदि हामी ख्रीष्टसँगै मरेका छौं भने, हामी जान्दछौं कि हामी पनि उहाँसँगै बाँच्ने छौं।

9 εἰδότες ὅτι Χριστὸς, ἐγερθεὶς ἐκ νεκρῶν, οὐκέτι ἀποθνῄσκει; θάνατος
जान्दै कि ख्रीष्ट उठाइएर बाट मृतकहरू अब-उपरान्त मर्दैन मृत्युले
G1492 G3754 G5547 G1453 G1537 G3498 G3765 G0599 G2288

αὐτοῦ οὐκέτι κυριεύει.
उहाँमाथि अब-उपरान्त प्रभुत्व-गर्दैन
G0846 G3765 G2961

ख्रीष्ट मृत्युबाट जाग्नु भयो। अनि हामी जान्दछौ कि उहाँ फेरि कहिल्यै मर्नु हुनेछैन। उहाँमाथि मृत्युको कुनै प्रभाव छैन।

10	ὃ	γὰρ	ἀπέθανεν,	τῇ	ἁμαρτίᾳ	ἀπέθανεν	ἐφάπαξ;	ὃ	δὲ	ζῇ,	ζῇ
	जे	किनकि	मर्नुभयो	त्यो	पापलाई	मर्नुभयो	एक-पटक	जे	तर	बाँच्नुहुन्छ	बाँच्नुहुन्छ
	G3739	G1063	G0599	G3588	G0266	G0599	G2178	G3739	G1161	G2198	G2198

τῷ	Θεῷ.	
त्यो	परमेश्वरको-लागि	
G3588	G2316	

हो, जब ख्रीष्ट मर्नु भयो, उहाँ पापको शक्तिलाई जित्न एकैपल्ट मर्नु भयो। अब उहाँसँग नयाँ जीवन छ अनि त्यो नयाँ जीवन परमेश्वरसँग छ।

11	οὕτως	καὶ	ὑμεῖς,	λογίζεσθε	ἑαυτοὺς	εἶναι	νεκροὺς	μὲν	τῇ	ἁμαρτίᾳ,	
	त्यसरी	पनि	तिमीहरू	गण्य	आफैलाई	हुन	मरेका	त	त्यो	पापलाई	
	G3779	G2532	G4771	G3049	G1438	G1510	G3498	G3303	G3588	G0266	

ζῶντας	δὲ	τῷ	Θεῷ,	ἐν	Χριστῷ	Ἰησοῦ.
जीवित	तर	त्यो	परमेश्वरको-लागि	मा	ख्रीष्ट	येशू
G2198	G1161	G3588	G2316	G1722	G5547	G2424

त्यस्तै प्रकाले तिमीहरूले पनि पापको कारणले मरेको सम्झ। अनि ख्रीष्ट येशूमा परमेश्वरको निम्ति जीवित भएको ठान।

12	Μὴ	οὖν	βασιλευέτω	ἡ	ἁμαρτία	ἐν	τῷ	θνητῷ	ὑμῶν	σώματι,	εἰς
	न	अब	राज्य-गरोस्	त्यो	पापले	मा	त्यो	मर्ने	तिमीहरूको	शरीर	को-लागि
	G3361	G3767	G0936	G3588	G0266	G1722	G3588	G2349	G4771	G4983	G1519

τὸ	ὑπακούειν	ταῖς	ἐπιθυμίαις	αὐτοῦ.	
त्यो	आज्ञा-पालन	त्यसका	अभिलाषाहरू	त्यसको	
G3588	G5219	G3588	G1939	G0846	

यसकारण पापलाई तिमीहरूको पार्थिव जीवन नियंत्रण गर्न नदेऊ। तिम्रा पापपूर्ण स्वभावलाई तिमीमा राज गर्न दिनु हुदैन जसले तिमीलाई उसको इच्छा अनुसार कर्म गर्न लगाउँछ।

13	μηδὲ	παριστάνετε	τὰ	μέλη	ὑμῶν,	ὅπλα	ἀδικίας	τῇ	ἁμαρτίᾳ,	ἀλλὰ	
	न-त	समर्पण-गर	ती	अङ्गहरू	तिमीहरूका	हतियारहरू	अधर्मका	त्यो	पापलाई	तर	
	G3366	G3936	G3588	G3196	G4771	G3696	G0093	G3588	G0266	G0235	

παραστήσατε	ἑαυτοὺς	τῷ	Θεῷ,	ὡσεὶ	ἐκ	νεκρῶν	ζῶντας,	καὶ	τὰ	μέλη
समर्पण-गर	आफैलाई	त्यो	परमेश्वरलाई	जस्तो	बाट	मृतकहरू	जीवित	र	ती	अङ्गहरू
G3936	G1438	G3588	G2316	G5616	G1537	G3498	G2198	G2532	G3588	G3196

ὑμῶν,	ὅπλα	δικαιοσύνης	τῷ	Θεῷ.
तिमीहरूका	हतियारहरू	धार्मिकताका	त्यो	परमेश्वरलाई
G4771	G3696	G1343	G3588	G2316

तिम्रा शरीरका अंगहरूलाई पापकर्म र दुष्टकर्महरू गर्नलाई अर्पण नगर। बरू आफू मृत्युबाट जिउँदो भएको कारण स्वयंलाई परमेश्वरप्रति समर्पित गर। राम्रो कामको लागि तिम्रा शरीरका अंग परमेश्वरको सेवामा अर्पण गर।

14	ἁμαρτία	γὰρ	ὑμῶν	οὐ	κυριεύσει,	οὐ	γάρ	ἐστε	ὑπὸ	νόμον,	ἀλλὰ
	पापले	किनकि	तिमीहरूमाथि	होइन	प्रभुत्व-गर्नेछ	होइन	किनकि	छौ	मुनि	व्यवस्था	तर
	G0266	G1063	G4771	G3756	G2961	G3756	G1063	G1510	G5259	G3551	G0235

ὑπὸ	χάριν.	
मुनि	अनुग्रह	
G5259	G5485	

पाप तिम्रो स्वामी हुनेछैन। किन? किनभने तिमी व्यवस्थाको अधीनमा छैनौ। तिमीहरू अब परमेश्वरको अनुग्रहमा छौ।

15 Τί οὖν? ἁμαρτήσωμεν ὅτι οὐκ ἐσμὲν ὑπὸ νόμον, ἀλλὰ ὑπὸ χάριν?
के अब पाप-गरौं किनभने छैनौं छौं मुनि व्यवस्था तर मुनि अनुग्रह
G5101 G3767 G0264 G3754 G3756 G1510 G5259 G3551 G0235 G5259 G5485

μὴ γένοιτο!
कदापि-न होस्
G3361 G1096

तब हामीले के गर्नु पर्ने? हामी व्यवस्थाको अधीनमा छैनौं तर प्रभुको अनुग्रहमा छौं भनेर पाप गर्नु पर्ने? होइन!

16 οὐκ οἴδατε ὅτι ᾧ παριστάνετε ἑαυτοὺς, δούλους εἰς ὑπακοήν,
थाहा-छैन जान्दछौ कि जसलाई समर्पण-गर्छौं आफैलाई दास को-लागि आज्ञापालन
G3756 G1492 G3754 G3739 G3936 G1438 G1401 G1519 G5218

δοῦλοί ἐστε ᾧ ὑπακούετε -- ἤτοι ἁμαρτίας εἰς θάνατον, ἢ ὑπακοῆς
दास छौ जसलाई आज्ञा-पाल्नुहुन्छ वा-त पापको मा मृत्यु वा आज्ञापालनको
G1401 G1510 G3739 G5219 G2273 G0266 G1519 G2288 G2228 G5218

εἰς δικαιοσύνην?
मा धार्मिकता
G1519 G1343

निःसन्देह तिमीहरू जान्दछौ कि जब तिमीहरूले आफैलाई कसैको आज्ञा पालन गर्ने दास बनाउँछौ, तब तिमीहरू त्यही मानिसको दास हौ। जुन मानिसको आज्ञा तिमी पालन गर्छौ त्यही तिम्रो स्वामी हुनेछ। तिमीहरू पापको पछि लाग कि परमेश्वरको आज्ञा पालन गर, पापले आत्मिक मृत्यु ल्याउँदछ। तर परमेश्वरको आज्ञा पालन गर्यौ भने तिमीहरू धार्मिक बनाइने छौ।

17 χάρις δὲ τῷ Θεῷ, ὅτι ἦτε δοῦλοι τῆς ἁμαρτίας, ὑπηκούσατε δὲ
धन्यवाद तर त्यो परमेश्वरलाई कि थियौ दास त्यो पापका आज्ञा-पाल्यौ तर
